कोशी प्रदेश ऐन सङ्ग्रह

खण्ड १

२०८२

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

कोशी प्रदेश ऐन सङ्ग्रह

खण्ड १

२०८२

(आर्थिक प्रशासन तथा सेवा सुविधा, सञ्चार, यातायात, विपद् र प्रहरी प्रशासन सम्बन्धी ऐनहरूमा सम्वत् २०८२ साल असार मसान्तसम्मका संशोधन समेत मिलाइएको)

प्रकाशक

कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपाल

विषय सूची

क्र.सं.	ऐनको नाम	पृष्ठ नं.
१.	कोशी प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५	१
२.	मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५	५
३.	प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५	१४
४.	गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५	२७
५.	जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहहरूको सुविधा सम्बन्धी ऐन, २०७५	३८
६.	प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५	४३
७.	विपद् व्यवस्थापन ऐन, २०७५	५१
८.	कोशी प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५	७६
९.	कोशी प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५	८०
१०.	प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६	९८
११.	प्रदेश प्रहरी ऐन, २०७७	१७०
१२.	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७८	२११
१३.	प्रचलित ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको ऐन, २०८०	२५२
१४.	कोशी प्रदेश सामयिक राजश्व संकलन सम्बन्धी ऐन, २०८०	२५३
१५.	केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने ऐन, २०८१	२५५

कोशी प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०२।११

संवत् २०७५ सालको ऐन नं. ५

प्रस्तावनाः प्रदेश सभाबाट स्वीकृत विनियोजित रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरी सु-व्यवस्थित ढंगले त्यस्तो कोषको सञ्चालनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कोशी प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**आकस्मिक कार्य**" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल व्यवस्थापन गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "**प्रदेश आकस्मिक कोष**" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ।

(ग) "**मन्त्रालय**" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

३. **प्रदेश आकस्मिक कोषको स्थापनाः** प्रदेश आकस्मिक कोषको नामले कोशी प्रदेश मन्त्रिपरिषद्ले एउटा कोष स्थापना गर्नेछ।

४. **प्रदेश आकस्मिक कोषमा जम्मा गरिएको रकमः** प्रदेश सञ्चित कोषबाट विनियोजित गरे बमोजिमको रुपैयाँ झिकी त्यस्तो रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिनेछ।

५. **प्रदेश आकस्मिक कोषको रकम वृद्धि गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ।

६. **प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गरिनेछ।

७. **प्रदेश आकस्मिक कोषको सञ्चालनः** (१) प्रदेश आकस्मिक कोषको सञ्चालन प्रदेश मन्त्रालयबाट हुनेछ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची -१ बमोजिमको ढाँचामा प्रदेश मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नुछ।

८. **आकस्मिक कोषबाट खर्चको निकासाको माग**: (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नु पर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीको रुपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछः-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(घ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(ङ) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेस गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

९. **खर्चको रकम सोधभर्ना गर्नु पर्ने**: (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ।

१०. **आकस्मिक कार्य पूरा भएको सूचना गर्ने**: आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ।

११. **खर्च नभएको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने**: प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्न

सम्भावना छैन भन्ने यकिन गरेको मितिले पैंतिस दिनभित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश आकस्मिक कोषमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो अधिकारीले सोको जानकारी प्रदेश मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयलाई दिनु पर्नेछ।

१२. **अनुसूचीमा हेरफेर गर्न सक्ने**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

आकस्मिक कोषको स्रेस्ता

आकस्मिक कोषको रकम रु. ..... अक्षरेपी.....

क्र.सं.	आकस्मिक कार्यको विवरण	विनियोजनको नाम र सङ्ख्या	पेश्की माग गरेको रकम	पेश्की दिइएको रकम	थप पेश्की मागिएको रकम	थप पेश्की दिइएको रकम	जम्मा पेश्की रकम	आकस्मिक कार्य पुरा भएको मिति	आकस्मिक काम पछिको बचत रकम	पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च	पेश्की सोधभर्ना रकम	पेश्की मागगर्ने अधिकारी को नाम, दर्जा र कार्यालय	कैफियत

प्रदेश आर्थिक मामिला तथा योजना
मन्त्रालयको सचिव वा निजले तोकेको
अधिकृतको दस्तखत .....
मितिः .....

मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०२।१३

संवत् २०७५ सालको ऐन नं. ८

प्रस्तावनाः मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "**मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"मन्त्री"** भन्नाले प्रदेशको मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री समेत सम्झनु पर्छ।

(ख) **"मुख्यमन्त्री"** भन्नाले प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ।

(ग) **"सुविधा"** भन्नाले यस ऐन बमोजिम उपलब्ध गराईने सुविधालाई सम्झनु पर्छ।

(घ) **"नेपाल सरकार"** भन्नाले नेपालको संघीय कार्यकारिणी अधिकारलाई प्रयोग गर्ने संघीय मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ङ) **"प्रदेश सरकार"** भन्नाले प्रदेशको कार्यकारिणी अधिकारलाई प्रयोग गर्ने कोशी प्रदेशको प्रदेश मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

३. **पारिश्रमिक**ः (१) मुख्यमन्त्री र मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक र अन्य सुविधा दिइनेछ।

(२) मुख्यमन्त्री र मन्त्री कुनै कारणले सो पदमा नरहेमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रुपमा दिइनेछ।

४. **आवास सुविधा**ः (१) मुख्यमन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ।

(२) मन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी घरको बन्दोबस्त नभएको र प्रदेशको राजधानीमा आफ्नो उपयुक्त घर नभएको मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(५) उपदफा (३) बमोजिमको आवासको लागि अनुसूची-१ बमोजिमको फर्निचर दिइनेछ।

(६) उपदफा (१) र (२) बमोजिम बन्दोबस्त भएको घर कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले बेहोर्नेछ।

(७) उपदफा (३) बमोजिमको आवासको मर्मत र सम्भार खर्च बापत प्रदेश सरकारले तोके बमोजिमको रकम दिइनेछ।

(८) यस दफा बमोजिमको आवास सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

५. **सवारी तथा इन्धन सुविधा**: (१) मुख्यमन्त्री र मन्त्रीलाई सवारीको लागि चालक सहितको अनुसुची-१ मा उल्लेख भए बमोजिमको मोटर, इन्धन र मोबिल उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटर प्रयोग नगरी आफ्नो निजी मोटर प्रयोग गर्ने मुख्यमन्त्री र मन्त्रीलाई नेपाल सरकारको हलुका सवारी चालकको तलबमानको सुरु अङ्क बराबरको रकम र उपदफा (१) बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ।

(३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइएको मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त प्रदेश सरकारले गर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम प्राप्त हुने इन्धन र मोबिलको बिल भरपाई बुझाउनु पर्ने छैन।

(५) यस दफा बमोजिमको सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

६. **बिजुली, धारा र सञ्चार सुविधा**: (१) मुख्यमन्त्री र मन्त्रीको आवासमा इन्टरनेट सहितको एक लाइन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम प्रदेश सरकारले व्यहोर्नेछ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई बिजुली, धारा, इन्टरनेट, टेलिफोनको महसुल र पत्रपत्रिका बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

७. **उपचार सुविधा**: (१) मुख्यमन्त्री र मन्त्रीलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधी उपचार गर्नुपर्ने भनी गरेको सिफारिस बमोजिम मुख्यमन्त्री र मन्त्रीले सरकारी वा

सामुदायिक अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको सम्पूर्ण खर्च प्रदेश सरकारले बेहोर्नेछ।

(३) मुख्यमन्त्री र मन्त्रीको स्वदेशमा उपचार हुन नसकी मेडिकल बोर्डको सिफारिसमा नेपाल सरकारको सहमति लिई विदेशमा उपचार गराउनु परेमा प्रदेश सरकारले तोकेको उपचार खर्च पाउनेछन्।

(४) उपदफा (२) र (३) बमोजिमको उपचार खर्च बापतको रकम मुख्यमन्त्रीको कार्यालयले मुख्यमन्त्री र मन्त्री भर्ना भएको सरकारी वा सामुदायिक अस्पताललाई भुक्तानी गर्नेछ।

८. **दैनिक तथा भ्रमण भत्ता**: (१) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) मुख्यमन्त्री भ्रमणमा जानु पर्दा ३ दिनसम्मको भ्रमण आदेश आफैंले स्वीकृत गर्न सक्नेछ। सो भन्दा बढी दिन वा विदेश भ्रमण गर्नु परेमा मन्त्रिपरिषदबाट भ्रमण आदेश स्वीकृत गर्नु पर्नेछ।

(४) मन्त्रीले ७ दिनसम्मको भ्रमणको लागि मुख्यमन्त्रीबाट र सोभन्दा बढी दिनको वा विदेश भ्रमण मन्त्रिपरिषदबाट स्वीकृत गर्नु पर्नेछ।

९. **अन्य सुविधा**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विषेश परिस्थिति सिर्जना भई मन्त्रिपरिषदका सदस्यलाई आवश्यक अन्य कुनै सुविधा दिनु पर्ने भएमा त्यस्तो परिस्थितिलाई मध्येनजर गरी मन्त्रिपरिषदले निर्णय गरेबमोजिम त्यस्तो सुविधा दिन सक्नेछ।

१०. **बिमा सुविधा**: मुख्यमन्त्री र मन्त्रीलाई सरकारी कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा दश लाख रुपैयाँ बराबरको बिमा सुविधा दिइनेछ।

११. **निजी सचिवालयको व्यवस्था**: (१) मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग पुऱ्याउन अनुसूची-२ बमोजिमको संख्यामा कर्मचारीहरू रहने गरी निजी सचिवालयको व्यवस्था हुनेछ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई आफ्नो कार्यकालमा निजी सचिवालयको लागि आवश्यक पर्ने फर्निचर र कार्यालय सामानको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(३) उपदफा (२) बमोजिमका फर्निचर तथा स्थायी जिन्सी सामानहरू मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको सात दिनभित्र फिर्ता बुझाउनु पर्नेछ।

१२. **अतिथि सत्कार खर्च**: (१) मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयको लागि अतिथि सत्कार बापत अनुसूची-२ बमोजिमको रकम दिइनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अतिथि सत्कार खर्चको बिल भौचर बुझाउनु पर्ने छैन।

१३. **अङ्गरक्षक र गार्डको सुविधा**: मुख्यमन्त्री र मन्त्रीलाई आवश्यक पर्ने अङ्गरक्षक र गार्डको सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१४. **सुविधा लागु हुने**: मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-३ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिएको मितिदेखि यस ऐन बमोजिमको सुविधा पाउने छन्।

१५. **पारिश्रमिक तथा सुविधा नपाउने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कुनै सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेशबमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अबधिभरको लागि निजले यस ऐनबमोजिम पाउने कुनै किसिमको पारिश्रमिक वा सुविधा पाउने छैन।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन।

१६. **अनुसूचीमा हेरफेर**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१७. **खारेजी र बचाउ**: यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम मुख्यमन्त्री र मन्त्रीले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ।

•अनुसूची-१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (३) र (५), दफा ५ को उपदफा (१), दफा ६ को उपदफा (२) र दफा ८ सँग सम्बन्धित)

मुख्यमन्त्री तथा मन्त्रीको सुविधा

क्र.सं	सुविधाको प्रकार	इकाई दर	मुख्यमन्त्री	मन्त्री	राज्य मन्त्री	सहायक मन्त्री
१.	पारिश्रमिक	मासिक रुपैयाँ	७१९४५।-	६१३६०।-	५७८२०।-	५५४६०।-
२.	आवास सुविधा	प्रति महिना रुपैयाँ	आवास दिने	आवास दिने- आवास उपलब्ध नभएसम्म २९,०००।-	आवास दिने- आवास उपलब्ध नभएसम्म २४,०००।-	आवास दिने- आवास उपलब्ध नभएसम्म २४,०००।-
३.	फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा)	एकमुष्ठ रु.	फर्निचर उपलब्ध गराउने	फर्निचर उपलब्ध गराउने	फर्निचर उपलब्ध गराउने	फर्निचर उपलब्ध गराउने
४.	सवारी	मोटर (वटा)	२	१	१	१
५.	सवारी इन्धन पेट्रोल	लिटर(मासिक)	२५०	२००	१५०	१२५
६.	मोबिल (लि.)	त्रैमासिक	१५	१०	७	७
७.	सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका)	प्रति महिना रुपैयाँ	४,०००।-	३,५००।-	३,०००।-	३,०००।-
८.	धारा, बिजुली	प्रति महिना रुपैयाँ	बिल अनुसार	२,५००।-	२,०००।-	२,०००।-
९.	दैनिक तथा भ्रमण भत्ता (स्वदेश)	प्रति दिन रुपैयाँ	३,०००।-	२,५००।-	२,०००।-	२,०००।-
१०.	दैनिक तथा भ्रमण भत्ता (विदेश)	प्रति दिन अमेरिकी डलर	२२५।-	२००।-	१७५।-	१७५।-
११.	यात्रा बिमा(लाखमा)	१०	१०	१०	१०	१०

•प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६।०४।२८ को निर्णयले अनुसूची हेरफेर

द्रष्टव्यः

मुख्यमन्त्री र मन्त्रीले विदेश भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनको लागिः

१. युरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्ककङ्ग, रुस, कतार, जाम्बिया, यू. ए. ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तिस प्रतिशत थप रकम दिइनेछ।

२. भारतको चेन्नइ, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलव्ध गराइनेछ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तिस प्रतिशत रकम उपलव्ध गराइनेछ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको छैसठ्ठी प्रतिशत रकम उपलव्ध गराइनेछ।

७. मुख्यमन्त्री र मन्त्रीले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ।

भ्रमण सम्बन्धी थप व्यवस्थाः

(क) मन्त्रीले जिल्ला भ्रमण गर्नु पुर्व मुख्यमन्त्रीबाट स्वीकृति लिनु पर्ने,

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने,

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलव्ध भएसम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने,

(घ) अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण नगर्ने,

(ङ) भ्रमणबाट फर्केपछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेस गरेर मात्र भ्रमण बिल भुक्तानी गरिने।

•अनुसूची-२

(दफा ११ को उपदफा (१) र दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी

क्र.सं.	सचिवालयमा रहने कर्मचारीको विवरण	इकाई	मुख्यमन्त्री	मन्त्री	राज्य मन्त्री	सहायक मन्त्री
१	प्रमुख स्वकीय सचिव	जना	१ (रा.प. द्वितीय श्रेणी वा सोसरह)	१ (रा.प. तृतीय श्रेणी वा सो सरह)	-	-
२	स्वकीय सचिव	जना	१ (रा.प. तृतीय श्रेणी वा सो सरह)	१ (रा.प. अनं. प्रथम श्रेणी वा सो सरह)	१ (रा.प. अनं. प्रथम श्रेणी वा सो सरह)	१ (रा.प. अनं. प्रथम श्रेणी वा सो सरह)
३	सचिवालय	जना	१ (रा.प.द्वितीय श्रेणी वा सो सरह)	१ (रा.प. तृतीयश्रेणी वा सो सरह)	१ (रा.प. तृतीय श्रेणी वा सो सरह)	१ (रा.प. तृतीय श्रेणी वा सो सरह)
४	राजनैतिक सल्लाहकार	जना	१ (रा.प. प्रथम श्रेणी वा सो सरह)	-	-	-
५	जनसम्पर्क सल्लाहकार	जना	१ (रा.प. प्रथम श्रेणी सरहको)	-	-	-
६	आर्थिक सल्लाहकार	जना	१ (रा.प. प्रथम श्रेणी वा सो सरह)	-	-	-
७	प्रेस सल्लाहकार	जना	१ (रा.प. द्वितीय श्रेणी वा सोसरह)	-	-	-
८	सूचना/प्रविधि विज्ञ	जना	१ (रा.प. द्वितीय श्रेणी वा सोसरह)	-	-	-

•प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६।१०।१३ को निर्णयले अनुसूची हेरफेर

९	सूचना/प्रविधि	जना	१ (रा.प. अनं.प्रथम श्रेणी वा सोसरह)	१ (रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह)	-	-
१०	हलुका सवारी चालक	जना	२(श्रेणी विहीन प्रथमस्तर)	१(श्रेणी विहीन प्रथमस्तर)	१ (श्रेणी विहीन प्रथमस्तर)	१ (श्रेणी विहीन प्रथमस्तर)
११	आवास सहयोगी	जना	२(श्रेणी विहीन प्रथमस्तर)	१(श्रेणी विहिन प्रथमस्तर)	१ (श्रेणी विहीन प्रथमस्तर)	१ (श्रेणी विहीन प्रथमस्तर)
१२	कार्यालय सहयोगी	जना	२(श्रेणी विहीन प्रथमस्तर)	१(श्रेणी विहीन प्रथमस्तर)	१ (श्रेणी विहीन प्रथमस्तर)	१ (श्रेणी विहीन प्रथमस्तर)
१३	अतिथि सत्कार	प्रतिमहिना	१००००	७०००	५०००	३०००

द्रष्टव्यः १. विभागीय मन्त्रीले मन्त्रिपरिषद्को निर्णय बमोजिम १ जना विषयगत सल्लाहकार राख्न सक्नेछन्।

२. विभागीय मन्त्रीले मन्त्रीस्तरीय निर्णयबाट १ जना श्रेणी विहीन ह.स.चा. करारमा नियुक्ति गर्न सक्नेछन्।

*३. स्वकीय सचिवालयका कर्मचारीहरूलाई निजले पाउने एक महिनाको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्च बापत वर्षमा एकपटक उपलब्ध गराउने।

* प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६।०६।१८ को निर्णयले थपिएको

अनुसूची-३

(दफा १४ सँग सम्बन्धित)

शपथ

म.....मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही कोशी प्रदेशको.....पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारी साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मिति :

नाम :

दस्तखत :

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः-२०७५।०२।१३

संवत् २०७५ सालको ऐन नं. ९

प्रस्तावनाः नेपालको संविधानको धारा १९६ बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**उपसभामुख**" भन्नाले कोशी प्रदेशको प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ।

(ख) "**पदाधिकारी**" भन्नाले सभामुख, उपसभामुख, प्रमुख प्रतिपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक, प्रतिपक्षी दलको नेता, सत्तापक्ष दलको सचेतक र प्रदेश सभा समितिका सभापति समेतलाई सम्झनु पर्छ।

(ग) "**प्रदेश**" भन्नाले नेपालको संविधानको अनुसूची-४ बमोजिमको कोशी प्रदेशलाई सम्झनु पर्छ।

(घ) "**प्रमुख प्रतिपक्ष दलको प्रमुख सचेतक**" भन्नाले खण्ड (ख) बमोजिमको विपक्षी दलको नेताले विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ।

(ङ) "**प्रमुख प्रतिपक्षी दलको नेता**" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा बढी सदस्य संख्या भएको दलका सदस्यहरूले आफू मध्येबाट दलको नेताको रुपमा निर्वाचित गरेको सदस्यलाई सम्झनु पर्छ।

(च) "**प्रतिपक्षी दलको नेता**" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका सदस्यहरूले आफू मध्येबाट

दलको नेताको रुपमा निर्वाचित गरेको सदस्य समेत सम्झनु पर्छ।

(छ) "**सचिवालय**" भन्नाले प्रदेश सभाको सचिवालय सम्झनु पर्छ।

(ज) "**सत्ता पक्षको प्रमुख सचेतक**" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने दल वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलको संसदीय दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ र सो शब्दले सचेतक भई काम गर्न सम्बन्धित सत्ता पक्षको दलले तोकेको सदस्य समेतलाई जनाउँछ।

(झ) "**सदस्य**" भन्नाले मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्य सम्झनु पर्छ।

(ञ) "**सभापति**" भन्नाले प्रदेश सभाको कुनै पनि समितिको सभापति सम्झनु पर्छ।

(ट) "**सभामुख**" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ठ) "**समिति**" भन्नाले प्रदेश सभा कार्य सञ्चालन नियमावली बमोजिम गठन हुने विषयगत समितिलाई सम्झनु पर्छ र सो शब्दले विशेष समितिलाई समेत जनाउँछ।

३. **<u>पारिश्रमिकः</u>** (१) पदाधिकारी र सदस्यले आफूले शपथ ग्रहण गरेको मिति देखि अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछ।

तर चरम आर्थिक विश्रृङ्खलताका कारण प्रदेशमा संकटकाल घोषणा भएको अवस्थामा सो अवधिसम्मका लागि यो व्यवस्था लागु हुने छैन।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजीनामा दिई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको पारिश्रमिक बराबरको थप रकम दिइनेछ।

तर पदाधिकारीले पाउने पारिश्रमिक बाहेकको सुविधाको हकमा निज आफ्नो पदमा बहाल रहेको मितिसम्मको लागि मात्र त्यस्तो सुविधा उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिम पारिश्रमिक पाउने पदाधिकारी वा सदस्यको मृत्यु भएमा निजले पाउने बाँकी पारिश्रमिक निजले इच्छाएको व्यक्तिलाई दिइनेछ। पदाधिकारी वा सदस्यले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो रकम निजको नजिकको हकवालालाई दिइनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपदफा (२) बमोजिमको रकम दिइने छैन।

४. **बैठक भत्ता:** (१) पदाधिकारी र सदस्यले प्रदेश सभा वा कुनै समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता बापत अनुसूची-१ बमोजिमको रकम पाउनेछ।

तर प्रदेश सभा वा समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक बैठकको मात्र बैठक भत्ता पाउनेछ।

(२) आफ्नो स्थायी बासस्थानबाट प्रदेश सभाको अधिवेशनमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यले अनुसूची-१ बमोजिमको दैनिक भ्रमण भत्ता र यातायात खर्च पाउनेछ।

तर त्यस्तो भत्ता र यातायात खर्च एक अधिवेशनमा एक पटक मात्र पाउने छ।

५. **आवास सुविधा:** (१) प्रदेश सरकारले सभामुख र उपसभामुखलाई आवासको निमित्त सरकारी आवासको बन्दोबस्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम सरकारी आवासको बन्दोवस्त नभएको र प्रदेशको केन्द्र वा राजधानीमा आफ्नो उपयुक्त घर नभएको खण्डमा उपसभामुखलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ।

(३) उपदफा (१) बमोजमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(४) उपदफा (२) बमोजिमको आवासको लागि अनुसूची-१ बमोजिमको रकम फर्निचर बापत दिइनेछ।

(५) उपदफा (१) बमोजिम बन्दोवस्त भएको घर कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले बेहोर्नेछ।

(६) उपदफा (२) बमोजिमको मर्मत र सम्भार खर्च बापत प्रदेश सरकारले तोके बमोजिमको रकम दिइनेछ।

(७) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी र सदस्यले आवास सुविधा तथा फर्निचर बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम पाउनेछ।

(८) पदाधिकारी वा सदस्यले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछ।

६. **सवारी साधन तथा इन्धन सुविधाः** (१) अनुसूची-१ मा उल्लेख भए बमोजिमको पदाधिकारीलाई चालक सहितको सवारी साधन, सवारी इन्धन र मोबिल उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार प्रदेश सरकारले बेहोर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त हुने इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन।

(४) यस दफा बमोजिम पाएको सुविधा पदाधिकारीले आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछ।

(५) अनुसूची-१ मा उल्लेख भएका पदाधिकारी तथा सदस्यलाई यातायात खर्च रकम सुविधा बापत दिइनेछ।

(६) सवारी सुविधा उपलब्ध नगराइएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ।

७. **बिजुली, धारा र सञ्चार सुविधाः** पदाधिकारी तथा सदस्यलाई धारा, बिजुली, टेलिफोन महशुल, इन्टरनेट र पत्रपत्रिका बापत अनुसूची-१ बमोजिमको सुविधा दिइनेछ।

८. **निजी सचिवालय र कर्मचारीको व्यवस्थाः** आफ्नो कार्यकालभरको निमित्त पदाधिकारी तथा सदस्यले अनुसूची-२ मा उल्लेख भए बमोजिमको निजी सचिवालय बन्दोवस्त सुविधा, कर्मचारी सुविधा तथा अन्य सुविधा पाउनेछ।

९. **दैनिक तथा भ्रमण भत्ताः** प्रदेश सभाको कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा पदाधिकारी र सदस्यलाई अनुसूची-१ बमोजिमको दैनिक भ्रमण भत्ता तथा बिमा सुविधा दिइनेछ।

१०. **उपचारको व्यवस्थाः** (१) पदाधिकारी र सदस्यलाई सचिवालयमा सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको निःशुल्क उपचार सेवा उपलब्ध गराइने छ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई उपचार गराउनु पर्ने भनी सिफारिश गरेको पदाधिकारी वा सदस्यले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेसक्रिप्सन तथा बिल बमोजिमको खर्च सचिवालयबाट बेहोरिनेछ।

(३) उपदफा (२) बमोजिमको उपचार खर्च बापतको रकम सचिवालयले पदाधिकारी तथा सदस्य वा भर्ना भएको अस्पताललाई भुक्तानी गर्नेछ।

११. **दृष्टिविहीन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः** (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहीन वा शारीरिक रुपले अशक्त भई हिडँडुल गर्न निजलाई सहयोगीको आवश्यकता छ भन्ने कुरा सभामुखलाई लागेमा सभामुखको आदेशमा त्यस्तो पदाधिकारी वा सदस्यलाई एकजना सहयोगी राख्न दिइनेछ।

तर त्यस्तो सहयोगी सभाको बैठक कक्षमा बस्न पाउने छैन।

(२) उपदफा (१) बमोजिमको सहयोगीलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः-

(क) दैनिक भत्ताः पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा।

(ख) भ्रमण भत्ताः पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा।

१२. **बिल भरपाई इत्यादि पेस गर्नु पर्नेः** (१) भ्रमण भत्ताको भुक्तानीको निमित्त पहिलो पटक अधिवेशनमा आउँदाको हवाईजहाज वा बसको टिकट बापत भएको खर्चको बिल भरपाई र पैदल भ्रमण गरेकोमा आफूले भ्रमण गरेको कोष प्रमाणित गरिएको निस्सा भ्रमण बिलको साथ पेस गर्नु पर्नेछ।

(२) भ्रमण खर्चमा परिवर्तन नभएसम्म उपदफा (१) बमोजिम एक पटक प्रमाणित बिल भौचर संलग्न भएको दैनिक तथा भ्रमण भत्ताको बिल बराबरको रकम दोस्रो पटक देखि सदन वा समितिको बैठकमा भाग लिन आउँदा जाँदाको लागि पनि दैनिक तथा भ्रमण भत्ता बापत एकमुष्ट खर्च लेखी सम्बन्धित पदाधिकारी वा सदस्यलाई प्रदेश सभाको सचिवालयले उपलब्ध गराउनेछ।

१३. **पारिश्रमिक, भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः** पदाधिकारी, सदस्य र स्वकीय सचिवले समेत यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम प्रदेश सभाको सचिवालयबाट पाउनेछ र त्यस्तो रकम निजको बैंकमा जम्मा गरिनेछ।

१४. **एउटा सुविधा मात्र पाउनेः** (१) सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनीत भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको सुविधा मध्ये एउटा सुविधा मात्र पाउनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सञ्चित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको स्थानीय संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष।

(२) सदस्यको रुपमा पाएको सुविधा पदाधिकारीले दोहोरो सुविधाको रुपमा पाउने छैन।

१५. **पारिश्रमिक तथा सुविधा नपाउनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य सभाबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने पारिश्रमिक तथा अन्य कुनै सुविधा पाउने छैन।

तर निजको निलम्बन फूकुवा भएमा वा अदालतबाट सफाई पाएमा यस ऐन बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा लिन बाधा पर्ने छैन।

१६. **पेश्कीः** (१) पदाधिकारी वा सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक र आवास सुविधा बापतको रकम पेश्कीको रुपमा माग गरेमा सोही आर्थिक वर्षभित्र फछ्यौंट गर्ने गरी बढीमा एक महिनासम्मको पेश्की पाउन सक्नेछ।

१७. **सुविधाको दुरुपयोग गर्न नहुनेः** यस ऐनका विभिन्न दफाहरूमा उल्लेख भएका सुविधाहरू सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउनेछ। सम्बन्धित पदाधिकारी तथा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिने, योग्यता नपुगेका व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, प्रदेश सरकारी धनमालको हानी नोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउँछ।

१८. **सुरक्षाको व्यवस्थाः** प्रदेश सभाका सभामुख तथा उप-सभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

१९. **<u>प्रदेश सभा सदस्यको शपथः</u>** (१) प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनुअघि प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष अनुसूची-३ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

तर संविधानको धारा १८२ को उपधारा (५) बमोजिमको सदस्यले प्रदेश प्रमुख समक्ष शपथ लिनु पर्नेछ।

(२) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले उपदफा (१) बमोजिमको शपथको बेहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति प्रदेश सभा वा त्यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनु तीन दिन अगावै प्रदेश सभा सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ।

(३) यस दफा बमोजिम सदस्यले शपथ लिएपछि आफूले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेस गर्नु पर्नेछ।

(४) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिएकोमा सरकारी कामकाजको नेपाली भाषा र अन्य नेपाली मातृभाषाको शपथको प्रतिहरूमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेस गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम सदस्यले लिएको शपथको अभिलेख प्रदेश सभा सचिवालयले राख्नुछ।

२०. **<u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

२१. **<u>बचाउः</u>** यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम हुने गरी पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ।

[*]अनुसूची-१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (१) र (२), दफा ५ को उपदफा (२), (४) र (७), दफा ६ को उपदफा (१), (५) र (६), दफा ७ र दफा 9 सँग सम्बन्धित)

पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक तथा सुविधा

क्र.सं.	सुविधाको किसिम	इकाई दर	सभामुख	उपसभामुख	प्रमुख प्रतिपक्षी दलको नेता	सत्तापक्षको प्रमुख सचेतक	प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक र सभापति	सत्तापक्ष तथा प्रमुख प्रतिपक्षी दलका सचेतक	सदस्य
१	पारिश्रमिक	प्रतिमहिना रु.	६२५४०	५९०००	५९०००	५७८२०	५७८२०	५५४६०	५३१००
२	बैठक भत्ता	प्रतिदिन रु.	१०००	१०००	१०००	१०००	१०००	१०००	१०००
३	सञ्चार सुविधा (टेलीफोन, इन्टरनेट, पत्रपत्रिका)	प्रतिमहिना रु.	४०००	३०००	३०००	३०००	३०००	२५००	२५००
४	आवास सुविधा	प्रतिमहिना रु.	उपलब्ध गराउने	उपलब्ध गराउने	२१०००	१९०००	१९०००	१९०००	१९०००
५	फर्निचर (पाँच वर्षको अवधिमा एक पटक)	एकमुष्ठ रु.	उपलब्ध गराउने	उपलब्ध गराउने (उपलब्ध नभएमा रु.२००००)	२००००	२००००	२००००	२००००	२००००

[*]प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६/०४/२८ गते संशोधित

६	सवारी साधन/ यातायात खर्च	वटा/ मासिक रु.	१	१	१	१	सवारी साधान (सवारी साधन उपलब्ध नभए रु.15000।- मासिक)	७५०० (मासिक)	२५० (प्रति दिन)
[▽]७	सवारी इन्धन	प्रतिमहिना लि.	२२५	१७५	१२५	१२५	[□]१२५	-	-
८	मोविल	त्रैमासिक लि.	१०	५	५	५	-	-	-
९	बिजुली, धारा महशुल	प्रतिमहिना	२५००	२०००	१५००	१५००	१५००	१५००	१५००
१०	दैनिक भ्रमण भत्ता	प्रतिदिन रु.	२५००	२०००	२०००	२०००	२०००	२०००	२०००
११	विदेश भ्रमण गर्दाको दैनिक भत्ता	प्रतिदिन अमेरिकी डलर	२००	१७५	१७५	१७५	१७५	१७५	१७५
१२	यात्रा बिमा	प्रतिभ्रमण रु.	१० लाख	१० लाख	१० लाख	१० लाख	१० लाख	१० लाख	१०लाख

[▽] कोशी प्रदेश सरकारलद्वारा मिति २०८१।०५।२७ गते संशोधित

[□] प्रदेश सरकार (मन्त्रिपरिषद्) द्वारा मिति २०८१।०६।१३ गते संशोधित

द्रष्टव्य: **पदाधिकारी तथा सदस्य विदेश भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनका लागि**

१. यूरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्ककङ्ग, रुस, कतार, जाम्बिया, यू.ए.ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ।

२. भारतको चेन्नइ, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएको मा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलव्ध गराइनेछ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तिस प्रतिशत रकम उपलव्ध गराइनेछ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको छैसठ्ठी प्रतिशत रकम उपलव्ध गराइनेछ।

७. पदाधिकारी वा सदस्यले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ।

<u>भ्रमण सम्बन्धी थप व्यवस्था:</u>

(क) जिल्ला भ्रमण गर्नु पुर्व सभामुखबाट स्वीकृति लिनु पर्ने,

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने,

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलव्ध भए सम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने,

(घ) अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण नगर्ने,

(ङ) भ्रमणबाट फर्के पछि सभामुख समक्ष प्रतिवेदन पेस गरेर मात्र भ्रमण बिल भुक्तानी गरिने।

[*]अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा

क्र.सं.	सुविधाको किसिम	इकाई दर	सभामुख	उपसभामुख	प्रमुख प्रतिपक्षी दलकोनेता	सत्तापक्ष को प्रमुख सचेतक	प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक र सभापति	प्रतिपक्षी दलका नेता र सत्तापक्ष दलका सचेतक	सदस्य
१	स्वकीय सचिव	जना	१(रा.प.तृतीय श्रेणी वा सो सरह) १(रा.प.अनं. प्रथम श्रेणी वा सो सरह)	१(रा.प.अनं. प्रथम श्रेणी वा सो सरह)	१(रा.प.अनं. प्रथम श्रेणी वा सो सरह)	-	-	-	१(रा.प.अनं. प्रथम श्रेणी वा सो सरह)
२	सूचना प्रविधि	जना	१(रा.प.अनं.द्वितीय श्रेणी वा सो सरह)	-	-	-	-	-	-
३	कार्यालय/आवास सहयोगी	जना	२(श्रेणी विहीन प्रथमस्तर) (कार्यालय/ आवास)	१(श्रेणी विहीन प्रथमस्तर)	-	-	-	-	-
४	हलुका सवारी चालक	जना	१(श्रेणी विहीन प्रथम स्तर)	१(श्रेणी विहीन प्रथम स्तर)	१(श्रेणी विहीन प्रथम स्तर)	१(श्रेणी विहीन प्रथम स्तर)	सवारी साधन प्राप्त भएमा १(श्रेणी विहीन प्रथम स्तर)	-	-

[*]प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६/०४/२८ गते संशोधित

5	अतिथि सत्कार	प्रतिमहिना रु.	७०००	५०००	५०००	-	-	-	-

द्रष्टव्यः

१. स्वकीय सचिवालयका कर्मचारीहरूले पाउने सुरु स्केल अनुसारको तलब र १ (एक) महिना बराबरको चाडपर्व खर्च मात्र पाउनेछन्।

२. स्वकीय सचिवालयका कर्मचारीहरूले यस ऐनबमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरूको बैंक खातामा उपलब्ध गराइनेछ।

अनुसूची-३

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

शपथको ढाँचा

म (सम्बन्धित सदस्यको पूरा नाम) ..... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/देश र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रहँदै कोशी प्रदेशको प्रदेश सभाको सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु।

मितिः–

दस्तखतः–

नाम, थरः–

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०२।१३

संशोधनः

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा (प्रथम संशोधन) ऐनः २०७६।०३।०५

संवत् २०७५ सालको ऐन नं. १०

प्रस्तावना: नेपालको संविधानको धारा २२७ बमोजिम गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**कार्यपालिका**" भन्नाले गाउँ कार्यपालिका तथा नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) "**कार्यपालिकाको बैठक**" भन्नाले नेपालको संविधानको धारा २१५ को उपधारा (१), (२) र (४) तथा धारा २१६ को (१), (२) र (४) बमोजिमको कार्यपालिकाको बैठक सम्झनु पर्छ र सो शब्दले कार्यपालिकाद्वारा गठित समिति तथा वडा समितिहरूको बैठकलाई समेत जनाउँछ।

(ग) "**न्यायिक समिति**" भन्नाले नेपालको संविधानको धारा २१७ को उपधारा (१) बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(घ) "**प्रदेश**" भन्नाले नेपालको संविधानको अनुसूची-४ बमोजिमको कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "**वडा**" भन्नाले गाउँपालिका तथा नगरपालिकाको वडा सम्झनु पर्छ।

(च) "**सदस्य**" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (२) बमोजिमका अध्यक्ष र उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष र चार जना सदस्य, धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य तथा धारा २२३ बमोजिमका प्रमुख र उप प्रमुख, प्रत्येक वडाबाट निर्वाचित एकजना वडाध्यक्ष र चारजना सदस्य, धारा २१६ को उपधारा (४) बमोजिमका दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर

कार्यपालिकाका सदस्यलाई सम्झनु पर्छ। सो शब्दले उपमहानगरपालिका र महानगरपालिकाका सदस्य समेतलाई जनाउँछ।

(छ) "**सभा**" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको सदस्य रहेको गाउँ सभा तथा धारा २२३ को उपधारा (१) बमोजिमको सदस्य रहेको नगर सभालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकाको सभा समेतलाई जनाउँछ।

(ज) "**सभाको बैठक**" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (२) र धारा २२३ को उपधारा (३) बमोजिमको सभाको बैठकलाई सम्झनु पर्छ र सो शब्दले सभाद्वारा गठित समितिहरूको बैठक समेतलाई जनाउँछ।

(झ) "**सुविधा**" भन्नाले यस ऐन बमोजिम गाउँ सभा तथा नगर सभाका सदस्यलाई पारिश्रमिक बाहेक विभिन्न शीर्षकमा दिइने सुविधालाई सम्झनु पर्छ।

३. **सुविधाः** (१) गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूची-१ (क), (ख), (ग) र (घ) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउनेछ।

[*](२) उपदफा (१) बमोजिमको सदस्यले पाउने सुविधा मध्ये गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिका प्रमुख/उपप्रमुख, गाउँपालिका र नगरपालिका वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यले अनुसूची-१ मा उल्लेख भए बमोजिमको बैठक भत्ता बापतको रकम पाउने छन्।

स्पष्टीकरणः बैठक भन्नाले कार्यपालिका, समिति तथा उपसमितिको बैठकलाई समेत जनाउँछ।

(३) उपदफा (१) बमोजिमको अतिरिक्त महानगरपालिका र उपमहानगरपालिकाको प्रमुख र उप प्रमुखले कार्यालय प्रयोजनका लागि एक/एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने छ र नगरपालिका/गाउँपालिकाको हकमा प्रमुख/अध्यक्षले र उपप्रमुख/उपाध्यक्षले नगर/गाउँपालिकाको राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई

[*] पहिलो संशोधनद्वारा संशोधित

ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चाडपर्व खर्चको हकमा वर्षमा एकपटक सम्बन्धित स्थानीय तहको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरी गाउँ तथा नगरपालिकाको सदस्यले रु. दश हजार र उपमहानगरपालिका तथा महानगरपालिकाका सदस्यको हकमा रकम रु. पन्ध्र हजारमा नबढ्ने गरी सभाले स्वीकृत गरेको बजेटको सीमाभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिम चाडपर्व खर्च पाउनेछ।

(५) दफा ३ बमोजिम प्राप्त हुने सुविधाको बिल भरपाई पेस गर्नु पर्ने छैन।

४. **सभाको बैठक भत्ता**: (१) ऐनको दफा ३ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभा सञ्चालन भएको अवस्थामा सभाको प्रत्येक बैठकमा उपस्थित हुने सदस्यले अनुसूची-२ बमोजिमको भत्ता पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभाद्वारा गठित विषयगत समितिको हकमा जतिसुकै पटक बैठक बसे पनि बैठकमा उपस्थित सदस्यले एक महिनामा एउटा बैठकको मात्र बैठक भत्ता पाउनेछ। त्यस्तो बैठक भत्ता सभाको बैठकमा पाउने बैठक भत्ताको रकम भन्दा बढी हुने छैन।

५. **सुविधा पाउने**: यस ऐन बमोजिमको सुविधा निर्वाचित भएको सदस्यले शपथ ग्रहण गरेको मितिदेखि पाउनेछ।

६. **न्यायिक समितिको बैठक भत्ता**: यो ऐनको दफा ३ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक समितिको बैठकमा उपस्थित सदस्यले अनुसूची-३ बमोजिमको भत्ता पाउनेछ।

तर समितिको बैठक महिनामा जतिसुकै पटक बसेपनि उपस्थित सदस्यले [*]चार पटकभन्दा बढी बैठकको बैठक भत्ता पाउने छैन।

७. **यातायात सुविधा**: [*](१) महानगरपालिका तथा उपमहानगरपालिका प्रमुख/उपप्रमुख र नगरपालिकाको प्रमुखलाई सम्बन्धित कार्यपालिकाले एक एक वटा हलुका सवारी साधन उपलब्ध गराउन सक्नेछ र त्यसरी सवारी साधन उपलब्ध गराउन नसकेमा त्यस्ता पदाधिकारीले यस ऐन बमोजिमको यातायात खर्च पाउनेछ।

[*] (२) नगरपालिकाको उपप्रमुख तथा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको हकमा सम्बन्धित स्थानीय तहको आवश्यकता, आन्तरिक राजश्वको परिचालनको अवस्था समेतलाई ध्यान दिई सम्बन्धित् कार्यपालिकाको निर्णय

[*] पहिलो संशोधनद्वारा संशोधित

बमोजिम एक एक वटा हलुका सवारी साधन उपलब्ध गराउन सक्नेछ र त्यसरी सवारी साधन उपलब्ध गराउन नसकेमा त्यस्ता पदाधिकारीले यस ऐन बमोजिमको यातायात खर्च पाउनेछ।

(३) उपदफा (१) र (२) बमोजिम सवारी साधन प्राप्त गर्ने सदस्यलाई अन्य यातायात सुविधा दिइने छैन।

(४) सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरे बमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोबिल कार्यपालिकाबाट उपलब्ध हुनेछ।

८. **<u>भ्रमण सम्बन्धी व्यवस्था</u>**: (१) गाउँ तथा नगर कार्यपालिकाका अध्यक्ष/प्रमुख तथा उपाध्यक्ष/उपप्रमुख र सभाका सदस्यले गाउँ तथा नगरपालिकाको कामको सिलसिलामा आफ्नो गाउँ तथा नगरपालिकाको क्षेत्र भन्दा बाहिर गई बास बस्नु परेमा अनुसूची-१ को (क),(ख),(ग) र (घ) मा उल्लेख भए बमोजिमको भ्रमण खर्च पाउनेछ।

तर भ्रमण गरी बास बस्नु नपरी सोही दिन आफ्नो कार्यक्षेत्रमा फर्किन सक्ने अवस्थामा सो दिनको लागि अनुसूची-१ मा तोकिएको दैनिक भ्रमण खर्चको एक चौथाई रकम पाउनेछ।

(२) यस ऐन बमोजिम उपलब्ध गराएको सवारी साधनबाट भ्रमण गर्दा यातायात खर्च पाउनेछैन।

(३) उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको बिमा बापतको रकम सम्बन्धित गाउँ तथा नगर सभाले निर्णय गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम भ्रमण गर्दा तीन दिनसम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वयंले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्नेछ।

(५) उपाध्यक्ष/उपप्रमुखले बढीमा दुई दिनसम्मको भ्रमण गर्नु पर्दा भ्रमण गर्नु पर्ने कारण र उद्देश्य अध्यक्ष/प्रमुखलाई जानकारी गराई स्वयंले भ्रमण आदेश स्वीकृत गर्न सक्नेछ र सोभन्दा बढी दिनको लागि अध्यक्ष/प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम भ्रमण गर्दा सभाका अन्य सदस्यको हकमा अध्यक्ष/प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यले एक पटकमा पन्ध्र दिनभन्दा बढी भ्रमण गर्नु परेमा त्यस्तो भ्रमणलाई सम्बन्धित गाउँ/नगर सभाबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेछ।

(८) यस दफा बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत कार्यालयमा पेस गर्नु पर्नेछ।

(९) भ्रमण सम्बन्धमा यस दफामा उल्लेख भए जतिका विषयमा यसै दफा बमोजिम र अन्य विषयको हकमा प्रचलित संघीय कानून बमोजिम हुनेछ। प्रदेश कानून लागु भएपछि भने सोही बमोजिम हुनेछ।

९. **दृष्टिविहीन र अशक्त सदस्यलाई विशेष सुविधाः** (१) कुनै सदस्य दृष्टिविहीन वा शारीरिकरुपले अशक्त भई हिँडडुल गर्न नसकि निजलाई सहयोगीको सेवा आवश्यक पर्ने भएमा गाउँ वा नगर कार्यपालिकाले त्यस्तो सदस्यलाई एकजना सहयोगी उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सहयोगीले पाउने सुविधा सम्बन्धित कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१०. **भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः** (१) यस ऐन बमोजिम सदस्यले पाउने सुविधा वापतको रकमगाउँ वा नगर कार्यपालिकाको कार्यालयबाट पाउनेछ। त्यस्तो रकम सम्बन्धित कार्यालयले सदस्यको बैंक खातामार्फत भुक्तानी गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सदस्यको बैंक खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने सुविधा वापतको त्यस्तो रकम सम्बन्धित सभाको सचिवालय तथा गाउँ वा नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ।

११. **सुविधा नपाउनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि कुनै सदस्य आफ्नो पदबाट निलम्बित भएमा निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेशबमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अबधिभरको लागि निजले यस ऐनबमोजिम पाउने कुनै पनि किसिमको सुविधा पाउने छैन।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन।

१२. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सदस्यको सुविधा सम्बन्धी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१३. **खारेजी र बचाउः** यो ऐन लागु हुनु पूर्व कुनै पनि शीर्षकमा यस ऐन बमोजिम हुने गरी सेवा सुविधा लिएको भए यसै ऐन बमोजिम लिएको मानिनेछ र नलिएको भए लिन बाधा पर्ने छैन।

[📖]अनुसूची-१ (क)

(दफा ३ को उपदफा (१)र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, गाउँ कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा

क्र.सं.	सुविधाको प्रकार	इकाइ	अध्यक्ष	उपाध्यक्ष	वडाध्यक्ष	का.पा.सदस्य	वडा सदस्य
१	बैठकभत्ता (प्रतिबैठक)	रु.	१०००	१०००	१०००	१०००	१०००
२	टेलिफोन,मोबाइल (मासिक)	रु.	३०००	३०००	२०००	१५००	१०००
३	खाजा (मासिक)	रु.	५०००	५०००	३०००	1500	1500
४	पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक)	रु.	२०००	२०००	१०००	१०००	१०००
५	अनुगमन भत्ता (मासिक)	रु.	१००००	१००००	४०००	2000	०
६	खानेपानी, बिजुली महशुल (मासिक)	रु.	२५००	२५००	१०००	500	500
७	सरसफाइ, मर्मत (मासिक)	रु.	२५००	२५००	1000	१०००	0
८	अतिथि सत्कार (मासिक)	रु.	९०००	५०००	४०००	२०००	1500
९	स्वदेश भ्रमण भत्ता (प्रतिदिन)	रु.	१६००	१६००	१२००	१२००	१२००
१०	विदेश भ्रमण भत्ता (प्रतिदिन)	अमेरिकी डलर	८०	८०	७५	७५	७५
११	यातायात खर्च (मासिक)	वटा/रु.	सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए 10000)	सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए 10000)	४०००	२५००	२०००
द्रष्टव्यः गाँउपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ।							

[📖] प्रदेश मन्त्रीपरिषद्द्वारा मिति २०७६/०३/०१ गतेको निर्णयबाट हेरफेर

🕮अनुसूची-१ (ख)

(दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा

क्र.सं.	सुविधाको प्रकार	इकाई	प्रमुख	उपप्रमुख	वडाध्यक्ष	का.पा.सदस्य	वडा सदस्य
१	बैठकभत्ता (प्रतिबैठक)	रु.	१०००	१०००	१०००	१०००	१०००
२	टेलिफोन,मोबाइल (मासिक)	रु.	४०००	४०००	२५००	१५००	१५००
३	खाजा (मासिक)	रु.	५५००	५५००	३५००	१५००	१५००
४	पुस्तक,पत्रपत्रिका,इन्टरनेट(मासिक)	रु.	२०००	२०००	२०००	१०००	१०००
५	अनुगमन(मासिक)	रु.	११०००	११०००	४५००	२०००	०
६	खानेपानी, बिजुली (मासिक)	रु.	३५००	२५००	१०००	१०००	१०००
७	सरसफाइ, मर्मत (मासिक)	रु.	३०००	३०००	१०००	१०००	0
८	अतिथि सत्कार (मासिक)	रु.	१००००	६०००	५०००	२५००	२५००
९	स्वदेश भ्रमण भत्ता (प्रतिदिन)	रु.	१८००	१८००	१२००	१२००	१२००
१०	विदेश भ्रमण भत्ता (प्रतिदिन)	अमेरिकी डलर	१००	१००	७५	७५	७५
११	यातायात खर्च	वटा/रु.	सवारीसाधन (सवारी साधन उपलब्ध नभए रु.(१००००)	सवारीसाधन (सवारी साधन उपलब्ध नभए रु.१००००)	४५००	२५००	२५००
द्रष्टव्यः नगरपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ।							

🕮 प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६/०३/०१ गतेको निर्णयबाट हेरफेर

[📖]अनुसूची-१ (ग)

(दफा ३ को उपदफा (१)र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा

क्र.सं.	सुविधाको प्रकार	इकाई	प्रमुख	उपप्रमुख	वडाध्यक्ष	का.पा.सदस्य	वडा सदस्य
१	बैठक भत्ता (प्रति बैठक)	रु.	१०००	१०००	१०००	१०००	१०००
२	टेलिफोन,मोबाइल (मासिक)	रु.	४०००	४०००	२५००	१५००	१५००
३	खाजा (मासिक)	रु.	५५००	५५००	३५००	१५००	1500
४	पुस्तक,पत्रपत्रिका,इन्टरनेट (मासिक)	रु.	२०००	२०००	२०००	१०००	१०००
५	अनुगमन भत्ता (मासिक)	रु.	१३०००	१३०००	४५००	2000	0
६	खानेपानी, बिजुली महशुल (मासिक)	रु.	३५००	२५००	१०००	१०००	1000
७	सरसफाइ, मर्मत (मासिक)	रु.	३०००	३०००	१०००	१०००	०
८	अतिथि सत्कार (मासिक)	रु.	११०००	७०००	६०००	३०००	३०००
९	स्वदेश भ्रमण भत्ता (प्रतिदिन)	रु.	२०००	२०००	१५००	१५००	१५००
१०	विदेश भ्रमण भत्ता (प्रतिदिन)	अमेरिकी डलर	११०	११०	८०	८०	८०
११	यातायात खर्च	रु.	सवारीसाधन	सवारीसाधन	५५००	३०००	३०००
द्रष्टव्यः उपमहानगरपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ।							

[📖] प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६/०३/०१ गतेको निर्णयले हेरफेर

🕮अनुसूची-१ (घ)

(दफा ३ को उपदफा (१)र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

महानगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा

क्र.सं.	सुविधाको प्रकार	इकाई	प्रमुख	उपप्रमुख	वडाध्यक्ष	का.पा.सदस्य	वडा सदस्य
१	बैठकभत्ता (प्रति बैठक)	रु.	१०००	१०००	१०००	१०००	१०००
२	टेलिफोन, मोवाइल (मासिक)	रु.	४०००	४०००	२५००	१५००	१५००
३	खाजा खर्च (मासिक)	रु.	५५००	५५००	३५००	१५००	१५००
४	पुस्तक,पत्रपत्रिका,इन्टरनेट (मासिक)	रु.	२०००	२०००	२०००	१०००	१०००
५	अनुगमनभत्ता (मासिक)	रु.	१४०००	१४०००	५५००	२५००	०
६	खानेपानी, बिजुली महशुल (मासिक)	रु.	३५००	२५००	१०००	१०००	१०००
७	सरसफाइ, मर्मत सम्भार (मासिक)	रु.	३०००	३०००	१०००	१०००	०
८	अतिथिसत्कार (मासिक)	रु.	१२०००	१००००	७०००	३०००	३०००
९	स्वदेश भ्रमण भत्ता (प्रतिदिन)	रु.	२०००	२०००	१६००	१६००	१६००
१०	विदेश भ्रमण भत्ता (प्रतिदिन)	अमेरिकी डलर	१२५	१२५	८०	८०	८०
११	यातायात खर्च (प्रति महिना)	रु.	सवारी साधन	सवारी साधन	५५००	३५००	३५००
द्रष्टव्यः महानगरपालिकामा मासिक अनुगमन भत्ताभुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ।							

🕮 प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६/०३/०१ गतेको निर्णयले हेरफेर

📖अनुसूची–२

(दफा ४ सँगसम्बन्धित)

गाउँ, नगर, उपमहानगरर महानगर सभाका सदस्यले पाउने बैठक भत्ता

क्र.सं.	सदस्यको प्रकार	अध्यक्ष	उपाध्यक्ष	सदस्य
१	गाउँसभा सदस्य (प्रति बैठक)	१५००	१०००	१०००
२	नगरसभा सदस्य (प्रति बैठक)	१५००	१०००	१०००
३	उपमहानगरसभा सदस्य (प्रति बैठक)	२०००	१५००	१५००
४	महानगरसभा सदस्य (प्रति बैठक)	२५००	२२००	२०००

📖 प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६/०३/०१ गतेको निर्णयले हेरफेर

📖अनुसूची-३

(दफा ६ सँगसम्बन्धित)

गाउँ, नगर, उपमहानगरर महानगरका न्यायिक समितिका सदस्यले पाउने बैठक भत्ता

क्र.सं.	सदस्यको प्रकार	संयोजक	सदस्य
१	गाउँपालिका न्यायिक समिति सदस्य (प्रति बैठक)	१२००	१०००
२	नगरपालिका न्यायिक समिति सदस्य (प्रति बैठक)	१४००	१२००
३	उपमहानगरपालिका न्यायिक समिति सदस्य (प्रति बैठक)	१६००	१४००
४	महानगरपालिका न्यायिक समिति सदस्य (प्रति बैठक)	२०००	१६००

📖 प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६/०३/०१ गतेको निर्णयले हेरफेर

जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०२।१३

संशोधनः

जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूको सुविधा सम्बन्धी (प्रथम सशोधन) ऐन, २०७५: २०७६।०३।०५

संवत् २०७५ सालको ऐन नं. ११

प्रस्तावना: नेपालको संविधानको धारा २२० को उपधारा (८) बमोजिम जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूको सुविधा सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**उपप्रमुख**" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिम जिल्ला सभाले निर्वाचित गरेको जिल्ला समन्वय समितिको उपप्रमुखलाई सम्झनु पर्छ।

(ख) "**जिल्ला सभा**" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (२) बमोजिमका जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहेको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनु पर्छ।

(ग) "**जिल्ला समन्वय समिति**" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिम निर्वाचित समितिलाई सम्झनु पर्छ।

(घ) "**प्रमुख**" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिम जिल्ला सभाले निर्वाचित गरेको जिल्ला समन्वय समितिको प्रमुखलाई सम्झनु पर्छ।

(ङ) "**बैठक**" भन्नाले जिल्ला समन्वय समितिको बैठकलाई सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाको बैठकसमेतलाई जनाउँछ।

(च) "**सदस्य**" भन्नाले जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यलाई सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाका सदस्य समेतलाई जनाउँछ।

(छ) "**सुविधा**" भन्नाले यस ऐन बमोजिम जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यलाई दिइने सुविधालाई सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाको बैठक भत्तालाई समेत जनाउँछ।

३. **सुविधाः** (१) सदस्यले अनुसूची-१ मा तोकिएबमोजिमको सुविधा पाउनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने सुविधाको बिलभरपाई पेस गर्नु पर्ने छैन।

✂(३) .....

४. **यातायात सुविधाः** (१) सामान्यतया प्रमुखलाई जिल्ला समन्वय समितिले हलुका सवारी साधन थान एक उपलब्ध गराउनेछ।

(२) उपप्रमुखलाई जिल्ला समन्वय समितिको आफ्नो आन्तरिक आय र राजश्वको अवस्था एवं कार्यबोझ समेतलाई दृष्टिगत गरी जिल्ला समन्वय समितिको निर्णय बमोजिम हलुका सवारी साधन थान एक उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सवारी साधन प्राप्त गर्ने सदस्यलाई अन्य यातायात सुविधा दिइने छैन।

(४) यस दफा बमोजिम सवारी साधन सुविधा प्राप्त गर्ने सदस्यलाई सवारी इन्धन, मोबिल र मर्मत खर्च जिल्ला समन्वय समितिले निर्धारण गरेबमोजिम हुनेछ।

५. **सुविधा पाउनेः** यस ऐन बमोजिमको सुविधा निर्वाचित भएको सदस्यले शपथ ग्रहण गरेको मिति देखि पाउनेछ।

६. **भ्रमण सम्बन्धी व्यवस्थाः** (१) जिल्ला समन्वय समितिको सदस्यले जिल्ला समन्वय समितिको कामको सिलसिलामा आफ्नो जिल्ला भन्दा बाहिर गई बास बस्नु परेमा अनुसूची-१ मा उल्लेख भए बमोजिमको भ्रमण खर्च पाउनेछ।

तर भ्रमण गरी बास बस्नु नपरी सोही दिन आफ्नो कार्यक्षेत्रमा फर्किन सक्ने अवस्थामा सो दिनको लागि अनुसूची-१ मा तोकिएको दैनिक भ्रमण खर्चको एकचौथाई रकम पाउनेछ।

(२) यस ऐन बमोजिम जिल्ला समन्वय समितिले उपलब्ध गराएको सवारी साधनबाट भ्रमण गर्दा यातायात गर्दा लागेको खर्च पाउने छैन।

✂ पहिलो संशोधनद्वारा झिकिएको

(३) उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको बिमा वापतको रकम सम्बन्धित जिल्ला सभाले निर्णय गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम भ्रमण गर्दा तीन दिनसम्मको भ्रमण आदेश प्रमुखको हकमा स्वयंले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि जिल्ला समन्वय समितिको बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेछ।

(५) उपप्रमुखले बढीमा दुई दिनसम्मको भ्रमण गर्नु पर्दा भ्रमण गर्नु पर्ने कारण प्रमुखलाई जानकारी गराई स्वयंले भ्रमण आदेश स्वीकृत गर्नेछ र सोभन्दा बढी दिनको लागि प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको भ्रमण गर्दा जिल्ला समन्वय समितिका सदस्यले प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यले एक पटकमा पन्ध्र दिनभन्दा बढी भ्रमण गर्नु परेमा सम्बन्धित जिल्ला सभाबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेछ।

(८) यस दफा बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किए पछि भ्रमणबाट प्राप्त उपलब्धि सहितको बेहोरा उल्लेख गरी भ्रमण प्रतिवेदन समेत पेस गर्नु पर्नेछ र भ्रमण प्रतिवेदन पेस नगरी भ्रमण खर्च पाइने छैन।

(९) भ्रमण सम्बन्धमा यस दफामा उल्लेख भए जतिका कुरामा यसै दफा बमोजिम र अन्य कुरामा प्रदेश कानूनको व्यवस्था नभएसम्म प्रचलित संघीय कानून बमोजिम हुनेछ।

७. **<u>दृष्टिविहीन र अशक्त सदस्यलाई विशेष सुविधाः</u>** (१) कुनै सदस्य दृष्टिविहीन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न नसकी निजलाई सहयोगीको सेवा आवश्यक पर्ने भएमा जिल्ला समन्वय समितिले त्यस्तो सदस्यलाई एकजना सहयोगी उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सहयोगीले पाउने सुविधा सम्बन्धित जिल्ला समन्वय समितिले तोके बमोजिम हुनेछ।

८. **<u>चाडपर्व खर्च र पोशाक भत्ता सम्बन्धी व्यवस्थाः</u>** चाडपर्व खर्च र पोशाक भत्ता सम्बन्धमा सम्बन्धित जिल्ला सभाले निर्धारण गरेबमोजिम हुनेछ।

९. **<u>भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः</u>** (१) यस ऐन बमोजिम सदस्यले पाउने सुविधा वापतको रकम जिल्ला समन्वय समितिको कार्यालयबाट पाउनेछ। त्यस्तो रकम सम्बन्धित कार्यालयले सदस्यको बैंक खातामार्फत भुक्तानी गर्नेछ।

तर बैठक भत्ता बापतको रकम सचिवालय/कार्यालयबाट नगदै भुक्तानी दिन बाधा पर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यले बैंक खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने सुविधा बापतको रकम जिल्ला समन्वय समितिको सचिवालय/कार्यालयबाट उपलब्ध गराउन सकिनेछ।

१०. **सुविधा नपाउने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेशबमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐनबमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन।

११. **अनुसूचीमा हेरफेर गर्न सक्ने**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सदस्यले पाउने सुविधा सम्बन्धी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१२. **अन्य सुविधा लिन नहुने**: जिल्ला सभाका सदस्यले यस ऐन बमोजिमको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैन।

१३. **खारेजी र बचाउ**: यो ऐन लागु हुनु पूर्व कुनै पनि शीर्षकमा यस ऐनको अनुरुप हुने गरी सेवा सुविधा लिएको भए यसै ऐन बमोजिम भएको मानिनेछ र नलिएको भए लिन बाधा पर्ने छैन।

[*]अनुसूची-१

(दफा ३ को उपदफा (१) र दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

जिल्ला समन्वय समितिका प्रमुख, उप प्रमुख र सदस्य तथा जिल्ला सभाका सदस्यले पाउने सुविधा

क्र.सं.	सुविधाको प्रकार	इकाई	प्रमुख	उपप्रमुख	समन्वय समिति सदस्य	सभाका सदस्य
१	बैठकभत्ता (प्रति बैठक)	रु.	१०००	१०००	१०००	१०००
२	टेलिफोन, मोबाइल (मासिक)	रु.	४०००	४०००	२०००	
३	खाजा खर्च (मासिक)	रु.	५५००	५५००	२०००	
४	पुस्तक,पत्रपत्रिका,इन्टरनेट (मासिक)	रु.	२०००	२०००	१०००	
५	अनुगमन भत्ता (मासिक)	रु.	१४०००	१००००	२५००	
६	खानेपानी, बिजुली महशुल (मासिक)	रु.	३५००	२५००	१०००	
७	आवास		उपलब्ध गराउने	-	-	-
८	सरसफाइ, मर्मत सम्भार (मासिक)	रु.	३०००	३०००	१०००	
९	अतिथि सत्कार (मासिक)	रु.	१२०००	८०००	६५००	
१०	स्वदेश भ्रमण भत्ता (प्रतिदिन)	रु.	२०००	१८००	१२००	
११	विदेश भ्रमण भत्ता (प्रतिदिन)	अमेरिकी डलर	१२५	१००	७५	
१२	यातायात खर्च (प्रति महिना)	रु.	सवारी साधन	सवारीसाधन (सवारी साधन उपलब्ध नभए रु.१००००)	४०००	

द्रष्टव्यः जिल्ला समन्वय समितिमा मासिक अनुगमन भत्ता पाउने सदस्यले मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ।

[*] प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६।०३।०१ गतेको निर्णयले हेरफेर

प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०४।२५

संवत् २०७५ सालको ऐन नं. १३

<u>प्रस्तावना</u>ः नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको जनताको अभिव्यक्ति, स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवं सम्वर्धन गर्नका लागि विद्युतीय प्रसारण प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा **सांस्कृतिक** लगायत अन्य विविध क्रियाकलापलाई जनसमक्ष पुऱ्याई सबै जाति, भाषा, लिङ्ग वर्ग, क्षेत्र र धार्मिक सम्प्रदाय बिच समानता कायम गर्न, आपसी सद्भाव र सामन्जस्यताको वातावरण सृजना गरी ज्ञान, सिपको अभिवृद्धि गर्न र जनचेतना जगाउन निष्पक्ष, स्वतन्त्र एवं आधिकारिक समाचार, सूचना र मनोरञ्जनको पहुँचलाई जनता समक्ष विस्तार गर्ने सम्बन्धमा रेडियो, एफ. एम. तथा टेलिभिजनको अनुमति, सञ्चालन, नवीकरण र नियमनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिम कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ।

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन कोशी प्रदेशमा लागु हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**इजाजतपत्र**" भन्नाले कार्यक्रमको प्रसारण गर्नको लागि यस ऐन बमोजिम दिइने प्रसारण इजाजतपत्र वा फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी प्रसारण गर्न दिइने इजाजतपत्र समेतलाई जनाउँछ।

(ख) "**कार्यक्रम**" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) "**केबुल**" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू विभिन्न ग्राहक, सदस्य वा उपभोक्ता समक्ष पुऱ्याउने प्रविधि सम्झनु पर्छ।

(घ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "**प्रदेश सरकार**" भन्नाले नेपालको संविधान बमोजिम कोशी प्रदेशको प्रदेश सरकारको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषदलाई सम्झनु पर्छ।

(च) "**प्रसारक**" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(छ) "**प्रसारण**" भन्नाले इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने गरी पठाइने रेडियो, एफ. एम. र टेलिभिजन समेतको सञ्चार सेवालाई सम्झनु पर्छ।

(ज) "**प्रसारण संस्था**" भन्नाले यस ऐनबमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ।

(झ) "**फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली**" भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो, एफ. एम. र टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनु पर्छ।

(ञ) "**भू-उपग्रह प्रसारण केन्द्र (अर्थ स्टेशन)**" भन्नाले स्याटेलाईट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेशन) सम्झनु पर्छ।

(ट) "**सम्बन्धित मन्त्रालय**" भन्नाले प्रदेशको सूचना र सञ्चार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "**स्याटेलाइट**" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनु पर्छ।

३. **<u>प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन</u>**: प्रदेश भित्र एकसय वाट भन्दा माथि एकहजार वाटसम्मको रेडियो, एफ. एम. र स्याटेलाईट प्रणालीबाट प्रसारण हुने बाहेकको अन्य टेलिभिजनको प्रसारण सम्बन्धी कार्यक्रमको अनुमति, रेखदेख र सञ्चालनको नीति निर्माण गरी कार्यान्वयन गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

४. **<u>इजाजतपत्र नलिई प्रसारण गर्न नहुने</u>**: कसैले पनि यस ऐन बमोजिम इजाजत पत्र नलिई कुनै पनि कार्यक्रम प्रसारण गर्नु हुँदैन।

५. **<u>इजाजतपत्रको लागि निवेदन दिनु पर्ने</u>**: प्रदेशभित्र रेडियो, एफ. एम. र टेलिभिजन प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको अधिकारी र तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

६. **<u>निवेदनसाथ कागजात संलग्न गर्नुपर्ने</u>**: दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछः-

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक क्षेत्रको विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन,

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र तथा सम्बन्धित संस्थाको विधान र सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) तोकिए बमोजिम निवेदन दस्तुर बुझाएको नगदि रसिद वा तोकिएको राजस्व खातामा जम्मा गरेको बैंक भौचर साथै प्रसारण केन्द्र रहने ठाउँको नक्सा सहितको विवरण।

७. **<u>इजाजतपत्र दिन सकिने</u>**: (१) दफा ५ बमोजिमको निवेदन पर्न आएमा सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजतपत्र दिन मनासिव देखेमा निवेदकलाई तोकिएको सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा पैँतालिस दिनभित्र तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा इजाजतपत्र दिनेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र दिन नसक्ने भए सोको आधार र कारण खुलाई सात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित मन्त्रालय समक्ष निवेदन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन परेको मितिले एक महिनाभित्र सम्बन्धित मन्त्रालयले आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

८. **<u>प्रसारण गर्नुपूर्व विवरण पेस गर्नुपर्ने</u>**: दफा (७) को उपदफा (१) बमोजिमको इजाजतपत्र प्राप्त गरेको छ महिनाभित्रमा प्रसारण सम्बन्धि कामको प्रारम्भ गर्नु पर्नेछ र त्यस्तो कार्य प्रारम्भ हुनुअघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समयतालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत तोकिएको अधिकारी समक्ष पेस गर्नुपर्नेछ।

९. **प्रसार केन्द्रको स्थापना सम्बन्धी विशेष व्यवस्था**: (१) कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा स्वदेशी वा विदेशी व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट टेलिभिजन बाहेकको टेलिभिजन सम्बन्धि प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी तोकिए बमोजिको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा प्रदेश सरकारले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मुनासिब देखेमा तोकिए बमोजिमको दस्तुर लिई तोकिएको सर्तहरू पलाना गर्ने सर्तमा तोकिएको कार्यक्रमहरू प्रसारण गर्न पाउने गरी तोकिए बमोजिम अनुमति दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम विदेशी व्यक्ति वा संगठित संस्था सम्मिलित भई प्रसारण केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने अनुमति दिँदा प्रचलित संघीय कानूनको प्रतिकूल नहुने गरी अनुमति दिनु पर्नेछ।

१०. **नवीकरण सम्बन्धी व्यवस्था**: (१) प्रसारण गर्ने संस्था वा व्यक्तिले प्राप्त इजाजतपत्रको प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ र नवीकरण सम्बन्धी सर्तहरू र सो बापत बुझाउनु पर्ने शुल्क र दस्तुर तोकिए बमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि प्रचलित कानून बमोजिम प्रसारण गर्न इजाजतपत्र पाएका प्रसारण गर्ने संस्थाले यसै ऐन बमोजिम इजाजत पाएको मानिनेछ र त्यस्ता संस्थाले यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिम नवीकरण गर्नुपर्नेछ।

(३) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रसारण इजाजत लिई कार्यक्रम प्रसारण गरेका संस्थाले प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी छुट्टै रिले स्टेशन स्थापना गरी कार्यक्रम प्रसारण गरेमा त्यस्ता प्रसारण संस्थाले तोकिए बमोजिमको सर्त पालना गर्नुपर्नेछ।

११. **प्रसारणमा सचेत गराउन सकिने**: (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाई बिचको सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बिचको सुःसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवं लैङ्गिक विभेदलाई दुरुत्साहन गर्ने कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई प्रदेश सरकारले पहिलो पटक सचेत गराउन सक्नेछ।

१२. **प्रसारण तथा वितरण शुल्क**: प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा सम्बन्धित मन्त्रालयलाई वा तोकिएको संस्थालाई शुल्क तिर्नु पर्ने र त्यस्तो कार्यक्रम गर्ने व्यक्ति वा संस्थाबाट लिनु पर्ने शुल्क तोकिए बमोजिम हुनेछ।

१३. **कार्यक्रम उत्पादन तथा प्रसारण**: प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनुपर्नेछः-

(क) प्रदेशस्तरका कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, परिवार नियोजन र पर्यटन, वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रमहरू,

(ख) प्रदेशभित्रका सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भाव र सामन्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(ग) प्रदेशभित्रका नेपालका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(घ) प्रादेशिक तथा राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिबृद्धि गराउने विषयका कार्यक्रमहरू,

(ङ) राष्ट्रिय चेतना तथा नैतिक जागरण बृद्धि गर्ने विषयका कार्यक्रमहरू,

(च) जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू,

(छ) नेपाल र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू,

(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरू,

(झ) प्रदेशभित्रको लोक गीत र लोक संस्कृतिको प्रवर्धन तथा सम्वर्धन हुने कार्यक्रमहरू,

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए गरेका महत्वपूर्ण गतिविधिहरू।

१४. **विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिने**: विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमहरूले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा संघीय कानूनको प्रतिकूल नहुने गरी कार्यक्रम प्रसारण गर्न सम्बन्धित मन्त्रालयले समय उपलव्ध गराउन सक्नेछ।

१५. **विज्ञापन प्रसारण गर्न नपाइने**: (१) दफा १३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न गराउन पाउनेछैन।

(क) गलत र भ्रामक तथ्य राखेर राजनैतिक दल, व्यक्ति, संस्था, समुदाय लगायतलाई प्रतिकुल असर पर्ने विषयका कुराहरू,

(ख) अश्लिल किसिमका सामग्रीहरू,

(ग) निर्वाचित संघीय, प्रदेश र स्थानीय सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरू,

(घ) जनमानसमा अस्वाभाविक भय तथा आतंक पैदा गर्ने प्रकृतिका सामग्रीहरू,

(ङ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका कुराहरू,

(च) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्रीहरू।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा नेपाल सरकारले निर्वाचन आयोगको परामर्श लिई कुनै पनि राजनैतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरूको जानकारी गराउनलाई यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन।

१६. **<u>प्रसारकको काम, कर्तव्य र अधिकार</u>**: (१) प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यता बारे आवश्यक छानबिन गरी निर्धारित समयमा प्रसारण गर्ने/गराउने,

(ख) राजनैतिक रूपमा निष्पक्ष भई समाचारको सम्पादन तथा प्रसारण गर्ने/गराउने,

(ग) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने तथा गर्न नलगाउने,

(घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने,

(ङ) लापरबाही वा हेलचक्र्याईपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने,

(च) कुनै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा पनि सम्भव भएसम्म सबै दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितिलाई नबंग्याई प्रसारण गर्नु पर्ने,

(छ) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको संकलन तथा प्रसारण गर्न नहुने,

(ज) प्रसारण संस्थाले तोकिदिए बमोजिम अन्य कार्य गर्ने।

१७. **सजाय**: (१) कसैले दफा ४ बमोजिम प्रसारण संस्थाको इजाजतपत्र नलिई प्रसारण संस्था खोली प्रसारण गरेमा तोकिएको अधिकारीले त्यस्तो प्रसारण सम्बन्धी संस्था बन्द गर्न वा प्रसारण सम्बन्धी काम बन्द गर्न सक्नेछ।

तर यस ऐन बमोजिम स्वीकृति नलिई कुनै कार्यक्रम प्रसारण गरे गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर, अन्य दस्तुर र लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको रकम जरिबानाहुनेछ।

(२) कसैले दफा ११ बमोजिम सचेत गराउँदा समेत सो दफा विपरीत कार्य गरेमा वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रमको प्रसारण गरे/गराएमा वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले दश हजार रुपैयाँ देखि एकलाख रुपैयाँसम्म जरिबानागर्नसक्नेछ।

तर जरिबानागर्नु अघि प्रदेश सरकारले त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई आफ्नो सफाई पेस गर्न मनासिव माफिकको मौका दिनुपर्नेछ।

१८. **पुनरावेदन सम्बन्धमा**: यसै ऐनका विभिन्न दफामा पुनरावेदन सम्बन्धी व्यवस्था गरेकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा यस ऐनबमोजिम प्रदेश सरकार वा सम्बन्धित मन्त्रालय वा तोकिएको अधिकारीले दिएको आदेश वा सजाय उपर चित्त नबुझने पक्षले पैँतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१९. **प्रसारण संस्थाको सुरक्षा**: प्रसारण संस्थामा हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानी नोक्सानी हुने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा प्रदेश सरकारले त्यस्तो ठाउँमा सम्भव भएसम्म आवश्यक अवधिसम्मको लागि सुरक्षाकर्मी पठाई सुरक्षाको व्यवस्था गर्नेछ।

२०. **अधिकार प्रत्यायोजन**: प्रदेश सरकारले सम्बन्धित मन्त्रालयलाई र सम्बन्धित मन्त्रालयमा निहित अधिकार मध्ये सो मन्त्रालयले कुनै वा सबै अधिकार कुनै अन्य अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. **नियम बनाउने अधिकार**ः यस ऐन बमोजिम प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२२. **प्रचलित कानून बमोजिम हुने**ः यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

विपद् व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०६।१४

संशोधनः

१) विपद् व्यवस्थापन (प्रथम संशोधन) ऐन, २०७५: २०७६।०१।२७

२) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९: २०७९।११।१५

३) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१: २०८१।११।२९

प्रस्तावनाः विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउ ज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न, विपद्बाट उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न र विपद् व्यवस्थापनसँग सम्बन्धित सबै विषयमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विपद् व्यवस्थापन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अध्यक्ष"** भन्नाले यस ऐनबमोजिम गठन हुने प्रदेश विपद् व्यवस्थापन परिषद्को अध्यक्षलाई सम्झनु पर्छ र सो शब्दले यस ऐनबमोजिम गठन हुने कार्यकारी समितिको अध्यक्ष समेतलाई जनाउँछ।

•(ख) **"कार्यकारी समिति"** भन्नाले दफा ६ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ।

✂(ग) .....

(घ) **"गैरप्राकृतिक विपद्"** भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरङ्गीमा हुने फ्लू, प्यानडामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा

•केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

✂केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

औद्यौगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक क्षति तथा प्रकोप विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ।

(ङ) **"तोकिएको अधिकारी"** भन्नाले यस ऐनको दफा १८ बमोजिमको अनुगमन जाँचबुझ तथा नियमन अधिकारी सम्झनु पर्छ।

(च) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

♦(छ) **"परिषद्"** भन्नाले यस ऐनको दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(ज) **"प्राकृतिक विपद्"** भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्टयाङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोटन, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

*(ज१) **"पुनःनिर्माण कोष"** भन्नाले दफा १६क. बमोजिमको कोष सम्झनु पर्छ।

(झ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारका सबै मन्त्रालयहरू जनाउँदछ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँदछ।

(ञ) **"मन्त्री"** भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री समेतलाई जनाउँछ।

*(ञ१) **"राहत कोष"** भन्नाले दफा १६ बमोजिमको कोष सम्झनु पर्छ।

(ट) **"विपद्"** भन्नाले कुनै प्राकृतिक र गैर प्राकृतिक दुवैखाले विपद्लाई सम्झनु पर्छ।

(ठ) **"विपद् खोज तथा उद्धार समूह"** भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह

♦केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

*केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ।

(ङ) "**विपद् जोखिम न्यूनीकरण**" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ।

(ढ) "**विपद् पूनर्लाभ**" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापना सम्बन्धी कार्य सम्झनु पर्छ।

(ण) "**विपद् प्रतिकार्य**" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्व तयारीलाई समेत जनाउँछ।

(त) "**विपद् व्यवस्थापन**" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ।

(थ) "**व्यावसायिक प्रतिष्ठान**" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहु-उद्देश्यीय व्यापारिक भवन जस्ता तोकिए बमोजिमका व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ।

×(द) .....

(ध) "**सार्वजनिक संस्था**" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ।

(न) "**सुरक्षा निकाय**" भन्नाले •नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा कानून बमोजिम गठन हुने प्रदेश सुरक्षा निकायलाई समेत सम्झनु पर्छ।

(प) "**स्थानीय तह**" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

(फ) "**स्थानीय विपद् व्यवस्थापन समिति**" भन्नाले प्रत्येक स्थानीय तहमा गठन हुने स्थानीय विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

×केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

•केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

परिच्छेद-२

प्रदेश विपद् व्यवस्थापन परिषदसम्बन्धी व्यवस्था

[पहिलो संशोधनद्वारा संशोधित] ३. **प्रदेश विपद् व्यवस्थापन परिषद्**: (१) कोशी प्रदेशमा विपद् व्यवस्थापन गर्न एक प्रदेश विपद् व्यवस्थापन परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क)	मुख्यमन्त्री	- अध्यक्ष
(ख)	सबै मन्त्रालयका मन्त्री	- सदस्य
(ग)	प्रदेश सभाका प्रमुख विपक्षी दलका नेता	- सदस्य
(घ)	प्रदेश योजना आयोगका उपाध्यक्ष	-सदस्य
(ङ)	मुख्य न्यायाधिवक्ता	- सदस्य
(च)	प्रमुख सचिव	- सदस्य
(छ)	सबै मन्त्रालयका सचिव	- सदस्य
(ज)	प्रदेशस्थित नेपाली सेनाको प्रमुख	-सदस्य
(झ)	प्रदेशस्थित नेपाल प्रहरीको प्रमुख	- सदस्य
(ञ)	प्रदेशस्थित सशस्त्र प्रहरी बल नेपालको प्रमुख	- सदस्य
(ट)	प्रदेशस्थित राष्ट्रिय अनुसन्धान विभागको प्रमुख	- सदस्य
(ठ)	प्रदेश प्रहरी ऐन बमोजिम गठन हुने प्रदेश प्रहरी प्रमुख	- सदस्य
(ड)	प्रदेश अनुसन्धान व्युरो प्रमुख	- सदस्य
(ढ)	विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरू मध्ये दुई जना महिला सहित परिषद्बाट मनोनित पाँच जना	- सदस्य
(ण)	प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव	- सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ढ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा परिषदले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

[पहिलो संशोधनद्वारा संशोधित] पहिलो संशोधनद्वारा संशोधित

तर त्यसरी सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

•४. **<u>प्रदेश विपद् व्यवस्थापन परिषद्को काम, कर्तव्य र अधिकार:</u>** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, रणनीति, मापदण्ड तथा योजना स्वीकृत गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धमा अङ्गिकार गर्नु पर्ने नीति तथा योजनाका सम्बन्धमा कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने,

(ग) विपद् व्यवस्थापनसम्बन्धी विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय, सहजीकरण तथा सहकार्य गर्ने,

(घ) विपद् व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्न कार्यकारी समितिलाई निर्देशन दिने वा सहजीकरण गर्ने,

(ङ) कार्यकारी समिति, राहत वितरण समितिको निर्णय र तत्काल राहत वितरणसम्बन्धी विपद् हेर्ने मन्त्रालयबाट सम्पादीत कार्यहरूको समिक्षा गर्ने,

(च) नेपालको संविधान र प्रचलित कानूनको अधिनमा रही विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय सहायता परिचालन गर्ने गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकार तथा अन्य निकायको भूमिका र जिम्मेवारी निर्धारण गर्ने,

(ज) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(झ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा नेपाल सरकारसँग समन्वय गरी असुरक्षित भवन भत्काउने, असुरक्षित संरचना, तथा असुरक्षित प्राकृतिक मालबस्तुहरू व्यवस्थापन जस्ता कार्यमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्ने, प्रदेश स्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने गराउने,

---

•केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(ञ) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस ऐन बमोजिम गरेका क्रियाकलापका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संघ-संस्था र प्रतिष्ठानलाई आवश्यक सुझाव वा निर्देशन दिने,

(ट) विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन सम्बन्धमा आवश्यक कार्य गर्ने गराउने,

(ठ) प्रदेश स्तरका विपद् भण्डारण गृहको स्थापना र आवश्यक विपद् सामाग्रीको मौज्दातको व्यवस्थापन गर्ने गराउने,

(ड) प्रदेशस्तरमा विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्निमाण र बस्ती स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरू गर्ने गराउने,

(ण) आफ्नो कार्यक्षेत्र अन्तर्गतका विपद् व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी सोको वार्षिक प्रतिवेदन तयार गर्ने गराउने।

५. **<u>प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठक सम्बन्धी व्यवस्था</u>**: (१) परिषद्को बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

•(क) परिषद्को बैठक वर्षको कम्तीमा दुईपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ख) परिषदको सदस्य-सचिवले अध्यक्षको परामर्शमा समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा अठ्चालिस घण्टा अगावै सदस्यले पाउने गरी पठाउनु पर्नेछ। तर तत्काल समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले चौबीस घण्टा अगावै समितिको बैठक बोलाउन सक्नेछ।

(ग) परिषद्को पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(घ) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(ङ) परिषदको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछ।

(च) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

•केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(छ) परिषद्को बैठक अध्यक्षले तोकेको स्थानमा बस्नेछ।

(ज) परिषद्को निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

परिच्छेद-३

•प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

•६. **प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको गठन**: (१) परिषदबाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने, गराउने काम समेतका लागि एक कार्यकारी समिति रहनेछ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

(क)	प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्री	– अध्यक्ष
(ख)	सबै मन्त्रालयका सचिव	– सदस्य
(ग)	प्रदेश प्रमुखको कार्यालयको सचिव	– सदस्य
(घ)	प्रदेश सभा सचिवालयको सचिव	– सदस्य
(ङ)	प्रदेशस्थित नेपाली सेनाको प्रमुख	– सदस्य
(च)	प्रदेशस्थित नेपाल प्रहरीको प्रमुख	– सदस्य
(छ)	प्रदेशस्थित सशस्त्र प्रहरी बल नेपालको प्रमुख	– सदस्य
(ज)	प्रदेशस्थित राष्ट्रिय अनुसन्धान विभागको प्रमुख	– सदस्य
(झ)	प्रदेशस्थित संघीय प्रहरी इकाई प्रमुख	– सदस्य
(ञ)	प्रदेश कानून बमोजिम गठन हुने प्रदेश प्रहरी प्रमुख	– सदस्य
(ट)	विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरू मध्येबाट एक जना महिला सहित कार्यकारी समितिबाट मनोनित तीन जना	– सदस्य
(ठ)	प्रदेश उद्योग वाणिज्य महासंघको अध्यक्ष	– सदस्य
(ड)	प्रदेशस्तरीय रेडक्रस सोसाइटीको अध्यक्ष	– सदस्य
(ढ)	आन्तरिक मामिला मन्त्रालयको विपद् महाशाखा प्रमुख	– सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ट) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा परिषद्ले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

•केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

तर त्यसरी सदस्यबाट हटाउनु अघि निजलाई सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

•७. **<u>प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको काम, कर्तव्य र अधिकार:</u>** कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषदबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी मध्यकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने, गराउने,

(ख) विपद् पूर्वतयारीको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारीता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ग) खोज, उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारीता ल्याउन सघं, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(घ) राहत सामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ङ) आपतकालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने, गराउने,

(च) विपद् प्रभावित क्षेत्रमा पिउने पानी, खाद्यान्न, लत्ताकपडा तथा औषधी उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(छ) विपद प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने गराउने,

(ज) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवं निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको अभिलेख राखी कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(झ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा रहेका असुरक्षित भवन भत्काउन लगाउने र त्यस्तो कार्यमा स्थानीय तहलाई सहयोग गर्ने,

(ञ) असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ट) प्रदेश भण्डारणमा मौज्दातको व्यवस्था गर्ने तथा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिका भण्डार गृहको अवस्था र

•केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

सोमा रहेको राहत, उद्धार लगायतका सामाग्रीको मौज्दातको अनुगमन निरीक्षण गर्ने,

(ठ) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रुपमा वितरण एवम् उपयोग गर्ने, गराउने,

(ड) प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ढ) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ण) विपद्का समयमा गरिएका खोज, उद्धार तथा राहत कार्य सम्बन्धी विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम गरेका क्रियाकलापका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

(थ) तत्कालिन/आपतकालीन उपचारका लागि सार्वजनिक तथा निजी अस्पताल वा स्वास्थ्य संस्थामा पर्याप्त पूर्वाधार तथा सुविधाको व्यवस्था गरी विपद् प्रभावितलाई तत्काल स्वास्थ्य उपचार हुने व्यवस्था मिलाउने,

(द) विपद् व्यवस्थापनका सम्बन्धमा सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संघ संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संघ संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ध) विपद् व्यवस्थापन सम्बन्धमा संघीय मापदण्ड समेतलाई आधारमानी प्रादेशिक नीति र योजना बमोजिम प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी मध्यकालीन तथा अल्पकालीन मापदण्ड, योजना, कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(न) खोज, उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारीता ल्याउन नेपाल सरकार, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका साथै अन्य प्रदेश, स्थानीय तह र सरकारी तथा गैरसरकारी संघ संस्था वा सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

(प) विपद्को समयमा गरिएका खोज, उद्धार तथा राहत कार्यसम्बन्धी विवरण अद्यावधिक गर्ने,

(फ) प्रदेशस्तरमा विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण र **बस्ती** स्थानान्तरण सम्बन्धमा आवश्यक कार्य गर्ने गराउने,

(ब) विपद् व्यवस्थापन सम्बन्धमा अन्य कार्य गर्ने गराउने।

८. **कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्था**: (१) कार्यकारी समितिको सदस्य-सचिवले अध्यक्षको परामर्शमा कार्यकारी समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबिस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

तर तत्काल कार्यकरी समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले निश्चित समय दिई तत्कालै कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ।

(२) कार्यकारी समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(४) कार्यकारी समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) कार्यकारी समितिको अध्यक्षले आवश्यकता महसुस गरेमा सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) कार्यकारी समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(७) कार्यकारी समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

९. **विशेषज्ञ समिति गठन गर्न सक्ने**:(१) कार्यकारी समितिले विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न र विपद् सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा सल्लाह सुझाव उपलब्ध गराउन भू-गर्भ विज्ञ, विशेषज्ञ चिकित्सक, विपद् व्यवस्थापन विज्ञ, वातावरण विज्ञ वा पूर्वाधार विज्ञ वा अन्य विज्ञ रहेको बढीमा पाँच सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिका सदस्यको योग्यता, काम, कर्तव्य तथा निजहरूले पाउने सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

१०. **सचिवालय सम्बन्धी व्यवस्था**: (१) यस ऐनको दफा (७) बमोजिमको नीति, कार्यक्रम तथा योजनाको कार्यान्वयन गर्न कार्यकारी समिति अन्तर्गत एक सचिवालय रहनेछ।

(२) उपदफा (१) बमोजिमको सचिवालयमा विपद्सम्बन्धी विषय हेर्ने मन्त्रालयको महाशाखा प्रमुख त्यस्तो सचिवालयको प्रमुख रहने र निजको मातहतमा सचिवले तोकेको अन्य कर्मचारी रहने छन्।

(३) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन समिति र कार्यकारी समितिबाट स्वीकृत नीति, योजना, कार्यक्रम र निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ख) विपद् जोखिम व्यवस्थापन सम्बन्धी प्रादेशिक स्रोत निकाय (फोकल एजेन्सी) को रुपमा काम गर्ने,

(ग) विपद्को घटना हुनासाथ कार्यकारी समितिको अध्यक्षको निर्देशनबमोजिम त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने,

(घ) विपद् घटना पश्चात् मानवीय सहायताका लागि प्रचलित कानून बमोजिम प्राप्त हुने नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

(ङ) विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने सहायताको एकीकृत अभिलेख राख्ने,

(च) प्रादेशिक विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(छ) प्रदेश सरकारका विभिन्न निकाय लगायत अन्य मन्त्रालय, संघ संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह सुझाव दिने,

(ज) विपद् व्यवस्थापनका सम्बन्धमा कार्यकारी समितिको अध्यक्षको निर्देशन बमोजिम प्रदेश र स्थानीयस्तरका प्रशासनिक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुने गरी आवश्यक व्यवस्था गर्ने,

(झ) विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(ञ) विपद् जोखिम न्यूनीणको लागि भूविज्ञान, भूकम्प विज्ञान, जल तथा मौसम विज्ञान, भौगोलिक सूचना प्रणाली,दुर संवेदन (रिमोट सेन्सिङ्ग) प्रणाली, पूर्वचेतावनी प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरूको अध्ययन, अनुसन्धान गर्ने, गराउने र उपयुक्त प्रविधिको उपयोग गर्ने कार्यक्रम र योजना कार्यान्वयन गर्ने,

(ट) विपद्को समयमा तत्काल परिचालन हुने गरी फ्लाइङ्ग स्क्वाड गठन गर्ने,

(ठ) विपद्का सम्बन्धमा विपद् व्यवस्थापन समिति वा कार्यकारी समितिको निर्णय, निर्देशन र तोकिए बमोजिमका अन्य काम गर्ने।

(४) कार्यकारी समितिले तोकेको स्थानमा समितिको सचिवालय रहनेछ।

[▽]१०क.**<u>प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापनाः</u>** (१) विपद् हेर्ने मन्त्रालयले प्रदेशस्तरमा विपद् प्रतिकार्य सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन गरी सङ्कलित सूचनाको विश्लेषण, भण्डारण र आदान प्रदानका लागि प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रको काम, कर्तव्य, अधिकार र सञ्चालन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रलाई जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र तथा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रले विपद् सम्बन्धी घटनाको सूचना तथा प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ र त्यसरी प्राप्त सूचना तथा प्रतिवेदनलाई प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्रले एकिकृत गरी राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रमा पठाउनु पर्नेछ।

११. **<u>कर्मचारी माग गरी काम लगाउन सक्ने</u>**ः (१) विपद्को समयमा कार्यकारी समितिले विशेष कामको लागि निजामती सेवा, सुरक्षा निकाय वा सार्वजनीक संस्थाबाट कुनै कर्मचारी माग गरी काम लगाउन आवश्यक भएमा कार्यकारी समितिले सम्बन्धित संस्था वा निकायमा समन्वय गरी कर्मचारी पठाइदिन लेखी पठाउन सक्नेछ।

[▽]केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित संस्था वा निकायको माग बमोजिम कर्मचारीलाई कार्यकारी समितिमा सो समितिसँग समन्वय गरी काजमा खटाउनु पर्नेछ।

परिच्छेद-४

<u>सुरक्षा निकाय तथा अन्य निकायको काम, कर्तव्य र अधिकार</u>

१२. **<u>सुरक्षा निकायको परिचालन तथा काम, कर्तव्य र अधिकार</u>**ः प्रदेश ऐन बमोजिम गठन हुने सुरक्षा निकायको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) विपद् व्यवस्थापन सम्बन्धमा सुरक्षा निकायले प्रदेश विपद् व्यवस्थापन परिषद्को अध्यक्ष तथा कार्यकारी समितिको निर्देशन तथा सुपरीवेक्षण अन्तर्गत रही देहाय बमोजिमको कार्य सम्पादन गर्नेछः-

(क) सम्भावित विपद्को सम्बन्धमा पूर्वचेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग गराउने,

(ख) कुनैपनि स्थानमा विपद्का घटनाहरू भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउने,

(ग) आपत्कालीन खोज, उद्धार तथा राहत वितरण गर्ने,

(घ) उद्धारसम्बन्धी तालिम एवम् जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(२) कार्यकारी समितिको अध्यक्षको आदेशबमोजिम कुनैपनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र श्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ।

(३) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि कार्यकारी समितिसँग आवश्यक सामग्री माग गर्न सक्नेछ।

(४) उपदाफा (१) बमोजिम बाहेकका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल लगायतका सुरक्षा निकायलाई विपद्का सम्बन्धमा तत्काल सूचना आदान प्रदान गर्ने।

(५) उपदफा (४) बमोजिमको सुरक्षा निकायसँग उद्धार, राहत, पुनर्स्थापना लगायतका विपद् सम्बन्धी कार्यमा समन्वय र सहकार्य गरी जोखिम न्यूनिकरण गर्ने गराउने।

१३. **<u>वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायसँग समन्वय र सहकार्य गर्नेः</u>** (१) कुनै स्थानमा विपद् परेमा वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले कार्यकारी

समितिलाई तत्काल सूचना दिनु पर्नेछ र निकायसंग आवश्यक समन्वय गरी जोखिम न्यूनीकरण गर्ने कार्य गर्ने/गराउने।

(२) आपतकालीन कार्यसम्पादन गर्दा कार्यकारी समितिको समन्वयमा कुनैपनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र श्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायक निकाय वा संस्थालाई हुनेछ।

१४. **<u>सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व</u>**: (१) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, संस्था वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपतलीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पूनर्निर्माण समेतका सम्पूर्ण कार्यमा कार्यकारी समिति, विपद् व्यवस्थापनसम्बन्धी समिति लगायत अन्य समितिलाई आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा कार्यकारी समितिले तोके बमोजिम आधारभूत अभिमुखीकरण तालिम दिने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने श्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) कार्यकारी समितिको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचना आपतकालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने।

(२) सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले प्रदेश सरकारको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी प्रचलित कानून बमोजिम लागु गर्नु, गराउनु पर्नेछ।

१५. **विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्नेः** सरकारी संस्था, गैरसरकारी संघ संस्था, स्थानीय संघ संस्था, समुदाय, स्वयमसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुननिर्माण गायतका विपद् व्यवस्थापनसम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरणसम्बन्धी कार्यमा सहयोग गर्ने,

(ङ) विपदमा परेका मानिसको पुर्नस्थापना लगायतको कार्यमा सहयोग गर्ने।

परिच्छेद-५

विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्था

[*]**१६.राहत कोषः**(१) विपद्को समयमा खोज, उद्धार तथा राहत कार्य सञ्चालनका लागि एउटा छुट्टै राहत कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको राहत कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) प्रदेश सरकारबाट कोषका लागि प्राप्त रकम,

(ख) संघीय सरकार तथा स्थानीय तहबाट कोषका लागि प्राप्त रकम,

(ग) प्रदेश प्रमुख तथा प्रदेश मन्त्रिपरिषद्का सदस्य, प्रदेश आयोगका पदाधिकारी, संघीय संसद तथा प्रदेश सभा सदस्य, निजामती कर्मचारी, नेपाल प्रहरीका अधिकृत तथा जवान, सशस्त्र प्रहरी

[*] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित

बल, नेपालका अधिकृत तथा जवान र स्थानीय तहका कर्मचारीले कोषका लागि प्रदान गरेको रकम,

(घ) खण्ड (ग) मा लेखिए देखि बाहेक अन्य सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, व्यवसायिक, विभिन्न पेशामा संलग्न व्यक्ति, राजनैतिक दल, ट्रेड युनियनकर्मी, गैर सरकारी संस्था, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले कोषका लागि प्रदान गरेको रकम,

(ङ) कुनै संघ, संस्था वा व्यक्तिबाट कोषका लागि दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम,

(च) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्था वा व्यक्तिबाट दफा २६ बमोजिम नेपाल सरकारको अनुमतिमा कोषको नाममा प्राप्त सहयोग, अनुदान वा ऋण स्वरूप प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट कोषका लागि प्राप्त भएको रकम।

(३) राहत कोषको खाता विपद् हेर्ने मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(४) राहत कोषको रकम दफा २९ बमोजिमको स्वीकृत मापदण्डका आधारमा खर्च गरिनेछ।

(५) राहत कोषको रकम विपद्बाट प्रभावितको खोज, उद्धार तथा राहत कार्यमा खर्च गरिनेछ।

(६) उपदफा (५) बमोजिमको खोज, उद्धार तथा राहत कार्य अन्तर्गत देहायको कार्य समेत समावेश भएको मानिनेछः-

(क) दफा २७ बमोजिमको खरिद तथा निर्माण,

(ख) दफा २८ बमोजिमको रकम वा क्षतिपूर्ति,

(ग) विपद्बाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण,

(घ) विपद्बाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर निर्माण,

(ङ) विपद्बाट पीडित व्यक्तिको लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, पकाउने सामग्री, लत्ता कपडा, औषधी, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु खरिद,

(च) विपद्को कारणबाट घाइते वा बिरामी भएको व्यक्तिको औषधी उपचार,

(छ) विपद्को कारणबाट देहावसान भएका व्यक्तिको काज क्रिया वा सद्गतका लागि मृतकका आफन्तका लागि आर्थिक सहायता,

(ज) विपद्को कारणबाट भएको फोहोर मैला तथा प्रदूषणको विसर्जन (डिस्पोजल),

(झ) विपद् रोकथामका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन, पूर्व सावधानी वा पूर्व तयारी।

(७) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि राहत कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न सकिने छैन।

(८) राहत कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

(९) राहत कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(१०)कार्यकारी समितिले राहत कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी प्रदेश विपद्व्यवस्थापन परिषद् समक्ष पेस गर्नेछ।

[v]**१६क. <u>मर्मत सम्भार तथा पुनः निर्माण कोषः</u>** (१) दफा १६ को उपदफा (१) बाहेक विपद्बाट क्षतिग्रस्त तथा प्रभावित संरचना एवं पूर्वाधारको मर्मत सम्भार तथा पुननिर्माण कार्य सञ्चालन गर्न एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) प्रदेश सरकारबाट कोषका लागि प्राप्त रकम,

(ख) संघीय सरकार तथा स्थानीय तहबाट कोषका लागि प्राप्त रकम,

(ग) प्रदेश प्रमुख तथा प्रदेश मन्त्रिपरिषद्का सदस्य, प्रदेश आयोगका पदाधिकारी, संघीय तथा प्रदेश संसद,निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा स्थानीय तहका कर्मचारीले कोषका लागि प्रदान गरेको रकम,

(घ) खण्ड (ग) मा लेखिए देखि बाहेक अन्य सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक,

---

[v] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरू, राजनैतिक दल, ट्रेड युनियन, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले कोषका लागि प्रदान गरेको रकम,

(ङ) कुनै संघ, संस्था वा व्यक्तिबाट कोषका लागि दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम,

(च) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्था वा व्यक्तिबाट दफा २६ बमोजिम नेपाल सरकारको अनुमतिमा कोषको नाममा प्राप्त सहयोग, अनुदान वा ऋण स्वरूप प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट कोषका लागि भनी प्राप्त भएको रकम।

(३) दफा १६क. को उपदफा (१) बमोजिमको पुनःनिर्माण कोषको सञ्चालनका लागि देहाय बमोजिमको पुनःनिर्माण कोष सञ्चालक समिति रहनेछः-

(क) मुख्यमन्त्री	-अध्यक्ष
(ख) आन्तरिक मामिला तथा कानून मन्त्री	-सदस्य
(ग) आर्थिक मामिला तथा योजना मन्त्री	-सदस्य
(घ) भौतिक पूर्वाधार विकास मन्त्री	-सदस्य
(ङ) खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्री	-सदस्य
(च) उद्योग, कृषि तथा सहकारी मन्त्री	-सदस्य
(छ) पर्यटन, वन तथा वातावरण मन्त्री	-सदस्य
(ज) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	-सदस्य
(झ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय	-सदस्य सचिव

(४) पुनःनिर्माण कोषको रकम प्राकृतिक विपत्तिबाट क्षतिग्रस्त वा प्रभावित प्रदेश सरकारबाट निर्माण भएका संरचनाहरूको मर्मत सम्भार तथा पुनःनिर्माण कार्यमा प्रयोग गरिनेछ।

<u>स्पष्टीकरणः</u> प्राकृतिक विपत्तिबाट क्षतिग्रस्त वा प्रभावित प्रदेश सरकारबाट निर्माण भएका संरचनाहरूको मर्मत सम्भार तथा पुनःनिर्माण प्रयोजनका लागि दफा २७ वा दफा २८ बमोजिम खर्च लाग्ने भएमा पुनःनिर्माण कोषबाट त्यस्तो खर्च रकम बेहोर्न बाधा परेको मानिने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनःनिर्माण कोषको रकम नियमित प्रशासनिक कार्यको लागि प्रयोग गर्न सकिने छैन।

(६) पुनःनिर्माण कोषको खाता विपद् हेर्ने मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(७) पुनःनिर्माण कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा मातहत कार्यालयले गर्नेछ।

(८) पुनःनिर्माण कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(९) उपदफा (३) बमोजिमको समितिले पुनःनिर्माण कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी प्रदेश सभा र प्रदेश विपद् व्यवस्थापन परिषद् समक्ष पेस गर्नेछ।

(१०) पुनःनिर्माण कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

परिच्छेद-६

कसूर तथा सजायसम्बन्धी व्यवस्था

१७. **कसूर र सजायः** (१) कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्राअनुसार पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२) कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार एक लाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(क) कुनै विपदको घटना घट्न सक्ने अफवाह फैलाई सार्वजनिकरुपमा त्रास सृजना गरेमा,

(ख) अनुमति लिई वा नलिई विपद्का नाममा चन्दा, राहत वा सहयोग संकलन गरेमा, आफू खुशी वितरण गरेमा वा व्यक्तिगत लाभमा सहयोग गरेमा,

(ग) विपद्को समयमा अप्राकृतिक रुपमा बजार मूल्य वृद्धि गरेमा वा कृत्रिम अभाव सिर्जना गरेमा वा गुणस्तरहीन वस्तुको कारोबार गरेमा।

(३) कसैले देहाय बमोजिमको कार्य गरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछः-

(क) यस ऐन अन्तर्गतको कुनै कार्य गर्न प्रदेश सरकार वा यस ऐनबमोजिम गठन हुने कुनै समिति वा त्यस्तो कार्यका लागि अख्तियारी प्राप्त व्यक्तिलाई आफ्नो कर्तव्य पालना गर्न बाधा पुऱ्याएमा,

(ख) यस ऐन कार्यान्वयन गर्ने सम्बन्धमा जारी भएका आदेश वा निर्देशन पालना नगरेमा,

(ग) राहत सामग्री वितरणमा अवरोध गरेमा वा राहत सामग्रीको दुरुपयोग गरेमा।

(४) उपदफा (१),(२) र (३) बमोजिमको कसूरमा दण्ड र सजाय गर्ने सम्बन्धी व्यवस्था प्रचलित संघीय वा प्रदेश कानून बमोजिम हुनेछ।

(५) उपदफा (१),(२) र (३) मा उल्लेख गरिएका बाहेक यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम,निर्देशिका वा कार्यविधि विपरीत कसैले कुनै कार्य गरेमा त्यस्तो कार्यलाई कसुर मानिने छ र त्यस्तो कसुरमा यस ऐन बमोजिमको तोकिएको अधिकारीले जरिबाना गर्ने, क्षतिपूर्ति भराउने वा दुवै सजाय गर्न सक्नेछ।

१८. **अनुगमन जाँचबुझ तथा नियमन अधिकारी**: •(१) अनुगमन जाँचबुझ तथा नियमन अधिकारी विपद् हेर्ने मन्त्रालयले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारीको काम, कर्तव्य,अधिकार र कार्य सम्पादन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको अनुगमन जाँचबुझ तथा नियमन अधिकारीले यस ऐनको दफा १७ को उपदफा (१), (२) र (३) बमोजिमको दण्ड, सजाय हुने विषय बाहेकका अन्य कसुरजन्य कार्य गरेमा त्यस्तो कसुरदारलाई छानबिन गरी त्यस्ता कसूरमा तोकिए बमोजिम जरिबानागर्ने र क्षतिपूर्ति भराउन आदेश दिन सक्नेछ।

(४) यस ऐनको दफा १७ (५) को विषयमा कसैले कुनै घटना वा कार्य भएगरेको थाहा पाएमा थाहा पाएको मितिले २१ दिनभित्र दफा १८ बमोजिमको अधिकारी समक्ष सूचना जानकारी वा निवेदन दिन सक्नेछ तर सार्वजनिक सरोकार वा महत्वको विषय वा कार्य वा घटनाका सम्बन्धमा भने दफा १८ बमोजिमको अधिकारी स्वयंमले जाँचबुझ र छानबिन गर्न वा गर्न लगाउन सक्नेछ।

१९. **पुनरावेदन**: दफा १८ बमोजिमको अनुगमन तथा जाँचबुझ नियमन अधिकारीले गरेको आदेश उपर चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले आदेश भएको जानकारी

•केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

पाएको मितिले ३५ दिन भित्र सम्बन्धित तोकिएको अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२०. **<u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>**: यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य कानूनको समेत उल्लंघन हुने भएमा प्रचलित कानूनबमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन।

तर एउटै कसुरमा एक भन्दा बढी निकायमा मुद्दा चलाइने छैन।

२१. **<u>असल नियतले गरेको काममा सजाय नहुने</u>**: यस ऐनबमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामको सम्वन्धमा कुनै राष्ट्रसेवक कर्मचारी र विपद् कार्यमा खटाएको कुनै व्यक्ति उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारवाही गरिने छैन।

परिच्छेद- ७

<u>विविध</u>

२२. **<u>विपद् सङ्कटग्रस्त क्षेत्रको घोषणा</u>**: ×..... प्रदेशको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएकोले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न आवश्यक देखिएमा प्रदेश सरकारले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा वा आदेश जारी गर्नको लागि नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

२३. **<u>प्रदेश सरकारले आदेश दिन सक्ने</u>**: (१) प्रदेश सरकारले नेपाल सरकारले घोषणा गरेको विपद् संकटग्रस्त क्षेत्रमा कुनै व्यक्ति, संस्था वा अधिकारीलाई नेपाल सरकारसँग आवश्यक समन्वय गरी आवश्यकता अनुसार देहायको कुनै वा सबै काम गर्न आदेश दिन सक्नेछः-

(क) त्यस्तो क्षेत्रमा आवश्यकता अनुसार सरकारी वा गैरसरकारी संस्था, शिक्षण संस्था वा अन्य संस्थालाई केहि अवधिको लागि बन्द गर्ने,

(ख) त्यस्तो क्षेत्रमा उद्धार कार्यमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कारवाही गर्न नदिने,

(ग) सरकारी वा गैरसरकारी संस्था, शिक्षण संस्था वा अन्य संस्थाका कर्मचारीलाई काजमा खटाउने,

(घ) विपद् उद्धार कार्यको प्रयोजनको लागि गैरसरकारी संस्था, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको चल

× केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

अचल सम्पत्ति उपयोग गर्न आवश्यक भएमा अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्ने,

(ङ) सरकारी श्रोत तथा साधनलाई उपयोग तथा परिचालन गर्ने,

(च) सम्वन्धित जिल्लाभित्रका गैरसरकारी संस्था, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको सवारी साधनलाई कुनै निश्चित अवधिसम्मको लागि अभिलेख राखी नियन्त्रणमा लिने र प्रयोग गर्ने,

(छ) सम्बन्धित जिल्लाभित्रको गैरसरकारी संस्था, शिक्षण संस्था,अन्य संस्था वा व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधि,निर्माण सामग्री तथा अन्य वस्तु अभिलेख राखी नियन्त्रणमा लिने र विपद्बाट प्रभावित व्यक्तिलाई वितरण गर्ने,

(ज) त्यस्तो क्षेत्रमा पर्ने जग्गा, घर, कलकारखाना, देवदेवालय धार्मिकस्थल र अन्य यस्तै महत्वपूर्ण वस्तु वा स्थानलाई विनाश हुनबाट बचाउन आवश्यक उपाय अपनाउने,

(झ) सहयोग टोली गठन गरी विपद् संकटग्रस्त क्षेत्रमा पठाउने,

(ञ) विपद् प्रभावित क्षेत्रमा यातायात तथा मानिसको आवतजावतमा बन्देज लगाउने,

(ट) सर्वसाधारण जनताको जीउधनको रक्षाको लागि अन्य आवश्यक सुरक्षात्मक उपायको व्यवस्था गर्ने,

(ठ) विपद् व्यवस्थापनको लागि आवश्यक देखिएका अन्य काम गर्ने।

(२) उपदफा (१) बमोजिमको आदेश पालना गर्नु सम्बन्धित व्यक्ति, संस्था वा अधिकारीको कर्तव्य हुनेछ।

२४. **<u>जुनसुकै स्थानमा प्रवेश गर्न सक्ने</u>:** विपद् व्यवस्थापनको समयमा खोज, उद्धार तथा राहत वितरण कार्यमा संग्लन सम्बन्धित निकायको पदाधिकारी विपद् सम्भाव्य क्षेत्र वा विपद् सङ्कटग्रस्त क्षेत्रभित्रको जुनसुकै स्थान, भवन आदिमा सूचना दिई आवश्यकताअनुसार प्रवेश गर्न सक्नेछ।

२५. **नेपाल सरकारको स्वीकृति लिनु पर्ने**: विपद्बाट असर परेको कुनै क्षेत्रमा संघीय कानूनबमोजिम विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

२६. **अन्तराष्ट्रिय मानवीय तथा अन्य सहायता लिन सक्ने**: प्रदेशमा भएको विपद्को अवस्थालाई तत्काल समाधान गर्न आन्तरिक श्रोत र साधनबाट नभ्याउने भई अन्तराष्ट्रिय सहयोग आवश्यक छ भन्ने लागेमा अन्तराष्ट्रिय मानवीय तथा अन्य सहयोगका निम्ति नेपाल सरकारलाई अनुरोध गर्न सक्नेछ।

२७. **तत्काल खरिद तथा निमार्ण गर्न सकिने**: विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भईरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरीद वा निमार्ण कार्य गर्न आवश्यक भएमा तोकिए बमोजिम खरिद वा निर्माण गर्न सकिनेछ।

२८. **रकम दिइने**: (१) यस ऐन बमोजिम गैरसरकारी संस्था, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको सम्पत्ति अस्थायी रुपमा प्राप्त गरेमा वा सवारी साधन प्रयोग गरिएमा त्यसरी प्राप्त गरिएको अभिलेख अनुसारको सम्पत्ति वा प्रयोग गरेको सवारी साधनको भाडा वापत प्रचलित दर अनुसारको रकम तोकिएको अधिकारीले सम्बन्धित संस्था वा व्यक्तिलाई दिनेछ। तर अचल सम्पत्तिप्राप्त गर्दा बाली लागेको वा लाग्ने जग्गा पनि परेको रहेछ भने नोक्सानी भएको वा हुने बालीको लागि समेत आवश्यक क्षतिपूर्ति दिइनेछ।

(२) यस ऐन बमोजिम गैरसरकारी संस्था, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिबाट खाद्यान्न, लत्ताकपडा, औषधी, निर्माण सामग्री तथा अन्य वस्तु प्राप्त गरिएमा त्यस्तो वस्तुको प्रचलित दरबाट हुन आउने मूल्य बराबरको रकमसमेत तोकिएको अधिकारीले सम्बन्धित संस्था, संस्था वा व्यक्तिलाई दिनेछ।

२९. **राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले कार्यकारी समितिको सिफारिसमा विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराउने राहतको न्यूनतम मापदण्ड बनाई लागु गर्नेछ।

(२) उपदफा (१) बमोजिमको राहतको न्यूनतम मापदण्डमा अन्य विषयको अतिरिक्त देहायको विषय समावेश भएको हुनु पर्नेछः

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाई सम्बन्धी,

(ख) विपद्बाट मृत्यू हुनेको परिवार तथा सम्पत्ती क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको हित सम्बन्धी,

(घ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(ङ) गैरसरकारी वा व्यक्तिगत रुपमा दिइने राहतलाई वितरण सम्बन्धी,

(च) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(छ) राहतसँग सम्बन्धी अन्य उपयुक्त विषय।

(३) उपदफा (१) बमोजिमको राहतको न्यूनतम मापदण्ड विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउने सबै निकाय, व्यक्ति वा संस्थाले पालना गर्नु पर्नेछ।

३०. **विपदमा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमाः** विपद्मा परी हराई फेला पर्न नसकेका आंशिक वा पूर्णरुपमा क्षति भएका महत्वपूर्ण कागजातहरूको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **मिनाहा दिनेः** विपद् व्यवस्थापन कार्यको लागि सरकारी संस्था वा संस्थाबाट खर्च भएका सामाग्री तथा श्रोत साधन प्रचलित कानून बमोजिम प्रदेश सरकारले मिनाहा दिन सक्नेछ।

३२. **निर्देशन दिन सक्नेः** कार्यकारी समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

३३. **उपसमिति गठन गर्न सक्नेः** (१) प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समितिले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ।

३४. **पुरस्कार दिन सक्नेः** कार्यकारी समितिले विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप तोकिए बमोजिम सम्मान तथा पुरस्कार दिने व्यवस्था मिलाउनेछ।

३५. **वार्षिक प्रतिवेदनः** (१) कार्यकारी समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश विपद् व्यवस्थापन परिषद्समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन विपद् व्यवस्थापन समितिले सार्वजनिकरुपमा प्रकाशन गर्नु पर्नेछ।

३६. **अधिकार प्रत्यायोजनः** कार्यकारी समितिले यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार तोकिएको अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३७. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा उल्लेख भएका कुराहरूमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

३८. **नियम बनाउने अधिकारः** प्रदेश सरकारले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम कार्यविधि तथा निर्देशिका मापदण्ड बनाई लागु गर्न सक्नेछ।

३९. **बचाउः** यो ऐन प्रारम्भ हुनु पूर्व विपद् व्यवस्थापन सम्बन्धमा प्रदेश सरकारले गरेको निर्णय वा अन्य कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

कोशी प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण मितिः २०७५/०६/१९

संवत् २०७५ सालको ऐन नं. १९

प्रस्तावना: प्रदेश तथा स्थानीय तहको राजस्व संकलन, राजस्व बाँडफाँड, अनुदान, ऋण र वित्त व्यवस्थापन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कोशी प्रदेश प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**आयोग**" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्छ।

(ख) "**प्रदेश सञ्चित कोष**" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश सञ्चित कोष सम्झनु पर्छ ।

(ग) "योजना" भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्छ।

(घ) "**वित्तीय समानीकरण अनुदान**" भन्नाले दफा ४ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ङ) "**ससर्त अनुदान**" भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ।

(च) "**समपूरक अनुदान**" भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ।

(छ) "**विशेष अनुदान**" भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ज) "**स्थानीय सञ्चित कोष**" भन्नाले संविधानको धारा २२९ बमोजिमको स्थानीय सञ्चित कोष सम्झनु पर्छ।

(झ) "**संविधान**" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. **राजस्वको बाँडफाँड:** (१) प्रदेश र स्थानीय तह दुबैको अधिकार क्षेत्र अन्तर्गत प्रदेशले कर निर्धारण गरी उठाएको कर तथा गैरकर राजस्वको रकम बाडँफाँड गर्न प्रदेश सरकारले प्रदेश विभाज्य कोषको स्थापना गरी त्यस्तो रकम सो कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश र स्थानीय तहबीच बाँडफाँड गरिने रकम मध्ये प्रदेश सरकारले प्राप्त गर्ने ६०% रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ र स्थानीय तहलाई बाँडफाँड गर्नुपर्ने ४०% रकम प्रदेश सरकारले स्थानीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गरिनेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिस अनुसार स्थानीय तहलाई बाँडफाँड गरिने छ।

(४) उपदफा (३) बमोजिम बाँडफाँडबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम बाँडफाँड हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिनेछ।

४. **वित्तीय समानीकरण अनुदानः** (१) संविधानको धारा ६० को उपधारा (५) बमोजिम प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।

(२) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँड हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ।

५. **ससर्त अनुदानः** (१) प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम ससर्त अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक सर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ।

(३) ससर्त अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

६. **समपूरक अनुदानः** (१) प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुरालाई आधार बनाइनेछ।

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,

(घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कूल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **विशेष अनुदानः** (१) प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ-

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

८. **नेपाल सरकारसँग ऋण लिन सक्नेः** (१) प्रदेश सरकारले नेपाल सरकारसँग ऋण लिन सक्नेछ।

(२) ऋण लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **आन्तरिक ऋण लिन सक्नेः** (१) नेपाल सरकारको सहमतिमा आयोगले सिफारिस गरेको सिमा भित्र रही प्रदेश सरकारले आन्तरिक ऋण लिन सक्नेछ।

(२) प्रदेश सरकारले प्रचलित कानूनको अधीनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण लिन/जम्मा गर्न सक्नेछ।

(३) प्रदेशले आन्तरिक ऋण लिन नेपाल सरकारसँग सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त प्रतिफल, उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ। त्यस्तो प्रस्तावका आधारमा नेपाल सरकारले प्रदेश सरकारलाई आन्तरिक ऋण लिने सहमति दिनेछ।

(४) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **वैदेशिक अनुदान तथा ऋण लिन सक्नेः** (१) नेपाल सरकारको पूर्व स्वीकृति र जमानतमा प्रदेश सरकारले वैदेशिक ऋण लिन सक्नेछ साथै नेपाल सरकारको पूर्व स्वीकृति लिई अनुदान वा सहयोग लिन वा सहयोग वा अनुदानमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले वैदेशिक सहायताको परिचालनवाट प्राप्त हुने प्रतिफल र उपलब्धिहरूको आँकलन गरी पारदर्शी रुपमा वैदेशिक सहायता लिइनेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त वैदेशिक ऋण अनुदान र सहयोग संघीय सरकार वा प्रदेश सरकारले तोकेको प्राथमिकता र आवश्यकताको क्षेत्रमा गरिनेछ।

११. **अनुदानको प्रयोगः** यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नु पर्नेछ।

१२. **कार्यविधि बनाउन सक्नेः** यस ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

कोशी प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः २०७५/०७/३०

संवत् २०७५ सालको ऐन नं. २०

प्रस्तावनाः प्रदेशको समग्र विकासका लागि आवश्यक स्रोतको रुपमा रहेको कर तथा गैरकर राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "कोशी प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५" रहेको छ।

(२) यो ऐन कोशी प्रदेश भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक ऐन" भन्नाले सालबसाली आर्थिक ऐन सम्झनु पर्छ।

(ख) "कम्पनी" भन्नाले प्रचलित संघीय कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ।

(ग) "कर" भन्नाले आर्थिक ऐन बमोजिमको कर सम्झनु पर्छ।

(घ) "कर अधिकृत" भन्नाले प्रदेश सरकारले दफा ५ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने प्रदेश सरकारको प्रशासन सेवाको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ।

(ङ) "कर कार्यालय" भन्नाले प्रदेशमा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने विभाग, महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रूपमा रहेको प्रदेश सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ।

(च) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(छ) "कर निर्धारण" भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र संशोधित कर निर्धारणलाई समेत जनाउँछ।

(ज) "गैरकर राजस्व" भन्नाले कर बाहेकका गैरकर राजस्व सम्झनु पर्छ।

(झ) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी, बाबु, आमा र अंश छुट्टिए वा नछुट्टिएका नाबालिग सन्तान सम्झनु पर्छ।

(ञ) "प्रदेश कर प्रमुख" भन्नाले प्रदेश सरकारले कर प्रशासन सम्बन्धी प्रमुख जिम्मेवारी तोकी नियुक्त गरेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यसरी प्रदेश कर प्रमुख नियुक्त नभएकोमा प्रदेश आर्थिक तथा योजना मन्त्रालयको सचिवलाई जनाउँछ।

(ट) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई जनाउनेछ।

(ठ) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले कोशी प्रदेश भित्र पर्ने गाउँपालिका, नगरपालिका, उप महानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद-२

राजस्व निर्धारणका आधार र कर प्रशासन

३. कर तथा गैरकर राजस्व निर्धारणका आधारः (१) कर राजस्व देहायका आधारमा निर्धारण गरिनेछ :

(क) कर तिर्न सक्ने क्षमता,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) नागरिकको सुविधा,

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता।

(२) गैरकर राजस्व उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी निर्धारण गरिनेछ।

४. कर प्रशासनः (१) यस ऐन बमोजिमको कर तथा गैरकरको प्रशासन प्रदेश सरकारले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर कार्यालय रहन सक्नेछन् ।

५. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) प्रदेश सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी प्रदेश कर कार्यालयमा रहन सक्नेछन्।

(२) प्रदेश कर कार्यालयमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरू, कर सहायक तथा सहयोगीहरूलाई काममा लगाउन सक्नेछ।

६. कर अधिकृतको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) करदाता दर्ता गर्ने,
(ख) करदाताबाट विवरण प्राप्त गर्ने,
(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,
(घ) कर संकलन गर्ने,
(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,
(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,
(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,
(ज) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,
(झ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्नु लगाउने,
(ञ) कर सम्बन्धी अभिलेख दुरुस्त राख्नु,
(ट) कर सम्बन्धी अन्य काम गर्ने।

७. अधिकार प्रत्यायोजनः (१) प्रदेश कर प्रमुखले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर कार्यालयका प्रमुख तथा कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कर कार्यालयका प्रमुखले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कर कार्यालयको प्रमुख र कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

८. प्रत्यायोजित अधिकार र जिम्मेवारी: (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ।

परिच्छेद-३

कर तथा गैरकर

९. घर जग्गा रजिष्ट्रेशन शुल्क: (१) प्रदेशले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउनेछ।

(२) घर जग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम मध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ ।

(४) यस दफा बमोजिम लगाइएको घर जग्गा रजिष्ट्रेशन शुल्क घर, जग्गा वा घर जग्गा रहेको स्थानीय तहले उठाउनेछ ।

(५) यस दफा बमोजिम उठाएको रजिष्ट्रेशन शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सञ्चित कोषमा राखी र चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम स्थानिय तहले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूंजिगत लाभकर असूल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

१०. सवारी साधन कर: (१) प्रदेशले सवारी साधनमा सवारी साधन कर लगाउनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा उर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(३) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको

स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेशको कर कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु पूर्व सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम दर्ता भएका सवारी साधनका धनीले २०७५ चैत्र मसान्तसम्म उपदफा (३) बमोजिम सवारी दर्ता गरी कर बुझाई सक्नु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटो रिक्सा, पावर ट्रिलर र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित स्थानीय तहले लगाउने र उठाउनेछ।

११. मनोरन्जन कर: (१) प्रदेशले चलचित्र घर, भिडियो घर, **सांस्कृतिक** प्रदर्शन हल, हाटबजार, मेला, थिएटर र कन्सर्ट जस्ता मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका सेवामा तथा मनोरञ्जनजन्य कृयाकलापमा मनोरन्जन कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरन्जन कर मनोरन्जनको लागि एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम अन्यथा मनोरञ्जन स्थलमा प्रवेशको लागि खरिद विक्री गरिने टिकटको मूल्यमा लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको मनोरन्जन करबाट उठेको रकम मनोरन्जनस्थलका धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जम्मा भएको रकममध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहले सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको कर प्रशासन स्थानीय तहले गर्नेछ।

१२. विज्ञापन कर: (१) प्रदेशमा विज्ञापन सामग्री राखे वापत लाग्ने विज्ञापन कर सम्बन्धित स्थानीय तहलेले लगाउने र उठाउनेछ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होडिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर, बेलुन जस्ता सामग्री सम्झनु पर्छ ।

(२) कसैले विज्ञापन सामाग्री राख्न चाहेमा अनुमतिको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा स्थानीय तहले सर्वसाधारण जनताको हित हुने देखिएमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) गाउँपालिका वा नगरपालिकाले उपदफा (३) बमोजिमको अनुमति दिंदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, वातावरणीय स्वच्छता, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता र सालीनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्नेछ।

(५) नेपाल सरकार, प्रदेश वा स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि स्थानीय तहले सो निकायसँग आवश्यक स्वीकृति तथा समन्वय गर्नु पर्नेछ ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छूट वा मिनाहा हुन सक्ने छैन।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन।

(८) यस दफा बमोजिम विज्ञापन करबाट उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(९) विज्ञापन कर असूल सम्बन्धी अन्य व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ।

१३. कृषि आयमा कर: (१) प्रदेशले आफ्नो क्षेत्र भित्रको कृषि आयमा कर लगाउनेछ।

(२) यो कर स्वयंकर निर्धारण प्रणालीमा आधारित हुनेछ ।

(३) कृषि आयमा कर लगाउने प्रक्रिया प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१४. पर्यटन शुल्क: (१) प्रदेश आफैले निर्माण गरेको र संघीय सरकारबाट हस्तान्तरण भइ आउने पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाउने छैन।

१५. प्राकृतिक स्रोत शुल्क: (१) प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा, माटो र दहत्तर बहत्तरको संकलन शुल्क प्रदेशले लगाउनेछ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा, माटो र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने

स्वीकृत वातावरणीय अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन तथा मूल्याङ्कन र कार्ययोजना प्राप्त भएमा प्रदेशले नेपाल सरकारको नीतिको अधीनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा स्थानीय तहलाई त्यस्तो क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा, माटो र दहत्तर बहत्तर संकलन गर्न गराउन आवश्यक सर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा स्थानीय तहले त्यस्तो क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा, माटो र दहत्तर बहत्तर संकलन गर्न गराउन सक्नेछ।

(५) प्रदेश सरकारले स्थानीय तहले ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर संकलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि स्थानीय तहले ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा, माटो र दहत्तर बहत्तर संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ।

(६) ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा, माटो र दहत्तर बहत्तर संकलनबाट उठेको शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१६. सेवा शुल्क तथा दस्तुरः प्रदेशले संविधानको अनुसूची-६ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

१७. दण्ड जरिवानाः प्रदेशले संविधानको अनुसूची-६ बमोजिमका क्षेत्र र विषयमा दण्ड जरिबाना लगाई उठाउन सक्नेछ।

१८. अन्य कर उठाउन सक्नेः प्रदेशले आफ्नो क्षेत्रभित्र रहेका कर लाग्ने अन्य विषयमा कर उठाउन सक्नेछ।

परिच्छेद-४

करदाता दर्ता

१९. करदाताको पहिचान तथा दर्ताः (१) कसैले व्यवसाय सञ्चालन गर्न चाहेमा व्यवसाय गर्नु पूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(२) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर कार्यालयलाई कुनै

स्रोतबाट प्राप्त सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका कुराहरूको आधारमा करदाताको पहिचान गरिनेछ।

(४) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई दर्ता गरी राख्नु पर्नेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोहि नम्बरको प्रयोग गरी गर्नु पर्नेछ।

२०. करदाताको दायित्वः यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेस गर्ने,

(ग) निर्धारित समयमा कर दाखिल गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुःल्क, जरिबाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्नु,

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

(छ) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने।

२१. करदाताको अधिकारः (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी बिषयमा प्रमाण पेस गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,

(ङ) कर सम्बन्धी गोप्य कुराहरू यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ।

२२. करदाताको प्रतिनिधित्वः (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबही करदाता स्वयंले गरेको मानिनेछ।

परिच्छेद-५

कर विवरण र कर दाखिला

२३. विवरण दाखिला गर्न आदेश दिन सक्नेः (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कर कार्यालयमा विवरण दाखिल गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिल गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समय अवधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको अवधि थपिदिन सक्नेछ।

२४. विवरण सच्याउन सकिनेः यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिलो विवरण दाखिला भएको मितिले तीन महिनाभित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेस गर्न सक्नेछ।

२५. कर दाखिला गर्नुपर्नेः (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर यस ऐनमा उल्लेख गरिएकोमा सोहि समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा १० बमोजिमको कर प्रत्येक आर्थिक वर्षको चैत्र समान्तसम्म वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाइसक्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गतेभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

२६. कर दाखिलाको निस्सा दिनु पर्नेः करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

परिच्छेद-६

कर समायोजन

२७. कर फिर्ता सम्बन्धी व्यवस्था: (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर करदाताले बुझाउन कुनै रकम बाँकी भएमा त्यसमा मिलान गरी बाँकी रहेको रकम कर अधिकृतले फिर्ता दिनु पर्नेछ।

२८. कर समायोजन सम्बन्धी व्यवस्था: (१) करदाताले दफा २७ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिल गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

परिच्छेद-७

कर परीक्षण, निर्धारण र संकलन

२९. कर परीक्षण: (१) यस ऐन बमोजिम करदाताले विवरण पेस नगरेको वा पेस गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ:

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुट्टा विवरण कागजात संलग्न गरेको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा सोको दाबी गरेकोमा।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेस गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेस गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेस गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेस नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेस गरेको मितिले चार वर्षभित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नु पर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

(६) कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने कर अधिकृतले जुनसुकै बखत पुनः कर निर्धारण गर्न गराउन सक्नेछ ।

३०. कर निर्धारणको सूचनाः (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको भौचर सम्बन्धित कर कार्यालयमा बुझाउनु पर्नेछ।

३१. कर असूल गर्न सक्नेः (१) यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका बमोजिम कर असूल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार, प्रदेश, स्थानीय तह वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोवार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

३२. किस्ताबन्दिमा कर असूली: कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक बर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ।

तर ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने ब्याज मिन्हा हुने छैन।

परिच्छेद-८

ब्याज, शुल्क र जरिबाना

३३. जरिबानालाग्ने: (१) यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा १० को उपदफा (४) बमोजिमको म्यादभित्र सवारी साधन कर दाखिला नगरेमा दाखिला गर्नुपर्ने म्याद नाघेको मितिदेखि सो वर्षको अन्त्यसम्म कर रकमको २० प्रतिशतका दरले जरिबाना लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि सवारी साधन कर नबुझाएमा लाग्ने जरिबाना सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

३४. ब्याज लाग्ने: यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकी रकममा वार्षिक पन्ध्र प्रतिशत ब्याज लाग्नेछ।

३५. शुल्क लाग्ने: (१) यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा पाँच हजार रुपैयाँ शुल्क लाग्नेछ।

(२) यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ शुल्क लाग्नेछ।

(३) यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ।

३६. पुनः ब्याज नलाग्नेः यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज र जरिबानामा पुनः ब्याज लाग्ने छैन।

परिच्छेद-९

पूर्वदिश, प्रशासकीय पुनरावलोकन र पुनरावेदन

३७. पूर्वदिश माग गर्न सक्नेः (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्था बारे द्विविधा भएमा सोको निराकरणको लागि निजले प्रदेश कर प्रमुखसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रदेश कर प्रमुखले द्विविधा निराकरण गर्न पूर्वदिश जारी गरी करदातालाई सो पूर्वदिश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वदिश जारी गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको पूर्वदिश प्रदेश कर प्रमुखले खारेज नगरेसम्म वा अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

३८. प्रशासकीय पुनरावलोकन हुन सक्नेः यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय ।

३९. प्रशासकीय पुनरावलोकनको प्रक्रियाः (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र निर्धारित रकमको पचास प्रतिशतले हुन आउने धरौटी रकम संलग्न गरी तोकिएको ढाँचामा प्रदेश कर प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन उपर साठी कार्यदिन भित्र कारबाही र किनारा गर्नु पर्नेछ।

४०. उजुरी नलाग्नेः यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन।

४१. <u>पुनरावेदन दिन सक्नेः</u> (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले पैतिस दिनभित्र दफा ३० बमोजिम निर्धारण भएको कर रकमको पचास प्रतिशतले हुन आउने धरौटी रकम संलग्न गरी उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उच्च अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

परिच्छेद-१०

<u>समन्वय</u>

४२. **<u>नेपाल सरकारसँग समन्वयः</u>** (१) प्रदेश सरकारले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय तह वा स्थानीय तहले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसंग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका बिषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४३. **<u>स्थानीय तहसँग समन्वयः</u>** (१) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका बिषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४४. **नेपाल राष्ट्र बैंकसँग समन्वयः** प्रदेश सरकारले कर र गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन बैंकिङ्ग प्रणालीमा आवध्द गर्ने विषयमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

४५. **अन्य संस्थासँग समन्वयः** प्रदेश सरकार वा कर अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित बिषयमा आवश्यकता अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ।

४६. **राजस्व सम्बन्धी नयाँ प्रस्तावः** प्रदेश सरकारले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्न सक्नेछ ।

४७. **सूचना सार्वजनिक गर्नु पर्नेः** (१) प्रदेश सरकारले लगाएको कर र गैर कर राजस्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना प्रदेश कानून बमोजिम सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई प्रदेश सरकारको वेभसाइटमा राख्नु व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश सरकारले कर र राजस्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्नु प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

परिच्छेद-११

विविध

४८. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेस गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

४९. **ठेक्कामा लगाउन नपाइनेः** प्रदेश सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन।

तर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहसँग समन्वय गरी कर उठाउन बाधा पुगेको मानिने छैन।

५०. **कागजातको ढाँचाः** (१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरीका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरीका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश सरकारको सूचना पाटी, वेभसाइट आदिको माध्यमबाट उपलब्ध गराउनु पर्नेछ।

५१. **सूचना तामेली रीत पुगेको मानिनेः** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नाबालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ) करदातको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्युतीय उपकरण मार्फत पठाएको।

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

५२. **कागजातको अभिलेख राख्नुः** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायका आवश्यक कागजातहरू सुरक्षित गरी राख्नु पर्नेछः-

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेस गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरू,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात,

(२) कर कार्यालयले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजातहरू सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा चार बर्षसम्म सुरिक्षत राख्नु पर्नेछ।

५३. **अदालतलाई भए सरहको अधिकार हुने:** यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेस गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

५४. **कर अधिकृतको परिचय पत्र:** कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्नु, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ।

५५. **विभागीय कारवाही र सजाय हुने:** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बिच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा करदाताले प्रदेश कर कार्यालयको प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा कर कार्यालयको प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले कारवाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि प्रदेश कर प्रमुख समक्ष पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानबिन गर्न प्रदेश कर प्रमुखले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रदेश कर प्रमुखले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरबाही गरेको कुरा खुल्न आएमा कर प्रमुखले निजलाई विभागीय कारबाही गर्नेछ ।

(६) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्नु निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन।

५६. **म्याद, हदम्याद नजाने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

५७. <u>नियम बनाउन सक्नेः</u> यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।०६।०६

संशोधन

१) प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) ऐन, २०७६: २०७७।०४।१८

२) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९: २०७९।११।१५

३) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२: २०८२।०३।२९

संम्वत् २०७६ सालको ऐन नं. १८

प्रस्तावनाः चालक अनुमतिपत्र, नवीकरण तथा प्रदेशभित्र सवारी दर्ता, नामसारी, नवीकरण भई सञ्चालन हुने सवारी साधनको व्यवस्थित, मर्यादित, अनुशासित तरिकाले सञ्चालन, नियमन, व्यवस्थापन, सर्वसाधारणलाई सहज, सरल र सुविधायुक्त यातायात सेवा उपलब्ध गराउन, सार्वजानिक यातायातको रुट अनुमति, गुणस्तर, भाडा निर्धारण र नियमन तथा सवारीसाधनमा लगानी भएको नेपाली श्रम र पुँजीलाई संरक्षण, प्रर्वद्धन तथा विकास गर्न, यातायात क्षेत्रमा रोजगारी सृजना गरी संरक्षण गर्न, सवारी दुर्घटनालाई न्यूनीकरण गर्न, सडक सुरक्षा तथा सुशासनको प्रत्याभूति, रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, योजना र आयोजनालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त, नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अधिकारप्राप्त अधिकारी"** भन्नाले प्रदेश यातायात व्यवस्था कार्यालयको कार्यालय प्रमुख सम्झनु पर्छ।

(ख) **"कुटनीतिक सुविधा प्राप्त सवारी"** भन्नाले दफा १२ बमोजिमको सवारी सम्झनु पर्छ।

(ग) **"चालक"** भन्नाले यस ऐनबमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(घ) **"चालक अनुमतिपत्र"** भन्नाले दफा ५० बमोजिमको अधिकारप्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(ङ) **"छोटो बाटो"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चिस किलोमिटर देखि एक सय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ।

(च) **"जाँचपास"** भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ।

(छ) **"ट्राफिक सङ्केत"** भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि उल्लिखित वा साङ्केतिक रूपमा टाँसी राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउँछ।

(ज) **"ठूलो सवारी"** भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ।

(झ) **"तोकिएको वा तोकिए"** बमोजिम भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको सूचित आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) **"दर्ता प्रमाणपत्र"** भन्नाले दफा १६ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(ट) **"निजी सवारी"** भन्नाले दफा ८ बमोजिमको सवारी सम्झनुपर्नेछ।

[✂](ठ) .....

(ड) **"पर्यटक सवारी"** भन्नाले दफा ७ बमोजिमको सवारी सम्झनु पर्छ।

(ढ) **"परिचालक"** भन्नाले दफा ६६ बमोजिमको परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनुपर्नेछ र सो सवारीमा काम गर्न अन्य चेकर तथा हेल्परलाई समेत जनाउँछ।

(ण) **"पार्किङ्गस्थल"** भन्नाले सवारी अड्याउन निर्धारित गरिएको ठाउँ सम्झनु पर्छ।

[✂] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

(त) **"प्रदूर्षण"** भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूर्षण सम्झनु पर्छ।

(थ) **"परीक्षा समिति"** भन्नाले दफा १५३ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(द) **"प्रहरी"** भन्नाले नेपाल प्रहरी, प्रदेश प्रहरी सम्झनु पर्छ र सो शब्दले सशस्त्र प्रहरी बल समेतलाई जनाउँछ।

(ध) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(न) **"प्रशिक्षण केन्द्र"** भन्नाले दफा १५६ बमोजिम मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनु पर्छ।

(प) **"बस विसौनी"** भन्नाले यात्रीवाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निम्ती निर्धारित गरिएको ठाउँ सम्झनु पर्छ।

(फ) **"बाटो"** भन्नाले सार्वजनिक तथा निजी सवारी सञ्चालन गर्नका निम्ति निर्धारित गरिएको बाटो सम्झनु पर्छ।

(ब) **"बाटो इजाजतपत्र"** भन्नाले स्वीकृती प्राप्त बाटोमा सवारी चलाउन दफा ७५ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ।

(भ) **"बिमा"** भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बिमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने (कम्प्रिहेन्सिभ) बिमालाई समेत जनाउँछ।

(म) **"भाडा"** भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ।

(य) **"मध्यम बाटो"** (मिडियम रुट) भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एक सय किलोमिटर भन्दा बढी तर दुई सय पचास किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ।

(र) **"मन्त्रालय"** भन्नाले [*]यातायात हेर्ने सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(ल) **"मालसामान"** भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पंक्षी तथा कुनै निर्जीव वस्तु सामान सम्झनु पर्छ।

(व) **"मालवाहक सवारी"** भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ।

(श) **"मझौला सवारी"** भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनु पर्छ।

(ष) **"यातायात सेवा"** भन्नाले सार्वजनिक सवारीले भाडा लिई यात्री वा मालसामान एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउने गरी प्रदान गर्ने सेवा सम्झनु पर्छ।

(स) **"यात्री"** भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(ह) **"यात्रीवाहक सवारी"** भन्नाले यात्रीहरूलाई यातायात सेवा प्रदान गर्ने सार्वजानिक सवारी सम्झनु पर्छ।

(क्ष) **"यात्री गुण्टा"** भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ।

(त्र) **"यातायात निरीक्षक"** भन्नाले दफा १५४ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ज्ञ) **"लामो बाटो"** (लङ्ग रुट) भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुई सय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ।

(ज्ञ१) **"विद्यालय तथा कलेज सवारी"** भन्नाले दफा ११ बमोजिमको सवारी सम्झनु पर्छ।

(ज्ञ२) **"व्यवस्थापन समिति"** भन्नाले दफा १५१ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज्ञ३) **"व्यवस्थापक"** भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा

[*] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

सञ्चालन गर्ने जिम्मा लिएको कम्पनीको मुख्य व्यवस्थापन गर्ने व्यक्ति सम्झनु पर्छ।

(ज्ञ४) **"सवारी"** भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ।

(ज्ञ५) **"सवारीको वजन"** भन्नाले सवारीको कुल वजन सम्झनु पर्छ।

स्पष्टीकरणः कुल वजन भन्नाले सवारीको इन्जिन, चेसिस, अन्य औजार तथा उपकरण लगायत सवारी दर्ताका प्रमाणपत्रमा लेखिएको कुल भारवहन क्षमता समेतलाई जनाउँछ।

(ज्ञ६) **"सानो सवारी"** भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनु पर्छ।

(ज्ञ७) **"सार्वजनिक सवारी"** भन्नाले दफा ६ बमोजिमको सार्वजनिक सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ।

(ज्ञ८) **"सरकारी सवारी"** भन्नाले दफा ९ बमोजिमको सवारी सम्झनु पर्छ।

(ज्ञ९) **"संस्थानको सवारी"** भन्नाले दफा १० बमोजिमको सवारी सम्झनु पर्छ।

(ज्ञ१०) "**सडक"** भन्नाले सवारीसाधन तथा मानिस आवत जावत गर्न बनाइएको खास क्षेत्र वा बाटो सम्झनु पर्छ।

(ज्ञ११)"**सुरक्षाकर्मी"** भन्नाले यात्री मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ।

(ज्ञ१२) **"सार्वजनिक स्थान"** भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, बाटो वा सर्वसाधारण जनता आउने जाने बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्री चढन, उत्रन वा सवारी राख्न निर्धारण गरिएको ठाउँलाई समेत जनाउँछ।

(ज्ञ१३) **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ज्ञ१४) **"स्थानीय बाटो"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्मको बाटो सम्झनु पर्छ।

(ज्ञ१५) **"सवारी धनी"** भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति सम्झनु पर्छ।

(ज्ञ१६) **"क्षेत्र"** भन्नाले यातायात व्यवस्था कार्यालयको प्रादेशिक क्षेत्राधिकार अन्तर्गत पर्ने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

परिच्छेद-२

सवारीको वर्गीकरण

३. **ठूलो सवारी**ः दश टनभन्दा बढी वजन भएको अनुसूची-१ को खण्ड (क) मा उल्लिखित सवारीलाई ठूलो सवारी भनिनेछ।

४. **मझौला सवारी**ः चार टनदेखि दश टनसम्म वजन भएको अनुसूची-१ को खण्ड (ख) मा उल्लिखित सवारीलाई मझौला सवारी भनिनेछ।

५. **सानो सवारी**ः चार टनभन्दा कम्ती वजन भएको अनुसूची-१ को खण्ड (ग) मा उल्लेखित सवारीलाई सानो सवारी भनिनेछ।

६. **सार्वजनिक सवारी**ः (१) यातायात सेवा सञ्चालन गर्न देहायको प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ।

(२) सार्वजनिक सवारीलाई यात्रीवाहक र मालवाहक गरी दुई किसिममा विभाजन गरिनेछ।

(३) यात्रीवाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछः-

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रुत (एक्सप्रेस) सेवा,

(ग) साधारण (लोकल) सेवा र

(घ) साधारण विद्युतीय तीन पाङ्ग्रे रिक्सा (लोकल) सेवा।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीवाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य आवश्यक व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (क) मा लेखिए बमोजिम नम्बर प्लेट राख्नुपर्नेछ।

७. **पर्यटक सवारीः** (१) [>]स्वदेशी तथा विदेशी पर्यटकलाई यातायात सेवा प्रदान गर्न यस ऐन र प्रचलित कानून बमोजिम दर्ताको प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिन्छ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ख) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

[▽]७क. **विशेष पर्यटक सवारीः** (१) छिमेकी मुलुकका पर्यटक मात्र सीमा क्षेत्रबाट चढाएर प्रदेश सरकारले तोकेको प्रदेशभित्र वा अन्य प्रदेशका पर्यटकीय गन्तव्यसम्म प्रत्यक्ष सवारी (डाइरेक्ट)सेवाको सञ्चालन गर्न प्रदेश सरकार वा मातहतको यातायात व्यवस्था कार्यालयबाट अनुमति प्रदान गर्नेछ र त्यस्ता सवारी साधन खरिदमा सहुलियत र सवारी दर्ता, नवीकरण दस्तुर र सवारी करमा प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम छुट दिन सक्नेछ र आर्थिक ऐनमा व्यवस्था नभएको भए प्रदेश सरकारले निर्णय गरी त्यस्तो सहुलियत र छुट दिन सक्नेछ।

(२) डिजेल पेट्रोलको सट्टा ग्रीन हाइड्रोजनबाट चल्ने सवारी साधन खरीदमा सहुलियत, दर्ता, नवीकरण र सवारी करमा आर्थिक ऐनमा व्यवस्था भए बमोजिम छुट दिन सक्नेछ र आर्थिक ऐनमा व्यवस्था नभएको भए प्रदेश सरकारले निर्णय गरी अनुदान वा छुट वा सहुलियतको सुविधा प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रत्यक्ष (डाइरेक्ट) सेवाको पर्यटक सवारीले बीच बाटोबाट कुनै यात्री तथा सरसामान चढाउन तथा ओराल्न पाउने छैन।

(४) उपदफा (३) विपरीत कार्य गर्ने सवारीलाई प्रत्येक पटक पाँच हजार रुपैयाँ जरिबाना गरी त्यसको अभिलेख राखिनेछ।

(५) उपदफा (४) बमोजिमको सवारीले तीन पटक भन्दा बढी उपदफा (३) विपरीतको कार्य गरेमा पटकै पिच्छे थप पाँच हजार जरिबाना लाग्नेछ।

तर एक वर्षमा छ वा सो भन्दा बढी पटक उपदफा (३) विपरीतको कार्य गरेमा अनुमति खारेज गर्न सकिनेछ।

(६) विशेष पर्यटक सवारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **निजी सवारीः** (१) निजी प्रयोगको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई निजी सवारी मानिनेछ।

[>] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

[▽] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

(२) निजी सवारी [१]प्रति व्यक्ति भाडा तोकी लिई सार्वजनिक यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।

(३) निजी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ग) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्नेछ।

[२](४) उपदफा (२) मा जनसुकै कुरा लेखिएको भए तापनि निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे तथा दुइ पाङ्ग्रे सवारीले छुट्टै अनुमति पत्र लिई फरक सवारी संकेत राखी तोकिएको प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्री ओसारपसार (राइड सेयरीङ्ग) गर्न सक्नेछन्।

[२](५) उपदफा (४) बमोजिमको सवारी साधनको दर्ता, नवीकरण, जाँचपास र बाटो इजाजत लगायत आवश्यक व्यवस्था प्रदेश सरकारले स्वीकृत गर्ने कार्यविधि बमोजिम हुनेछ।

९. **सरकारी सवारीः** (१) कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग सम्बन्धित सरकारी निकायको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (घ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

१०. **संस्थानको सवारीः** (१) नेपाल सरकार, प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई संस्थानको सवारी भनिनेछ।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ङ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

११. **विद्यालय तथा कलेज सवारीः** (१) सामूदायिक वा संस्थागत विद्यालयले र उच्च शिक्षा अध्ययन अध्यापन गराउने कलेजले विद्यार्थी ओसारपसार गर्न प्रयोग गर्ने यस ऐन बमोजिम [३]..... दर्ता भएको सवारी सम्झनुपर्नेछ।

(२) सामूदायिक वा संस्थागत विद्यालय र कलेजले प्रयोग गर्ने सवारीमा पहेलो रङ्ग लगाएको हुनुपर्नेछ।

---

[१] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

[२] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

[३] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

*(३) सामुदायिक विद्यालय वा सरकारी कलेजको सवारीको प्लेट अनुसूची-२ को खण्ड (घ) र संस्थागत विद्यालय वा निजी कलेजको सवारीसाधनको प्लेट अनुसूची-२ को खण्ड (ग) बमोजिम हुनु पर्नेछ।

१२. **कुटनीतिक सुविधा प्राप्त सवारीः** (१) कुटनीतिक नियोग वा कुटनीतिक सुविधा प्राप्त कार्यालय योजना निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कुटनीतिक सुविधाप्राप्त सवारी भनिनेछ।

(२) कुटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (च) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

१३. **अन्य प्रयोजनको निम्ती प्रयोग गर्न नहुनेः** (१) कुनै एक प्रयोजनको निम्ती दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ती प्रयोग गर्न पाइनेछैन।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ती भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ती बाहेक अन्य प्रयोजनको निम्ती अधिकारप्राप्त अधिकारीको अनुमति बेगर त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न पाइनेछैन।

परिच्छेद-३

सवारी दर्ता सम्बन्धी व्यवस्था

१४. **सवारीसाधन दर्ता गराउनुपर्नेः** (१) कुनै पनि सवारी खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने, कुनै व्यक्ति, फर्म, कम्पनी वा एजेण्टले सवारी साधन खरिद गरेको वा पैठारी गरी, उत्पादन गरेको वा खरिद गरेको मितिले पन्ध्र दिनभित्र अधिकारप्राप्त अधिकारी समक्ष दर्ता गराउनु पर्नेछ।

□(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन पाङ्ग्रे ई-रिक्साको दर्ता, नवीकरण, बाटो इजाजतपत्र र नियमन तोकिए बमोजिम हुनेछ।

(३) यस ऐन बमोजिम सवारी दर्ता नगरी कुनै पनि सवारी चलाउन वा सञ्चालन गर्नहुदैन।

(४) उपदफा (१) विपरित सवारी चलाएको वा सञ्चालन भएको पाइएमा त्यस्ता सवारीसाधनलाई जफत दर्ता पश्चात् लिलाम दर्ता प्रक्रियामा लगिनेछ। लिलाम दर्ता प्रक्रिया तोकिए बमोजिम हुनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

▽(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तीनपाङग्रे अटो, ई-रिक्सा जस्ता सवारी साधन प्रचलित कानून बमोजिम दर्ता गर्दै आइरहेकोमा सडक सुरक्षामा थप खतरा वा मानवीय जिउधनको क्षति हुने देखिएमा त्यस्ता सवारी साधनका सम्बन्धमा अवधि तोकी मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी दर्ता तथा सञ्चालनको अनुमति दिने कार्यलाई निश्चित समयका लागि रोक लगाउन सक्नेछ।

१५. **<u>सवारी दर्ता गराउन दरखास्त दिनुपर्ने</u>**: (१) दफा १४ बमोजिम कुनै सवारीसाधन दर्ता गराउनु परेमा सवारी नेपालभित्र खरिद गरेको भए खरिद गर्ने व्यक्ति, फर्म र कम्पनी वा एजेण्टले सो खरिद गरेको निस्सा र त्यस्तो सवारी विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म र कम्पनी वा एजेण्टले सो सवारीको भन्सार महसुल तिरेको निस्सा, उत्पादन गर्ने व्यक्ति, फर्म र कम्पनीले प्राप्त गरेको इजाजत पत्र, चेसिस, इन्जिनको फोटो र तोकिए बमोजिमको अन्य कागजपत्र तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी पन्ध्र दिनभित्र अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ। यदि पन्ध्र दिनभित्र दरखास्त नदिएमा प्रत्येक दिनको लागि 🕮<u>दफा १५८ को उपदफा (५क) बमोजिम जरिबानाहुनेछ।</u>

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको आफ्नो दुईप्रति पासपोर्ट साइजको फोटो समेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ।

(३) सरकारी सवारीको हकमा त्यस्तो सवारी जुन सरकारी कार्यालयको नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र कुटनीतिक सुविधा प्राप्त सवारीको हकमा नेपाल सरकार परराष्ट्र मन्त्रालयको सिफारिस पत्र समेत संलग्न गरेको हुनुपर्नेछ। कुटनीतिक सुविधा प्राप्त सवारी कुनै व्यक्तिको नाममा दर्ता हुनेभएमा निजले आफ्नो पासपोर्ट वा नागरिकताको प्रतिलिपि एवं दुई प्रति पासपोर्ट साइजको फोटो संलग्न गरेको हुनुपर्नेछ।

(४) नेपालभित्र कुनै व्यवसाय तथा काम कारोबार गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको निम्ती कुनै सवारी दर्ता गराउन चाहेमा उपदफा (१) र (२) मा लेखिएका कुराहरूका अतिरिक्त सम्बन्धित कुटनीतिक नियोगको सिफारिसपत्र समेत संलग्न गरेको हुनुपर्नेछ।

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

🕮 पहिलो संशोधनद्वारा संशोधित

(५) नाबालकको नाममा कुनै सवारी दर्ता गराउनु परेमा निजको तर्फबाट निजको अभिभावक, संरक्षक वा माथवरले नाबालक तथा आफ्नो समेत दुई-दुई प्रति पासपोर्ट साइजको फोटो एवम् नागरिकताको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी दरखास्त दिनु पर्नेछ।

१६. **<u>सवारी दर्ताको प्रमाणपत्रः</u>** (१) दफा १४ बमोजिम कुनै सवारी दर्ता गराउनको लागि दफा १५ बमोजिम दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा सात दिनभित्र त्यस्तो सवारी दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र दिँदा सवारी बिक्री गर्ने फर्म कम्पनी भए त्यस्तो फर्म वा कम्पनीको आधिकारिक प्रतिनिधि वा कर्मचारी र बिक्री वा हस्तान्तरण गर्ने व्यक्ति भए आफैं वा प्रचलित कानून बमोजिमको निजको वारेशलाई समेत सहीछाप गराई राख्नुपर्नेछ।

तर कुनै आवश्यक कागजात नपुग देखिएमा समय तोकी आवश्यक कागजात पेस गर्न अधिकारप्राप्त अधिकारीले मनासिब समय दिनेछ र त्यस्तो समयभित्र दरखास्तवालाले कागजात पेस गर्नुपर्नेछ।

तर सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू एवम् प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाहरूको नाउँमा बाहेक चौधभन्दा बढी सिट संख्या तथा चार टन वा सो भन्दा बढी कुल वजन भएका सवारीहरूलाई निजी सवारीको रूपमा दर्ता गरिनेछैन।

(३) नाबालकको नाममा सवारी दर्ता गर्दा अभिभावक वा माथवर संरक्षक समेतको नाम दर्ताको प्रमाणपत्रमा उल्लेख गरी दर्ताको प्रमाणपत्रमा निजको समेत सहीछाप गराउनु पर्नेछ।

(४) दर्ताको प्रमाणपत्रमा सवारी खरिद गर्दा सवारीसाधनको निर्माताले दिएको सवारीको प्राविधिक विवरणमा लेखिएको सवारीको कुल भारवहन क्षमतालाई सो सवारीको भार मानी उल्लेख गर्नुपर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा त्यस्तो सवारीको भाररहित वजन र भारवहन क्षमता समेत छुट्टाछुट्टै रूपमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ।

(५) दर्ताको प्रमाणपत्र दिइएको मितिले त्यस्तो प्रमाणपत्रको अवधि एक वर्षसम्म बहाल रहनेछ।

१७. **<u>सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनुपर्नेः</u>** (१) दफा १६ बमोजिम कुनै सवारी दर्ताको प्रमाणपत्र दिनुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने ठीक स्थितिमा छ वा छैन भन्ने कुराको दफा २३ बमोजिम तोकिएको मापदण्डका

अधिनमा रही जाँचबुझ गरी चलाउन सकिने ठीक स्थितिमा रहेछ भने मात्र त्यस्तो सवारी दर्ता गरी दर्ताको प्रमाणपत्र दिनुपर्नेछ। त्यसरी दर्ताको प्रमाणपत्र दिंदा त्यस्तो सवारीको धनीलाई त्यस्तो सवारी सडकमा चल्न सक्ने सक्षमता (रोड ओर्दीनेस) को प्रमाणपत्र समेत दिनुपर्नेछ।

तर, यस दफा बमोजिम सवारी चलाउन नसकिने कुरा एकिन भएमा नसक्ने कारण र आधार खुलाई सवारी धनीलाई अधिकारप्राप्त अधिकारीले सो कुराको लिखित जानकारी सात दिनभित्र गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लिखित जानकारीमा चित्त नबुझे सवारीधनीले तीस दिनभित्र [१]मन्त्रालयमा पुनरावेदन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको पुनरावेदन परेमा त्यस्को आवश्यक जाँचबुझ गरी [१]मन्त्रालयले पैंतालीस दिनभित्र आवश्यक निर्णय गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको सक्षमताको प्रमाणपत्र सवारीमा सधै भरी टाँसिएको हुनुपर्नेछ।

१८. **संयुक्त दर्ता:** कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुईभन्दा बढी व्यक्तिले अधिकारप्राप्त अधिकारी समक्ष दफा १५ बमोजिम दरखास्त दिएमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो सवारीलाई ती व्यक्तिहरूको नाममा संयुक्त रूपमा दर्ता गरी निजहरूलाई दफा १६ बमोजिमको दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

१९. **अस्थायी दर्ता:** देहायको अवस्थामा कुनै सवारी अस्थायी रूपमा दर्ता गर्न सकिनेछः

(क) सवारी पैठारी गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्यादभित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) पैठारी गरिएको सवारीको इन्जिन, चेसिस वा अन्य कुनै पार्टपुर्जाको खराबीको कारणले गर्दा तुरुन्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्थामा परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बिमा कम्पनीसँग क्षतिपूर्ति बिमा सम्बन्धी विवादपरी तुरुन्त दर्ता गर्न नसकिने भएमा,

(घ) विदेशी लगानी वा विदेशी राष्ट्र वा कम्पनीबाट नेपालभित्र सञ्चालन वा निर्माण हुने आयोजना परियोजनाको निम्ती उपयोग हुने विदेशमा दर्ता भएको सवारीसाधन भएमा।

---

[१] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

२०. **अस्थायी दर्ताको लागि दरखास्तः** (१) दफा १९ मा लेखिएको कुनै अवस्थापरी कुनै सवारी पैठारी गर्ने व्यक्ति वा निजको अनुपस्थितिमा निजको नजिकको हकवालाले सो सवारी पैठारी गर्ने व्यक्तिको नाममा अस्थायी रूपमा दर्तागर्न सो सवारीको भन्सार महसुल तिरेको निस्सा तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा दरखास्तवालाले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र जसको नाममा अस्थायी दर्ता गरिने हो सो व्यक्तिको हालसालै खिचिएको दुई प्रति फोटो समेत संलग्न गरेको हुनुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लखिएको भए तापनि विदेशी राष्ट्र वा कम्पनीबाट सञ्चालन वा निर्माण हुने आयोजनामा सञ्चालन गरिने कुनै सवारीसाधनको अस्थायी दर्ता प्रयोजनमा नागरिकताको प्रमाणपत्र पेस गर्नुपर्नेछैन।

२१. **अस्थायी दर्ताको प्रमाणपत्रः** (१) दफा २० बमोजिम कुनै सवारी अस्थायी दर्ता गराउनको लागि कसैको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले सो सवारी दफा १९ बमोजिम अस्थायी रूपमा दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा अस्थायी दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(२) अस्थायी दर्ताको प्रमाणपत्र प्राप्त सवारीमा राख्नुपर्ने नम्बर प्लेटमा अस्थायी समेतको बेहोरा जनाउनुपर्नेछ।

(३) अस्थायी दर्ताको प्रमाणपत्र एकै पटक वा पटक पटक गरी बढीमा छ महिनासम्म बहाल रहने गरी दिन सकिनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी वा विदेशी राष्ट्र वा कम्पनीद्वारा सञ्चालन वा निर्माणहुने आयोजना परियोजनामा उपयोगहुने सवारीसाधनको हकमा त्यस्तो आयोजना परियोजनाको काम सम्पन्न नहुञ्जेलसम्मका लागि अस्थायी अनुमतिपत्र प्रदान गर्न सकिनेछ।

तर त्यस्ता सवारीसाधनले तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

२२. **सवारी ल्याउनुपर्नेः** दफा १५ वा २० बमोजिम कुनै सवारी दर्ता गर्न दफा ३७ बमोजिम सवारी नामसारी गर्न दफा ३९ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि दरखास्त दिंदा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत कार्यालयमा दरखास्तसाथ ल्याउनुपर्नेछ।

२३. **सवारीको जाँचबुझको लागि मापदण्ड तोक्न सकिनेः** (१) कुनै सवारी चलाउन सकिने स्थितिमा छ छैन भन्ने कुराको जाँचबुझ गरी यकिन गर्न देहायका कुराहरूका

सम्बन्धमा प्रदेश सरकारले समय समयमा आवश्यक मापदण्ड निर्धारण गरी तोक्न सक्नेछ।

(क) सवारीको यान्त्रिक स्थितिको सम्बन्धमा,

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा,

(ग) सवारीबाट हुन सक्ने प्रदूर्षणको सम्बन्धमा,

(घ) सवारीसाधन चलाउन सकिने अवधिको सम्बन्धमा।

(२) कुनै सवारी चलाउन सकिने स्थितिमा छ वा छैन भन्ने कुराको जाँचबुझ गरी सक्षमताको प्रमाणपत्र दिंदा वा जाँचपास गर्दा अधिकारप्राप्त अधिकारीले उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही जाँचबुझ गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सवारी चलाउन नसकिने देखिए सो कुराको आधार र कारण खुलाई सवारी धनीलाई अधिकारप्राप्त अधिकारीले तत्काले लिखित जानकारी दिनुपर्नेछ।

२४. **<u>सवारी दर्ता गर्न इन्कार गर्न सकिने</u>**: (१) कुनै सवारी दर्ता गर्नका लागि दरखास्त परी सो सवारी दर्ता गर्ने सम्बन्धमा अधिकारप्राप्त अधिकारीले सो सवारीलाई दफा २३ मा तोकिएका मापदण्डका अधीनमा रही जाँचबुझ गर्दा त्यस्तो सवारी चलाउन सकिने स्थितिमा रहेको नदेखिएमा त्यस्तो सवारी दर्ता गर्न इन्कार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गर्नु परेमा अधिकारप्राप्त अधिकारीले सोको कारण र आधार खुलाई दरखास्तवालालाई तत्काल लिखित सूचना दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूर्षण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाइ वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारीसाधनको दफा १४ बमोजिम गरिने दर्ता रोक्का गर्न मनासिब देखेमा मन्त्रालयले कुनै वा सबै सवारी दर्ताको सम्बन्धमा यातायात व्यवस्था कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्ने आदेश दिन सक्नेछ।

२५. **<u>दर्ताको मान्यता</u>**: (१) यस ऐन बमोजिम कुनै अन्य प्रदेशमा दर्ता भएको सवारीसाधन कोशी प्रदेशमा पनि चलाउन सकिनेछ।

✂(२) .....

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

२६. **जानकारी दिनुपर्नेः** (१) अन्य प्रदेशमा दर्ता भएको सवारी कोशी प्रदेशभित्र प्रवेश गरेमा प्रवेश गरेको चौबिस घण्टाभित्र सो सवारीको धनी वा चालकले प्रदेश प्रवेश गर्दाको प्रहरी चेकपोष्टमा त्यसको जानकारी दिनुपर्नेछ र त्यस्तो जानकारीको अभिलेख राखी सम्बन्धित प्रहरी कार्यालयले अनिर्वाय रूपमा सोको सूचना नजिकको यातायात व्यवस्था कार्यालयलाई दिनुपर्नेछ। यातायात व्यवस्था कार्यालयले यथासम्भव त्यस्तो सूचनाको लगत आधुनिक प्रविधिको माध्यमबाट राख्नुपर्नेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **सरुवा दर्ताः** (१) अन्य प्रदेशमा दर्ता भएका सवारीसाधन कोशी प्रदेशमा स्थायी रूपमा चलाउनु परेमा त्यस्तो सवारीधनीले दर्ताको प्रमाणपत्र सहित हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो र तोकिए बमोजिमको दस्तुर समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकारप्राप्त अधिकारी समक्ष सरुवा दर्ताको लागि निवेदन दिनुपर्नेछ।

तर सम्बन्धित सवारीको उत्पादन वर्षबाट [□]बिस वर्ष म्याद नाघेको सवारीलाई कुनै किसिमले दर्ता गरिनेछैन।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले मापदण्ड बमोजिम त्यस्तो सवारीको जाँचबुझ गरी सरुवा दर्ता गर्न उपयुक्त देखेमा त्यस्तो सवारीको सरुवा दर्तागरी सवारीधनीलाई दर्ताको प्रमाणपत्र दिनुपर्नेछ। सरुवा दर्तागर्न नमिल्ने देखिएमा सोको आधार र कारण खुलाइ सवारीधनीलाई तत्काल अधिकारप्राप्त अधिकारीले लिखित जानकारी दिनुपर्नेछ।

२८. **सवारीको लगत राख्नुपर्नेः** अधिकारप्राप्त अधिकारीले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक सवारीधनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, आयात बिल, इन्जिन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजन इत्यादी समेत स्पष्ट रूपमा खुल्ने गरी दर्ता किताबमा लेख्न लगाइ सवारीको लगत अद्यावधिक राख्नुपर्नेछ। त्यस्तो दर्ता किताबको सम्बन्धित पानामा सवारीधनीको फोटो टाँसी सवारीधनी वा निजको वारेसको सहिछाप समेत गराइ राख्नु पर्नेछ।

२९. **अनुमति नलिइ विदेशी सवारी चलाउन नहुनेः** (१) विदेशमा दर्ता भएको सवारी यस ऐन र प्रचलित कानून बमोजिम अनुमति नलिइ चलाउन पाइनेछैन।

[□] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

*(२) उपदफा (१) बमोजिम अनुमति नलिई चलाएको पाइएमा वा भन्सार छलि वा चोरी पैठारीमा संलग्न भएको प्रमाणित भएमा वा चोरी गरी चलाएको पाइएमा वा स्वीकृति नलिई हेरफेर गरी चलाएमा त्यस्तो सवारीलाई जफत दर्ता गरिनेछ।

*(३) जफत दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **विदेशी सवारी चलाउन अनुमति दिनेः** (१) विदेशमा दर्ता भएको सवारी प्रदेशभित्र चलाउने अनुमति मागेमा अधिकारप्राप्त अधिकारीले तोकिएको दस्तुर लिई *सार्वजनिक यातायात सेवा बाहेक तोकिएको प्रयोजनको लागि प्रचलित कानून बमोजिम बढीमा एक महिनासम्मको लागि त्यस्तो सवारी चलाउन अनुमति दिन सक्नेछ।

तर त्यस्तो सवारीलाई नेपालभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने अनुमति दिइनेछैन।

(२) विदेशी सवारी सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **दर्ताको प्रमाणपत्र नवीकरणः** (१) दफा १६ को उपदफा ✎(५) बमोजिम दर्ताको प्रमाणपत्रमा लेखिएको म्याद नाघेको 🕮नब्बे दिनभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) सवारीधनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र सहितको दरखास्त अधिकारप्राप्त अधिकारी समक्ष पेस गर्नुपर्नेछ।

तर कुटनीतिक सुविधा प्राप्त अधिकारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्नेछैन।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाणपत्र सहितको दरखास्त पेस हुन आएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र अर्को एक वर्षको लागि नवीकरण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघेपछि दर्ताको प्रमाणपत्र नवीकरण गराउन दरखास्त दिने सवारीधनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

🕮 पहिलो संशोधनबाट संशोधित ।

प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षका लागि पाँच सय प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ।

[▽](४क) कर छुट प्राप्त सवारीले दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने कर र नवीकरण दस्तुर लिई नवीकरण गर्न सकिनेछ। यसरी नवीकरण गर्दा सवारी साधनमा लाग्ने दस्तुरमा दश प्रतिशत छुट दिइनेछ।

[▽](४ख) कर छुट नभएका सवारीले दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा उपदफा (४क) बमोजिम छुट सुविधा प्राप्त गर्न सक्नेछन्।

तर पाँच वर्षको एकै पटक नवीकरण गराउँदा सम्बन्धित सवारीको तोकिए बमोजिमको आयु नबढ्ने गरी नवीकरण गर्नु पर्नेछ।

(५) सार्वजनिक सवारीसाधन नवीकरण गर्दा बौद्धिक सम्पत्तिको प्रयोग र संगीत रोयल्टी सम्बन्धमा तोकिए बमोजिम हुनेछ।

३२. **अधिकारप्राप्त अधिकारीले सूचना गर्न सक्ने:** दफा ३१ को उपदफा (१) बमोजिमको म्यादभित्र दर्ताको प्रमाणपत्र नवीकरण गर्न नल्याएमा कुटनीतिक सुविधाप्राप्त सवारीको सम्बन्धमा अधिकारप्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कुटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न सूचना जारी गर्नसक्नेछ।

३३. **नवीकरण सम्बन्धी विशेष व्यवस्था:** दफा ३१ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सवारी, संस्थानको सवारी, कुटनीतिक सुविधा प्राप्त सवारी, [▷]सार्वजनिक सवारी र निजी सवारीको धनीले आफ्नो सवारीको दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर एकमुस्ट संलग्न राखी दर्ताको प्रमाणपत्र पेस गरेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ त्यसरी पाँच वर्षको लागि एकै पटक नवीकरण गर्ने सवारी साधनमा लाग्ने दस्तुरमा दश प्रतिशत छुट दिइनेछ।

तर त्यसरी पाँच वर्षको एकै पटक नवीकरण गर्दा सम्बन्धित सवारीको तोकिए बमोजिमको आयुको अवधि नबढ्ने गरी नवीकरण गर्नुपर्नेछ। साथै दुईपाङ्ग्रे सवारी (मोटरसाईकल, स्कुटर, मोपेड) साधन नवीकरण गर्दा दश वर्षसम्मको एकै

[▽] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

[▷] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

पटक नवीकरण गर्न सकिनेछ। त्यसरी एकै पटक नवीकरण गर्दा लाग्ने दस्तुरको दश प्रतिशत छुट दिइनेछ।

३४. **दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेः** (१) दफा ३१ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएको दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र रद्द भएको सवारीको लगत दर्ता किताबबाट कट्टा हुनेछ र त्यस्ता सवारीसाधन चलाउन पाइनेछैन।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भइसकेको दर्ताको प्रमाणपत्र नवीकरण गरिनेछैन।

३५. **पुनः दर्ता हुन सक्नेः** दफा ३४ बमोजिम दर्ताको प्रमाणपत्र रद्द भई लगत कट्टा भएको सवारी पुनः दर्ताको लागि ल्याएमा दफा ३१ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा ३१ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिबानासमेत लिई त्यस्तो सवारी दफा १६ बमोजिम दर्ता गरी सवारीधनीलाई अर्को दर्ताको प्रमाणपत्र दिनुपर्नेछ र त्यसरी प्रमाणपत्र प्राप्त गरेपछि सवारी चलाउन सकिनेछ।

३६. **सवारीधनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारीको धनीको स्थायी ठेगाना बदिलएमा एक महिनाभित्र दर्ताको प्रमाणपत्र समेत संलग्न राखी सो कुराको सूचना अधिकारप्राप्त अधिकारीलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकारप्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाई दर्ता किताबमा समेत सच्याउनु पर्नेछ।

३७. **सवारीको नामसारीः** (१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा दुई महिनाभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाणपत्र र सवारी साधनको कर तिरेको प्रमाण समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) कुनै सवारी धनी अशक्त भई कार्यालयमा उपस्थित हुन नसक्ने भएमा वा कानून बमोजिम अदालत वा न्यायिक निकायको आदेशमा करागारमा बन्दी भएमा त्यस्तो सवारी धनीको नजिकको हकवालाले सवारी नामसारी वा हस्तान्तरणका लागि दरखास्त दिनसक्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा अधिकारप्राप्त अधिकारीले कम्तीमा पाँचौ तहको कर्मचारी खटाई सम्बन्धित सवारीधनी भएको स्थानमा गई

दरखास्तको बेहोरा हो, होइन यकिन गर्न सवारी धनीलाई कुनै दुई जना साक्षीको रोहवरमा सहिछाप गराई सोको प्रतिवेदन प्राप्त गर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि प्राप्त प्रतिवेदन समेतको [📖]आधार लिई अधिकारप्राप्त अधिकारीले उपदफा (२) को दरखास्त बमोजिमको नामसारी गरी दिनसक्नेछ।

(५) विदेशमा रहेको कुनै नेपाली नागरिकले आफ्नो सवारीसाधन अन्य कसैको नाममा नामसारी गर्न चाहेमा सम्बन्धित देशको नेपाली राजदूतावास, वाणिज्य दूतावासबाट प्रमाणित रीतपूर्वकको वारेशनामा प्राप्त भएमा र त्यस्तो वारेशनामा उचित देखिएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारीसाधन नामसारी गरी दिन सक्नेछ र त्यस्तो नामसारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) सवारीधनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारीधनीको मृत्यु भएको मितिले नव्वे दिनभित्र सवारीधनीको मृत्यु भएको प्रमाणपत्र, दर्ताको प्रमाणपत्र र सवारीसाधनको कर तिरेको निस्सा तथा आफू सबैभन्दा नजिकको हकवाला हो भन्ने समेतको प्रमाण संलग्न राखी त्यस्तो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(७) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको बेहोरा जनाई नामसारी गरी दिनुपर्नेछ।

(८) उपदफा (२) बमोजिमको नामसारीको लागि एकभन्दा बढी हकवालाको दरखास्त परेमा ती सबै हकबालाको नाममा त्यस्तो सवारी संयुक्त रूपमा दर्ता गरी नामसारी गर्नुपर्नेछ।

(९) संयुक्त नामसारीका सम्बन्धमा कुनै विवाद परे प्राप्त प्रमाण र सम्बन्धित स्थानीय तहको सिफारिस समेतको आधारमा सो विवादको निरूपण गर्ने अधिकार अधिकारप्राप्त अधिकारीको हुनेछ र अधिकारप्राप्त अधिकारीले गरेको निर्णयमा चित नबुझे सम्बन्धित पक्षले क्षेत्राधिकार भएको अदालतमा उजुर गर्नसक्नेछ।

(१०) उपदफा (६) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको बेहोरा दर्ता किताबमा जनाउनु पर्नेछ।

[📖] पहिलो संशोधानद्वारा संशोधित

(११) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा अधिकारप्राप्त अधिकारीले जाँचबुझ गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

* (१२) नयाँ लिने पुरानो दिने (बाइ व्याक मेथड) तोकिए बमोजिम हुनेछ।

*(१३) कम्पनी कानून बमोजिम स्थापना भएका संस्थाहरूले आफ्नो प्रयोजनको लागि खरिद गरी आफ्नो नाममा रहेका सवारी साधनहरूको बिक्री पश्चात् नामसारी गर्दा सम्बन्धित कम्पनी वा संस्थाको प्रबन्धपत्र, विनियम वा नियमावलीमा उल्लिखित बिक्री प्रक्रिया अनुसारका सम्पूर्ण कागजातहरूसहित बिल/भौचर/रसिद पेस गर्नु पर्नेछ।

(१४) सवारी नामसारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **दर्ता परिवर्तन गर्न नहुनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालवाहक सवारीको रूपमा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई यात्रुवाहक सवारीमा दर्ता परिवर्तन गरी प्रमाणपत्र दिइनेछैन।

३९. **स्वीकृति नलिई हेरफेर गर्न नहुनेः** (१) सवारीधनीले अधिकारप्राप्त अधिकारीको स्वीकृति नलिई रङ्ग, सीट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन वा हेरफेर गर्न पाउने छैन।

तर सवारीमा सामान्य पार्ट-पूर्जा परिवर्तन गर्न भने कुनै बाधा पुऱ्याएको मानिने छैन।

***स्पष्टीकरणः** सामान्य पार्टपुर्जा परिवर्तन भन्नाले उपदफा (१) बमोजिम रङ्ग, सीट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन नहुने गरी सवारीमा सामान्य मर्मत सम्भार भन्ने बुझ्नु पर्छ।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्नु परी स्वीकृति मागेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो हेरफेर गर्नुपर्ने कारण मनासिब देखेमा हेरफेर गर्ने स्वीकृति दिनुपर्नेछ।

तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेशन) मा परिर्वतन गर्ने गरी स्वीकृति दिइनेछैन।

(३) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिंदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लिइनेछ।

---

*केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

*(४) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा जेसुकै कुरा लेखिएको भए तापनि संघीय कानून बमोजिम तोकिएको अवधिसम्म लागु हुने गरी इन्धन प्रणालीमा वातावरण मैत्री वा ऊर्जा दक्षतामूलक फेरवदल गरिने सवारी साधनको हकमा छुट दिइनेछ।

४०. **<u>दर्ताको प्रमाणपत्र स्थगित गर्न सक्ने</u>**: (१) अधिकारप्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारीको दर्ताको प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने गरी आदेश दिन सक्नेछ।

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानी नोक्सानी हुने देखिएमा सो सवारी सन्तोषप्रद रूपमा मर्मत नगरेसम्मको अवधिको लागि।

(ख) सवारीधनीले यस ऐन बमोजिम पूरा गर्नुपर्ने कुनै सर्त पूरा नगरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको परिधिभित्र रही अधिकारप्राप्त अधिकारीले दिएको आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्मको लागि।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गर्ने गरी सवारीधनीलाई आदेश दिंदा अधिकारप्राप्त अधिकारीले सोको कारण समेत स्पष्टरूपमा खुलाएको हुनु पर्नेछ र स्थगित गर्नुको कारण सवारी धनीलाई जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकारप्राप्त अधिकारीले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई समेत दिनुपर्नेछ र प्रहरी कार्यालयले त्यस्तो जानकारीको अभिलेख राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकारप्राप्त अधिकारीले आदेश दिएको मितिले सात दिनभित्र सवारीधनीले दर्ताको प्रमाणपत्र अधिकारप्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ र नबुझाएमा यस ऐन बमोजिम अधिकारप्राप्त अधिकारीले जरिबानागर्न सक्नेछ।

(५) अधिकारप्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारीधनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै तत्काल फिर्ता गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाणपत्र सवारीधनीलाई फिर्ता दिंदा अधिकारप्राप्त अधिकारीले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र सोको

*केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

कारण समेत स्पष्ट जनाई सो कुराको अभिलेख दर्ता किताबमा समेत जनाउन लगाउनु पर्नेछ।

४१. **दर्ताको प्रमाणपत्र खारेज गर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै किसिमले नासिएमा वा चल्न नसक्ने गरी विग्रिएमा वा सधैंको लागि नेपाल बाहिर लगिएमा वा सो सवारी सञ्चालन गर्न सक्ने तोकेको अवधि पूरा भई पत्रु गरिएमा सवारीधनीले पैंतीस दिनभित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको लगत कट्टा गर्न अधिकारप्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ।

तर पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लानु परेमा सवारीधनीले अधिकारप्राप्त अधिकारीको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी बेहोरा साँचो देखेमा त्यस्तो दर्ताको प्रमाणपत्र खारेज गरी सोको बेहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नुपर्नेछ र त्यस्तो लगत कट्टाको जानकारी सवारीधनीलाई दिनु पर्नेछ।

(३) दर्ता प्रमाणपत्र खारेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **सवारी कर तथा नवीकरण दस्तुर मिन्हा दिने:** यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री एक वर्षभन्दा बढी अवधिसम्मका लागि चल्न वा चलाउन नसकिने भएमा सवारीधनीले सो बेहोरा खुलाई दर्ताको प्रमाणपत्रको साथ त्यस्तो कुराको प्रमाण पेस गरेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खिची सो सवारी चलाउन नसकिने अवधिसम्मको लागि सो सवारीको धनीले तिर्नुपर्ने नवीकरण दस्तुर मिनाहा दिन सक्नेछ। र त्यस्तो सवारीसाधनमा लाग्ने वार्षिक करमा समेत तीस प्रतिशत छुट दिन सकिनेछ।

४३. **दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिने:** (१) दर्ताको प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले [□] साठी दिनभित्र सवारीधनीले अधिकारप्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबिन गर्दा बेहोरा उचित देखेमा अधिकारप्राप्त अधिकारीले सवारीधनीलाई त्यस्तो दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनुपर्नेछ।

[□] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

×(३).....

४४. **विवरण पेस गर्नुपर्नेः** (१) विदेशबाट सवारी पैठारी गर्ने वा स्वदेशमा उत्पादन गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले पैठारी गरेको वा उत्पादन गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम र निर्माताको नाम समेत उल्लेख गरी त्यस्तो सवारीहरूमध्ये कुन सवारी कहिले उत्पादन गरेको वा कसलाई बिक्री गरेको, आफूले पैठारी र उत्पादन गरी बाँकी रहेको सवारी मध्ये कति सवारी मौज्दात रहेको छ भन्नेसमेत खुलाई प्रत्येक महिना अधिकारप्राप्त अधिकारी समक्ष विवरण पेस गर्नुपर्नेछ।

(२) अधिकारप्राप्त अधिकारीले विदेशबाट सवारी पैठारी गर्दा वा उत्पादन गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी, वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरणहरूको अतिरिक्त सवारी पैठारी तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न सक्नेछ। त्यसरी मागिएको विवरण तथा कागजात तुरुन्त उपलब्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ।

परिच्छेद-४

चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४५. **सवारी चलाउन नहुनेः** कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि किसिमको सवारी चलाउन हुँदैन।

४६. **सवारी चलाउन दिन नहुनेः** कसैले आफ्नो स्वामित्व वा आफ्नो जिम्मामा रहेको कुनै सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिनु हुँदैन।

४७. **चालकको लागि अयोग्यताः** देहायको व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिने छः-

(क) ठूलो सवारीको निमित्त एक्काईस वर्ष उमेर पूरा नभएको व्यक्ति,

(ख) मझौला सानो सवारीको निमित्त अठार वर्ष उमेर पूरा नभएको व्यक्ति,

तर मोटर साइकल तथा त्यस्तै अन्य सानो दुइपाङ्ग्रे सवारीको निमित्त सोह्र वर्ष उमेर पुगेको व्यक्तिले चालक अनुमतिपत्र प्राप्त गर्न सक्नेछ,

(ग) छारे रोग भएको वा मानसिक सन्तुलन गुमाएको वा एका एक रिङ्गटा लाग्ने वा मूर्छा पर्ने हुने किसिमको रोग भएको व्यक्ति,

× केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट झिकिएको

(घ) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको व्यक्ति,

(ङ) साधारण ध्वनि सङ्केत, आवाज सुन्न सक्ने क्षमता गुमाएको ब्यक्ति साथै एउटा वा दुवै आँखा नदेख्ने व्यक्ति वा,

(च) रातो, हरियो, पहेलो इत्यादी रङहरू तुरुन्त छुट्याउन नसक्ने दृष्टिदोष भएको व्यक्ति,

[☒](छ) .....

(ज) रतन्धो भएको व्यक्ति, वा

(झ) हात खुट्टा शक्तिहीन भै काम दिन नसक्ने भएको व्यक्ति,

तर अपाङ्गता भएको व्यक्तिको निमित्त खास किसिमले बनेको सवारीको लागि यो खण्डको बन्देज लागु हुनेछैन।

(ञ) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि शारीरिक आपाङ्गता भएको व्यक्तिको सन्दर्भमा नेपाल सरकारबाट मान्यता प्राप्त विशेषज्ञ चिकित्सकले सवारी चलाउन योग्य छ भनी सिफारिस गरेको व्यक्ति चालकको लागि योग्य मानिनेछ।

४८. **चालक अनुमतिपत्रको लागि दरखास्तः** (१) दफा ४७ बमोजिमको अयोग्यता नभएको ब्यक्तिले कुनै सवारी चलाउन चालक अनुमतिपत्र लिन चाहेमा [*]कानून बमोजिम तोकिएको ढाँचा[✂]... [*]विद्युतीय प्रविधिको माध्यमबाट अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ दरखास्तवालाले चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि [✂]..... र नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरिदिएको निरोगिताको प्रमाणपत्र [✂].... समेत संलग्न गर्नुपर्नेछ। [✂].....

(३) [✂].....

४९. **दरखास्तवालाको परीक्षणः** (१) दफा ४८ बमोजिम दरखास्त परेपछि दरखास्तवाला त्यस्तो सवारी चलाउन समर्थ छ, छैन र निजलाई सवारी सम्बन्धी ऐन, कानून तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान छ, छैन भन्ने कुराको यकिन गर्न परीक्षा लिनु पर्नेछ। [□]त्यसरी लिने परीक्षाको विषय परीक्षा सञ्चालन प्रक्रिया यस ऐन, ऐन

[☒] पहिलो संशोधनबाट झिकिएको

[*] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

[✂] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

[□] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

अन्तर्गतको नियम वा निर्देशिका बमोजिम परीक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने दरखास्तवालाले तोकिए बमोजिम पुनः दरखारस्त दिन पाउनेछ।

५०. **चालक अनुमतिपत्र दिनेः** (१) दफा ४९ बमोजिम परीक्षा लिई सफल भएका दरखास्तवालालाई अधिकारप्राप्त अधिकारीले अनुसूची-५ बमोजिमको ढाँचामा चालक अनुमतिपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिंदा सो अनुमतिपत्रमा ठूलो, मझौला, सानो वा ती मध्ये कुनै वा सबै सवारी चलाउन दिइएको हो भन्ने कुरा स्पष्ट रूपमा जनाउनु पर्नेछ। चालक अनुमतिपत्र सुरुमा एक वर्षको लागि परीक्षणकालमा रहने गरी दिईनेछ।

*(३) परीक्षणकालभित्र चालकले यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने सर्तको उल्लङ्घन पाँच पटकभन्दा बढी नगरेमा अधिकारप्राप्त अधिकारीले निजको चालक अनुमतिपत्र स्थायी रूपमा परिणत गरी दिनुपर्छ।

*(४) उपदफा (२) बमोजिम चालकले परीक्षण कालभित्र बढीमा □पाँचपटक सर्तहरू उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारी चालकको चालक अनुमतिपत्र छ महिनाको लागि निलम्बन गर्न सक्नेछ।

*(५) उपदफा (२) बमोजिम चालकले परीक्षण कालभित्र दस पटक भन्दा बढी सर्तहरू उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारी चालकको चालक अनुमतिपत्र पुनः प्राप्त गर्न अयोग्य नठहरिने गरी निजको चालक अनुमतिपत्र खारेज गर्न सक्नेछ।

*(६) उपदफा (२) बमोजिम सवारी चालकले परीक्षण कालभित्र गर्नुपर्ने सर्तहरू उल्लङ्घन गरे नगरेको सम्बन्धमा अद्यावधिक अभिलेखीकरण गरिनेछ र सोको प्रयोजनार्थ मापदण्डहरू तोकिए बमोजिम हुनेछ।

◇(७) निजी तथा सार्वजनिक सवारी चलाउने चालकलाई दिइने चालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

◇ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

५१. **विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यता:** (१) कसैले विदेशी राष्ट्रबाट चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने सो अनुमतिपत्रमा लेखिएको सवारी चलाउने व्यक्तिले दफा ४८ बमोजिम दरखास्त दिएमा *अधिकारप्राप्त अधिकारीले त्यस्तो व्यक्तिबाट चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई चालक अनुमतिपत्र दिन सक्नेछ। तर त्यस्तो व्यक्तिले चालक अनुमतिपत्र लिन कुनै परीक्षा दिनु पर्ने छैन।

*(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिको विदेशको सवारी चालक अनुमतिपत्रको वर्ग नेपालको सवारी चालक अनुमतिपत्रको वर्गसँग मेल नखाएमा प्रयोगात्मक परीक्षा लिई सफल दरखास्तवालालाई मात्र अधिकारप्राप्त अधिकारीले चालक अनुमतिपत्र दिनुपर्नेछ।

৯(३) विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र स्वतः मान्य हुने:** (१) अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको सवारीहरू नेपालभर चलाउन पाउनेछ।

(२) अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५३. **चालक अनुमतिपत्रको बैधता:** (१) दफा ५० बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा लेखिएका सवारीहरू मात्र चलाउन पाउनेछ।

(२) चालक अनुमतिपत्र दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

(३) चालक अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. **चालक अनुमतिपत्रमा अरू सवारी समावेश गर्ने:** (१) कुनै चालकले आफूले पाएको चालक अनुमतिपत्रमा लेखिएका सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन चाहेमा समावेश गराउन चाहेको सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी अधिकारप्राप्त अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा परीक्षा समितिले चालक अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी चालकले चलाउन सक्छ, सक्तैन भन्ने कुराको यकिन गर्न यस ऐन बमोजिम निजको प्रयोगात्मक परीक्षा मात्र लिए पुग्नेछ।

---

*केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

৯ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(३) उपदफा (२) बमोजिम परीक्षा लिँदा सफल भएमा चालकको अनुमतिपत्रमा निजले समावेश गराउन चाहेको सवारी समावेश गरी अधिकारप्राप्त अधिकारीले नयाँ चालक अनुमतिपत्र दिनुपर्नेछ।

⊕(३क) चालक अनुमतिपत्रमा अरु सवारी समावेश गर्न चाहने चालकले मान्यता प्राप्त स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र अधिकारप्राप्त अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

५५. **चालक अनुमतिपत्रको नवीकरणः** (१) दफा ५३ को उपदफा (१) बमोजिम चालक अनुमतिपत्रमा लेखिएको म्याद नाघेको □नब्बे दिनभित्र त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराई सक्नुपर्नेछ।

(२) चालकले उपदफा (१) बमोजिमको म्यादभित्र चालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि चालक अनुमतिपत्र पेस हुन आएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमतिपत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्मको लागि दुई सय प्रतिशत, तीन वर्षसम्मको लागि तीन सय प्रतिशत, चार वर्षको लागि चार सय प्रतिशत र पाँच वर्षको लागि पाँच सय प्रतिशत थप दस्तुर लिई चालक अनुमतिपत्र नवीकरण गर्न सकिनेछ।

५६. **चालक अनुमतिपत्र स्वतः रद्द हुनेः** (१) दफा ५५ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको चालक अनुमतिपत्रको लगत दर्ता किताबबाट कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भइसकेको चालक अनुमतिपत्र नवीकरण गरिने छैन।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि चालक अनुमतिपत्र रद्द भएको सवारी चालकले दफा ५० बमोजिमको नयाँ अनुमतिपत्र लिन भने कुनै बाधा पर्नेछैन।

⊕ पहिलो संशोधनद्वारा थपिएको

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

५७. **नवीकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेस गर्नु पर्ने**ः सवारी चलाउने चालकले चालक अनुमतिपत्र नवीकरण गराउँदा मान्यता प्राप्त स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्रसमेत अधिकारप्राप्त अधिकारी समक्ष पेस गर्नुपर्नेछ।

५८. **चालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने**ः (१) चालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अधिकारप्राप्त अधिकारीलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकारप्राप्त अधिकारीले साविकको ठेगाना वदर गरी चालकको नयाँ ठेगाना दर्ता किताबमा जनाउन लगाउनु पर्नेछ।

५९. **चालक अनुमतिपत्र निलम्बन गर्न सकिने**ः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम चालकले पालन गर्नुपर्ने सर्तहरू *पाँच पटक भन्दा बढी दस पटकसम्म उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमतिपत्र ◦छ महिनाको लागि निलम्बन गर्न सक्नेछ।

६०. **चालक अनुमतिपत्र खारेज गर्न सक्ने**ः (१) कुनै चालकमा दफा ४७ मा लेखिएको कुनै अयोग्यता भएको प्रमाणित भएमा वा झुठा विवरण पेस गरी सवारी चालक अनुमतिपत्र लिएको पाईएमा अधिकारप्राप्त अधिकाले त्यस्तो चालकको चालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र चालकले आफ्नो अनुमतिपत्र अधिकारप्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनुपर्नेछ।

६१. **चालक अनुमतिपत्रको प्रतिलिपि दिने**ः (१) चालक अनुमतिपत्र □को कुनै विवरण सच्याउन परेमा, हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा कुनै कारणबाट नासिएमा सात दिनभित्र चालकले सम्बन्धित अधिकारप्राप्त अधिकारी समक्ष चालक अनुमतिपत्र प्रतिलिपिका लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको परेको दरखास्त उपर आवश्यक छानबिन गरी बेहोरा ठीक देखेमा अधिकारप्राप्त अधिकारीले चालकलाई चालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

---

*केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

◦ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

(३) उपदफा (२) बमोजिम चालक अनुमतिपत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकारप्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

परिच्छेद-५

परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

६२. **अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुने:** कुनैपनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीमा परिचालकको काम गर्नुहुदैन।

६३. **परिचालकको काम लगाउन नहुने:** (१) परिचालक अनुमतिपत्र प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम परिचालक अनुमतिपत्र नलिई परिचालकको काम गरेको पाइए निरीक्षण अधिकृत वा ट्राफिक प्रहरीले पहिलो पटकको हकमा सचेत गराउने र पुनः त्यस्तो पाइएमा त्यस्तो सवारीबाट हटाई सवारीधनी वा व्यवस्थापकलाई यस ऐन बमोजिम जरिबानाहुनेछ।

६४. **परिचालकको लागि अयोग्यता:** देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य हुनेछ।

(क) अठार वर्ष नपुगेको,

(ख) साधारण लेखपढ गर्न नजान्ने,

(ग) निरोगिताको प्रमाणपत्र पेस गर्न नसक्ने।

६५. **परिचालक अनुमतिपत्रको लागि दरखास्त दिने:** [1](१) दफा ६४ बमोजिम योग्य नभएको व्यक्तिले कुनै सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ। यसरी निवेदन दिँदा तोके बमोजिमको दस्तुर र दस्तुर नतोकिएको भएमा तीन सय रुपैयाँ बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ दरखास्तवालाले परिचालक अनुमतिपत्रका लागि तोकिएको दस्तुर हालसालै खिचिएको आफ्नो दुईप्रति पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ।

६६. **परिचालक अनुमतिपत्र दिने:** (१) दफा ६४ बमोजिमको योग्यता भएको व्यक्तिले परिचालकको लागि दरखास्त दिएमा सम्बन्धित स्थानीय तहको कार्यालयले आवश्यक

[1] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

जाँचबुझ गरी दरखास्तसाथ संलग्न बेहोरा साँचो देखिएमा दरखास्तवालालाई □अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ र त्यसको जानकारी सम्बन्धित यातायात व्यवस्था कार्यालयमा र नजिकको ट्राफिक प्रहरी कार्यालय वा प्रहरी कार्यालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्ष सम्म बहाल रहनेछ।

(३) परिचालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६७. **परिचालक अनुमतिपत्र स्वतः रद्द हुने**: (१) यस ऐन वा नियम बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरेमा परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

तर निजले नयाँ परिचालक अनुमतिपत्रको लागि दरखास्त दिन यो दफाले कुनै बाधा पार्नेछैन।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्रको लगत □अधिकार प्राप्त अधिकारीले दर्ता किताबबाट कट्टा गर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भइसकेको परिचालक अनुमतिपत्र नवीकरण गरिनेछैन।

६८. **परिचालकको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने**: (१) परिचालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अनुमति दिने कार्यालयलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित कार्यालयले परिचालकको नयाँ ठेगाना समेत दर्ता किताबमा जनाउन लगाउनु पर्नेछ।

६९. **परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिने**: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिचालकले पालना गर्नुपर्ने आवश्यक सर्तहरू पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो परिचालक अनुमतिपत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

□७०. **परिचालक अनुमतिपत्र खारेज हुने**: दफा ६४ मा लेखिए बमोजिम कुनै अयोग्य परिचालक भएको प्रमाणित भएमा सम्बन्धित कार्यालयले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र खारेज गर्न सक्नेछ।

७१. **परिचालक अनुमतिपत्रको प्रतिलिपि दिने**: (१) परिचालक अनुमतिपत्र हराएमा वा अन्य कुनै कारणबाट नासिएमा सात दिनभित्र परिचालकले

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

अधिकार प्राप्त अधिकारी समक्ष परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर आवश्यक छानबिन गरी बेहोरा ठीक देखेमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले परिचालकलाई अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

*(३) उपदफा (२) बमोजिम परिचालक अनुमतिपत्रको प्रतिलिपि जारी गरिएको सूचना अधिकारप्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

परिच्छेद-६

यातायात व्यवस्थापन

७२. **बाटो निर्धारण गर्ने:** मन्त्रालयले उपयुक्त देखेको ठाँउमा आवश्यकतानुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न बाटो निर्धारण *दफा १५१ (१) बमोजिम यातायात व्यवस्थापन समितिले स्थानीय यातायात व्यवस्थापन समितिसँग परामर्श गरी सो समितिको निर्णय बमोजिमको सडकमा मात्र सार्वजनिक सवारीको अनुमति प्रदान गरिनेछ। सोको सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशित गर्नुपर्नेछ।

७३. **बाटो इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुने:** दफा ७२ बमोजिम निर्धारित बाटोमा बाटो इजाजतपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्न पाउनेछैन।

७४. **बाटो इजाजतपत्रको लागि दरखास्त:** यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै बाटो प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारीधनीले तोकिएको ढाँचामा अधिकारप्राप्त अधिकारी समक्ष बाटो इजाजतपत्रको लागि तोकिएको दस्तुर सहित दरखास्त दिनुपर्नेछ।

तर ई-रिक्सा (तीन पाङग्रे) को हकमा सम्बन्धित स्थानीय तहमा दरखास्त दिनुपर्नेछ।

७५. **बाटो इजाजतपत्र दिनुपर्ने:** (१) दफा ७४ बमोजिम बाटो इजाजतपत्रको लागि दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले दफा ७७ को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा प्रयोग गर्न अनुसूची-६ बमोजिमको ढाँचामा बाटो इजाजतपत्र दिनुपर्नेछ।

तर तीनपाङग्रे ई-रिक्साको बाटो इजाजतपत्र सम्बन्धमा अधिकार प्राप्त अधिकारीले निर्धारण गरेबमोजिम हुनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

(२) उपदफा (१) बमोजिम दिइएको बाटो इजाजतपत्र त्यस्तो इजाजतपत्र दिइएको मितिले छ महिनासम्म बहाल रहनेछ।

७६. **बाटो इजाजतपत्र दिँदा जाँच्नुपर्ने कुराहरूः** दफा ७५ बमोजिम कुनै सार्वजनिक सवारीलाई बाटो इजाजतपत्र दिंदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराहरू पूरा गरे नगरेको अधिकारप्राप्त अधिकारीले जाँचबुझ गरी पूरा गरेको भए त्यस्तो सार्वजनिक सवारीलाई बाटो इजाजतपत्र दिनुपर्नेछ।

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी तथा सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको बिमा र चालक एवम् परिचालकको अनुमतिपत्र,

(ख) सवारीको जाँचपास,

(ग) दर्ताको प्रमाणपत्र नवीकरण।

७७. **बाटो परिर्वतन गर्नु परेमाः** (१) बाटो इजाजतपत्रको अवधि समाप्त नहुँदै सो बाटो इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै बाटोमा प्रयोग गर्नु परेमा सवारीधनी वा व्यवस्थापकले पुनः बाटो इजाजतपत्रको लागि दरखास्त दिई बाटो इजाजतपत्र लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको बाटो इजाजतपत्र खारेज गरी नयाँ बाटोको इजाजतपत्र दिनुपर्नेछ।

७८. **पटके बाटो इजाजतपत्रः** (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई बाटो इजाजतपत्रमा लेखिएको बाटो बाहेक अन्य कुनै बाटोमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके बाटो इजाजतपत्रको लागि तोकिएको ढाँचमा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी बेहोरा ठीक देखेमा [1]सात दिनको पटके बाटो इजाजतपत्र दिन सक्नेछ।

(३) पटके बाटो इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७९. **बाटो इजाजतपत्र दिन इन्कार गर्न सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्न बाटो इजाजतपत्र

[1] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

प्रदान गर्दा त्यस्तो बाटोमा यात्रीको चाप र यातायात सेवामा संलग्न सार्वजनिक सवारीको संख्यालाई हेर्दा फेरी अर्को सवारीको निमित्त सोही बाटो इजाजतपत्र प्रदान गर्न आवश्यक नदेखिएमा वा प्रदूषण वा अन्य कुनै कारणबाट कुनै सार्वजनिक सवारीको निमित्त बाटो इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकुल हुन जान्छ भन्ने अधिकारप्राप्त अधिकारीलाई लागेमा निजले व्यवस्थापन समितिसँग परामर्श गरी बाटो इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

तर इन्कार गर्नुको कारणसमेत खुलाई सम्बन्धित सवारीधनीलाई तत्काल सूचना दिनुपर्नेछ।

(२) मध्यम बाटो र लामो बाटोको यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारी तथा त्यसमा यात्रा गर्ने यात्री एवम् काम गर्ने कर्मचारी समेतको सुरक्षालाई ध्यानमा राखी त्यस्तो बाटोमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तर तोकिए बमोजिम हुनेछ। अधिकारप्राप्त अधिकारीले तोकिएको स्तर नभएका सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा यातायात सेवा सञ्चालन गर्ने बाटो इजाजतपत्र दिन इन्कार गर्नसक्नेछ।

८०. **<u>बहुबाटो इजाजत दिन सक्ने</u>**ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीले यातायात सेवा पुऱ्याइरहेको बाटोमा कुनै असर नपर्ने गरी सो बाटोसँग सम्बन्धित हुन आउने अन्य बाटोमा समेत उक्त सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी अधिकारप्राप्त अधिकारीले बाटो इजाजत दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एक भन्दा बढी बाटोमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी बहुबाटो इजाजत दिँदा त्यस्तो प्रत्येक बाटोको लागि लाग्ने तोकिएको दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ।

८१. **<u>बाटो इजाजतपत्र नवीकरण</u>**ः (१) दफा ७५ को उपदफा (२) बमोजिम बाटो इजाजतपत्रमा लेखिएको म्याद नाघेको पन्ध्र दिनभित्र त्यस्तो बाटो इजाजतपत्र नवीकरण गराई सक्नुपर्नेछ।

(२) सवारीधनी, व्यवस्थापक वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम बाटो इजाजतपत्र नवीकरण गराउनको लागि तोकिएको ढाँचामा तोकिए बमोजिमको दस्तुर समेत संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो बाटो इजाजतपत्र अर्को छ महिनाको लागि नवीकरण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी बाटो इजाजतपत्र नवीकरणका अतिरिक्त सवारीधनीबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरणको दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो बाटो इजाजतपत्र नवीकरण गर्नुपर्नेछ।

८२. **बाटो इजाजतपत्र स्वतः रद्द हुने**: (१) दफा ८१ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो बाटो इजाजतपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको बाटो इजाजतपत्रको लगत कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भइसकेको बाटो इजाजतपत्र नवीकरण गरिनेछैन।

८३. **पुनः बाटो इजाजतपत्र दिन सकिने**: दफा ८२ बमोजिम रद्द भई लगत कट्टा भएको बाटो इजाजतपत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः बाटो इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा ८१ बमोजिम लिनुपर्ने नवीकरण तथा थप दस्तुर समेत लिई [१]तीन हजार रुपैयाँ जरिबानागरी त्यस्तो सवारी चलाउन दफा ७५ बमोजिम अर्को बाटो इजाजतपत्र दिनुपर्नेछ।

८४. **बाटो इजाजतपत्र स्थगित गर्न सकिने**: (१) यस ऐन बमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री चार महिना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारीधनीले सो बेहोरा खुलाई बाटो इजाजतपत्र संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष त्यस्तो बाटो इजाजतपत्र स्थगित गर्नका लागि दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधि सम्मका लागि त्यस्तो सवारीको बाटो इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) बाटो इजाजतपत्रमा तोकेको बाटोमा सार्वजनिक सवारीसाधन सञ्चालन नगरी जनजीवनमा प्रतिकुल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा प्रदेश सरकारले त्यस्ता सवारीको बाटो इजाजतपत्र बढीमा तीन महिनासम्मको लागि स्थगित गर्न सक्नेछ।

८५. **बाटो इजाजतपत्र रद्द गर्न सकिने**: (१) यस ऐन बमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा वा सधैंको लागि

---

[१] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

विदेश गएमा वा त्यस्तो सवारी चलाउन पाउने अवधि समाप्त भएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी बाटो इजाजतपत्रको मान्यता रद्द गराउन अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले बाटो इजाजत पत्र रद्द गरी सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ।

८६. **बाटो इजाजतपत्रको प्रतिलिपि दिने:** (१) बाटो इजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिनभित्र सवारीधनी वा व्यवस्थापकले बाटो इजाजतपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुरसमेत संलग्न राखी सम्बन्धित अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी बेहोरा ठीक देखेमा दरखास्तवालालाई बाटो इजाजतपत्रको प्रतिलिपि दिनेछ।

(३) उपदफा (२) बमोजिम बाटो इजाजतपत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकारप्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

८७. **जाँचपास गराउनुपर्ने:** (१) कुनै पनि सार्वजनिक सवारीको बाटो इजाजतपत्र लिन यस ऐन बमोजिम त्यस्तो सवारीको जाँचपास गराएको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराई कुनै पनि सार्वजनिक सवारीको लागि बाटो इजाजतपत्र दिइनेछैन।

८८. **जाँचपासको लागि दरखास्त:** जाँचपास गराउन चाहने सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले जाँचपासको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

८९. **जाँचपास प्रमाणपत्र दिनुपर्ने:** (१) दफा ८८ बमोजिम दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी जाँच्न लगाई त्यस्तो सवारीको यान्त्रिक स्थिति र स्वरूप ठीक देखिएमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्यता छ महिनासम्मको लागि हुनेछ। [▽]तर ई-रिक्साको जाँचपासको प्रमाणपत्रको मान्यता एक वर्षसम्मको लागि हुनेछ।

(३) उपदफा (२) बमोजिम सवारीको अवस्था ठीक नदेखी जाँचपासको प्रमाणपत्र दिन नसकिने भएमा सवारी धनीलाई सोको जानकारी दिनुपर्नेछ।

[▽] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

९०. **पुनः जाँचपास गराउनु पर्नेः** (१) दफा ८९ को उपदफा (२) मा लेखिएको म्याद नाघेको मितिले सात दिनभित्र ×..... अधिकारप्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि दरखास्त दिई जाँचपास गराउनुपर्नेछ।

(२) उपदफा (१) मा लेखिएको म्यादसम्म पुनः जाँचपास नगराएमा सो म्याद नाघेको पैँतिस दिनभित्र त्यस्तो सवारी जाँचपास गराउन ल्याएमा जाँचपासको लागि लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर समेत लिई त्यस्तो सवारी जाँचपास गरी दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि जाँचपास नगराएमा त्यस्तो जाँचपासको प्रमाणपत्र स्वतः रद्द हुनेछ। यसरी जाँचपासको प्रमाणपत्र रद्द भएको सार्वजनिक सवारी 🕮पुनः म्याद समाप्त भएपछि जाँचपास गराउन ल्याएमा सवारी धनी वा व्यवस्थापकबाट उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँच हजारसम्म थप जरिबानालिई त्यस्तो सवारी पुनः जाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनुपर्नेछ।

(४) यस दफामा जे सुकै लेखिएको भए तापनि दुर्घटनाग्रस्त सवारी र अनुसन्धानको सिलसिलामा रहेको सवारीको हकमा तोकिए बमोजिम हुनेछ।

९१. **यातायात सेवाको नाम पञ्जिकृत गर्नेः** □(१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापक सार्वजनिक यातायात सेवाको नाम पञ्जीकृत गर्न इच्छुक भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक यातायात सेवाको नाम पञ्जीकृत गर्न सक्नेछ।

□(२) उपदफा (१) बमोजिम पञ्जीकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापक वा सवारी धनीको प्रतिनिधिले त्यस्तो सेवा पञ्जीकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकारी प्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम परेको दरखास्त उपर मन्त्रालयको अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न दरखास्तवालालाई अनुसूची-७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ। त्यसरी यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सवारीधनी वा व्यवस्थापकले त्यस्तो

× केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले झिकिएको

🕮 पहिलो संशोधनद्वारा संशोधित

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा □अधिकार प्राप्त अधिकारीले सोही बेहोराको निवेदन लिई तत्काल स्वीकृति दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

(५) यस दफा बमोजिम पञ्जीकृत यातायात सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९२. यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरणः (१) दफा ९१ को उपदफा (४) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नवीकरण गरी सक्नुपर्नेछ।

(२) सवारीधनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको बमोजिमको ढाँचामा दस्तुर सहित □अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दरखास्त परेमा □अधिकारप्राप्त अधिकारीले त्यस्तो अनुमतिपत्र अर्को पाँच वर्षको लागि नवीकरण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमतिपत्र नवीकरण गराउन आउने सवारीधनी वा व्यवस्थापकबाट सो म्याद नाघेको छ महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ।

९३. यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हुनेः (१) दफा ९२ को उपदफा (४) बमोजिम निर्धारित अवधिभित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्रको लगत कट्टा हुनेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भइसकेको अनुमतिपत्र पुनः नवीकरण गरिनेछैन।

९४. भाडा निर्धारण गर्नेः (१) प्रदेश भरिको कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक तथा मालवाहक सार्वजानिक सवारीले लिने भाडा दर निर्धारणको लागि प्रदेश मन्त्रालयले एक परामर्श समिति गठन गर्नेछ। *मन्त्रालयले गठन गरेको सो समितिले यातायात व्यवस्था विभागले कायम गरेको अन्तर प्रदेश स्तरीय भाडा

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

निर्धारणलाई समेत आधार मानी भाडा दर सिफारिस गर्नेछ। सो समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्री गुण्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम तोकिएको भाडा दरभन्दा बढी हुने गरी भाडा लिनु हुँदैन।

९५. **परिचयपत्र नबुझाएको व्यक्तिले टिकट बेच्न नपाउने:** (१) सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा ब्यक्तिले पञ्जिकृत यातायात सेवाको कर्मचारीले परिचयपत्र नझुण्ड्याई त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बेच्न पाउनेछैन।

(२) उपदफा (१) बमोजिम परिचय नझुण्डाई टिकट बेचेको पाइएमा त्यस्तो व्यक्तिलाई सम्बन्धित ट्राफिक कार्यालयले प्रत्येक पटक एक हजार जरिबानागर्नेछ।

९६. **यात्री टिकटको ढाँचा:** सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा *र भुक्तानी प्रणाली तोकिए बमोजिम हुनेछ *र भुक्तानी नगद बमोजिम वा विद्युतीय प्रणाली मार्फत गर्न सकिनेछ।

९७. **माल ढुवानी गर्दा माल ढुवानीको विवरण सहितको बिल दिनुपर्ने:** मालवाहक सार्वजनिक सवारीले कुनै किसिमको माल ढुवानी गर्दा मालसामानको धनीले त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको माल ढुवानीको सवारीधनी वा चालकलाई बिल दिनुपर्नेछ र त्यसरी दिइने बिलको ढाँचा तोकए बमोजिम हुनेछ।

९८. **यात्री-सूची तयार गर्नुपर्ने:** मन्त्रालयले तोके बमोजिमको मध्यम बाटो वा लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना स्पष्ट खुलाई यात्री-सूची तयार गर्नुपर्नेछ। त्यसरी तयार गरिएको यात्री सूचीको एकप्रति आफूसँग राखी अर्कोप्रति नजिकको प्रहरी कार्यालय वा अधिकारप्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ।

९९. **यात्री र मालसामान सुरक्षित रूपमा पुऱ्याउनु पर्ने:** (१) सार्वजनिक यातायात सेवाका धनी, व्यवस्थापक, चालक वा परिचालकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्राको शुरुदेखि गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षासाथ पुऱ्याउनु निजको

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

कर्तव्य हुनेछ। तर यात्रुलाई असुविधा हुनेगरी सम्बन्धित स्थानसम्म पुग्ने गन्तव्य निर्धारण गर्नु हुँदैन।

(२) कुनै सार्वजनिक सवारी विग्रेमा वा प्राकृतिक प्रकोप परी सवारी अघि बढाउन नसकिने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा अन्य कर्मचारीको अनिवार्य दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमा पनि सवारीधनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउने आवश्यक व्यवस्था गर्नुपर्नेछ। तर कुनै अवस्था परेमा वा कावु बाहिरको परिस्थिति आइपरेमा वाहेक यात्रीलाई तोकिएको गन्तव्यमा पुऱ्याउने जिम्मेवारी लिएपछि बीचैमा अर्को सवारी परिवर्तन गरी पठाउन पाइनेछैन। यस्तो कार्य गरेमा अधिकारप्राप्त अधिकारीले रु. पाँच सय जरिबानागर्नेछ।

१००. **सीट भन्दा बढी यात्री राख्न नहुने**ः यात्रीवाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट संख्या भन्दा बढी यात्रु राखी चलाउनु हुँदैन।

१०१. **यात्रा विश्राम गर्नुपर्ने**ः चार घण्टा भन्दा बढी दुरीमा चल्ने यात्रीवाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एक पटक आधा घण्टा विश्राम गर्नुपर्नेछ।

१०२. **चालकको पालो फेर्नुपर्ने**ः (१) लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक सार्वजनिक सवारीमा कम्तिमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक छ घण्टापछि पालै पालोसँग सवारी चलाउन लगाउने कर्तव्य यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीको हुनेछ।

(२) उपदफा (१) बमोजिम दुईवटा चालक राखेको नपाइएमा त्यस्तो सार्वजनिक सवारीसाधनको [1]बाटो इजाजत अधिकारप्राप्त अधिकारीले पन्ध्र दिनसम्म निलम्बन गर्न सक्नेछ।

१०३. **टिकट नलिई यात्रा गर्नमा प्रतिबन्धः** कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी लिएको टिकट साथमा नलिई यात्रा गर्नु हुँदैन र सवारीधनी वा व्यवस्थापकले यात्रु टिकटको व्यवस्थापन गर्नुपर्नेछ।

१०४. **बाटोको नक्सा र समय तालिकाको जानकारी गराउने**ः (१) अधिकारप्राप्त अधिकारीले प्रत्येक सवारीसाधन बिसौनीमा सो बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको बाटोको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य

[1] पहिलो संशोधनद्वारा संशोधित

स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्न वा जडान गर्न लगाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको बाटो, नक्सा वा समय तालिकामा कुनै फेरबदल भएमा अधिकारप्राप्त अधिकारी वा निजले खटाएको कर्मचारीले सोको सूचना तुरुन्त यात्रीहरूलाई दिने व्यवस्था गर्नुपर्नेछ।

१०५. **सीट सुरक्षित राख्नुपर्ने**: (१) स्थानीय तथा छोटो बाटोमा चल्ने यात्रीवाहक सार्वजनिक ठूलो सवारीमा दुईवटा सिट शारीरिक अपाङ्गता भएका व्यक्तिको लागि, दुईवटा सिट जेष्ठ नागरिकको लागि र दुईवटा सिट महिलाहरूका लागि सुरक्षित राख्नुपर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीको हुनेछ।

(२) लामो बाटो चल्ने ठूला यात्रीवाहक सार्वजनिक सवारीमा एकवटा सीट शारीरिक अपाङ्गता भएका यात्रीको लागि र चारवटा सीट महिलाहरूका लागि, दुईवटा सिट जेष्ठ नागरिकको लागि सुरक्षित राख्नुपर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीको हुनेछ।

तर त्यस्तो सीट त्यस्तो सवारी गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु चार घण्टा अघिसम्म मात्र सुरक्षित राखिनेछ।

१०६. **सुरक्षाकर्मी राख्न सकिने**: मध्यम र लामो बाटोमा यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीले सो सवारी तथा यात्रीवाहक सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन प्रदेश सरकारसँग अनुरोध गरी प्रदेश सरकारले त्यस्तो सवारीमा सुरक्षाकर्मी तैनाथ गर्नुपर्ने आवश्यकता देखेमा लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

१०७. **अनुचित व्यवहार गर्न नहुने**: कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नुहुदैन र त्यस्तो अनुचित व्यवहार भएमा प्रचलित कानून बमोजिम दण्डनीय हुनेछ।

१०८. **सार्वजनिक सवारीमा धुम्रपान गर्न नहुने**: सार्वजनिक सवारीमा चालक, परिचालक, सुरक्षाकर्मी, कर्मचारी तथा यात्रुले धुम्रपान गर्नुहुदैन।

१०९. **चालकसँग कुरा गर्न नहुने**: सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन।

११०. **फेला परेको मालसामान बुझाउनुपर्ने**: सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारीधनी वा

व्यवस्थापकलाई बुझाउनु पर्नेछ। त्यसरी फेला परेको मालसामान सवारीधनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबिस घण्टाभित्र अधिकारप्राप्त अधिकारी वा नजिकको यातायात कम्पनीको कार्यालयमा बुझाउनु पर्नेछ।

११९. **यात्री लिन इन्कार गर्न नहुने:** मध्यम वा लामो बाटोमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक वा अन्य सार्वजनिक सवारीले सवारी खालिरहेको अवस्थामा यात्री लिन इन्कार गर्न पाउनेछैन। त्यस्तो इन्कार गरेको पाइएमा अधिकारप्राप्त अधिकारीले सार्वजनिक यातायातमा संलग्न व्यक्तिलाई कार्वाही गर्न सक्नेछ।

१२०. **प्रदेश सरकारको विशेष अधिकार:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाँउमा यातायात सेवा सञ्चालन गर्नुपर्ने गरी वा नपर्ने गरी सवारीधनी वा व्यवस्थापकलाई प्रदेश सरकारले आदेश दिन सक्नेछ र त्यस्तो आदेशमा त्यस्तो आदेश दिनुको आधार र कारण खोली सूचना दिइनेछ।

परिच्छेद- ७

आवगमन नियन्त्रण

१२३. **सवारीको गति निर्धारण:** [%](१) मन्त्रालयले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा सो स्थानमा सवारीको गति निर्धारण गरी सो भन्दा बढी वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ। यसरी निर्धारण गरिएको स्थानमा सो निर्धारित गतिभन्दा बढी वेगले [%]सवारी चलाउन पाइने छैन। [*]निर्धारण गरिएको गति भन्दा बढी वेगमा सवारी चलाएको मन्त्रालय वा मन्त्रालय मातहतका निकायको अनुगमनबाट प्रमाणित भए सानो सवारीलाई पाँच सय देखि एक हजारसम्म र अन्यलाई दुई हजार देखि पाँच हजारसम्म जरिबानाहुनेछ।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा संकेत [%]मन्त्रालयले जडान गर्न लगाउनु पर्नेछ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागु हुनेछैन।

[%] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

[*] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नको निम्ति विशेष किसिमको ध्वनि तथा बत्तिको प्रयोग गर्नुपर्नेछ।

११४. **सवारीको वजनः** ^(१) यातायात हेर्ने मन्त्रालयले कुनै सार्वजनिक सडकको सम्बन्धमा सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ। यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउनु हुँदैन।

*(२) उपदफा (१) बमोजिम सवारीको वजनको हद निर्धारण गरिएको भए निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाएको नचलाएको अनुगमन मन्त्रालय वा मन्त्रालय माताहतको निकायले गर्नेछ।

*(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा निर्धारित वजनभन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाएको वा चलाउन लगाएको प्रमाणित भए तीन हजार देखि पाँच हजारसम्म जरिबानाहुनेछ।

११५. **सवारीमा राखिने मानिस र मालसामानको हद तोक्नेः** (१) सार्वजनिक सवारीमा राख्न सकिने मानिसको सङ्ख्या र मालसामानको वजन ^मन्त्रालयले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि ^हरेक वर्ष श्रावण पहिलो हप्ताभित्र प्रकाशित गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित मानिसको सङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा मानिस वा मालसामान राख्न हुँदैन।

११६. **सवारी चलाउन प्रतिबन्ध लगाउनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको आदेशबाट ^मन्त्रालयले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा प्रतिबन्ध लगाउन सक्नेछ। यसरी प्रतिबन्ध लगाइएकोमा ^मन्त्रालयले सो कुराको सूचना त्यस्तो स्थानमा टाँसगर्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

११७. **ट्राफिक सङ्केत टाँस्ने, टाँग्ने वा जडानगर्नेः** (१) ^मन्त्रालयले आवश्यक देखेको सार्वजनिक स्थानहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलन अनुरूपको रंग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरू, ट्राफिक लाइटहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू, *र ट्राफिक लाइटहरू ^मन्त्रालयले खटाएको व्यक्ति बाहेक

---

^ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्नुहुँदैन।

११८. **ट्राफिक सङ्केतको पालन गर्नुपर्नेः** (१) सवारी चलाउँदा चालक तथा परिचालकले ट्राफिक सङ्केतको पालन गर्नुपर्नेछ।

(२) चालकले पालन गर्नुपर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन्।

(३) सडक प्रयोगकर्ता जोसुकैले पनि ट्राफिक नियमको पालना गर्नुपर्नेछ। तेस्तो ट्राफिक नियमको उलङ्घन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम जरिबानाहुनेछ।

११९. **पार्किङ्ग स्थान तथा सवारीसाधन बिसौनी निर्धारण गर्नेः** (१) अधिकारप्राप्त अधिकारीले गाँउ, नगर तथा जिल्लाका स्थानीय तहका पदाधिकारी, *यातायात व्यवसायीको प्रतिनिधि र ट्राफिक प्रहरी कार्यालयसँग परामर्श गरी मूल सडकको आवागमनमा प्रतिकुल असर नपर्ने गरी पार्किङ्गस्थल तथा सवारीसाधन बिसौनीहरू निर्धारण गर्नुपर्नेछ।

*(२) पार्किङ स्थान तथा सवारी बिसौनी निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२०. **सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुनेः** (१) कुनै पनि सवारी अरू कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राखीराख्नु हुँदैन।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएको त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ किनारा लगाई राख्नु र रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाटा देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नुपर्नेछ।

१२१. **सवारीको अन्य भागमा मानिस राख्न नहुनेः** कुनै सवारी चालक, परिचालक, सवारीधनी वा व्यवस्थापकले लामो एवं मध्यम बाटोमा चल्ने सवारीमा मानिस बस्न बनेको सिट बाहेक सवारीको अन्य भागमा र छोटो तथा स्थानीय बाटोमा चल्ने सवारीमा सवारीको भित्री भागबाहेक अन्य भागमा मानिस राखी सवारी चलाउनु वा चलाउन लगाउनु हँदैन।

१२२. **चालकलाई बाधा पुग्ने काम गर्न नहुनेः** कसैले चालकको क्षेत्र (ड्राइभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रक्षय रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्नहुँदैन।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

१२३. **आवागमनमा बाधा पार्न नहुनेः** कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा सवारी राख्नहुँदैन।

तर कुनै विशेष परिस्थिति परी कुनै सार्वजनिक स्थानमा केही समयको लागि कुनै मालसामान राख्नुपर्ने भएमा नजिकको प्रहरी कार्यालयलाई सोको जानकारी दिई त्यस्तो कार्यालयको स्वीकृति लिनुपर्नेछ।

१२४. **सार्वजनिक स्थानमा खाल्डो खन्दा साङ्केतिक चिन्ह राख्नुपर्नेः** (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्डो खन्दा नजिकको प्रहरी कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्डो खन्ने स्वीकृति दिँदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट प्रहरी कार्यालयले साङ्केतिक चिन्ह राख्न लगाउनु पर्नेछ।

१२५. **सवारीमा सांकेतिक चिन्ह राख्नुपर्नेः** कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालवाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि सांकेतिक चिन्ह देखिने गरी राख्नुपर्नेछ।

१२६. **सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुनेः** (१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले सवारीमा रहेको कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नुहुँदैन।

१२७. **दुर्घटनामा परेको सवारी र यात्राको हानी नोक्सानी गर्न नहुनेः** कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई पिट्न वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानी नोक्सानी पुऱ्याउनु हुँदैन।

१२८. **सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनुपर्नेः** तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ। दुईपाङ्ग्रे सवारी (मोटरसाइकल, स्कुटर, मोपेड) साधन चलाउँदा हेल्मेट अनिवार्य रूपमा लगाउनु पर्नेछ।

१२९. **खोजेको बेला देखाउनुपर्नेः** (१) कुनै पनि चालक र सहचालकले प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा चालक वा परिचालकको अनुमतिपत्र हेर्न खोजेमा देखाउनु पर्नेछ।

(२) प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको बाटो इजाजतपत्र हेर्न खोजेमा त्यस्तो सवारीको चालक, परिचालक, सवारीधनी वा व्यवस्थापकले दर्ताको प्रमाणपत्र वा बाटो इजाजतपत्र देखाउनु पर्नेछ।

१३०. **सवारी रोक्नुपर्नेः** चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोकी आवश्यता अनुसार उचित समयसम्म अड्याई राख्नुपर्नेछ।

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबू हुने सम्भावना रहेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानी नोक्सानी भएकोमा,

(घ) जेब्रा क्रसिङ्मा मानिस ओहोर-दोहोर गरेको अवस्थामा दोबाटो वा चौबाटोमा रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा,

(ङ) कुनै जंगली जनावरले बाटो काटिरहेको भएमा,

(च) कुनै मानिसबीच बाटोमा बेहोस वा अशक्त अवस्थामा रहेको पाइएमा,

(छ) घरपालुवा जनावरलाई जनावर धनी वा जनावरको हेरचाह गर्ने व्यक्तिले बाटो कटाइरहेको अवस्थामा,

(ज) बाढी, पहिरो, भूकम्प र आगजनी जस्ता प्राकृतिक प्रकोप परेको अवस्थामा सोको अवस्था हेरी।

१३१. **दुर्घटना भएमा चालकको कर्तव्यः** (१) कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोटपटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरुन्त सो दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनुपर्नेछ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालक, परिचालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनुपर्नेछ।

१३२. **दुर्घटना परेको सवारीको निरीक्षणः** (१) दुर्घटनाको जाँचबुझको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष ल्याउन सम्भव भएसम्म दाखिला गर्न लगाई ल्याउन सम्भव नभए त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षणको कार्य समाप्त भए पछि त्यस्तो सवारी अनुसन्धानको लागि राख्नु पर्ने अवस्थामा बाहेक दुर्घटना भएको सवारी तत्काल सवारीधनीलाई जिम्मा दिनुपर्नेछ।

१३३. **सवारी बायाँतिरबाट चलाउनुपर्नेः** (१) कुनै पनि सार्वजनिक स्थानमा सवारी चलाउँदा चालकले तोकिएको स्थानमा बाहेक अन्य स्थानमा बायाँ किनारा च्यापी चलाउनु पर्नेछ।

(२) अगाडि गइरहेको सवारीलाई उछिनी जानु परेमा सङ्केत दिई उक्त सवारीको चालकले अगाडि जान संकेत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानु पर्नेछ। यसरी पछाडिको सवारीले उछिनी जानको लागि संकेत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई संकेत दिनुपर्नेछ।

१३४. **पेटीबाट हिंडनुपर्नेः** मानिस हिंडने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिंडनु पर्नेछ। पेटी नभएको सडकमा हिंडदा सो सडकको [□]दायाँ किनारा च्यापी हिड्ने गर्नुपर्नेछ।

१३५. **निर्धारित ठाउँबाट बाटो काट्नुपर्नेः** पैदल हिड्ने मानिसले बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब-वे, ओभरहेड ब्रीज वा त्यस्तो बाटो काट्नको लागि निर्धारित गरिएको ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ। निर्धारित ठाउँबाट बाटो नकाट्ने व्यक्तिलाई यस ऐन बमोजिम जरिबानाहुनेछ।

१३६. **पाल्तु पशुपन्छी छाड्न नहुनेः** (१) सवारी चलाउन वा मानिस हिंडनलाई बाधा पर्ने गरी कसैले पनि घर पालुवा पशुपन्छीलाई लापरवाही गरी सवारी आवागमन हुने सडकमा छाडा छाड्नु हुँदैन। यदि लापरवाही ढंगले छाडा छोडिएको पशुलाई सवारीले ठक्कर दिएमा सवारी चालक वा सवारीधनी जिम्मेवार हुनेछैन।

(२) उपदफा (१) को व्यवस्था यो ऐन लागु भएको छ महिनासम्म [◊]मन्त्रालयले सार्वजनिक सूचना मार्फत जानकारी गराउनेछ।

[□] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

[◊] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९द्वारा संशोधित

(३) उपदफा (१) को व्यवस्था यो ऐन प्रारम्भ भएको मितिले छ महिना पछिबाट मात्र लागु हुनेछ।

१३७. **जानकारी दिनुपर्नेः** (१) अधिकारप्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीले कुनै सवारीको सम्बन्धमा मागेको कुनै पनि जानकारी सो सवारी चालक वा सवारीधनीले निजहरूलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी अधिकारप्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनुपर्नेछ।

१३८. **घुम्ती निरीक्षकः** [१](१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकतानुसार घुम्ती निरीक्षण गर्न सक्नेछ।

[१](२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १६२ (१) मा उल्लेख भए बमोजिमको काम कारबाही भएको देखिएमा त्यस्तो गर्नेलाई तत्काल सो दफाको (२) मा लेखिए बमोजिमको सजाय गर्न सक्नेछ।

१३९. **चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुनेः** कुनै पनि चालकले अरूलाई सवारी चलाउनको निमित्त आफ्नो अनुमतिपत्र दिनुहुँदैन।

१४०. **मादक तथा अन्य लागु पदार्थ सेवन गर्न नहुनेः** (१) सवारी चलाउँदा चालक, परिचालक र सुरक्षाकर्मीले मादक वा अन्य कुनै पनि प्रकारको लागु पदार्थ सेवन गर्नुहुँदैन।

(२) सार्वजनिक सवारीमा यात्रा गर्ने कुनै व्यक्तिले यात्रु, चालक, परिचालक र सुरक्षाकर्मीलाई बाधा पुग्ने गरी मादकपदार्थ सेवन गर्नुहुदैन।

१४१. **अँध्यारोमा सवारी चलाउँदा बत्ती बाल्नुपर्नेः** कुनै पनि अँध्यारोमा वा कुहिरो लागेका बेलामा सवारी चलाउँदा सो सवारीको बत्ती बाल्नुपर्नेछ।

१४२. **अवस्था ठीक नभएको सवारी चलाउन नहुनेः** (१) सवारीको कुनै पनि पार्ट पुर्जा बिग्री अवस्था ठीक नभएको सवारी चलाउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्थामा नजिकको ग्यारेज वा मेकानिक समक्ष अवस्था ठीक नभएको सवारी लैजान भने बाधा पुग्नेछैन।

---

[१] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

१४३. **आवश्यक सहयोग पुऱ्याउने:** कुनै पनि सवारीले दुर्घटनामा परेको अन्य सवारी वा सवारीमा रहेको मानिसलाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ।

१४४. **प्रचार प्रसार गर्ने गराउने:** सवारी दुर्घटनाको रोकथाम गर्न ॰मन्त्रालयले विभिन्न सञ्चार माध्यमबाट *सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी चेतनामूलक सूचनाहरू, ट्राफिक संकेत *र ट्राफिक लाइटको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा ॰मन्त्रालयले विभिन्न सञ्चार माध्यमबाट *सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी चेतनामूलक सूचनाहरू, ट्राफिक संकेत *र ट्राफिक लाइट सम्बन्धी कार्यक्रमहरू प्रसारित गर्ने व्यवस्था गर्नुपर्नेछ।

१४५. **लापरवाहीसाथ सवारी चलाउन नहुने:** कुनै चालकले सवारी चलाउँदा लापरवाही वा हेलचेक्रयाई गरी सवारी चलाउनु हुँदैन।

परिच्छेद-८

बिमा सम्बन्धी व्यवस्था

१४६. **सवारीको बिमा गराउनुपर्ने:** (१) सवारीधनी वा व्यवस्थापकले तोकिए बमोजिम प्रत्येक सवारीको बिमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न पञ्जीकृत गरिने र बाटो इजाजतपत्र प्रदान गरिने छैन। सवारीधनी वा व्यवस्थापकले यस ऐन बमोजिमबिमा गराएकोमा त्यस्तो बिमामा उल्लेखित रकमको दायित्वभन्दा बढी दायित्व बेहोर्ने छैन।

१४७. **चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बिमा:** (१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सेवामा काम गर्ने अन्य कर्मचारीको तोकिएको रकमको दुर्घटना बिमा सवारीधनी वा व्यवस्थापकले गर्नुपर्नेछ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत पाउने बिमित रकम निज स्वयं वा निजको नजिकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मीको बिमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजलाई कुनै पनि किसिमको हानी नोक्सानी भएमा निजले पाउनुपर्ने रकम उपदफा

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

॰ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(१) बमोजिमको बिमा बराबरको रकम निज वा निजको हकवालालाई सवारीधनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनुपर्नेछ।

१४८. **यात्रीको बिमाः** (१) तोकिएको बाटोमा यातायात सेवा सञ्चालन गर्ने सवारीधनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको तोकिएको रकमको दुर्घटना बिमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए बापतको दुर्घटना बिमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा आवश्यक कागजात पेस भएको दश दिनभित्र निजको नजिकको हकवालालाई सोबापत पाउनुपर्ने दुर्घटना बिमाको रकम उपलव्ध गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम यात्रीको बिमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा गरिरहेको कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानी नोक्सानी भएमा वा मृत्यु भएमा निजले पाउनु पर्ने रकम उपदफा (१) बमोजिमको बिमा बराबरको रकम निज वा निजको हकवालालाई सवारीधनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनुपर्नेछ।

१४९. **तेस्रो पक्षको बिमाः** (१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति दिने प्रयोजनका लागि सवारीधनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्ष बिमा गराउनुपर्नेछ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सिभ बिमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने रकम उपदफा (१) बमोजिमको बिमा बराबरको रकम पैतीस दिनभित्र निज वा निजको हकवालालाई सवारीधनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनुपर्नेछ। बिमा कम्पनीले बिमा गरेको कागजात पेस गरेपछि यथासम्भव छिटो उपलव्ध गराउनुपर्नेछ।

(४) सवारी दुर्घटना भई नियन्त्रणमा लिएको सवारीसाधन चालक नियन्त्रणमा आइसकेपछि र विमा सम्बन्धी कागजातहरू प्राप्त भईसकेपछि सवारी साधनलाई वहत्तर घण्टाभित्र सवारी धनी वा व्यवस्थापकलाई जिम्मा लगाइनेछ।

परिच्छेद-९

काम, कर्तव्य र अधिकार

१५०. □**मन्त्रालयको काम, कर्तव्य र अधिकारः** ◥मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संगठित एवं प्रभावकारी ढङ्गबाट यातायात सेवा सञ्चालन गराउन त्यसको आर्थिक तथा प्राविधिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने वा गर्न लगाई तत्सम्बन्धी आवश्यक नीति निर्धारण गर्ने,

(ख) यातायातको सुव्यवस्था र विकासको लागि यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आवश्यक निर्देशन दिने,

(ग) आवश्यकता अनुसार मालसामान ढुवानीको प्राथमिकता तोकी सो प्राथमिकता अनुरूप मालसामान ढुवानी गर्न यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निर्देशन दिने,

(घ) यातायात सेवा सञ्चालन गर्न यात्रीको चापलाई दृष्टिगत गरी मन्त्रालयको निर्देशन अनुसार बाटो तथा भाडा निर्धारण सम्बन्धी आवश्यक कार्य गर्ने,

(ङ) अन्तर्राष्ट्रिय प्रचलन अनुरूप ट्राफिक संकेत *र ट्राफिक लाइटहरू सार्वजनिक स्थानमा राख्नु व्यवस्था गर्ने,

(च) सवारीको गति, वजन र सवारीमा राखिने यात्री संख्या निर्धारण गर्ने,

(छ) सवारीको यान्त्रिक स्थिति तथा स्वरूपको जाँचबुझको सम्बन्धमा आवश्यक अन्य काम कारवाही गर्ने,

(ज) यात्रीहरूको सुविधालाई ध्यानमा राखी आवश्यकता अनुसार प्रतिक्षालय निर्माण गर्ने,

(झ) यातायात सेवाको सुदृढीकरणको निम्ति आवश्यक अन्य काम कारवाही गर्ने,

(ञ) सडक दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षा सम्बन्धी काम गर्ने।

□ केही प्रदेश ऐन प्रतिस्थापन गर्न बनेको ऐन, २०८२ बाट संशोधन

◥ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

१५१. **यातायात व्यवस्थापन समितिः** (१) प्रत्येक प्रदेशमा चल्ने सार्वजनिक सवारीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्यहरू भएको प्रदेशस्तरीय यातायात व्यवस्थापन समिति गठन गरिनेछ।

(क)	महाशाखा प्रमुख, मन्त्रालय	-अध्यक्ष
(ख)	प्रदेश प्रहरी कार्यालयले तोकेको अधिकृत	-सदस्य
(ग)	मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधी	-सदस्य
(घ)	प्रमुख, प्रदेश ट्राफिक प्रहरी कार्यालय	-सदस्य
(ङ)	मन्त्रालयले मनोनयन गरेको यातायात व्यवसायीहरूको प्रतिनिधि एकजना	-सदस्य
(च)	मन्त्रालयले मनोनयन गरेको यातायात मजदुरहरूको प्रतिनिधि एकजना	-सदस्य
(छ)	सम्वन्धित सडक डिभिजन कार्यालयको एकजना अधिकृत	-सदस्य
(ज)	मन्त्रालयले तोकेको शाखा अधिकृत	-सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको यातायात व्यवस्थापन समिति अन्तर्गतको स्थानीय यातायात व्यवस्थापन समिति तोकिए बमोजिम हुनेछ।

१५२. **यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आफ्नो क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाध रूपमा सञ्चालन गर्न सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने,

(ख) आफ्नो क्षेत्रभित्र बाटो कायम नभएको ठाँउमा केही समयको लागि बाटो कायम गरी यातायात सेवा सञ्चालन गर्नुपर्ने भए अस्थायी बाटो कायम गरी सो बाटोमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ग) आफ्नो क्षेत्रभित्र सार्वजनिक सवारीहरूको बाटोको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको समय समयमा सो को नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने,

(घ) आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक सवारीहरूले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन अन्तर्गत बनेको नियमको

केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने,

(ङ) आफ्नो क्षेत्रभित्र यात्रीको चाप र सवारीको संख्या इत्यादीको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नुपर्ने आवश्यक देखेमा सो क्षेत्रमा बाटो निर्धारण हुन मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारबाही गर्ने,

१५३. **परीक्षा समितिः** (१) सवारी चालक अनुमतिपत्रको लागि दरखास्त दिने व्यक्ति सवारी चलाउन समर्थ छ छैन भन्ने कुरा यकिन गर्नको लागि दफा ४९ बमोजिमको परीक्षण गर्न प्रत्येक यातायात व्यवस्था कार्यलायमा देहायका सदस्य भएको एक परीक्षा समिति रहनेछ।

(क) प्रमुख, सम्बन्धित यातायात व्यवस्था कार्यालय -अध्यक्ष

(ख) प्रदेश ट्राफिक प्रहरी कार्यालयले तोकेको अधिकृत -सदस्य

(ग) [१]मन्त्रालयले तोकेको विशेषज्ञ -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले चालक अनुमतिपत्रको लागि दरखास्त दिने व्यक्तिको परीक्षा लिई सफल भएकाहरूलाई चालक अनुमतिपत्र प्रदान गर्न अधिकारप्राप्त अधिकारी समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकको कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिले चालकका लागि लिने परीक्षाको पाठयक्रम, विषय र परीक्षा प्रणाली [२]मन्त्रालयले तोकेबमोजिम हुनेछ।

१५४. **यातायात निरीक्षक सम्बन्धी व्यवस्थाः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरू चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने सर्तहरू पूरा गरे नगरेको निरीक्षण गर्न [१]मन्त्रालयले यातायात निरीक्षकको नियुक्ति गर्नेछ।

---

[१] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

[२] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(२) यातायात निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५५. **यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार**ः यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले बाटोको इजाजतपत्र प्राप्त बाटोमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरूले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्नु तथा मालसामान लाद्ने कार्य गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारीहरूले समय समयमा यस ऐन बमोजिम गर्नुपर्ने जाँचपास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवा पञ्जीकृत भए नभएको जाँच गर्ने,

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्रु सूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको कुराको निरीक्षण गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालन चालक, परिचालक, सवारीधनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने।

१५६. **प्रशिक्षण केन्द्र, सञ्चालन गर्न अनुमति लिनुपर्ने**ः (१) कुनै पनि किसिमको सवारी चलाउने प्रशिक्षण केन्द्र सञ्चालन गर्न ☒मन्त्रालयबाट अनुमति लिनुपर्नेछ। *त्यस्ता अनुमति प्राप्त प्रशिक्षण केन्द्र मन्त्रालयमा अनिवार्य दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी ☒ मन्त्रालयमा दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र सञ्चालन गर्न सक्छ सक्दैन भन्ने कुराको जाँचबुझ गरी ☒ मन्त्रालयले त्यस्तो प्रशिक्षण केन्द्र ☒.... सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

☒ पहिलो संशोधनबाट झिकिएको

(४) उपदफा (३) बमोजिमको अनुमति दिन नसकिने भए दिन नसक्नुको आधार र कारण खोली अनुमति माग्ने व्यक्ति, फर्म वा कम्पनीलाई लिखित जानकारी दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त जानकारी उपर चित्त नबुझेमा चित्त नबुझने पक्षले मन्त्रालय समक्ष उजूरी गर्न सक्नेछ र मन्त्रालयले दुई महिनाभित्र आवश्यक निर्णय गर्नेछ।

(६) सवारी र प्रशिक्षण केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५७. **कारखाना तथा वर्कसप सञ्चालन गर्न अनुमति लिनुपर्ने**: (१) कुनै सवारीसाधन निर्माण गर्न वा उत्पादन गर्न, पार्टपूर्जा आयात गरी सवारीसाधन निर्माण गर्न सवारीसाधनको वडी तथा डाला निर्माण गर्ने कारखाना वा अटोमोवाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा संस्थाले [৯] मन्त्रालयको अनुमति लिनुपर्नेछ।

[*](२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालयमा दर्खास्त दिनु पर्ने छ।

[*](३) उपदफा (२) बमोजिम दरखास्त परेमा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गर्न खोजेको कारखाना तथा वर्कसप सञ्चालन गर्न सक्छ सक्दैन भन्ने कुराको जाँचबुझ गरी मन्त्रालयले त्यस्तो कारखाना तथा वर्कसप सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

[*] (४) त्यस्ता अनुमतिप्राप्त वर्कसपहरू मन्त्रालयमा अनिवार्य दर्ता गराउनु पर्नेछ।

[৯](५) कारखाना तथा वर्कसप सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-१०

सजाय सम्बन्धी व्यवस्था

१५८. **दण्ड सजाय**: (१) दर्ताको प्रमाणपत्रमा उल्लेख भएबमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई अधिकारप्राप्त अधिकारीले पचास हजार रुपैयासम्म जरिबानागर्न सक्नेछ।

(२) अधिकारप्राप्त अधिकारीले देहायको काम कार्वाही गर्ने गराउनेलाई देहाय बमोजिम जरिबानागर्न सक्नेछ।

---

[৯] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

[*] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

(क) दफा १३, ४५ वा ११५ को विपरीत काम कार्वाही गर्ने गराउनेलाई 🕮दुई हजार देखि पाँच हजार रुपैयाँ सम्म,

(ख) दफा १४, २९, ३९, ७३, ९१, ९४, १२३, १२७, को विपरीत काम कार्वाही गर्ने गराउनेलाई 🕮पाँच हजार देखि दश हजार रुपैयाँसम्म,

(ग) दफा १५६ र १५७ को विपरीत काम कार्वाही गर्ने गराउनेलाई 🕮दश हजार देखि बिस हजार रुपैयाँसम्म।

(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारबाही गर्ने गराउनेलाई अधिकारप्राप्त अधिकारीले 🕮तीन हजार देखि पाँच हजार रुपैयाँसम्म जरिबानागर्नसक्नेछ।

(४) दफा १२६ विपरीत हुने गरी काम कारबाही गर्ने गराउने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबानावा पाँच वर्षसम्म कैद वा दुबै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानी नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति रकम दिलाउन सक्नेछ।

(५) दफा १६३ विपरीत हुने गरी काम कारबाही गर्ने गराउने व्यक्तिलाई दस हजार रुपैया जरिबाना, एक वर्षसम्म कैद वा दुबै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानी नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति रकम दिलाउन सक्नेछ।

⊕(५क.) दफा १५ को विपरीत हुने गरी काम कारबाही गर्ने, गराउने व्यक्ति, फर्म वा कम्पनीलाई प्रत्येक दिनको लागि रु. एक हजार रुपैयाँ सम्मका दरले तोकिए बमोजिमको अधिकारप्राप्त अधिकारीले जरिबानागर्नु पर्नेछ।

१५९. ज्यान मरेमा हुने सजायः (१) कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको, सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटना गराई सवारीको कारणबाट मुलुकी फौजदारी अपराध संहितामा उल्लेखित म्यादभित्र मरेमा त्यस्तो कार्य ज्यानमार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई जन्मकैद हुनेछ। कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मार्न पाएको रहेनछ भने त्यसरी

🕮 पहिलो संशोधनद्वारा संशोधित

⊕ पहिलो संशोधनद्वारा थपिएको

सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ।

(२) कसैले कुनै सवारी चालएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी अपराध संहिता, २०७४ को महलमा उल्लेखित म्याद भित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबानाहुनेछ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबानावा दुबै सजाय हुनेछ।

(४) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप पाँच हजार रुपैयाँ समेत जरिबानाहुनेछ।

तर जन्मकैद हुनेमा त्यस्तो थप जरिबानाहुने छैन।

(५) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ।

१६०. **<u>अङ्गभङ्ग भएमा हुने सजायः</u>** [१](१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनीयतसाथ गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई तीन वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिबानाहुनेछ। सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाच हजार रुपैया जरिबानाहुनेछ।

---

[१] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(२) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लिखित कुनै कसुर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा पाँच हजार रुपैयाँ थप जरिबानाहुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अङ्गभङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई हजार रुपैयाँ जरिबानाहुनेछ।

१६१. **<u>घा खर्च, कृया खर्च र क्षतिपूर्ति भराई दिने</u>**: (१) 🕮<u>सवारी दुर्घटनाबाट</u> कुनै पक्षलाई कुनै पनि किसिमको हानी नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतिपूर्ति रकम चालक, सवारीधनी वा व्यवस्थापकबाट भराई दिनुपर्नेछ।

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च बापत पचास हजार रुपैयाँ र क्षतिपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेश्रो पक्षले पाउने दुर्घटना बिमाको रकम,

(ख) अङ्गभङ्ग भएकोमा निको भईकन पनि काम नलाग्ने भए सो को क्षतिपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बिमाको रकम र त्यस्तो अङ्ग काम नलाग्ने भए घा खर्च बापत पच्चिस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम *<u>विमा भएको अवस्थामा विमा करारमा भएको व्यवस्था बमोजिम र विमा नभएको अवस्थामा</u> उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारीधनी वा व्यवस्थापकबाट भराई दिनुपर्नेछ।

(३) उपदफा (१) मा लेखिएको बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधी खर्च बापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति बिचार गरी

🕮 पहिलो संशोधनद्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

चालक, सवारीधनी वा व्यवस्थापकबाट पच्चीस हजार रुपैयाँ दिलाई दिनुपर्नेछ। त्यस्तो चोटपटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधी खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइनेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, कृया खर्च र क्षतिपूर्तिको कुल रकमको पाँच प्रतिशत भन्दा बढी चालकबाट भराईने छैन।

(५) उपदफा (१) र (२) बमोजिम बुझाउनुपर्ने कृया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजातबाट पनि असुल उपर हुन सकेन भने सो उपर नभए जति रुपैयाँ निजबाट असुल उपर भएको जरिबानामध्येबाट भराई दिनुपर्नेछ।

(६) यस दफामा लेखिए बमोजिम बिमा कम्पनीले बहोर्नुपर्ने भनी एकिन भएको क्षतिपूर्ति बापतको रकम यथाशीघ्र भराई दिनुपर्नेछ।

(७) यस ऐनको विभिन्न दफा मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा १२६, १५८ को उपदफा (४), (५) दफा १५९, १६०, १६१, १६४ बमोजिमको मुद्दाको अनुसन्धान तहकिकात, मुद्दाको कारबाही र किनारा गर्ने क्षतिपूर्ति सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१६२. **<u>सडक कसुर सम्बन्धी व्यवस्थाः</u>** (१) सडकमा सवारी चलाउदा देहायको कार्य गरेमा सडक कसुर मानिनेछः

(क) ट्राफिक सङ्केत वा ईशारा उल्लङ्घन गरी सवारी चलाएको,

(ख) सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको,

(ग) सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेको वा ध्वनि सङ्केत दिएको,

(घ) सडकमा गलत साइड तर्फबाट सवारी चलाएको,

(ङ) एकतर्फी सडकमा सो विपरीत सवारी चलाएको,

(च) अवस्था ठीक नभएको सवारी चलाएको,

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएको,

(ज) राती वा कुहिरो लागेको बेलामा बत्ती नबाली सवारी चलाएको,

(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएको,

(ञ) लुकिङ्ग ग्लास नराखी सवारी चलाएको,

(ट) सवारी तोकिएको मापदण्ड विपरीत सवारी मोडिफाई गरी चलाएकोमा,

(ठ) अरूलाई बाधा पुग्ने गरी सार्वजनिक स्थानमा सवारी राखेको,

(ड) सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको,

(ढ) नम्बर प्लेट नराखी सवारी चलाएको,

(ण) सवारीको वजनको हद निर्धारण गरिएको ठाँउमा निर्धारित वजनभन्दा बढी वजनको सवारी चलाएको,

(त) पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएको,

(थ) सवारीमा बस्ने वा राख्नु मानिस वा मालसामानको हद निर्धारण गरिएकोमा सो हद भन्दा बढी भाडा लिई सवारी चलाएको,

(द) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेको,

(ध) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएको,

(न) लापरवाही साथ सवारी चलाएको,

(प) बाटो इजाजतपत्र नलिई सावर्जनिक सवारी चलाएको,

(फ) चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएको,

(ब) सवारी चलाउँदा मोवाइल फोन प्रयोग गरेको,

(भ) लेन उल्लङ्घन गरेको,

(म) तोकिए बमोजिमको नम्बर प्लेट प्रयोग नगरेको,

(य) जथाभावी कसैले बाटो काटेमा,

(र) पेस गर्नुपर्ने विवरण पेस नगरेमा,

(ल) यस ऐन वा ऐन अन्तर्गतको नियम उल्लङ्घन गरेको।

(२) उपदफा (१) बमोजिमको *उपदफा (१) खण्ड (छ) र (ण) बाहेक कसुर गर्नेलाई यातायात निरीक्षक वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले पहिलो पटकको लागि ঌपाँच सय, दोश्रो पटकको लागि ঌएक हजार र तेश्रो पटकको लागि वा सो भन्दा बढी पटकको लागि रु. ঌएक हजार पाँच सय जरिबानागर्न सक्नेछ।

(३) अधिकारप्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीले गरेको जरिबानाबापतको रकम तोकिए बमोजिम जम्मा हुनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

ঌ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(४) उपदफा (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिबानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबिस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकारप्राप्त अधिकारी समक्ष बुझाउन पूर्जी दिनेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसुर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटना स्थलमा यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सो बापत निजलाई हुने जरिबानाको रकम चौबिस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पूर्जी दिनेछ।

(६) उपदफा (४) वा (५) बमोजिमको पूर्जी दिंदा त्यस्तो पूर्जीको नक्कल प्रतिमा सो पूर्जी बुझनेको सही समेत गराउनु पर्नेछ।

(७) उपदफा (४) वा (५) मा लेखिएको समयसम्म पनि अधिकारप्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिबानाको रकम नबुझाउनेलाई अधिकारप्राप्त अधिकारीले "एक हजार रुपैयाँ जरिबानागरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारीधनी वा व्यवस्थापक भए सवारीको बाटो इजाजतपत्र वा निजहरूको यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा "एक महिनाको लागि निलम्बन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिबानानबुझाएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र खारेज गर्न सक्नेछ।

परिच्छेद-११

विविध

१६३. **हानी नोक्सानी पुऱ्याउन नहुने**: कसैले सवारीमा रहेको चालक, परिचालक, सुरक्षाकर्मी सवारीमा अन्य कर्मचारी वा यात्रीलाई पिट्न, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेको मानिस वा मालसामानलाई कुनै हानी नोक्सानी पुऱ्याउने कामगर्नु र आगजनी गराउनु हुँदैन।

१६४. **सवारीधनी वा व्यवस्थापकले लिनुपर्ने**: कुनै चालकले लापरवाही गरी वा बदनियत पूर्वक यो ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नुपर्ने जरिबाना, घा खर्च, कृया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारीधनी वा व्यवस्थापकले तिरी दिनुपर्नेछ।

१६५. **सजाय नहुनेः** दफा १५८, १५९ र १६० मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकले काबु बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानी नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुनेछैन।

तर यस दफा बमोजिमको मुद्दाको कारवाही किनारा संघीय कानून बमोजिम हुनेछ।

१६६. **प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्रप्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन।

[▽]१६६क. **सहकार्य तथा साझेदारी गर्न सक्नेः** (१) प्रदेश सरकारले संघीय वा अन्य प्रदेश सरकार वा कुनै स्थानीय तहसँगको सहकार्य वा निजी क्षेत्रसँगको साझेदारीमा प्रदेश भरी वा अन्तर प्रदेशस्तरमा सार्वजनिक यातायातका सवारी साधनहरू सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहकार्य तथा साझेदारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६७. **सवारी एक आपसमा ठोकिएमाः** एकभन्दा बढी सवारी गुडिरहेको अवस्थामा एक आपसमा ठक्कर खाएमा प्रहरीको अनुसन्धानबाट जुन सवारीले ट्राफिक नियम पालना नगरेको कारणबाट ठक्कर खाएको हो भने सो दुर्घटनाको दायित्व र क्षतिपूर्ति ट्राफिक नियम उलङ्घन गर्ने सवारीको चालक, सवारीधनी वा व्यवस्थापकले बेहोर्नु पर्नेछ।

१६८. **निर्देशन दिन सक्नेः** प्रदेश सरकार, मन्त्रालय[✂].....ले यातायात व्यवसायीहरूलाई यातायात व्यवसायलाई प्रभावकारी बनाउन तथा यातायात सेवालाई सरल तथा सुलभ बनाउन आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु यातायात व्यवसायीको कर्तव्य हुनेछ।

१६९. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम ✍मन्त्रालय वा अधिकारप्राप्त अधिकारीलाई प्राप्त अधिकारहरूमध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार ✍मन्त्रालय वा अधिकारप्राप्त अधिकारीले कुनै समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ।

[▽] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

[✂] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

१७०. **पुनरावेदनः** [*](१) दफा १५९ अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग-२ को परिच्छेद-१२ मा उल्लिखित म्यादभित्र, दफा १६० अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग-२, परिच्छेद-१४ मा उल्लिखित म्यादभित्र र यस ऐन अन्तर्गतका अन्य कसूरको हकमा कसूर भएको मितिले तीस दिनभित्र उजुर गर्नु पर्नेछ।

[*](२) दफा १५९ र १६० अन्तर्गतका कसुरका सम्बन्धमा बाहेक यस ऐन अन्तर्गतका अन्य कसुरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ।

१७१. **उजुर गर्ने हदम्याद र पुनरावेदन गर्ने म्यादः** (१) दफा १२६, १५८ को उपदफा (४), (५) र दफा १५९, १६०, १६१, १६४ अन्तर्गतको कसुरमा प्रचलित संघीय कानून बमोजिमको हदम्याद भित्र उजुर गर्नुपर्नेछ र यस ऐन अन्तर्गतका अन्य कसुरको हकमा भए गरेको मितिले पैंतिस दिनभित्र उजुर गर्नुपर्नेछ।

(२) दफा १२६, १५८ को उपदफा (४), (५) र दफा १५९, १६० र १६१ अन्तर्गतका कसुरका सम्बन्धमा बाहेक यस ऐन अन्तर्गतका अन्य कसुरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतिस दिनभित्र उजुर गर्नुपर्नेछ।

१७२. **सहयोग पुऱ्याउनु पर्नेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकारप्राप्त अधिकारी वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरूलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

१७३. **अन्य सवारीसाधनको चालकले यस ऐनको पालन गर्नुपर्नेः** यस ऐन बमोजिम दर्ता गर्नु नपर्ने सवारीसाधन वा कुनै सवारीसाधन चलाउन यस ऐन बमोजिम चालक अनुमतिपत्र लिनु नपर्ने रहेछ भने त्यस्तो सवारी चलाउँदा चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक नियमको पालना गर्नुपर्नेछ।

१७४. **असल नियतले गरेको कामको बचाउः** अधिकारप्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारबाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुनेछैन।

---

[*] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

तर असल नियत राखेर काम गरेको हो भन्ने कुराको प्रमाणको भार सम्बन्धित व्यक्तिमा हुनेछ।

१७५. **विशेष अधिकारः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागु नहुने गरी प्रदेश सरकारले छुट दिन सक्नेछ।

१७६. **विविधः** यस ऐनका विभिन्न दफा बमोजिम समय गणना गर्दा यो ऐन प्रारम्भ भएको मितिबाट गणना गरिनेछ।

१७७. **प्रदेश सरकारको दायित्व हुनेः** यस ऐन अन्तर्गत सञ्चालित सार्वजनिक सवारी र तीनमा प्रयोग भएको श्रम, सीप र पूँजीको संरक्षण गर्ने सामान्य दायित्व प्रदेश सरकारको हुनेछ।

१७८. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ।

१७९. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१८०. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूर्तिको लागि प्रदेश सरकारले आवश्यक नियमहरू, [1]कार्यविधि र निर्देशिका बनाउन सक्नेछ।

१८१. **बचाउः** यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलनमा रहेको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम भए गरेका कामकारबाहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

---

[1] पहिलो संशोधनद्वारा संशोधित

अनुसूची-१
(दफा ३, ४ र ५ सँग सम्बन्धित)
सवारीको वर्गीकरण

खण्ड (क): ठूलो सवारी (दफा ३ सँग सम्बन्धित):

बस, ट्रक, लहरी, ट्रयाक्टर, दमकल, डोजर, डम्फर, क्रेन, टिपर, रोलर आदि।

खण्ड (ख): मझौला सवारी (दफा ४ सँग सम्बन्धित):

मिनिबस, मिनिट्रक, जिप, पीकअप, भ्यान, क्रेन, ट्रक्याटर, रोलर आदि।

खण्ड (ग): सानो सवारी (दफा ५ सँग सम्बन्धित):

कार, जिप, भ्यान, पिकअप, मोटर साइकल, स्कुटर, टेम्पो, पावर टिलर, मोपेड, तीन पाङग्रे इ-रिक्सा आदि।

अनुसूची-२
(दफा ६, ७, ८, ९ र १० सँग सम्बन्धित)
सवारीको प्लेट

भाग-१: साधारण सवारी नम्बर प्लेट

खण्ड (क): सार्वजनिक सवारी (दफा ६ को उपदफा (५) सँग सम्बन्धित):

कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

खण्ड (ख): पर्यटक सवारी (दफा ७ को उपदफा (२) सँग सम्बन्धित):

हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

खण्ड (ग): निजी सवारी (दफा ८ को उपदफा (३) सँग सम्बन्धित):

रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

खण्ड (घ): सरकारी सवारी (दफा ९ को उपदफा (२) सँग सम्बन्धित):

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनुपर्नेछ।

खण्ड (ङ): संथानको सवारी (दफा १० को उपदफा (२) सँग सम्बन्धित):

पहेंलो प्लेटमा नीलो अक्षर र अङ्कमा हुनुपर्नेछ।

खण्ड (च): कुटनीतिक सवारी (दफा १२ को उपदफा (२) सँग सम्बन्धित):

नीलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

द्रष्टव्य:

१. प्रदेश मुख्यमन्त्री, सभामुख, उपसभामुख, राज्यमन्त्री, सहायक मन्त्री चढने सवारीसाधनको सवारी नम्बर प्लेटको [1]माथिको आधा भाग रातो प्लेटमा सेतो रङ्गको अक्षर र अङ्क र तल्लो आधा भागमा सेतो प्लेटमा रातो रङ्गको अक्षर र अङ्कमा हुनुपर्नेछ।

२. स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुख चढने सवारी साधनको नम्बर प्लेट सेतो रङ्गको नम्बर प्लेटमा पहेलो अक्षर हुनुपर्नेछ।

[1] पहिलो संशोधनद्वारा संशोधित

अनुसूची-३

(दफा १६ सँग सम्बन्धित)

सवारी दर्ता प्रमाणपत्रको ढाँचा

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

.....

..... यातायात व्यवस्था कार्यालय

सवारी दर्ता नं. :
सवारीको किसिम :
दर्ता मिति :
सवारीधनीको नाम, थर :
वतन :
सवारीधनीको हस्ताक्षर :

अधिकृतको सही :

दर्ता गर्ने अधिकारीको
हस्ताक्षर :
मिति :

सवारीधनीको
फोटो

नामसारी भएको

मिति ....

सवारीधनीको
फोटो

सवारीधनीको नाम, थर, वतन :.....

.....

नामसारी गर्ने अधिकारीको
हस्ताक्षर :

प्रमाणपत्रको नवीकरण

नवीकरण गरेको मिति	नवीकरणको म्याद पुग्ने मिति	नवीकरण गर्ने अधिकारीको सही

सवारीको विस्तृत विवरणः

१. कम्पनीको नामः
२. सवारीको मोडेल/ सालः
३. सिलिण्डर संख्याः
४. हर्ष पावर/सि.सि.-
५. चेसिस नम्बरः
६. इन्जिन नम्बरः
७. सवारीको रङ्गः
८. सीट क्षमता (चालक सहित)-
९. वजनः
१०. पेट्रोल/डिजेल/अन्य
११. रेडियो, क्यासेट प्लेयर, टेलिफोन आदि छ/छैनः
१२. कुन कम्पनी, फर्म वा मानिसबाट खरिद गरेको हो सो कम्पनी, फर्म वा मानिसको नामः
१३. प्रयोगः
१४. चलाउने क्षेत्रः
१५. भन्सारको निस्साः

सवारी जाँचेको

सवारी जाँचेको मिति	नवीकरणको म्याद पुग्ने मिति	जाँच्ने अधिकारीको सही

अनुसूची-४

(दफा २१ सँग सम्बन्धित)

अस्थायी दर्ताको प्रमाणपत्र

आन्तरिक मामिला तथा कानून मन्त्रालय

.....

पत्रसंख्या :

मिति :

चलानी नं. :..... ....शाखा..... .. ..

प्राप्त पत्र संख्या र मिति :

विषय : अस्थायी नम्बर।

श्री..... ....

उपर्युक्त सम्बन्धमा व्यक्ति/फर्म/कम्पनीले यस कार्यालयमा मिति २०/ / मा दिएको निवेदन र सो साथ संलग्न प्रमाणहरूको आधारमा निम्न बमोजिम विवरण भएको सवारी तोकिएको अवधिसम्मको निमित्त अस्थायी नम्बर दिइएको छ।

१. सवारीधनीको नाम, थर, वतन :

२. दिइएको अस्थायी नम्बर :

३. अस्थायी नम्बरको अवधि :

४. भन्सारको निस्सा :

५. सवारी निर्माता :

६. सवारीको किसिम :

७. सिलिण्डर संख्या :

८. हर्ष पावर सि. सि. :

९. चेसिस नम्बर :

१०. इन्जिन नम्बर :

११. सवारीको रङ्ग :

१२. सीट क्षमता (चालक सहित) :

१३. वजन :

१४. पेट्रोल/डिजेल/अन्य :

१५. सवारीको पुरानो प्लेट नम्बर :

अनुसूची-५

(दफा ५० सँग सम्बन्धित)

प्रदेश सरकार

कोशी प्रदेश

सवारी चालक अनुमतिपत्र

Driving Licence

फोटो

photograph

नम्बरः

Number

नामः

Name

जारी मिति

Date of Issue

म्याद समाप्त मिति :

Expiry Date:

ना.प्रा.नं.

Ctz. No.

रक्त समूहः

Blood Group

पिता/पतिको नामः

Father/Husband

ठेगानाः

Adress

तपाईलाई निम्न बमोजिमको सवारीहरूको चालक अनुमतिपत्र दिइएको छः

The Holder of this Licence is authorized to drive the following vechicles.

क. A	मोटर साइकल, स्कूटर, मोपेड Motorcycle, Scooter, Moped	च. F	मिनिबस, मिनिट्रक Minibus, Minitruck
ख. B	कार, जिप, डेलिभरी भ्यान Car, Jeep, Delivery van	छ. G	ट्रक, बस, लहरी, टिपर Truck, Bus, Lorry, Tipper
ग. C C1	टेम्पो, अटोरिक्सा Tempo, Autoriksaw E-Rickshaw	ज. H H1	रोडरोलर, डोजर Road Roller, Dozer Dozer
घ. D	पावर टिलर Powertillar	झ. I I1 I2	क्रेन, दमकल, लोडर Crane, Fire brigade, Loader Mobile Crane, Crane Mounted Fire brigrade
ङ. E	ट्र्याक्टर Tractor, Trailar Tractor(Low Bed)	ञ. J1 J2 J3	अन्य Exacavator Backhole Loader Grader

		J4 J5 K K1	Forklift Other Scooter, Moped अपाङ्गता भएका व्यक्ति

जारी गर्ने अधिकारी
दस्तखत
Issued by

सवारी चालकको
Licence holder's signature

कारबाही Offences

अनुसूची-६

(दफा ७५ सँग सम्बन्धित)

(बाटो इजाजतपत्रको ढाँचा)

प्रदेश सरकार

कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय

.....

इजाजत दिने अधिकारीको

नामः

दर्जाः

दरखास्तः

मिति :

चेसिसको लम्बाई :

इन्जिन नम्बर :

मोडेल :

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगाना :

बडी तयार गर्ने कारखानाको नाम, ठेगाना :

इजाजत पत्र नं.:

सवारीको किसिम :

सवारीधनी वा व्यवस्थापकको नाम :

अनुसूची-७

(दफा ९१ सँग सम्बन्धित)

(यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा)

प्रदेश सरकार

कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय

.....

फोटो

दर्ता नं.:

दर्ता मितिः

सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा ९१ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ।

(१) व्यक्ति/फर्म/कम्पनीको नाम :

(२) ठेगानाः

(३) कारोबारको मुख्य स्थानः

(४) सञ्चालन गर्ने सेवाको किसिमः

(५) धनी/साझेदार/सञ्चालक (मुख्य व्यक्ति) को नाम, थर र दर्जाः

(६) ठेगानाः

.....

अधिकारप्राप्त अधिकारीको सही

प्रदेश प्रहरी ऐन, २०७७

प्रमाणीकरण मितिः २०७७।०४।१८

<u>प्रस्तावना</u>ः प्रदेशमा शान्ति सुव्यवस्था कायम गर्न, अपराधको अनुसन्धान, रोकथाम तथा नागरिक स्वतन्त्रताको रक्षा गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"प्रदेश प्रहरी ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अख्तियारवाला"** भन्नाले दफा १६ बमोजिम प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति गर्ने अधिकारी सम्झनु पर्छ र सो शब्दले अख्तियार प्राप्त अधिकारी समेतलाई जनाउँछ।

(ख) **"अमर प्रहरी"** भन्नाले आतङ्ककारी घटना वा विष्फोटन वा सशस्त्र मुठभेडबाट भएको आक्रमण वा त्यस्ता कार्य विरुद्धको प्रहरी कारबाहीमा वा अन्य विशेष अवस्था परी जोखिमपूर्ण र चुनौतिपूर्ण काममा खटिएको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा कुनै प्रकारको हतियारको चोटबाट वीरगति प्राप्त गर्ने प्रहरी सम्झनु पर्छ।

(ग) **"कोष"** भन्नाले दफा ४८ बमोजिमको प्रदेश प्रहरी कल्याण कोष सम्झनु पर्छ।

(घ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"प्रहरी अधिकृत"**भन्नाले प्रहरी निरीक्षक वा सो भन्दा माथिको प्रहरी अधिकृतलाई सम्झनु पर्छ।

(च) **"प्रचलित कानून"** भन्नाले प्रचलित सङ्घीयतथा प्रदेश कानूनलाई सम्झनु पर्छ।

(छ) **"प्रहरी कर्मचारी"** भन्नाले प्रदेश प्रहरी सेवामा कार्यरत जुनसुकै तह वा श्रेणीका प्रहरी कर्मचारीलाई सम्झनु पर्छ।

(ज) **"प्रदेश प्रहरी"** भन्नाले यस ऐन अन्तर्गत नियुक्त भएका वासङ्घीय प्रहरी ऐन बमोजिम नियुक्ति भई प्रदेशमा समायोजन भएका प्रहरी कर्मचारीलाई सम्झनु पर्छ।

(झ) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेश को मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ञ) **"प्रदेश प्रहरी प्रमुख"** भन्नाले नेपाल सरकारबाट प्रदेश प्रहरी प्रमुखमा खटाइएको नेपाल प्रहरीको राजपत्राङ्कित प्रहरी अधिकृतलाई सम्झनु पर्छ।

(ट) **"प्रदेश प्रहरी सेवा"** भन्नाले दफा ८ बमोजिमको प्रदेश प्रहरी सेवा सम्झनु पर्छ।

(ठ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ड) "**मुख्य न्यायाधिवक्ता**" भन्नाले नेपालको संविधानको धारा १६०को उपधारा (२) बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(ढ) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटि इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

परिच्छेद-२

<u>प्रदेश प्रहरीको गठन, रेखदेख, सञ्चालन तथा नियन्त्रण</u>

३. **<u>प्रहरी सेवाको गठन:</u>**(१) प्रदेशमा मन्त्रालय अन्तर्गत एक प्रदेश प्रहरी सङ्गठन रहनेछ।

(२) उपदफा (१) बमोजिम रहने प्रहरी सङ्गठनमा पहिलो पटकको हकमा प्रहरी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारी समायोजन भई वा खटिई आएका प्रदेश प्रहरी कर्मचारीबाट प्रदेश प्रहरीको गठन हुनेछ।

(३) प्रदेश प्रहरी सङ्गठन समानुपातिक समावेशी स्वरुपको हुनेछ।

(४) उपदफा (२) बमोजिम प्रदेश प्रहरीको गठन भए पश्चात् आवश्यकता अनुसार सङ्गठनात्मक संरचना र प्रहरी कर्मचारीको दरबन्दी दफा ४ बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

४. **<u>सङ्गठनतथा व्यवस्थापन सर्वेक्षण समितिः</u>** (१)प्रहरीको सङ्गठन संरचना, प्रहरी कर्मचारीको दरवन्दी निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गर्न देहाय बमोजिमको एक सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय, - सदस्य

(ग) अधिकृतस्तर (नवौ/दशौं) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) अधिकृतस्तर (नवौ/दशौ) प्रतिनिधि, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी उपरीक्षक, प्रदेश प्रहरी कार्यालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले सङ्गठनात्मक संरचना र प्रहरीको दरवन्दी निर्धारण देहाय बमोजिमको आधारमा गर्नेछः

(क) कार्यक्रम, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको प्रभावकारिता, उपलब्ध मानवश्रोत, लागत प्रभावको विश्लेषण तथा नवीन प्रविधिको प्रयोगको अवस्था,

(ख) भौगोलिक अवस्था र जनसङ्ख्याको अनुपात,

(ग) शहरीकरणको अवस्था, बसाईसराई तथा जनघनत्व,

(घ) अपराधको प्रकृति, अवस्था र शान्ति सुरक्षाको स्थिति,

(ङ) कुनै खास प्रकृतिको सेवा, सुरक्षा प्रदान गर्नु पर्ने भए त्यस्तो अवस्था,

(च) पूर्वाधार तथा संरचना निर्माण र राजमार्गको विस्तार,

(छ) तोकिए बमोजिमका अन्य।

५. **<u>प्रहरीको परिचालन, निर्देशन, सुपरीवेक्षण र नियन्त्रणः</u>** (१) प्रहरीको परिचालन, निर्देशन, सुपरीवेक्षण र नियन्त्रण प्रदेश सरकारले मन्त्रालय मार्फत् गर्नेछ।

(२) प्रहरी कर्मचारी प्रदेश सरकारप्रति उत्तरदायी र जवाफदेही हुनेछ।

(३) प्रहरी कर्मचारीले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवम् अपराधको नियन्त्रण, रोकथाम र अनुसन्धानको कार्य गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित नीति र कानून बमोजिम गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा प्रहरी कर्मचारीले प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष रेखदेख, निर्देशन र सुपरीवेक्षणमा कार्य सम्पादन गर्नुपर्नेछ।

(५) प्रमुख जिल्ला अधिकारीले जिल्लामा शान्ति सुरक्षा कायम गर्न जिल्लाको प्रदेश प्रहरीलाई परिचालन गर्न सक्नेछ।

तर त्यसरी प्रहरी परिचालन गर्दा मन्त्रालयको निर्देशन बमोजिम गर्नु पर्नेछ।

(६) जिल्लाभित्र हुल, भीड, दङ्गा वा अन्य असहज परिस्थिति नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा सम्बन्धित जिल्लाको प्रदेश प्रहरीले प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारी वा निजले सम्बन्धित स्थानका लागि तोकेको प्रतिनिधिको प्रत्यक्ष निर्देशनमा रही काम गर्नु पर्नेछ।

(७) शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रुपमा परिचालन भएको अवस्थामा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष निर्देशनमा रही कार्य गर्नुपर्नेछ।

(८) शान्ति सुरक्षा, अपराध अनुसन्धान लगायत कर्तव्य पालनाको लागि खटिएको अवस्थामा प्रदेश प्रहरीले आफूभन्दा माथिल्लो दर्जाको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नुपर्नेछ।

(९) यस ऐन, नियम र प्रचलित कानून तथा प्रदेश सरकारको नीति निर्देशनको अधीनमा रही शान्ति सुव्यवस्था, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कामका सिलसिलामा माथिल्लो दर्जाको कर्मचारी वा प्रहरी कार्यालयले आफ्नो मातहतका प्रहरी कर्मचारी वा कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ र त्यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कार्यालय र त्यस्तो कार्यालयमा कार्यरत प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

(१०) प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **जिल्ला प्रहरी प्रमुखः** जिल्ला प्रहरी प्रमुखको जिम्मेवारी प्रदेश सरकारले तोकेको दरबन्दी अनुसार प्रहरी उपरीक्षक वा प्रहरी नायव उपरीक्षकले गर्नेछ।

७. **महानगरीय प्रहरी गठनः** प्रदेश सरकारले आवश्यकता अनुसार भौगोलिक क्षेत्र तोकी महानगरीय वा उपमहानगरीय क्षेत्रमा प्रहरी आयुक्त समेत रहने गरी महानगरीय प्रहरी गठन गर्न सक्नेछ र त्यस्तो महानगरीय प्रहरीको दरबन्दी काम, कर्तव्य, अधिकार र सञ्चालन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

८. **प्रहरीको सेवा समूह सम्बन्धी व्यवस्थाः** (१) प्रदेश प्रहरी सेवामा विशिष्टीकृत कार्य प्रकृतिको आधारमा जनपद प्रहरी र प्राविधिक प्रहरी समूह गरी दुई अलग अलग समूह रहनेछ।

(२) उपदफा (१) बमोजिमका समूहमा तोकिए बमोजिमका विभिन्न उपसमूह रहनेछ।

९. **<u>प्रहरी सेवामा रहने श्रेणी र पदः</u>** (१) प्रहरी सेवामा देहाय बमोजिमका श्रेणी र पद रहनेछनः-

(क) राजपत्राङ्कित श्रेणी

(१) प्रथम श्रेणीः प्रहरी नायव महानिरीक्षक
र प्रहरी वरिष्ठउपरीक्षक

(२) द्वितीय श्रेणीः प्रहरी उपरीक्षक र प्रहरी नायव उपरीक्षक

(३) तृतीय श्रेणीः प्रहरी निरीक्षक

(ख) राजपत्र अनङ्कित श्रेणी

(१) प्रथम श्रेणीः प्रहरी बरिष्ठ नायव निरीक्षक
र प्रहरी नायव निरीक्षक

(२) द्वितीय श्रेणीः प्रहरी सहायक निरीक्षक

(३) तृतीय श्रेणीः प्रहरी हवल्दार र प्रहरी बरिष्ठ हवल्दार

(४) चतुर्थ श्रेणीः प्रहरी जवान

(ग) श्रेणी विहिनः प्रहरी कार्यालय सहयोगी वा सो सरह

(२) प्रदेश प्रहरी सेवाको श्रेणी विहिन (प्रहरी कार्यालय सहयोगी) पदमा देहाय बमोजिमको स्तर रहनेछनः-

(क) प्रथम स्तर,

(ख) द्वितीय स्तर,

(ग) तृतीय स्तर,

(घ) चतुर्थ स्तर र

(ङ) पाँचौ स्तर।

(३) श्रेणी विहिन पदको स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) खण्ड (ख) को (१) बमोजिमको प्रहरी बरिष्ठ नायब निरीक्षक र खण्ड (ख) को (३) बमोजिमको प्रहरी वरिष्ठ हवल्दारले नेपाल सरकारले तोकेको दर्ज्यानी चिन्हको अतिरिक्त प्रदेश सरकारले तोकेको छुट्टै चिन्ह समेत प्रयोग गर्नेछ।

१०. **<u>प्रहरीले प्रयोग गर्ने चिन्हः</u>** प्रत्येक प्रहरी कर्मचारीले आफ्नो पोशाकमा दर्ज्यानी चिन्हका अतिरिक्त प्रदेश सरकारले तोके बमोजिमको प्रदेशको पहिचान झल्कने चिन्ह वा लोगो प्रयोग गर्नेछ।

११. **<u>प्रदेश प्रहरी प्रमुखः</u>** (१) नेपाल सरकारले तोकेको रापत्राङ्कित प्रथम श्रेणीको प्रहरी अधिकृत प्रदेश प्रहरी प्रमुख रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रहरी प्रमुखले प्रदेश सरकार प्रति उत्तरदायी रही आफ्नो कार्य सम्पादन गर्नेछ र त्यसरी कार्यसम्पादन गर्दा मन्त्रालय मार्फत् गर्नु पर्नेछ।

परिच्छेद-३

<u>प्रहरी सेवामा पदपूर्ति</u>

१२. **<u>पदपूर्ति सम्बन्धी व्यवस्थाः</u>** (१) प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने विभिन्न पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा लिईने लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रहरी सेवामा पदपूर्ति गर्दा यस ऐन बमोजिम बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

(४) प्रहरी सेवाको देहायका पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः

(क) प्रहरी कार्यालय सहयोगी र प्रहरी जवान पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा,

(ख) प्रहरी हवल्दार र प्रहरी वरिष्ठ हवल्दार पदमा शतप्रतिशत बढुवाद्वारा,

(ग) प्रहरीसहायक निरीक्षक पदमा चालिस प्रतिशत खुल्ला प्रतियोगिता र साठी प्रतिशत बढुवाद्वारा,

(घ) प्रहरी नायब निरीक्षक र प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा शतप्रतिशत बढुवाद्वारा,

(ङ) प्रहरी निरीक्षक पदमा साठी प्रतिशत खुल्ला प्रतियोगिता र चालीस प्रतिशत बढुवाद्वारा,

(च) प्रहरी नायब उपरीक्षक र सो भन्दा माथिल्लो तहको पदमा शतप्रतिशत बढुवाद्वारा।

तर प्रहरी वरिष्ठ हवल्दार र प्रहरी वरिष्ठ नायब निरीक्षक पदको बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (४) को खण्ड (ग) र (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक प्रहरी समूह तर्फ प्रहरी हवल्दार वा प्रहरी नायव निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुन सक्ने अवस्था नभएमा खुल्ला प्रतियोगिताद्वारा शतप्रतिशतसम्म पदपूर्ति गर्न सकिनेछ।

(६) उपदफा (४) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहको स्वास्थ्य तर्फको प्रहरी नायव उपरीक्षकको दरवन्दीमा विशेष शैक्षिक योग्यता तोकिएको र बढुवाद्वारा त्यस्तो पदपूर्ति हुन सक्ने अवस्था नभएमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

(७) प्रहरी सेवामा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदमध्ये पैंतालीस प्रतिशत पदछुट्टयाई त्यस्तो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीच छुट्टा छुट्टै प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिनेछः

(क) समानुपातिक समावेशी महिलातर्फ बिस प्रतिशत,

(ख) आदिवासी/जनजातितर्फ बत्तिस प्रतिशत,

(ग) मधेशीतर्फ अठ्ठाईस प्रतिशत,

(घ) दलिततर्फ पन्ध्र प्रतिशत,

(ङ) पिछडिएको क्षेत्रतर्फ पाँच प्रतिशत।

स्पष्टीकरणः खण्ड (क) देखि (ङ) सम्मका क्षेत्र प्रचलित कानूनका आधारमा तोकिए बमोजिम हुनेछ।

(८) यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिने रिक्त पदमध्ये यस ऐन बमोजिमको योग्यता र तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेको अमर प्रहरी वा चुनौतिपूर्ण जिम्मेवारी निर्वाह गर्ने क्रममा अशक्त भएको प्रहरीको परिवारको सदस्य वा पूर्व प्रहरी परिवारको सदस्यमध्येबाट तीन प्रतिशत पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

स्पष्टीकरणः परिवारको सदस्य भन्नाले प्रहरीको पति, पत्नी, छोरा, छोरी वा धर्मपुत्र वा धर्मपुत्रीलाई सम्झनु पर्छ।

(९) कुनै पनि प्रहरी कर्मचारीले समानुपातिक समावेशिताको आधारमा एक पटक प्राप्त गरेको सुविधा अर्को पटक पाउनेछैन।

(१०) यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि प्रहरी सेवाको पदमा पदपूर्ती गर्दा समानुपातिक समावेशिताको आधारमा क्रमशः नतिजा प्रकाशन गरिनेछ र समानुपातिक समावेशिताको आधारमा माग गरिए बमोजिमको आवेदन नपरेमा वा आवेदन दिएका उम्मेद्वार प्रतियोगितामा उत्तीर्ण हुन नसकेमा त्यस्तो समानुपातिक समावेशी तर्फको सङ्ख्या समेत खुल्लातर्फ थप गरी नतिजा प्रकाशन गरिनेछ।

(११) उपदफा (७) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>पदपूर्ति समितिको गठनः</u>** (१) प्रदेश प्रहरी सेवाको कुनै पदमा खुल्ला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि दफा १६ बमोजिमको अख्तियारवाला समक्ष सिफारीस गर्न देहाय बमोजिम पदपूर्ति समिति गठन गरिनेछः

(क) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य - अध्यक्ष

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ग) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(घ) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक - सदस्य-सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी निरीक्षक भन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारीस गर्न प्रदेश लोक सेवा आयोग, मन्त्रालय र प्रदेश प्रहरी कार्यालयको प्रतिनिधी समेत रहने गरी पदपूर्ति समितिले आवश्यक्ता अनुसार बढीमा पाँच सदस्य रहेको छुट्टाछुट्टै पदपूर्ति उपसमिति गठन गरी उपदफा (१) बमोजिमको समितिले आफुमा रहेको अधिकार त्यस्तो उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको पदपूर्ति समिति वा उपदफा (२) बमोजिमको पदपूर्ति उपसमितिले उम्मेदवार छनौटका लागि आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न वा त्यस्तो विज्ञबाट आवश्यक सहयोग लिन सक्नेछ।

(४) पदपूर्ति समितिको सचिवालय समितिले तोकेको स्थानमा रहनेछ।

१४. **<u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) दफा १३ बमोजिमको पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा १२ बमोजिम पदपूर्तिका लागि प्रतिशत तथा सङ्ख्या निर्धारण गर्ने,

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्ति तालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,

(च) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(छ) नियुक्तिको लागि सिफारिस सम्बन्धी आवश्यक कार्य गर्ने र

(ज) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति वा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त बमोजिम पदपूर्ति समितिले गर्ने भनी तोकिएको पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने।

(२) पदपूर्ति समितिले प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यक्ता अनुसार कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(३) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>योग्यता सम्बन्धी व्यवस्थाः</u>** प्रहरी सेवाको विभिन्न पदमा नियुक्तिको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता देहाय बमोजिम हुनेछः

(क) नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहर हुने गरीबर्खास्त नभएको,

(घ) राजनैतिक दलको सदस्य नभएको,

(ङ) शैक्षिक योग्यता लगायत अन्य योग्यता तोकिए बमोजिम हुनेछ।

१६. **<u>नियुक्ति सम्बन्धी व्यवस्थाः</u>** (१) प्रहरी सेवाको रिक्त पदमा नियुक्तिका लागि सिफारिस भएका देहायका पदमा नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः

(क) प्रहरी बरिष्ठ उपरीक्षक पदमा-प्रदेश सरकार,

(ख) प्रहरी उपरीक्षक र प्रहरी नायब उपरीक्षक पदमा-मन्त्री,मन्त्रालय,

(ग) प्रहरी निरीक्षक पदमा-सचिव, मन्त्रालय,

(घ) राजपत्र अनङ्कित प्रथम र द्वितीय श्रेणीको पदमा-प्रदेश प्रहरी प्रमुख,

(ङ) राजपत्र अनङ्कित तृतीय र चतुर्थ श्रेणीको पदमा-प्रहरी उपरीक्षक र

(च) श्रेणी विहीन पदमा -प्रहरी नायब उपरीक्षक।

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले पदपूर्तिसमितिको सिफारिसको योग्यताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले तिस दिनभित्र नियुक्ति दिई सक्नुपर्नेछ।

(३) प्रहरी सेवामा पहिलो पटक नियुक्ति हुने प्रहरी कर्मचारीले आधारभूत तालिम समाप्त भएपश्चात तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

१७. **परीक्षणकाल सम्बन्धी व्यवस्थाः** (१) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने प्रहरी कर्मचारीको परीक्षणकाल नियुक्ति मितिले एक वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकाल पुरा गर्ने प्रहरी कर्मचारीको नियुक्ति स्वतः सदर भएको मानिनेछ।

१८. **नियुक्ति बदर हुने अवस्थाः** (१) देहायको अवस्थामा नियुक्ति दिने अधिकारीले प्रहरीको नियुक्ति बदर गर्न सक्नेछः

(क) परीक्षणकालमा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा,

(ग) प्रदेश प्रहरीमा यस ऐन वा नियम बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा निजको नियुक्ति जुनसुकै समयमा बदर गरी निजले त्यस्तो सेवा वापत प्राप्त गरेको पारिश्रमिक, निजलाई तालिम दिँदा लागेको खर्च समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा नियुक्ति बदर गर्नु परेमा नियुक्ति बदर गर्नु पूर्व निजलाई सफाईको मौका दिनु पर्नेछ।

१९. **पदाधिकार सम्बन्धी व्यवस्थाः** देहायको अवस्थामा प्रहरी कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाईने म्यादसम्म,

(ग) बिदामा बसेको अवधिभर,

(घ) निलम्बन भएको अवधिभर,

(ङ) प्रदेश सरकारद्वारा तोकिएको काम गरुञ्जेलको अवधिभर,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

२०. **कायम मुकायम र निमित्त सम्बन्धी व्यवस्थाः** (१) प्रहरीको कुनै पनि पदमा सामान्यतयाः कायम मुकायम मुकरर गरिने छैन।

तर कार्यालय प्रमुखको पद रिक्त रहेको अवस्थामा कार्यालयको दैनिक कार्य सञ्चालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कायम मुकायम मुकरर गर्दा एक तह मुनिको प्रहरी कर्मचारीमध्ये बढुवाका लागि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ।

(३) कायम मुकायम मुकरर भएको प्रहरी कर्मचारीले कायम मुकायम मुकरर भएको पदको दर्ज्यानी चिन्ह, सम्पूर्ण अधिकार प्रयोग गर्नुका साथै सुविधा समेत पाउनेछ।

(४) देहायको पदमा देहायको अधिकारीले कायम मुकायम मुकरर गर्नुपर्नेछः-

(क) प्रहरी वरिष्ठ उपरीक्षक पदमा सम्बन्धित बढुवा समितिको सिफारिसमा प्रदेश सरकार,

(ख) प्रहरी उपरीक्षक पदमा बढुवा समितिको सिफारिसमा मन्त्री, मन्त्रालय,

(ग) प्रहरी नायव उपरीक्षक पदमा बढुवा समितिको सिफारिसमा सचिव, मन्त्रालय,

(घ) प्रहरी निरीक्षक पदमा बढुवा समितिको सिफारिसमा प्रदेश प्रहरी प्रमुख।

(५) कुनै कारणले कार्यालय प्रमुख कार्यालयमा अनुपस्थित हुने भएमा वा कार्यालय प्रमुखको पद रिक्त हुने भएमा र त्यस्तो पदमा कायम मुकायम मुकरर नगरिएको अवस्थामा एक तह मुनिको सबैभन्दा बरिष्ठ प्रहरी कर्मचारीले निमित्त भई कामकाज गर्न सक्नेछ र त्यसरी निमित्त तोकिएको वा निमित्त भई कामकाज गरेको जानकारी प्रहरी बरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षकको हकमा मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई दिनुपर्नेछ।

(६) उपदफा (५) मा उल्लेखित दर्जा बाहेकका अन्य दर्जामा निमित्त तोकिएको वा निमित्त भई काम गरेकोमा सोको जानकारी प्रदेश प्रहरी कार्यालयमा दिनु पर्नेछ।

(७) उपदफा (५) र (६) बमोजिम निमित्त भई कामकाज गर्न तोकिएको प्रहरी कर्मचारीको काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-४

तालिम सम्बन्धी व्यवस्था

२१. **तालिम लिन अनिवार्य हुनेः** प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीका लागि सञ्चालन गरिने तालिममा अनिवार्य सहभागी हुनु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

२२. **आधारभूत तथा सेवाकालिन तालिम सम्बन्धी व्यवस्थाः** प्रहरी सेवाको विभिन्न पदमा दिईने आधारभूत, सेवाकालीन तथा विशिष्टिकृत र वृत्ति विकास लगायतका अन्य तालिमको आवश्यक्ताको पहिचान, पाठ्यक्रमको निर्माण, तालिम सञ्चालन,

तालिमको अवधि र प्रशिक्षणको लागि आवश्यक पर्ने मापदण्डको निर्धारण तोकिए बमोजिम हुनेछ।

२३. **<u>बैदेशिक तालिममा पठाउने</u>**ः प्रहरी कर्मचारीलाई बैदेशिक तालिमको लागि मनोनयन गर्दा सङ्गठनको आवश्यक्ता, सेवा विशिष्टिकरण, जेष्ठता र शैक्षिक योग्यताको आधारमा तोकिए बमोजिमको समितिले प्रहरी सङ्गठनका सम्भाव्य उम्मेदवारको नाम छनौट गरी प्रहरी प्रधान कार्यालयमा सिफारीस गर्नेछ।

२४. **<u>तालिम सम्बन्धी अन्य व्यवस्था</u>**ः तालिममा संलग्न हुने प्रशिक्षक तथा प्रशिक्षार्थीले पाउने सुविधा, तालिमको परीक्षा सञ्चालन विधि तथा तालिम सफल हुँदाको परिणाम (ग्रेडिङ्ग) सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-५

<u>बढुवा सम्बन्धी व्यवस्था</u>

२५. **<u>बढुवा समिति सम्बन्धी व्यवस्था</u>**ः (१) प्रदेश प्रहरी सेवाको देहायको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः

(क) प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक र प्रहरी नायव उपरीक्षक पदको लागि

(१) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष

(२) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(३) प्रतिनिधि (कम्तिमा अधिकृतस्तर नवौं/दशौं), प्रदेश लोक सेवा आयोगको कार्यालय - सदस्य

(४) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी बरिष्ठ उपरीक्षक -सदस्य सचिव

(ख) प्रहरी निरीक्षक, प्रहरी वरिष्ठ नायव निरीक्षक, प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक पदका लागि

(१) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - अध्यक्ष

(२) प्रतिनिधि (कम्तिमा अधिकृतस्तर नवौं/दशौं), आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(३) प्रतिनिधि (कम्तीमा अधिकृतस्तर नवौं/दशौं), प्रदेश लोक सेवा आयोगको कार्यालय - सदस्य

(४) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी उपरीक्षक - सदस्य सचिव

(ग) प्रहरी बरिष्ठ हवल्दार र प्रहरी हवल्दार पदका लागि

(१) प्रहरी उपरीक्षक, प्रदेश प्रहरी कार्यालय, - अध्यक्ष

(२) प्रतिनिधी (अधिकृतस्तर सातौं/आठौं), आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(३) प्रतिनिधि (अधिकृतस्तर सातौं/आठौं), प्रदेश लोक सेवा आयोग - सदस्य

(४) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी निरीक्षक, प्रदेश प्रहरी कार्यालय - सदस्य सचिव

(२) बढुवा समितिमा रहेका पदाधिकारीको नजिकको नातेदार बढुवाको सम्भाव्य उम्मेदवार रहेछन् भने त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नुपर्ने भएमा मन्त्रालयको सचिव, प्रदेश प्रहरी प्रमुख वा दुवै त्यस्तो समितिको अध्यक्ष वा सदस्य रहेकोमा एक तह मुनिको बरिष्ठ अधिकारी तथा मन्त्रालयको सचिव र प्रदेश प्रहरी प्रमुख बाहेकका अन्य दर्जा वा तहका पदाधिकारी सदस्य भएमा समान तहको अन्य पदाधिकारीलाई बढुवा समितिमा तोक्नु पर्नेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनी आमा, सौतेनी बाबु, पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बुहारी, ज्वाई, दाजु, भाउजू, भाई, भाई बुहारी, दिदी, भिनाजु, बहिनी, बहिनी ज्वाई, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाई, भान्जा, भान्जी बुहारी, भान्जी, भान्जी ज्वाई, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाई, सासु, ससुरा, देवर, देउरानी, नन्द, आमाजु, जेठाजु, जेठानी, जेठान, साला, साली सम्झनु पर्दछ।

(३) उपदफा (२) बमोजिम पदाधिकारी तोक्दा सम्बन्धित कार्यालयले तोक्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरीबढुवाको लागि सिफारिस गर्नेछ।

(५) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिसको सूचि सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नेछ।

(६) प्रहरी सेवामा कुनै पद रिक्त भई बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएमा त्यस्तो पद रिक्त भएको मितिले तीन महिना भित्र बढुवाद्वारा पदपूर्ति गरिसक्नु पर्नेछ।

(७) बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **<u>बढुवाको सम्भाव्य उम्मेदवार हुने</u>**: (१) प्रहरी सेवाको रिक्त पदमा बढुवाद्वारा पदपूर्ति हुने पदको उम्मेदवार हुन राजपत्र अनङ्कित श्रेणीको पदबाट सोभन्दा माथिको राजपत्र अनङ्कित श्रेणीको पदमा बढुवा हुन बढुवा हुने पद भन्दा तल्लो पदमा कम्तिमाचार वर्ष, राजपत्र अनङ्कित श्रेणीको पदबाट राजपत्राङ्कित श्रेणीको पदमा बढुवा हुन बढुवा हुने भन्दा तल्लो श्रेणीको पदमा न्यूनतम आठ वर्ष सेवा अवधि पूरा भएको हुनु पर्नेछ र त्यसरी बढुवाका लागि पदावधि गणना गर्दा प्रहरी हवल्दार र प्रहरी वरिष्ठ हवल्दार तथा प्रहरी नायब निरीक्षक र प्रहरी बरिष्ठ नायव निरीक्षक पदमा कार्यरत रहँदाको अवधि समेत गणना गरिनेछ।

(२) राजपत्राङ्कित श्रेणीको पदबाट राजपत्राङ्कितसोही श्रेणीकैमाथिल्लो पदमा बढुवा हुन बहाल रहेको पदमा कम्तिमा तीन वर्ष पदावधि पुरा भएको हुनु पर्नेछ।

२७. **<u>बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने</u>**: दफा २६ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्था र अवधिभर कुनै पनि प्रहरी कर्मचारी बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन:

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा सो अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाईपाई आएको तलब वृद्धि घटुवा भएकोमा जति वर्षको तलब बृद्धि घटुवा भएको हो त्यति वर्षसम्म,

(च) जेष्ठता सहितको शुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले चार वर्षसम्म,

(छ) बहालरहेको पदमा तीन पटक भन्दा बढी नसिहत पाएको भए निज सम्भाव्य उम्मेदवार भएको मितिले दुई वर्षसम्म,

(ज) पदमा पूनःबहाली भएको प्रहरी कर्मचारीको हकमा पुनःबहाली भई तोकिएको तालिम प्राप्त भएको एक वर्षसम्म,

(झ) कुनै कसूरको सम्बन्धमा छानविन समितिबाट छानविन भई मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाइ नपाएसम्म,

(ञ) प्राविधिक प्रहरी कर्मचारीको हकमा नीजि प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको अवधिभर,

(ट) तोकिए बमोजिमको स्वास्थ्य परीक्षणको मापदण्ड पुरा नगरेको र

(ठ) कुनै प्रहरी कर्मचारीका लागि तोकिएको आधारभूत तालिम पुरा नगरेको।

२८. **<u>बढुवाका आधारः</u>** (१) बढुवा समितिले प्रहरी कर्मचारीलाई कार्य क्षमता वापत पाएको कुल अङ्कको आधारमा सबैभन्दा बढीअङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रम अनुसार बढुवाको लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मूल्याङ्कन गर्दा बढीमा एक सय अङ्क देहाय बमोजिम दिईनेछः

(क) कार्य सम्पादन मूल्याङ्कन वापत चालीस अङ्क,

(ख) जेष्ठता वापततीस अङ्क,

(ग) शैक्षिक योग्यता वापत सात अङ्क,

(घ) तालिम वापत आठ अङ्क,

(ङ) भौगोलिक क्षेत्रमा काम गरे बापत आठ अङ्क,

(च) जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य बापत दुई अङ्क,

(छ) बढुवा समितिले दिने पाँच अङ्क।

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन वापत अङ्कको गणना गर्दा असार मसान्तसम्मको हिसावले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

२९. **<u>कार्य सम्पादन मूल्याङ्कनसम्बन्धी व्यवस्थाः</u>** (१) प्रहरी कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) प्रहरी कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन प्रत्येक आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गरिनेछ।

(३) प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुलअङ्कको विभाजन देहाय बमोजिम हुनेछः

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम् अङ्क - बिस

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम् अङ्क - पन्ध्र

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम् अङ्क - पाँच

(४) बढुवाको प्रयोजनको लागि कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्ष सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति नै वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसथबाट हिसाव गरिनेछ।

(५) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **जेष्ठतावापत दिइनेअङ्कसम्बन्धी व्यवस्थाः** (१) प्रहरी कर्मचारीलाई जेष्ठता वापतको अङ्क दिँदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षका लागि दुई अङ्कका दरले बढीमा तीसअङ्क दिईनेछ।

(२) जेष्ठता बापत अङ्क दिँदा एक वर्षभन्दा बढी अर्को वर्ष पुरानभएको अवस्थामा महिना वा दिनको हिसाब गरी सोही अनुपातमा अङ्क दिईनेछ।

तर गयल कट्टी भएको अवधिको जेष्ठता वापतको अङ्क गणना गरिने छैन।

३१. **शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाः** बढुवाका लागि प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा बढीमा सातअङ्क दिईनेछ र शैक्षिक योग्यता वापत दिईने अङ्क विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **तालिम सम्बन्धी व्यवस्थाः** प्रहरी सेवाको पदमा कार्यरत रहँदा लिएकोतालिम बापत बढीमा आठअङ्क प्रदान गरिनेछ र तालिम वापत अङ्क दिने सम्बन्धी अन्यव्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **भौगोलिक क्षेत्रसम्बन्धी व्यवस्थाः** (१) प्रहरीकर्मचारीको पदस्थापन, सरुवा र बढुवा प्रयोजनको लागि प्रदेशमा (क), (ख), (ग), (घ) र (ङ) भौगोलिक क्षेत्र रहनेछ र त्यसरी कायम गरिने भौगोलिक क्षेत्र अनुसूची-१ बमोजिम हुनेछ।

(२) कुनै प्रहरी कर्मचारीले उपदफा (१) बमोजिमको भौगोलिक क्षेत्रमा कार्यरत भई सेवा गरे बापत अङ्क दिँदा प्रत्येक वर्षका लागि देहाय बमोजिम बढिमा आठ अङ्क दिईनेछः-

(क) "क" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष एक अङ्क,

(ख) "ख" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष शून्य दशमलव असी अङ्क,

(ग) "ग" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष शून्य दशमलव साठी अङ्क,

(घ) "घ" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष शून्य दशमलव चालीस अङ्क र

(ङ) "ङ" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष शून्य दशमलव बीस अङ्क।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरी तालिम केन्द्र वा अन्य प्रहरी प्रशिक्षण केन्द्र, प्रदेश दङ्गा नियन्त्रण गण, प्रदेश सशस्त्र प्रहरी गण मुख्यालय र विपद् व्यवस्थापन गुल्ममा कार्यरत रही सेवा गरे बापत उपदफा (१) को खण्ड (ग) बमोजिमको अङ्क प्रदान गरिने छ।

३४. **जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य सम्बन्धी व्यवस्थाः** (१) प्रहरी सेवाको पदमा कार्यरत रहँदा जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य बापत बढीमा दुई र घटीमा एक अङ्कभन्दा कम दिईने छैन।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य बापतको अङ्क दिने कार्य वार्षिक रुपमा पुनरावलोकनकर्ताको तहको अधिकृतबाट हुनेछ।

(३) जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य बापत प्रदान गरिने अङ्क लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. **बढुवा समितिले दिने अङ्कः** (१) बढुवा समितिले बढुवा हुने प्रहरी कर्मचारीलाई बढीमा पाँच अङ्क प्रदान गर्नेछ र त्यसरी अङ्क प्रदान गर्दा बढुवा समितिको अध्यक्ष तथा सदस्यले छुट्टाछुट्टै मूल्याङ्कन गरिदिएको अङ्कको औसतबाट अङ्क निर्धारण गरिनेछ।

(२) बढुवा समितिका अध्यक्ष र सदस्यले उपदफा (१) बमोजिम अङ्क दिँदा कुनै प्रहरीलाई दुई भन्दा कम वा चार भन्दा बढी अङ्क दिनु परेमा त्यसरी घटी वा बढी अङ्क दिनु पर्नाको आधार र कारण स्पष्ट खुलाउनु पर्नेछ।

(३) बढुवा समितिले अङ्क प्रदान गर्दा कार्यसम्पादनमा प्राप्त गरेको अङ्क र निजले हालको पदमा प्राप्त गरेको पुरस्कार तथा पाएको सजाय समेतलाई आधार लिनु पर्नेछ।

३६. **बढुवा उजुरी सम्बन्धी व्यवस्थाः** (१) बढुवा समितिको सिफारिसमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले बढुवाको सिफारीस सम्बन्धी निर्णय भएको मितिले सात दिनभित्र बढुवाको उजुरी सुन्ने समितिको अध्यक्ष समक्ष उजुरी दिन सक्नेछ र त्यस्तो उजुरी सुनी निर्णय गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रहरी बरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक र प्रहरी नायब उपरीक्षक पदको बढुवा सिफारीसको हकमाः

(१) अध्यक्ष, प्रदेश लोक सेवा आयोग - अध्यक्ष

(२) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(३) कानून सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय - सदस्य

(ख) प्रहरी निरीक्षक, प्रहरी बरिष्ठ नायब निरीक्षक, प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षक पदको बढुवा सिफारीसको हकमाः-

(१) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको लोक सेवा आयोगको सदस्य - अध्यक्ष

(२) सचिव, मन्त्रालय - सदस्य

(३) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(ग) प्रहरी बरिष्ठ हवल्दार र प्रहरी हवल्दार पदको बढुवा सिफारिसको हकमाः

(१) सचिव, प्रदेश लोक सेवा आयोग - अध्यक्ष

(२) प्रतिनिधि (कम्तिमा अधिकृतस्तर नवौं/दशौं), मन्त्रालय - सदस्य

(३) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी उपरीक्षक - सदस्य

३७. **स्वतः बढुवा सम्बन्धी व्यवस्थाः** (१) एउटै पदमा पाँच वर्ष सेवा अवधि पुरा गरेका र कार्यसम्पादनमा कैफियत नजनिएका प्रहरी कर्मचारीको कार्यालय सहयोगी देखि प्रहरी उपरीक्षक दर्जासम्मका प्रहरी कर्मचारीले उमेरको हद वा पदावधिको कारणबाट अवकाश हुने भएमा अवकाश हुनु भन्दा एक महिना अगाडि त्यस्ता प्रहरी कर्मचारीलाई स्वतः एक तह माथिको पदमा बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीको पदस्थापना गर्न आवश्यक पर्ने विशेष पद स्वतः सिर्जना भएको मानिनेछ र त्यस्तो विशेष पदमा पदस्थापना भएको प्रहरी कर्मचारी प्रदेश प्रहरी सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।

(३) उपदफा (१) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीलाई बढुवा हुनुभन्दा अघिको पदबाट अवकाश हुँदा पाउने सुविधा भन्दा घटी नहुने गरी सुविधा दिईनेछ।

३८. **मानार्थ बढुवा सम्बन्धी व्यवस्थाः** (१) प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीले प्रशंसनीय काम गरेको तर बढुवाको अवसर नपाई अनिवार्य अवकाश हुने प्रहरी निरीक्षक देखि प्रहरी वरिष्ठ उपरीक्षक दर्जासम्मका प्रहरी अधिकृतलाई बढुवा समितिको सिफारिससाथ अवकाश हुनु अघि मानार्थ बढुवाको लागि प्रदेश प्रहरी प्रमुखले मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेस गर्न सक्नेछ र त्यसरी पेस भएमा प्रदेश सरकारले मानार्थ बढुवा गर्न सक्नेछ।

(२) प्रहरी वरिष्ठ नायव निरीक्षक र प्रहरी नायव निरीक्षक पदमा प्रशंसनीय काम गरेको तर बढुवाको अवसर नपाएका प्रहरी कर्मचारीलाई अनिवार्य अवकाश हुनु भन्दा अघि प्रदेश प्रहरी प्रमुखले एक तह माथिको दर्जामा मानार्थ बढुवा गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ बढुवा हुने प्रहरी कर्मचारीले दर्ज्यानी चिन्ह प्रयोग गर्न पाउनेछ र त्यसरी बढुवा हुने प्रहरी कर्मचारीले मानार्थ बढुवा भएको पदको सुविधा पाउने छैन।

३९. **बढुवा सम्बन्धी विशेष व्यवस्था:** (१) देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीलाई बढुवा समितिको सिफारिसमा प्रदेश प्रहरी प्रमुखले राजपत्र अनङ्कित पदसम्म एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्नेछ:

(क) राष्ट्र तथा प्रहरी सङ्गठनको मान, प्रतिष्ठा र गौरव बढाउने प्रशंसनीय, सृजनात्मक र शाहसीक कार्य गरेमा,

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी सङ्गठनको छवि उच्च बनाउन विशेष योगदान पुऱ्याएमा,

(ग) प्रहरी सेवामा रही कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त गरेको वा शारीरिक रुपमा अशक्त भई सेवाबाट अवकाश लिनुपर्ने अवस्था भएमा।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको आधारमा बढुवा गर्दा एक आर्थिक वर्षमा तीन जनाभन्दा बढी सङ्ख्यामा बढुवा गरिने छैन तर उपदफा (१) को खण्ड (ग) को अवस्थाको हकमा यो व्यवस्था लागु हुने छैन।

(३) उपदफा (१) बमोजिम बढुवा गर्दा बढुवा भएका प्रहरी कर्मचारीको नाम, पद, बढुवा गर्नु पर्ने आधार र कारण सहितको लिखित विवरण प्रदेश प्रहरी कार्यालयले बढुवा गरेको पन्ध्र दिन भित्र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

परिच्छेद-६

सरुवा र काज सम्बन्धी व्यवस्था

४०. **सरुवा सम्बन्धी व्यवस्था:** (१) यस ऐनको अधीनमा रही प्रदेश प्रहरी कर्मचारीको सरुवा सामन्यतया दुई वर्षमा गरिनेछ तर राजपत्राङ्कित श्रेणीको प्रहरी कर्मचारी र प्रहरी कार्यालय प्रमुखको सरुवा सामान्यतया एक वर्षमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा कार्यबोझ, कार्य विविधता समेतका आधारमा नेतृत्व, सहायक नेतृत्व र सहायक कर्मचारीको रुपमा सामान्यतया समानता हुने गरी गरिनेछ।

(३) प्रहरीका पति-पत्नि दुवै प्रहरी कर्मचारी भए समायोजन भई पदस्थापना वा सरुवा गर्दा सामान्यतया एकै कार्यालयमा गरिनेछ र त्यसरी सम्भव नभए दुवै जनालाई सकेसम्म नजिकको कार्यालयमा पदस्थापना वा सरुवा गरिनेछ।

तर त्यसरी सरुवा गर्दा पति वा पत्निमध्ये पछिल्लो सरुवा जसको भएको छ सोही सरुवालाई आधार मानी सरुवा गरिनेछ।

(४) कुनै पनि प्रहरीको समायोजन भई पहिलो पटक पदस्थापन गर्दा प्रदेशभित्रको यस ऐन बमोजिमको जुनसुकै भौगोलिक क्षेत्रमा पदस्थापन गर्न सकिनेछ र त्यसपछि सरुवा गर्दा देहायका आधारमा गरिनेछः-

(क) सरुवा प्रयोजनको लागि पुरै प्रदेशलाई दफा ३३ को उपदफा (१) बमोजिमको भौगोलिक क्षेत्र मानी सरुवा गरिनेछ।

(ख) "क","ख" र "ग" वर्गको भौगोलिक क्षेत्रको कुनै क्षेत्रमा कार्यरत प्रहरी अर्को पटक सरुवा हुँदा "घ" र "ङ" वर्गको भौगोलिक क्षेत्रमा सरुवा हुनेछ भने "घ" र "ङ" वर्गको भौगोलिक क्षेत्रमा कार्यरत प्रहरी अर्को पटक सरुवा हुँदा "क","ख" र "ग" वर्गको भौगोलिक क्षेत्रमा सरुवा हुनेछ।

(ग) दफा ३३ को उपदफा (३) बमोजिमका कार्यालयलाई दफा ३३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको भौगोलिक क्षेत्र सरह मानी प्रहरी कर्मचारीलाई त्यस्तो कार्यालयमा वा त्यस्तो कार्यालयबाट अन्यत्र सरुवा गरिनेछ।

(घ) प्रहरी कर्मचारीको सरुवा गर्दा कार्यालय र दर्जा मिलेसम्म कार्यालय प्रमुखबाट पूनः कार्यालय प्रमुखको रुपमा सरुवा गरिने छैन।

(ङ) जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी जस्ता दैनिक प्रहरी कार्यमा प्रत्यक्ष संलग्न हुने कार्यालयमा कुनै प्रहरी कर्मचारीलाई सरुवा गर्दा वा खटाउँदा सामान्यतया निजको स्थायी बसोबास भएको जिल्लामा खटाइने छैन।

(५) उपदफा (४) को खण्ड (ख) बमोजिम सरुवा गर्दा (क), (ख) र (ग) भौगोलिक क्षेत्रबाट (घ) र (ङ) भौगोलिक क्षेत्रमा तथा (घ) र (ङ) भौगोलिक क्षेत्रबाट (क), (ख) र (ग) भौगोलिक क्षेत्रमा सरुवा गर्दा सम्भव भएसम्म पाँच वटै भौगोलिक क्षेत्रका कार्यालयमा पालैपालो कार्यरत रहने गरी सरुवा गरिने छ।

(६) उपदफा (४) को खण्ड (ग) बमोजिम बाहेक हुने गरी कुनै कारणले सरुवा गर्नु परेमा सरुवा गर्ने अधिकारीले त्यसरी सरुवा गर्नुको आधार र कारण

खोली पर्चा खडा गरी सरुवा गर्न सक्नेछ र त्यसरी गरिएको सरुवाको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(७) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सरुवासम्बन्धी अवधि नपुग्दै कुनै पनि प्रहरी कर्मचारीलाई जुनसुकै भौगोलिक क्षेत्रमा सरुवा गर्न सकिनेछः-

(क) आचरण विरुद्धको कार्य गरेमा वा,

(ख) पद अनुसारको जिम्मेवारी पुरा गर्न नसकेमा वा,

(ग) यस ऐन बमोजिम निजलाई विभागीय सजाय गर्नुपर्ने भएमा वा,

(घ) तोकिए बमोजिमका अन्य अवस्था सिर्जना भएमा।

(८) प्रहरी कर्मचारीको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **<u>सरुवा गर्ने अधिकारीः</u>** देहायका प्रहरी कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) प्रहरी बरिष्ठ उपरीक्षक पदमा मन्त्रालयको प्रस्तावमा प्रदेश सरकार,

(ख) प्रहरी उपरीक्षक पदमा प्रदेश प्रहरी प्रमुखको सिफारिसमा मन्त्री, मन्त्रालय,

(ग) प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षक पदमा प्रदेश प्रहरी प्रमुख,

(घ) प्रहरी बरिष्ठ नायब निरीक्षक देखि प्रहरी सहायक निरीक्षक पदसम्मका प्रहरीलाई प्रहरी बरिष्ठ उपरीक्षक,

(ङ) प्रहरी बरिष्ठ हवल्दार देखि प्रहरी कार्यालय सहयोगी पदसम्मका प्रहरीलाई प्रहरी उपरीक्षकबाट।

४२. **<u>काज सम्बन्धी व्यवस्थाः</u>** (१) प्रहरी कर्मचारीलाई सामान्यतया काजमा खटाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रहरी कर्मचारीलाई काजमा खटाउनु पर्ने अवस्था परेमा त्यसरी काजमा खटाउनु परेको आधार र कारण खुलाई पर्चा खडा गरी सरुवा गर्ने अधिकारीले काजमा खटाउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला प्रहरी प्रमुखले सम्बन्धित जिल्लाको प्रहरी वरिष्ठ नायव निरीक्षक देखि प्रहरी कार्यालय

सहयोगी दर्जासम्मका प्रहरी कर्मचारीलाई जिल्लाभित्र काज खटाउनु परेमा काजमा खटाउनु पर्ने आधार र कारण खोली पर्चा खडा गरी काजमा खटाउन सक्नेछ।

परिच्छेद-७

प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार

४३. **प्रहरीको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनको अधीनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्नु,

(ख) प्रदेशभित्र नागरिकको जिउधनको सुरक्षा गरी नागरिक स्वतन्त्रताको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सूचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक व्यवस्था मिलाउने,

(घ) यो ऐन र प्रचलित कानून बमोजिम अपराध अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्त्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(च) प्रदेशभित्र यातायात, भवन, संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(छ) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायसँग सहयोग र समन्वय जुटाउने,

(ज) प्रदेशभित्र विपद्का समयमा उद्दार, राहत, पुनर्स्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(झ) प्रदेशभित्र घटेका अपराध सम्बन्धी प्रादेशिक अभिलेख राख्नु,

(ञ) प्रचलित कानून बमोजिम प्रदेश कारागार, हिराशत कक्ष तथा कारागार र हिराशत कक्षमा रहेका कैदी र बन्दीको व्यवस्थापन गर्ने र सुरक्षा व्यवस्था मिलाउने,

(ट) ट्राफिक प्रहरीलाई समयानुकुल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(ठ) प्रदेशभित्र नीजि क्षेत्रका सुरक्षा प्रदायक व्यक्ति वा संस्था तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(ड) प्रदेश प्रहरीको तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ढ) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ण) बेवारिसे सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(त) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसुरको सम्बन्धमा माग भएमा आवश्यक सहयोग उपलब्ध गराउने,

(थ) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नुपर्ने भएमा सङ्घीय कानून बमोजिम समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(द) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदानप्रदान र समन्वय गर्ने,

(ध) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्य गर्ने गराउने।

(२) सार्वजनिक आवगमन सम्बन्धमा प्रचलित कानून बमोजिम नेपाल प्रहरीलाई भएको अधिकार प्रदेश प्रहरीले समेत प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम अपराध अनुसन्धान गर्दा प्रदेश प्रहरीलाई मुख्य न्यायाधिवक्ता आफैले वा उच्च सरकारी वकिल कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आवश्यक निर्देशन दिन सक्नेछ।

(४) प्रदेश प्रहरीले सूचना र सञ्चार प्रविधिसँग सम्बन्धित उपकरणको प्रयोग गर्दा नेपाल प्रहरीसँग समन्वय गरी प्रयोग गर्नुपर्नेछ।

परिच्छेद-८

पारिश्रमिक, भत्ता तथा अन्य सुविधा

४४. **प्रहरीले पाउने पारिश्रमिक तथा सुविधाः** (१) प्रहरी कर्मचारीले पाउने पारिश्रमिक, भत्ता, रासन खर्च, चाडपर्व खर्च तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

(२) प्रदेश प्रहरीमा समायोजन भई आउने प्रहरी कर्मचारीले खाईपाई आएको ग्रेडको सीमा अन्तिम भए तापनि समायोजन बापतको थप दुई ग्रेड पाउनेछ।

(३) प्रहरी कर्मचारीले कुनै किसिमले सेवाबाट अलग हुँदा सेवा अवधिभरमा राजपत्राङ्कितस्तरको प्रहरी अधिकृत भएमा बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणीको प्रहरी कर्मचारी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित र श्रेणीविहिन प्रहरी कर्मचारी भए एक्काईस महिना बराबरको पारिश्रमिक रकम उपचार खर्च बापत पाउनेछ।

(४) प्रहरी कर्मचारीलाई उपलब्ध गराईने उपचार खर्च सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **सञ्चय कोष सम्बन्धी व्यवस्थाः** प्रहरी कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शतप्रतिशत रकम थप गरी सञ्चय कोषमा जम्मा गर्नेछ।

४६. **थप सुविधा सम्बन्धी विशेष व्यवस्थाः** प्राकृतिक तथा गैर प्राकृतिक विपद् वा अन्य विशिष्ट परिस्थितिमा परिचालित हुने प्रहरी कर्मचारीलाई प्रदेश सरकारले तोकेबमोजिम थप विशेष सुविधा उपलब्ध गराउन सक्नेछ।

४७. **विमा सम्बन्धी व्यवस्थाः** प्रदेश प्रहरी कर्मचारीको योगदानमा आधारित सावधिक जीवन विमासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४८. **प्रहरी कल्याण कोष सम्बन्धी व्यवस्थाः** प्रहरी कर्मचारी, निजका परिवार तथा सेवा निवृत प्रहरी कर्मचारी, शहिद (अमर) प्रहरी परिवार र अशक्त प्रहरीको कल्याणका लागि प्रदेशस्तरीय छुट्टै कोष हुनेछ।

४९. **कोषको सञ्चालक समिति सम्बन्धी व्यवस्थाः** (१) दफा ४८ बमोजिमको कोषको संरक्षक प्रदेश प्रहरी प्रमुख हुनेछ र त्यस्तो कोषको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको एक कल्याण कोष सञ्चालक समिति रहनेछः-

(क)	प्रहरी बरिष्ठ उपरीक्षक, प्रदेश प्रहरी कार्यालय, प्रशासन हेर्ने महाशाखा प्रमुख	- अध्यक्ष
(ख)	प्रमुख, प्रदेश प्रहरी अस्पताल	- सदस्य
(ग)	प्रतिनिधि, मन्त्रालय (अधिकृतस्तर कम्तिमा नवौं तह)	- सदस्य
(घ)	प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय (अधिकृतस्तर कम्तिमा नवौं तह)	- सदस्य

(ङ) अवकाश प्राप्त र बहालवाला प्रहरी अधिकृत मध्येबाट संरक्षकले मनोनित गरेका दुई जना - सदस्य

(च) अवकाश प्राप्त र बहालवाला प्रहरी हवल्दार वा प्रहरी जवान मध्येबाट संरक्षकले मनोनित गरेका दुई जना - सदस्य

(छ) प्रदेश प्रहरी कार्यालय, कल्याण कोष हेर्ने शाखा प्रमुख - सदस्य सचिव

(२) दफा ४८ बमोजिमको प्रहरी कल्याण कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **बिदा सम्बन्धी व्यवस्थाः** (१) प्रहरी कर्मचारीले देहाय बमोजिमका बिदा पाउनेछन्:

(क) भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) प्रसुति बिदा,

(च) प्रसुति स्याहार बिदा,

(छ) सट्टा बिदा,

(ज) अध्ययन बिदा।

(२) प्रहरी कर्मचारीले पाउने बिदा सहुलियत मात्र हो, अधिकारको रुपमा दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको घर बिदा तोकिए बमोजिम सञ्चित हुनेछ र त्यसरी सञ्चित भएको घर बिदा बापतको रकम बिदा सञ्चित गर्ने प्रहरी कर्मचारीले खाई पाई आएको पारिश्रमिक बराबर हुनेगरी अवकाश लिदाँ भुक्तानी पाउनेछ।

(४) उपदफा (३) बमोजिम सञ्चित बिदा बाहेक थप घरबिदा सञ्चित भएमा त्यस्तो सञ्चितबिदा बापतको रकम वर्ष समाप्त भएको अर्को वर्षको पहिलो महिनामा थप सञ्चित भएको कुल बिदाको दिनमध्ये पचास प्रतिशत दिन बराबरको रकम शुरु तलबस्केलको आधारमा हिसाव गरी दिइनेछ।

(५) बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-९

अवकाश, उपदान तथा निवृत्तिभरण सम्बन्धी व्यवस्था

५१. **अनिवार्य अवकाश सम्बन्धी व्यवस्थाः** (१) प्रहरी कर्मचारीको उमेरको हद तथा पदावधिमध्ये जुन पहिला पुरा हुन्छ सोही मितिबाट त्यस्ता प्रहरी कर्मचारीको अवकाश हुनेछ।

(२) देहायका प्रहरी कर्मचारीले देहाय बमोजिमको कुनै एक आधारमा सेवाबाट स्वतः अवकाश पाउनेछः-

(क) देहायको पदमा बहाल रहेको प्रहरीकोदेहाय बमोजिम उमेर पुरा भएमाः

(१) प्रहरी बरिष्ठ उपरिक्षक छपन्न वर्ष,

(२) प्रहरी उपरीक्षक पच्पन्न वर्ष,

(३) प्रहरी नायब उपरीक्षक चौवन्न वर्ष,

(४) प्रहरी निरीक्षक त्रिपन्न वर्ष,

(५) प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक वाउन्न वर्ष,

(६) प्रहरी सहायक निरीक्षक एकाउन्न वर्ष,

(७) प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार र प्रहरी जवान अड्चालीस वर्ष,

(८) प्रहरी कार्यालय सहयोगी पच्पन्न वर्ष।

(ख) देहायको पदमा देहायको अवधिसम्म बहाल रहेको प्रदेश प्रहरी अधिकृतले सो अवधि भुक्तान गरेको आधारमाः

(१) प्रहरी बरिष्ठ उपरीक्षक छ वर्ष,

(२) प्रहरी उपरीक्षक दश वर्ष।

५२. **सेवाबाट अलग हुन नपाउनेः** (१) कुनै पनि प्रहरीले नियुक्ति भएको मितिले पाँच वर्ष सेवा अवधि पुरा नभएसम्म सेवाबाट अलग हुन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी कर्मचारीलाई उचित र उपयुक्त कारणले सेवाबाट अलग नभई नहुने अवस्था परेमा निजले कारण खोली अख्तियारवाला समक्ष निवेदन दिनु पर्नेछ र अख्तियारवालाले मनासिब ठानेमा प्रहरी कर्मचारीलाई सेवाबाट अलग हुन अनुमति दिन सक्नेछ।

(३) पाँच वर्ष सेवा अवधि पुरा नगरी राजिनामा स्वीकृत नगराई सेवाबाट अलग हुने प्रहरी कर्मचारीबाट तालिम अवधिमा लागेको सम्पूर्ण खर्च सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

५३. **स्वेच्छिक अवकाशसम्बन्धी व्यवस्थाः** पाँच वर्ष सेवा अवधि पुरा गरेको कुनै पनि प्रहरी कर्मचारीले उपयुक्त र उचित कारण देखाई नियुक्ति दिने अधिकारी समक्ष राजिनामा दिई स्वीकृत गराई स्वेच्छिक अवकाश लिन सक्नेछ र त्यस्तो स्वेच्छिक अवकाश लिने प्रहरी कर्मचारीले पाउने सुविधा सम्बन्धीव्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. **उपदान सम्बन्धी व्यवस्थाः**(१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने सेवा अवधि नपुगेको प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाएमा वा अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा त्यस्तो प्रहरी कर्मचारीले उपदान पाउनेछ।

(२) उपदफा (१) बमोजिम पाउने उपदानसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. **निवृत्तिभरण सम्बन्धी व्यवस्थाः**(१) बीस वर्ष वा सोभन्दा बढी समयसम्म प्रहरी सेवामा काम गरेको प्रहरी कर्मचारीले सेवाबाट अवकाशभए पश्चातनिवृत्तिभरण पाउनेछ।

तर मिति २०६०।१२।२६ गते अगावै नेपाल प्रहरीमा नियुक्ति भई प्रदेश प्रहरीमा समायोजन हुन आएका प्रहरी कर्मचारीले देहाय बमोजिम वा सोभन्दा बढी अवधिसम्म प्रहरी सेवामा काम गरी नोकरीबाट अवकाश भएमा निवृत्तिभरण पाउनेछः

(क) राजपत्राङ्कित अधिकृत बीसवर्ष,

(ख) प्रहरी वरिष्ठ नायब निरीक्षकदेखि प्रहरी सहायक निरीक्षक सम्म अठारवर्ष,

(ग) प्रहरी वरिष्ठ हवल्दारदेखि प्रहरी जवान सम्म सोह्रवर्ष,

(घ) प्रहरी कार्यालय सहयोगी बीस वर्ष।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम समायोजन भई आएका प्रहरी कर्मचारीको हकमा निवृत्तिभरण सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ।

(३) यो ऐन प्रारम्भ भएपछि यसै ऐन बमोजिम नियुक्त हुने प्रहरीले पाउने योगदानमा आधारित निवृत्तिभरणसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) प्रहरी कर्मचारीले पाउने निवृत्तिभरण,पारिवारिक निवृत्तिभरण, अशक्तवृत्ति, असाधारण पारिवारिक निवृत्तिभरण र उपदान, सन्ततिवृत्ति,शैक्षिकवृत्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५६. **राजिनामा दिन सक्नेः**(१) कुनै प्रहरी कर्मचारीलेअख्तियार प्राप्त अधिकारी समक्ष राजिनामा दिई स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ र त्यसरी सेवाबाट अवकाश हुने प्रहरी कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ।

(२) प्रहरी कर्मचारीको राजिनामा स्वीकृत गर्ने अधिकारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) प्रहरी कर्मचारीको नोकरी अवधिको गणना तोकिए बमोजिमको हिसाबमा गरिनेछ।

परिच्छेद-१०

आचरण सम्बन्धी व्यवस्था

५७. **दान, दातव्य, उपहार लिन नहुनेः** प्रहरी सङ्गठन र सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति बिना स्वदेशी तथा विदेशी कसैबाट पनि कुनै पनि प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापट लिन हुँदैन।

५८. **चन्दा लिन नहुनेः** प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृती बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनु हुँदैन।

५९. **सम्पत्ति विवरण बुझाउनु पर्नेः** प्रहरी कर्मचारीलेतोकिए बमोजिमको फाराममा आफ्नो सम्पत्तिविवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र सम्बन्धित कार्यालय मार्फत्तोकिएको निकायमा बुझाउनु पर्नेछ।

६०. **कम्पनी स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुनेः** प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायको काम गर्नु हुदैनः

(क) कुनै बैङ्क वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

६१. **सरकारी काममा थाहा पाएका कुरा सार्वजनिक गर्नमा प्रतिबन्धः** प्रहरी कर्मचारीले प्रदेश सरकार वा विशेष रुपबाट अख्तियार प्राप्त नगरी आफूले कर्तव्य पालना गर्दा सरकारी तथा गैरसरकारी स्रोतबाट प्राप्त गरेको वा आफूले लेखेको अथवा संलग्न गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत व्यक्ति वा सञ्चार माध्यमलाई जानकारी दिनु हुँदैन र यस्तो प्रतिबन्ध जुनसुकै कारणले प्रहरी सेवाबाट अलग रहेको प्रहरी कर्मचारीको हकमा समेत लागु हुनेछ।

६२. **रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय माध्यम वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुनेः** (१) प्रहरी कर्मचारीलेप्रदेश सरकारको अनुमति प्राप्त नगरीकुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय सञ्चार माध्यम वा अन्य सञ्चार माध्यममा आफ्नो वास्तविक तथा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुदैन।

तर प्रहरी कार्यालयको प्रमुख वा प्रवक्ताले कर्तव्य पालनको सिलसिलामा प्रहरी काम कारबाहीको विषयमा स्पष्ट गर्नको लागि सञ्चार माध्यममा बोल्न वा स्पष्ट गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि साहित्यिक, ऐतिहासिक, वैज्ञानिक र व्यवसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

६३. **सरकारको आलोचना गर्न नहुनेः** प्रहरी कर्मचारीले सरकारको नीति विरुद्ध असर पर्ने गरीअथवा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनता बीचको पारस्परिक सम्बन्धमा अथवा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरीआफ्नो वास्तविक वा काल्पनिक नामबाट अथवा बेनामी लेख प्रकाशित गर्ने, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्ने, सार्वजनिक भाषण दिन वा वक्तव्य प्रसारण गर्न हुँदैन।

६४. **निर्वाचनमा भाग लिन नहुनेः** प्रहरी कर्मचारीले कुनै राजनैतिक पदको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारको आफ्नो प्रभाव पार्नु हुँदैन।

तर कसैलाई मत दिएको वा दिन बिचार गरेको कुरा प्रकट नगरीप्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

६५. **राजनीतिमा भाग लिन नहुनेः** प्रहरी कर्मचारीले कुनै राजनैतिक दलको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले प्रभाव पार्नु हुदैन।

६६. **प्रेसको सहारा लिन नहुनेः** प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृती नलिई कुनै व्यक्तिद्वारा निजको कर्तव्य पालनको सम्बन्धमा लगाएको आरोपको निमित्त प्रेस अथवा सञ्चारको सहारा लिन हुँदैन।

तर यस दफाले प्रहरी कर्मचारीले आफ्नो व्यक्तिगत काम वा चरित्रको सम्बन्धमा सफाइ दिन पाउने अधिकारमा कुनै असर पुऱ्याएकोमानिने छैन।

६७. **समय पालना र नियमितता:** प्रहरी कर्मचारीले ठीक समयमा नियमित रुपले आफ्नो पालोमा हाजिर हुनु पर्नेछ र साधारणतया बिदा स्वीकृत नगराई काममा अनुपस्थित हुन पाउने छैन।

६८. **अनुशासन र आज्ञापालन:** (१) प्रहरी कर्मचारीले आफ्नो जिम्मेवारी र कर्तव्य ईमान्दारिता र तत्परताका साथ पालना गर्नु पर्नेछ।

(२) प्रहरी कर्मचारीले सरकारी काम सम्बन्धी विषयमा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शिघ्रताका साथ पालना गर्नु पर्नेछ।

(३)प्रहरी कर्मचारीले आफूभन्दा माथिको सबै प्रहरी अधिकृत प्रति उचित आदरपूर्ण व्यवहार देखाउनु पर्नेछ र आफू मातहतका प्रहरी कर्मचारीप्रति उचित व्यवहार गर्नु पर्नेछ।

६९. **बाहिरी प्रभावमा पार्न नहुने:** प्रहरी कर्मचारीले आफ्नो सेवा सम्बन्धीविषयमा आफ्नो स्वार्थका लागि आफूभन्दा माथिको अधिकृतलाई कुनै आन्तरिक वा बाह्य प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन।

७०. **लैङ्गिक संवेदनशील हुनुपर्ने:** प्रहरी कर्मचारीले आफ्नोकाम, कारबाही र व्यवहारमा लैङ्गिक संवेदनशीलताको संधै ख्याल गर्नु पर्नेछ।

७१. **कानून विपरीत विवाह गर्न नहुने:** प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन।

७२. **हातपात वा जोरजुलुम गर्न नहुने:** प्रहरी कर्मचारीलेकुनै कर्मचारीउपर हातपात जोरजुलुम वा कुनै प्रकारको आक्रमण गर्नु वा गराउनु हुँदैन।

७३. **स्थायी आवासीय अनुमति लिन नहुने:** (१) प्रहरी कर्मचारीले अन्य कुनै देशको स्थायी आवासीय अनुमति लिन पाउने छैन।

(२) प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएमा अनुमति लिएको तीस दिन भित्र सम्बन्धित प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिम विवरण पेस गर्नु पर्नेछ:

(क) आफ्नो नामथर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासिय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम,

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछिसम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश प्रहरी कार्यालय समक्ष पठाउनु पर्नेछ।

७४. **अन्य आचरण सम्बन्धी व्यवस्था:** प्रहरी कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

परिच्छेद-११

विभागीय सजाय र पुनरावेदन

७५. **विभागीय सजायः** (१)प्रहरी कर्मचारीले यस ऐन,नियमावली तथा प्रचलित कानून विपरीत कुनै कार्य गरेको उचित र पर्याप्त कारण प्राप्त भएमा त्यस्तो प्रहरी कर्मचारीलाई अख्तियारप्राप्त अधिकारीले देहाय बमोजिमको विभागीय कारबाही वा सजाय गर्न सक्नेछः

(क) सामान्य सजाय अन्तर्गत देहाय बमोजिमको सजाय हुनेछः

(१) शारीरिक परिश्रम हुने सजाय वा नियन्त्रणमा राख्नु,

(२) नसिहत दिने,

(३) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेख्ने,

(४) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(६) खाइपाई आएको बढीमा पाँच तलबवृद्धिसम्म घटुवा गर्ने,

(७) हालको पदको जेष्ठतासहित खाईपाई आएको शुरु तलब स्केलमा घटुवा गर्ने,

(८) तल्लो पदमा घटुवा गर्ने,

(ख) विशेष सजाय अन्तर्गत देहाय बमोजिमको सजाय हुनेछः

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरीसेवाबाट हटाउने र

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

(२) प्रहरी कर्मचारीलाई गरिने विभागीयकारबाही वा सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रहरी कर्मचारीले प्रचलित कानून बमोजिम सजाय हुने कुनै कसूर गरेमा त्यस्तो कानून बमोजिम कारबाही वा सजाय गर्न यो ऐनले कुनै बाधा पुऱ्याएको मानिनेछैन।

७६. **निलम्बन सम्बन्धी व्यवस्थाः** (१) कुनै प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोग जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन सक्ने अख्तियारप्राप्त अधिकारीले जाँचबुझ समाप्त नहुँदा सम्मको लागि त्यस्तो प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ र यसरी निलम्बन गर्दा निलम्बन गर्नुको आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिना भन्दा बढी हुने छैन र निलम्बन अवधिमा निज उपर लागेको अभियोगको टुङ्गो लगाइसक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्थामा निलम्बनगर्न सकिनेछः

(क) निलम्बन नगरी पदको काम गर्न दिँदा झुठा प्रमाण सङ्कलन गर्न सक्ने वा आफू विरुद्धको सवुद प्रमाण लुकाउन वा नष्ट गर्न सक्ने देखिएमा,

(ख) निलम्बन नगरी पदको काम गर्न दिँदाथप सरकारी हानिनोक्सानी हुने सम्भावना देखिएमा,

(ग) कुनै प्रहरी कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगर्दासङ्गठनभित्रका कर्मचारीमा नैराश्यता,उत्तेजना आउने, जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रदेश प्रहरी सङ्गठनको प्रतिष्ठामा आँच आउने देखिएमा।

(४) उपदफा (१) बमोजिम निलम्बनको अवस्थामा रहेको प्रहरी कर्मचारीले निलम्बन अवधिभर पाउने पारिश्रमिकको आधा रकम मात्र पाउनेछ तर निलम्बन फुकुवा भएमा निलम्बन अवधिभरको सम्पूर्ण पारिश्रमिक र सुविधा पाउनेछ।

(५)कुनै प्रहरी कर्मचारी प्रचलित कानून बमोजिमको फौजदारी अभियोगमा निज विरुद्ध अदालतमा मुद्दा चली शुरु अदालतबाट अभियोग प्रमाणित नभई सफाइ पाएमा त्यस्तो प्रहरीको हकमा निलम्बन फुकुवा गरिनेछ।

(६) उपदफा (५) बमोजिम शुरु अदालतबाट सफाइपाउने प्रहरी कर्मचारीले आफूले सफाइ पाएको फैसला वा आदेशको प्रमाणित प्रतिलिपि सहितको निवेदन अख्तियारप्राप्त अधिकारी समक्ष दिनु पर्नेछ र अख्तियारप्राप्त अधिकारीले निवेदन प्राप्त हुनासाथ त्यस्तो प्रहरी कर्मचारीको निलम्बन फुकुवा गर्नुपर्नेछ।

(७) कुनै पनि प्रहरी कर्मचारीलाई कुनै फौजदारी अभियोगमा शुरु अदालतले कसूरदार ठहर गरेकोमा पुनरावेदन सुन्ने अदालतले सफाइ दिएमा सफाइ दिएको प्रमाण सहित अख्तियारप्राप्त अधिकारीसमक्ष निवेदन दिएमा त्यस्तो प्रहरी कर्मचारीको निलम्बन फुकुवा हुनेछ।

(८) कुनै प्रहरी कर्मचारीलाई कुनै फौजदारी अभियोगमा शुरु अदालतले सफाइ दिएकोमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो अभियोगमा कसूरदार ठहर गरेमा सोही बमोजिम हुनेछ।

७७. **सजाय गर्ने अधिकारी सम्बन्धी व्यवस्थाः** दफा ७५ बमोजिमको सजाय गर्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

७८. **विभागीय सजायको पुनरावेदन सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि प्रहरी कर्मचारी उपर गरिएको विभागीय कारवाही वा अन्य सजाय सम्बन्धी निर्णय वा आदेशका सम्बन्धमा चित्त नबुझे चित्त नबुझ्ने प्रहरी कर्मचारीले पुनरावेदन सुन्ने अधिकारीसमक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन गर्ने प्रहरी कर्मचारीले आफूसँग भएको प्रमाण र निर्णय वा आदेशकोप्रतिलिपी सहित निर्णय वा आदेशको प्रतिलिपी प्राप्त गरेको मितिले पैंतीसदिनभित्र तोकिए बमोजिमको ढाँचामा उपदफा (१)बमोजिमका अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त गरेको मितिले पैंतीस दिनभित्र पुनरावेदन सुन्ने अधिकारीले त्यस्तो निवेदनका सम्बन्धमा निर्णय गर्नुपर्नेछ र त्यसरी गरिएको निर्णय वा आदेश अन्तिम हुनेछ।

७९. **पुनरावेदन सुन्ने अधिकारी सम्बन्धी व्यवस्थाः** पुनरावेदन सुन्ने अधिकारी लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-१२

कसूर तथा सजाय

८०. **कडा अपराध सम्बन्धी व्यवस्थाः** प्रहरी कर्मचारीले देहायको कुनै कसूर गरेमा निजलाई जन्म कैद वा चौध वर्षसम्म कैद वा तीन वर्षको पारिश्रमिक बराबरसम्म जरिबाना वा दुवै सजाय हुनेछः

(क) प्रहरी सेवामा सशस्त्र विद्रोह गरे वा गराएमा वा विद्रोहमा सरिक भएमा वा त्यस्तो विद्रोह गर्न गराउन उत्तेजना फैलाएमा वा त्यस्तो कार्य गर्न षड्यन्त्र वा उद्योग गरेमा,

(ख) विद्रोह हुने ठाउँमा आफू भएकोमा सकभर रोक्ने कोसिस नगरेमा वा त्यस्तो बेला देशभक्त वा कर्तव्यरत कुनै पनि प्रहरी कर्मचारीलाई आफ्नो कर्तव्यबाट विचलित गराएमा वा त्यस्तो उद्योग गरेमा,

(ग) विद्रोह गर्ने मनसायराखेमा वा षड्यन्त्र वा उद्योग भइरहेको थाहा पाई वा त्यस्तो भइरहेको विश्वास गर्नुपर्ने कारण हुँदाहुँदै पनि बेवास्ता गरी आफूभन्दा माथिल्लो पदाधिकारीलाई यथासक्य छिटो सूचना नदिएमा,

(घ) प्रहरी कार्यालय, गारद, पालोपहरा र आफूसाथ वा आफ्नो जिम्मामा रहेको हातहतियार, खरखजाना, अन्य सरकारी सम्पति र कागजात आक्रमणकारीलाई सुम्पी मद्दत गरेमा,

(ङ) आक्रमण वा मुठभेडको समयमा वा सो हुने सम्भावनामा प्रहरी सङ्गठन वा जनतामा जानी जानी झुठो आतङ्क फैलाएमा वा हरेस खुवाउने वा आतङ्कित पार्ने नियतले खतराको झुठो खबर फैलाएमा।

८१. **<u>अन्य कडा अपराध सम्बन्धी व्यवस्था:</u>** प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा दश वर्षसम्म कैद वा दुई वर्षको पारिश्रमिक बराबरसम्म **जरीबाना** वा दुवै सजाय हुनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको कामकारबाही र नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता वा विभिन्न जातजाति, धर्म, सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा बोलेर वा आकार, चिन्ह वा सङ्केतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे, गराए वा उद्योग गरेमा,

(ख) कुनै मित्रराष्ट्र भित्र लुटपाट गरेमा वा गर्न तयारी गरेमा त्यस्तो व्यक्तिलाई मद्दत गरेमा वा सूचना दिएमा वा गलत मनसायले त्यस्तो व्यक्तिसँग सम्पर्क गरेमा,

(ग) आफू खटिएर वा आफ्नो जिम्मामा रहेकोवा आफूले रक्षा गर्नुपर्ने प्रहरी कार्यालय, गारत, पालो, पहरा, पिकेट टोली वागस्ति वा प्रतिष्ठान वा कार्यालय माथि आपराधिक कार्य गर्ने आक्रमणकारी वा हुलदङ्गा गर्नेले आक्रमण गरेका बखत मुठभेड हुँदा वा त्यस्तो मुठभेड हुने आशङ्कामा डराइ भागेमा,

(घ) आफ्नो जिम्मामा रहेको सरकारी वा अरु कसैको हातहतियार खरखजाना बेचबिखन गरेमा,

(ङ) लुटको खोजीमाआफ्नो प्रहरी कार्यालय छोडी अन्य कार्यालय, गारद, पालो, पहरा, पिकेट, टोली, गस्ति, प्रतिष्ठान वा कार्यालयमा गएमा,

(च) ड्युटीमा रहेको वा नरहेको अवस्थामा समेत माथिल्लो दर्जाको प्रहरी भनी थाहा हुँदाहुँदै वा विश्वास गर्ने कारण छँदाछँदै अपराधिकबल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा वा धम्की दिएमा,

(छ) सेवाबाट अवकाश भएको अवस्थामाबहाल छँदा आफ्नो जिम्मा भएको सरकारी वा अरु कसैको हातहतियार, खरखजाना, नगदी जिन्सी समेत तत्काल नबुझाएमा वा मनासिब फाँटवारी नदिएमा,

(ज) कर्तव्य पालनको सिलसिलामा कायरता प्रदर्शन गरेमा।

८२. **<u>अन्य अपराध सम्बन्धी व्यवस्था:</u>** प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा पाँच वर्षसम्म कैद वा एक वर्षको पारिश्रमिक बराबर जरिबाना वा दुवै सजाय हुनेछः

(क) आफ्नो जिम्मामा रहेको सरकारी वा अरु कसैको सरसामान, नगदी, जिन्सी, सवारी साधन जानाजानी वा लापरवाही गरी बिगारेमा, नष्ट गरेमा, हराएमा वा दुरुपयोग गरेमा वा बदनियतले अरु कसैलाई दिएमा,

(ख) प्रहरी कार्यालयमा रासन वा अन्य आवश्यक चिजवस्तु ल्याउने व्यक्तिउपर हमला वा बेइज्जत गरेमा वा बल प्रयोग गरेमा वा कुनै स्थानमा बल मिच्याई गरेमा,

(ग) आफूमाथिको प्रहरी कर्मचारीले दिएको कानून बमोजिमको आदेशको पालना नगरेमा,

(घ) प्रहरीसेवा छोडी भागेमा,

(ङ) सेन्ट्री भई पालो बसेको ठाउँमा सुतेमा वा नियमित बदली नआई बिनाइजाजत छोडेमा,

(च) नियमित बदली नआई वा बिनाइजाजत आफ्नो गारद, पिकेट, टोली वा गस्ति छाडेमा,

(छ) अख्तियार प्राप्त अधिकारीबाट राजिनामा स्विकृत नगराई प्रदेश प्रहरी सेवा छोडेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा,

(ज) सेन्ट्रीलाई कुटेमा वा जबरजस्ती गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा,

(झ) रीतपूर्वक बुझाएको कैदी वा व्यक्ति बुझ्न इन्कार गरेमा वा अख्तियारबिना आफ्नो जिम्मामा रहेको कुनै व्यक्ति वा कैदीलाई छाडेमा वा लापरबाही गरी त्यस्तो कैदी वा व्यक्तिलाई भाग्न दिएमा,

(ञ) गिरफ्तार भएको वा थुनिएको अवस्थामा अख्तियारवालाले नछाड्दै गिरफ्तार भएको वा थुनिएको ठाउँ छोडेमा,

(ट) रोग वा शारीरिक निर्बलताको झुठो बहाना गरेमा,

(ठ) आफ्नो कमान्ड वा जिम्मामा रहेको व्यक्तिको सङ्ख्या वा अवस्थाको वा त्यस्तो व्यक्ति वा नेपाल सरकार, प्रदेश सरकार वा प्रहरी सङ्गठनमाप्राप्त हुन आएको कसैको नगद, हातहतियार, खरखजाना, सरसामान वा अन्य मालसामानको झुठो फाँटवारी वा प्रतिवेदन जानीजानी पेस गरेमा वा गलत मनसायले वा जानीजानी लापरबाहीबाटउल्लेखित विषयको फाँटवारी वा प्रतिवेदन तयार गर्न वा पठाउन छुटाएमावा इन्कार गरेमा,

(ड) राजनैतिक उद्देश्यले आयोजना गरिएका सभा, जुसुस वा प्रदर्शनमा भाग लिएमा, नारा लगाएमा वा वक्तव्य दिएमा,

(ढ) आफ्नो ओहदाको धाकधम्की दिई कसैलाई अनावश्यक दुःख, झन्झट दिएमा वा कसैको सम्पत्ति हानीनोक्सानी गरेमा।

८३. **<u>प्रहरी विशेष अदालतको गठन सम्बन्धी व्यवस्थाः</u>** (१)यस परिच्छेद बमोजिम प्रहरीबाट हुने कसूर र त्यस्तो कसूरका सम्बन्धमा मुद्दा चलाउन र सजाय गर्ने प्रयोजनका लागि प्रहरी विशेष अदालत गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रहरी विशेष अदालत प्रदेश र जिल्ला स्तरमा अलग अलग गठन गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको विशेष अदालत गठन नहुन्जेलसम्म प्रहरीबाट हुने कसूर र त्यस्तो कसूरकासम्बन्धमा मुद्दा चलाउने र सजाय गर्ने सम्बन्धी व्यवस्थासङ्घीय कानूनबमोजिम हुनेछ।

(४)उपदफा (१) र (२) बमोजिमको विशेष अदालतको गठन, काम, कर्तव्य र अधिकार र त्यस्तो विशेष अदालतबाट सम्पादन गरिने अन्य कार्य सम्बन्धी व्यवस्था सङ्घीय कानूनले व्यवस्था गरे अनुसार प्रदेश कानून बमोजिम हुनेछ।

८४. **<u>पुनरावेदन सम्बन्धी व्यवस्थाः</u>** दफा ८३ को उपदफा (१) बमोजिम गठन हुने प्रहरी विशेष अदालतबाट हुने निर्णय वा आदेश उपर पुनरावेदन गर्ने व्यवस्था सङ्घीय कानूनले व्यवस्था गरे अनुसार प्रदेश कानून बमोजिम हुनेछ।

८५. **<u>अन्य कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः</u>** यस ऐनबमोजिम सजाय हुने अपराध गर्ने प्रहरी कर्मचारी उपर अन्यकानून बमोजिम मुद्दा चलाउन वा त्यस्ता प्रहरी कर्मचारीलाई अन्य कानूनबमोजिम सजायको भागी हुन वा यस ऐनमा लेखिएका दण्ड सजाय भन्दा बढी सजायको भागी हुन यस ऐनको कुनै दफाले बाधा पारेको मानिने छैन, तर कुनै प्रहरी कर्मचारीलाई एउटै कसूरमा एक पटक भन्दा वढी सजाय हुने छैन।

परिच्छेद-१३

<u>विविध</u>

८६. **<u>कर्तव्य पालनाको सिलसिलामा प्रहरीको बचाउ सम्बन्धी व्यवस्थाः</u>** (१) प्रहरी कर्मचारीले प्रचलित कानून बमोजिम अपराध रोकथाम तथा नियन्त्रण गर्ने क्रममा वा कानून कार्यान्वयन गर्ने क्रममा पक्राउ गर्ने, व्यक्तिको जीउ, ज्यान र सम्पति रक्षा, विशिष्ट व्यक्तिको सुरक्षा, महत्वपूर्ण चीजवस्तु वा संरचनाको सुरक्षा, सार्वजनिक सम्पतिको रक्षा गर्दाप्रहरीको आत्मरक्षाको क्रममा वा अन्य प्रहरी काम कारबाहीको सिलसिलामा असल नियतले आवश्यकता अनुसार समानुपातिक कानूनी बल प्रयोग गर्न सक्नेछ रत्यसरी बल प्रयोग गर्दा हुन गएको क्षति उपर सम्बन्धित प्रहरीलाई दण्ड सजाय वा **जरीबाना** गरिने छैन।

(२) उपदफा (१) बमोजिम खटिएको प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पुरा गर्न नदिने गरी कुनै जोरजुलुम गरेमा, हातहतियार उठाई वा नउठाई हमला गरेमा वा त्यस्तो अन्य क्रियाकलाप गरेमा आफूले सुरक्षा दिनुपर्ने, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न जुनसुकै दर्जाको प्रहरीले आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा(१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको स्रोतसाधन वा हातहतियारको प्रयोग बदनियत वा हेलचेक्र्याईका साथ प्रयोग गरेको हो वा होईन वा त्यस्तो बल प्रयोग गर्नु आवश्यक थियो वा थिएन भन्ने सम्बन्धमा छानबिन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रहरी कर्मचारीले आफूसँग रहेको स्रोतसाधन वा हातहतियारको प्रयोग गरी बदनियतपूर्वक कुनै काम गरेको वा हेलचेक्र्याई गरेको वा आवश्यकता भन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाईविभागीय कारबाही वा प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ।

(५) सङ्गठित अपराध एवम् जघन्य प्रकृतिको अपराध नियन्त्रण गर्ने सिलसिलामा प्रहरीले आवश्यकता अनुसार गोप्य रुपले छद्म भेषमा नियन्त्रण सम्बन्धी कार्य गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम अपराध नियन्त्रणमासंलग्न प्रहरी कर्मचारीले अभियुक्तलाई पक्राउ गर्न वा अपराधसँग सम्बन्धित दशी प्रमाण र तथ्यको खोजी गर्ने क्रममा जो कोहीसँग गरिएको कुराकानी तथा अन्य नियन्त्रणसँग सम्बन्धित कार्यको सम्बन्धमा खटिएको प्रहरी कर्मचारीलाई सजायको भागिदार बनाइने छैन।

(७) अपराध अनुसन्धान कार्यमा संलग्न प्रहरीकर्मचारीलाई निजले असल नियतले गरेको कुनै कार्यको सम्बन्धमा कुनै प्रकारको सजायको भागिदार बनाईने छैन।

८७. **<u>सेवा परिवर्तनमा वन्देज:</u>** प्रहरी सेवाको कुनै पनि तहका प्रहरीलाई निजको इच्छा विपरीत प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन।

८८. **<u>किताबखाना सम्बन्धी व्यवस्था:</u>** प्रदेश प्रहरीको अभिलेख राख्नु लगायतको कार्य गर्नप्रदेश सरकारले तोके बमोजिम किताबखानाको व्यवस्था गरिनेछ र त्यस्तो व्यवस्था नभएसम्म राष्ट्रिय किताबखानामा राखिएको अभिलेख बमोजिम हुनेछ।

८९. **<u>सूत्र परिचालन गर्न सक्ने:</u>** शान्ति सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सन्बन्धी सूचना सङ्कलनका लागि प्रदेश प्रहरीले गोप्य रुपमा सूत्र परिचालन गर्न सक्नेछ।

९०. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अन्य अधिकारी वा प्रहरी कर्मचारीले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन वा नियम बमोजिम कुनै प्रहरी कर्मचारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा काम गर्ने गरी निजले आफूमातहतको प्रहरी कर्मचारीलाई सुम्पन सक्नेछ।

९१. **सेवा, शर्त र सुविधा सम्बन्धी विशेष व्यवस्थाः** प्रहरी कर्मचारी समायोजन ऐन, २०७६, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ र अन्य सम्बन्धित कानूनबमोजिम प्रदेशमा समायोजन भएका प्रहरी कर्मचारीको सेवा, शर्त, सुविधार अन्य व्यवस्था यसै ऐन बमोजिम हुनेछ तर यो ऐनको व्यवस्था सङ्घीय कानूनको व्यवस्था भन्दा फरक पर्न गएमा सङ्घीय कानून बमोजिम हुनेछ।

९२. **आदेश जारी गर्न सक्नेः** यो ऐन, नियम तथा प्रचलित कानूनको अधिनमा रही प्रदेश प्रहरी प्रमुखले आदेश जारी गर्न सक्नेछ।

९३. **अनुसूची हेरफेर वा परिवर्तन गर्न सक्नेः** प्रदेश सरकारलेआवश्यकता अनुसार अनुसूची हेरफेर गर्न सक्नेछ तर त्यसरी हेरफेर गरिएको अनुसूची प्रदेश राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।

९४. **नियम बनाउने अधिकारः** (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐन बमोजिम बन्ने नियमको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधी र मापदण्ड स्वीकृत गरी लागु गर्न सक्नेछ।

अनुसूची-१

(दफा ३३को उपदफा (१) सँग सम्बन्धित)

"क" वर्गको भौगोलिक क्षेत्र अन्तर्गत रहने क्षेत्र

सोलुखुम्बु जिल्ला अन्तर्गतः	खुम्बु पासाङल्हामु गाउँपालिका, महाकुलुङ् गाउँपालिका, लिखुपिके गाउँपालिका।
संखुवासभा जिल्ला अन्तर्गतः	भोटखोला गाउँपालिका, मकालु गाउँपालिका, सिलिचोङ गाउँपालिका।
ताप्लेजुङ जिल्ला अन्तर्गतः	फक्ताङलुङ गाउँपालिका, मिक्वाखोला गाउँपालिका, मेरिङ्देन गाउँपालिका, मैवाखोला गाउँपालिका, आठराई त्रिवेणी गाउँपालिका, सिरिजङ्घा गाउँपालिका, सिदिङ्वा गाउँपालिका, पाथिभरा याङ्वरक गाउँपालिका।

"ख" वर्गको भौगोलिक क्षेत्र अन्तर्गत रहने क्षेत्र

सोलुखुम्बु जिल्ला अन्तर्गतः	माप्यदुधकोशी गाउँपालिका, थुलुङ दुधकोशी गाउँपालिका, नेचासल्यान गाउँपालिका, सोताङ गाउँपालिका,सोलु दुधकुण्ड नगरपालिका।
ओखलढुङ्गा जिल्ला अन्तर्गतः	खिजिदेम्वा गाउँपालिका, चम्पादेवी गाउँपालिका, चिशंखुगढी गाउँपालिका, लिखु गाउँपालिका, मोलुङ गाउँपालिका, सुनकोशी गाउँपालिका।
खोटाङ जिल्ला अन्तर्गतः	ऐसेलुखर्क गाउँपालिका, रावावेसी गाउँपालिका, दिप्रुङ चुईचम्मा गाउँपालिका, साकेला गाउँपालिका, जन्तेढुङ्गा गाउँपालिका, खोटेहाङ गाउँपालिका, बराहपोखरी गाउँपालिका, केपिलासगढी गाउँपालिका।
उदयपुर जिल्ला अन्तर्गतः	लिम्चुङ्वुङ गाउँपालिका, ताप्ली गाउँपालिका।
भोजपुर जिल्ला अन्तर्गतः	साल्पासिलिछो गाउँपालिका, रामप्रसादराई गाउँपालिका, आमचोक गाउँपालिका, हतुवागढी गाउँपालिका, टेम्केमैयुङ गाउँपालिका, अरुण गाउँपालिका, पौवादुङ्मा गाउँपालिका।

संखुवासभा जिल्ला अन्तर्गतः	धर्मदेवी नगरपालिका, चिचिला गाउँपालिका, सभापोखरी गाउँपालिका, मादी नगरपालिका, पाँचखपन नगरपालिका
तेह्रथुम जिल्ला अन्तर्गतः	आठराई गाउँपालिका, छथर गाउँपालिका, फेदाप गाउँपालिका, मेन्छयायेम गाउँपालिका।
ताप्लेजुङ जिल्ला अन्तर्गतः	फुङ्लिङ नगरपालिका।
पाँचथर जिल्ला अन्तर्गतः	तुम्वेवा गाउँपालिका, फालेलुङ गाउँपालिका, फाल्गुनन्द गाउँपालिका, मिक्लाजुङ गाउँपालिका, हिलिहाङ गाउँपालिका कुम्मायक गाउँपालिका, याङवरक गाउँपालिका।

"ग" वर्गको भौगोलिक क्षेत्र अन्तर्गत रहने क्षेत्र

ओखलढुङ्गा जिल्ला अन्तर्गतः	सिद्धिचरण नगरपालिका, मानेभन्ज्याङ गाउँपालिका।
खोटाङ जिल्ला अन्तर्गतः	दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, हलेसी तुवाचुङ नगरपालिका।
उदयपुर जिल्ला अन्तर्गतः	उदयपुरगढी गाउँपालिका, रौतामाई गाउँपालिका।
भोजपुर जिल्ला अन्तर्गतः	भोजपुर नगरपालिका, षडानन्द नगरपालिका।
संखुवासभा जिल्ला अन्तर्गतः	खादवारी नगरपालिका, चैनपुर नगरपालिका।
तेह्रथुम जिल्ला अन्तर्गतः	म्याङलुङ नगरपालिका, लालिगुराँस नगरपालिका।
धनकुटा जिल्ला अन्तर्गतः	शहीदभूमि गाउँपालिका, चौविसे गाउँपालिका, छथरजोरपाटी गाउँपालिका, साँघुरीगढी गाउँपालिका।
पाँचथर जिल्ला अन्तर्गतः	फिदिम नगरपालिका।
इलाम जिल्ला अन्तर्गतः	देउमाई नगरपालिका, माई नगरपालिका, माईजोगमाई गाउँपालिका,रोङ गाउँपालिका, फाकफोकथुम गाउँपालिका, माङसेवुङ गाउँपालिका, सन्दकपुर गाउँपालिका।

"घ" वर्गको भौगोलिक क्षेत्र अन्तर्गत रहने क्षेत्र

उदयपुर जिल्ला अन्तर्गतः	त्रियुगा नगरपालिका, कटारी नगरपालिका, चौदण्डीगढी नगरपालिका, बेलका नगरपालिका।
धनकुटा जिल्ला अन्तर्गतः	धनकुटा नगरपालिका, पाख्रिवास नगरपालिका, महालक्ष्मी नगरपालिका।
इलाम जिल्ला अन्तर्गतः	ईलाम नगरपालिका, सूर्योदय नगरपालिका, चुलाचुली गाउँपालिका।

"ङ" वर्गको भौगोलिक क्षेत्र अन्तर्गत रहने क्षेत्र

सुनसरी जिल्ला अन्तर्गतः	ईटहरी उपमहानगरपालिका, धरान उपमहानगरपालिका, ईनरुवा नगरपालिका, दुहवी नगरपालिका, रामधुनी नगरपालिका, बराहक्षेत्र नगरपालिका, गढी गाउँपालिका, देवानगंज गाउँपालिका, कोशी गाउँपालिका, बर्जु गाउँपालिका, भोक्राहानरसिंह गाउँपालिका, हरिनगर गाउँपालिका।
मोरङ जिल्ला अन्तर्गतः	विराटनगर महानगरपालिका, बेलवारी नगरपालिका, पथरी शनिश्चरे नगरपालिका, रंगेली नगरपालिका, उर्लावारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका, बुढिगंगा गाउँपालिका, धनपालथान गाउँपालिका, जहदा गाउँपालिका, कटहरी गाउँपालिका, कानेपोखरी गाउँपालिका, लेटाङ नगरपालिका, रतुवामाई नगरपालिका, ग्रामथान गाउँपालिका, केरावारी गाउँपालिका, मिक्लाजुङ गाउँपालिका, सुनवर्षी नगरपालिका।
झापा जिल्ला अन्तर्गतः	मेचिनगर नगरपालिका, दमक नगरपालिका, कन्काई नगरपालिका, भद्रपुर नगरपालिका, अर्जुनधारा नगरपालिका, बिर्तामोड नगरपालिका, शिवसताक्षी नगरपालिका, कमल गाउँपालिका, गौरादह नगरपालिका, झापा गाउँपालिका, बुद्धशान्ति गाउँपालिका, गौरीगंज गाउँपालिका, बाह्रदशी गाउँपालिका, हल्दिवारी गाउँपालिका, कचनकवल गाउँपालिका ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रमाणिकरण मितिः २०७८।१२।२३

प्रस्तावना:

प्रदेश सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गरी प्रदेश वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र प्रदेशको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद – १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अन्य निकाय" भन्नाले प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग र मुख्यन्यायाधिवक्ताको कार्यालयलाई सम्झनु पर्छ। सो शब्दले प्रदेश कानून बमोजिम गठित निकायलाई समेत जनाउँछ।

(ख) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखापरीक्षकको कार्यालयबाट संविधानको धारा २४१ बमोजिम हुने लेखापरीक्षणलाई सम्झनु पर्छ।

(ग) "अनुदान सङ्केत" भन्नाले मन्त्रालय वा सो सरहको क्षेत्राधिकार भएका सचिवालय, आयोग, अन्य निकाय आदिको कार्य प्रकृति र सङ्गठन समेत छुट्टिने गरी दिइएको संकेत सम्झनु पर्छ।

(घ) "असुल उपर गर्नु पर्ने रकम" भन्नाले लेखापरीक्षण हुँदा प्रचलित कानून बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नुपर्ने भनी ठहऱ्याएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा सरकारलाई तिर्नु वा बुझाउनु पर्ने अन्य कुनै रकम समेतलाई जनाउँछ।

(ङ) "आन्तरिक लेखापरीक्षण" भन्नाले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाई कार्यालयबाट सम्बन्धित कार्यालयको उद्देश्य अनुरूपका कार्यसम्पादनसँग सम्बन्धित कानून, व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोवार र सोसँग सम्बन्धित कागजात एवं प्रक्रियाको जाँच, परीक्षण, विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मुल्याङ्कन गरी प्रतिवेदन गर्ने कार्य सम्झनु पर्छ।

(च) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधिलाई सम्झनु पर्छ।

(छ) "एक तह माथिको अधिकारी" भन्नाले कार्यालय प्रमुखको हकमा सम्बन्धित विभाग वा निर्देशनालयको प्रमुख, विभाग वा निर्देशनालय प्रमुखको हकमा सम्बन्धित मन्त्रालय तथा अन्य निकायको प्रदेश सचिव, प्रदेश सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री र अन्य निकायको प्रदेश सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित निकायको प्रमुखलाई सम्झनु पर्छ।

(ज) "कार्यालय" भन्नाले प्रदेश सरकारका सबै मन्त्रालय, अन्य निकाय, विभाग वा निर्देशनालय र ती निकाय मातहतका सबै सरकारी कार्यालयलाई सम्झनु पर्छ।

(झ) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी वा व्यक्ति सम्झनु पर्छ।

(ञ) "कारोबार" भन्नाले सरकारी चल अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित कानून बमोजिम निर्धारित काममा गरिने खर्च वा दाखिला सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ र सो शब्दले वित्तीय हस्तान्तरण, राजस्व सङ्कलन र दाखिला गर्ने, अनुदान तथा ऋण प्राप्ति गर्ने, खर्च गर्ने तथा धरौटी, कार्य सञ्चालन कोष लगायत अन्य कोष समेतसँग सम्बन्धित सम्पूर्ण आर्थिक कारोबारलाई सम्झनु पर्छ।

(ट) "जिम्मेवार व्यक्ति" भन्नाले लेखा उत्तरदायी अधिकृतबाट प्राप्त अख्तियारी बमोजिम वा यस ऐन बमोजिम निर्धारित कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्नु, प्रतिवेदन गर्ने, आन्तरिक वा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछर्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने, दाखिला गर्ने वा गराउने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सरकारी कामको

लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछर्यौंट गर्ने जिम्मेवारी भएको गैर सरकारी व्यक्तिलाई समेत जनाउँछ।

(ठ) "तालुक कार्यालय" भन्नाले सम्बन्धित कार्यालयभन्दा माथिल्लो तहको कार्यालय सम्झनु पर्छ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) "प्रदेश तहसिल कार्यालय" भन्नाले दफा ४८ बमोजिम स्थापना गरिने कार्यालयलाई सम्झनु पर्छ।

(ण) "प्रदेश योजना आयोग" भन्नाले प्रदेश कानून बमोजिम गठित प्रदेश योजना आयोग सम्झनु पर्छ।

(त) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रदेश सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने, प्रदेशको चल, अचल सरकारी सम्पत्तिको अभिलेख राखी प्रतिवेदन गर्ने, आर्थिक प्रशासन सञ्चालन, निर्देशन, नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण गर्ने गराउने तथा प्रादेशिक एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षक सक्षम पेस गर्न तोकिएको कार्यालय सम्झनु पर्छ।

(थ) "प्रदेश लेखा इकाई कार्यालय" भन्नाले प्रदेश लेखा नियन्त्रक कार्यालय मातहत रहने गरी स्थापना भएको प्रदेश लेखा ईकाइ कार्यालय सम्झनु पर्छ र सो शब्दले प्रदेश लेखा इकाई कार्यालयको समेत काम गर्न तोकिएका कोष तथा लेखा नियन्त्रक कार्यालयलाई समेत जनाउँछ।

(द) "प्रदेश सचिव" भन्नाले प्रादेशिक मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले अन्य निकायको हकमा त्यस्तो निकायको सचिव वा प्रशासकीय प्रमुख समेतलाई जनाउँछ।

(ध) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश सञ्चित कोष सम्झनु पर्छ।

(न) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याईएको कारोबार सम्झनु पर्छ।

(प) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ र सो शब्दले नेपाल राष्ट्र बैंकको अधिकार प्रयोग गर्ने गरी नेपाल राष्ट्र बैंकले सरकारी कारोबार गर्न तोकिदिएको वाणिज्य बैंकलाई समेत जनाउँछ।

(फ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ब) "मातहतको कार्यालय" भन्नाले सम्बन्धित कार्यालयको मातहतमा रहेको कार्यालय सम्झनु पर्छ।

(भ) "महालेखा नियन्त्रक कार्यालय" भन्नाले संघीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने, चल, अचल सरकारी सम्पत्तिको अभिलेख राखी प्रतिवेदन गर्ने, आर्थिक प्रशासन सञ्चालन, निर्देशन, नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण गर्ने, गराउने तथा संघ, प्रदेश र स्थानीय तहका सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने गराउने निकाय सम्झनु पर्दछ।

(म) "लेखा" भन्नाले कारोबार भएको बेहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने प्रारम्भिक प्रविष्टिको गोश्वारा भौचर तथा सो आधारमा तयार गरिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित वा सम्पुष्टि गर्ने प्रमाण कागजात र सोको आधारमा तयार गरिने वित्तीय विवरण तथा प्रतिवेदन सम्झनु पर्छ र सो शब्दले विद्युतीय माध्यमबाट राखिएको अभिलेख वा कारोबारलाई प्रमाणित गर्ने विद्युतीय अभिलेखलाई समेत जनाउँछ।

(य) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन सञ्चालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, लेखा राख्नु र राख्न लगाउने, वित्तीय विवरण तयार गर्ने वा गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी समेतको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने वा गराउने, असुल उपर गर्ने, गराउने, मिनाहा गर्ने वा गराउने र बजेट तथा कार्यक्रमले निर्धारण गरेको लक्ष्य अनुरुपको प्रतिफल प्राप्त गर्ने वा गराउने जिम्मेवारी रहेको प्रशासकीय प्रमुखको रुपमा कार्यरत प्रदेश सचिवलाई सम्झनु पर्छ।

(र) "वित्तीय उत्तरदायित्व" भन्नाले वित्त सम्बन्धी प्रतिफलमा सुधार गर्न, वित्तीय अनुशासन, पारदर्शिता तथा जवाफदेहिता कायम गर्न बहन

गर्नुपर्ने जिम्मेवारी, जवाफदेहिता तथा सोबाट प्राप्त हुने प्रतिफल प्रतिको उत्तरदायित्व तथा परिपालन सम्झनु पर्छ।

(ल) "वित्तीय विवरण" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको लेखामान बमोजिम कुनै निश्चित अवधिमा भएको कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तोकिएको लेखामान बमोजिम तयार गरिएको विवरण सम्झनु पर्छ र सो शब्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकको आधारमा बनाईएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाईएको प्राप्ति र भुक्तानी विवरण तथा तोकिएका अन्य विवरण र सोसँग सम्बन्धित लेखा टिप्पणी तथा खुलासा समेतलाई जनाउँछ।

(व) "विनियोजन" भन्नाले प्रदेश विनियोजन ऐन, उधारो खर्च ऐन वा पेश्की खर्च ऐनद्वारा निर्दिष्ट सेवा र कार्यहरूको लागि विभिन्न शीर्षकमा विभिन्न कार्यालयलाई खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ र सो शब्दले पूरक विनियोजन ऐन र उधारो खर्च ऐन बमोजिम विनियोजन भएको रकम समेतलाई जनाउँछ।

(श) "विभाज्य कोष" भन्नाले प्रदेश सरकारले उठाउने र प्रदेश तथा स्थानीय तहमा बाँडफाँट गर्नुपर्ने राजस्व जम्मा गर्न प्रचलित कानून बमोजिमको प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषलाई सम्झनु पर्छ।

(ष) "संघीय सञ्चित कोष" भन्नाले संविधानको धारा ११६ बमोजिमको संघीय संचित कोष सम्झनु पर्छ।

(स) "सम्परीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेस हुन आएको स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछर्यौंट सम्बन्धी कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रदेश सभाको सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फछर्यौंट समेतलाई जनाउँछ।

(ह) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको भए तापनि कुनै रुपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनु पर्छ।

(क्ष) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(त्र) "स्थानीय सञ्चित कोष" भन्नाले नेपालको संविधानको धारा २२९ बमोजिमको कोष सम्झनु पर्छ।

परिच्छेद – २

प्रदेश सञ्चित कोषको सञ्चालन र एकीकृत वित्तीय विवरण

३. **प्रदेश सञ्चित कोषको सञ्चालनः** (१) संविधान, यो ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

(२) प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्नु तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(३) प्रदेश सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालनका लागि कुनै कार्यालय वा बैंकलाई जिम्मेवारी तोक्ने कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा नियन्त्रक कार्यालयले गर्नेछ।

(४) उपदफा (३) बमोजिमको जिम्मेवारी पालन गर्नु वा गराउनु सम्बन्धित कार्यालय वा बैंकको कर्तव्य हुनेछ।

(५) प्रदेश सञ्चित कोष तथा अन्य सरकारी कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **स्थानीय तहको वित्तीय विवरणः** (१) स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण पठाउँदा महालेखापरीक्षकले तोकेको ढाँचामा पठाउनु पर्नेछ।

५. **एकीकृत वित्तीय विवरण तयार गर्नेः** (१) प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(२) प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्नेछ।

(३) प्रदेश लेखा इकाई कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई स्रोतगत विनियोजन र व्ययको विवरण तथा आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको विवरण पठाउँदा महालेखापरीक्षकले तोकेको ढाँचामा पठाउनु पर्नेछ।

(५) प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा (३) र दफा ४ को उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) आर्थिक मामिला तथा योजना मन्त्रालयले उपदफा (५) बमोजिम प्राप्त एकीकृत वित्तीय विवरण प्रत्येक वर्षको पौष मसान्त भित्र सार्वजनिक गर्नुपर्नेछ।

(७) एकीकृत वित्तीय विवरण तयार गर्ने तथा सार्वजनिक गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद – ३

राजस्व र व्ययको अनुमान

६. **मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने:** (१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको समन्वयमा आवधिक योजनाको आधारमा आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्नेछ।

(२) प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको समन्वयमा मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाई लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनका लागि "प्रस्तावित आयोजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भईसकेको वा सम्भाव्यता अध्ययन गरेर कार्यान्वयन गर्न सकिने आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजना वा कार्यक्रमको विवरण र त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि तयार गरिएको लागत अनुमानको पुष्ट्याई सहितको क्रियाकलाप सम्झनु पर्छ।

(४) मध्यमकालीन खर्च संरचना तयार गर्ने र आयोजना बैंक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **<u>स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने:</u>** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत्र पन्ध्र गते भित्र गरिसक्नु पर्नेछ।

तर संघबाट अनुदान तथा राजश्व बाँडफाँडको सीमा तोकिएको समयभन्दा ढिला प्राप्त भई चैत्र पन्ध्र गते सम्ममा स्रोत अनुमान गर्न नसकिने अवस्था भएमा त्यस्तो सीमा प्राप्त भएको मितिले सात दिन भित्र स्रोत अनुमान र खर्चको सीमा निर्धारण गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रीको संयोजकत्वमा स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समिति रहनेछ।

(३) उपदफा (२) बमोजिमको समितिले प्रदेश आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि प्रदेशको कुल स्रोत अनुमान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको वार्षिक र चालु आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचकहरू, चालु आर्थिक वर्षको आय व्ययको संशोधित अनुमान, आगामी आर्थिक वर्षहरूमा उपलव्ध हुन सक्ने राजस्वको अनुमान, नेपाल सरकारबाट प्राप्त हुन सक्ने अनुदान, नेपाल सरकारको पूर्व स्वीकृतिमा वैदेशिक अनुदान वा सहयोग प्राप्तिको सुनिश्चितता, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमा भित्र रही नेपाल सरकारको सहमतिमा लिइने आन्तरिक ऋण, नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति भई गरिएको सम्झौता, सहलगानी लगायतका प्रदेश सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा स्रोतको अनुमान गर्नुपर्नेछ।

(५) उपदफा (३) बमोजिम स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गरिनेछ।

(६) उपदफा (५) बमोजिम खर्चको सीमा निर्धारण गर्दा दफा १२ बमोजिम सिर्जित दायित्व तथा जनाइएको प्रतिवद्धता बमोजिम भुक्तानी हुन बाँकी रकम समेत समावेश गरी समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ।

(७) उपदफा (२) बमोजिमको स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिको संरचना, अन्य काम, कर्तव्य र अधिकार, स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **बजेट सीमा र मार्गदर्शन पठाउनेः** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले दफा ७ बमोजिमको स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको चैत्र बाइस गते भित्र सम्बन्धित मन्त्रालय, अन्य निकायमा पठाउनु पर्नेछ।

तर संघबाट अनुदान तथा राजश्व बाँडफाँडको सीमा तोकिएको समयभन्दा ढिला प्राप्त भई चैत्र पन्ध्र गते सम्ममा स्रोत अनुमान गर्न नसकिने अवस्था भएमा स्रोत अनुमान र खर्चको सीमा निर्धारण भएको मितिले सात दिनभित्रमा बजेट सीमा र मार्गदर्शन प्रदान गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको बजेट तर्जुमा ढाँचाको निर्माण गर्दा सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजना वा कार्यक्रमसँग सम्बन्धित वैदेशिक अनुदान तथा सहायता रकम र प्रस्तावित बजेटको पुष्ट्याईंका लागि सम्बन्धित खर्च शीर्षकको लागि तोकिएको खर्चको मापदण्ड (नर्म्स) को आधारमा आवश्यक सम्पूर्ण विवरण उल्लेख गर्नुपर्नेछ।

९. **बजेट प्रस्ताव र छलफलः** (१) लेखा उत्तरदायी अधिकृतले दफा ८ बमोजिम प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रदेश सरकारको कार्य विभाजन नियमावली बमोजिम सम्बन्धित मन्त्रालयलाई तोकिएको कार्य, सरकारको मौजुदा नीति, कार्यक्रम र प्रदेश आवधिक योजनाले निर्दिष्ट गरेका उदेश्य, नीति तथा कार्यक्रमको आधारमा बजेट प्रस्ताव तयार गर्ने,

(ख) दफा ६ बमोजिम तयार गरिएको मध्यमकालीन खर्च संरचनालाई ध्यानमा राखी सो बमोजिम कार्यान्वयन गरिने

आयोजना वा कार्यक्रम र सो अन्तर्गतका क्रियाकलापहरू, सोका लागि निर्धारित खर्च मापदण्ड (नर्म्स) का आधारमा लाग्ने अनुमानित लागत तथा त्यस्तो लागत व्यहोरिने स्रोत निर्धारण गर्ने,

(ग) आगामी आर्थिक वर्षको बजेट अनुमान र त्यसपछिका दुई आर्थिक वर्षको लागि सिर्जना भएको दायित्व सहितको खर्च र स्रोतको प्रक्षेपण गर्ने,

(घ) बहुवर्षीय खरिद र विषेश परिस्थितिबाट सिर्जित दायित्व मध्ये आगामी वर्षमा भुक्तानी गर्नुपर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकमको प्रस्ताव गर्ने,

(ङ) प्रदेश आवधिक योजनाको क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्ने कार्यक्रमको लाभ लागत विश्लेषण गरी बजेट प्रस्ताव तयार गर्ने,

(च) आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाको लागि रकमको प्रस्ताव गर्ने,

(छ) गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको छ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समावेश गर्ने।

(३) आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगसँगको समन्वयमा उपदफा (२) बमोजिम प्राप्त प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्म्स, ड्रइङ्ग तथा डिजाईन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गर्नु पर्नेछ।

(४) आर्थिक मामिला तथा योजना मन्त्रालयले लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा उपदफा (३) बमोजिमको छलफलका अतिरिक्त नगद प्रवाह योजना, राजस्व तथा अनुदान अनुमानको आधार, राजस्व तथा अनुदान प्राप्त हुने समय, राजस्व प्रवाहमा पुग्ने योगदान, स्रोतगत, खर्चशीर्षकगत तथा क्रियाकलापगत विषयमा समेत छलफल गर्नु पर्नेछ।

(५) मन्त्रालय वा निकाय अन्तर्गतको कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्यको समन्वय गर्न तथा खर्चको मापदण्ड निर्धारण गर्न लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकृतको अध्यक्षतामा बजेट समिति रहनेछ।

(६) उपदफा (५) बमोजिमको बजेट समितिको संरचना, काम, कर्तव्य र कार्यविधि तोकिए बमोजिम हुनेछ।

(७) बजेट तर्जुमा सम्बन्धी अन्य प्रक्रिया र समय सीमा तोकिए बमोजिम हुनेछ।

१०. **बजेट विनियोजनः** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले दफा ९ बमोजिम भएको बजेट छलफल तथा प्रस्तावित बजेट तथा कार्यक्रमको मूल्याङ्कन र विश्लेषणको आधारमा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्नेछ। त्यसरी बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) चालू र पूँजिगत खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार र कारण सहित प्रस्तावित रकमको पुष्ट्याइँ गर्ने आवश्यक नीति, कानून, सम्झौतामा उल्लेखित विवरण, खर्च मापदण्ड तथा सामाजिक कार्यक्रमको लागि सङ्गठनको उद्देश्य अनुरुप प्रदेशको प्राथमिकता, लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरण सहितको पुष्ट्याइँ पेस गर्नु पर्ने,

(ख) नयाँ आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा पूँजिगत प्रकृतिको भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टयाइँ सहित प्रस्ताव गर्नु पर्ने,

(ग) सम्भाव्यता अध्ययन भई स्वीकृत भईसकेका तथा क्रमागत रुपमा कार्यान्वयनमा रहेका आयोजनाको हकमा क्रमागत आयोजना स्वीकृतिको प्रमाण, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना वा सम्झौता अनुरुप आगामी वर्षको कार्ययोजना र प्रतिफल प्राप्तिको लागि आवश्यक पर्ने रकम प्रस्ताव गर्नु पर्ने,

(घ) आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नु पर्ने,

(ङ) बजेट प्रस्ताव गर्दा तोकिएको खर्चको मापदण्ड (नर्म्स) अनुसार गर्नु पर्ने।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा दफा १२ बमोजिम सिर्जित दायित्व तथा प्रतिवद्धता अनुसार व्ययभार पर्ने तलब, भत्ता र प्रशासनिक खर्च लगायतको खर्चका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ आयोजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नु पर्नेछ।

११. **बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता:** (१) प्रत्येक आर्थिक वर्षको लागि यस ऐन बमोजिम प्रदेश विनियोजन विधेयक प्रदेश सभामा पेस गर्नुभन्दा कम्तिमा पन्ध्र दिन अगावै आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश विनियोजन विधेयकमा समावेश हुने प्रदेश सरकारको बजेट तथा कार्यक्रमको सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण प्रदेश सभामा प्रस्तुत गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण प्रदेश सभामा पेस भएपछि प्रदेश सभाले सो उपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नु पर्ने वा हटाउनु पर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा सात दिन भित्र त्यस्तो सुझाव तथा निर्देशन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिमा कुनै पनि सुझाव वा निर्देशन प्राप्त नभएमा बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिन बाधा पर्ने छैन।

(४) आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक वर्षका लागि आय व्ययको अनुमान तयार गर्नु अघि प्रदेश सभामा पेस गर्ने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको सम्बन्धमा सम्बन्धित विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श गर्नु पर्नेछ।

१२. **सम्भावित दायित्व तथा प्रतिबद्धता व्यवस्थापन:** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रचलित कानून बमोजिम सिर्जित आर्थिक दायित्व, नेपाल सरकार वा प्रदेश सरकारको विभिन्न सम्झौता, निर्णय वा अदालतको निर्णय तथा आदेशबाट व्यहोर्न पर्ने सम्भावित आर्थिक दायित्व वा राजस्वमा छुट दिन प्रतिबद्धता जनाईएको भए सोको आधारमा सिर्जना भएको दायित्व बापतको रकमको स्पष्ट व्यहोरा देखिने गरी अभिलेख राख्नु पर्नेछ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता जनाउनु हुँदैन।

(३) उपदफा (२) बमोजिम पूर्व सहमति लिन परेमा वा आगामी वर्षहरूको लागि बहुवर्षीय दायित्व सृजना गर्नु पूर्व प्रदेशको समष्टिगत आर्थिक परिसुचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य एवम् उपलब्धि, मध्यमकालीन खर्च संरचना, यस अघि सिर्जित दायित्वको विवरण, सम्बन्धित मन्त्रालयको बजेटलाई समेत आधार लिनुपर्नेछ।

(४) प्रदेश सरकारले व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व र प्रतिबद्धता व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>राजस्व र व्ययको अनुमान तयार गर्ने:</u>** आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व र व्ययको अनुमानमा देहायका विवरण समेत समावेश गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको, संघबाट प्राप्त अनुदानको विवरण तथा प्रत्येक मन्त्रालयलाई छुट्याएको रकमबाट भएको खर्च र खर्च अनुसारको लक्ष्य हासिल भए वा नभएको विवरण,

(ख) दफा ६ बमोजिमको मध्यमकालीन खर्च संरचना,

(ग) प्रदेश सरकारको राजस्व, संघबाट हुने वित्तीय हस्तान्तरण, नेपाल सरकारको पूर्व स्वीकृतिमा वैदेशिक अनुदान वा सहयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमा भित्र रही नेपाल सरकारको सहमतिमा लिइने आन्तरिक ऋण तथा नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति भई सम्झौताबाट प्रत्येक खर्च शीर्षकमा समावेश हुने क्रियाकलापको लागि व्यहोरिने स्रोतको विवरण,

(घ) आगामी तीन आर्थिक वर्षको राजस्व र व्ययको प्रक्षेपण,

(ङ) ऋण, लगानी तथा दायित्व एवम् संघ अनुदान फिर्ता सम्बन्धी विवरण,

(च) आर्थिक सन्तुलन कायम गर्न अपनाइने रणनीति,

(छ) आगामी तीन आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा हुने वृद्धिदर समेत उल्लेख भएको प्रदेशको समष्टिगत आर्थिक स्थिति,

(ज) कर वा गैर करमा छुट दिएको विवरण,

(झ) अघिल्लो आर्थिक वर्षको नेपाल सरकारको सहमतिमा वैदेशिक अनुदान वा सहायता प्राप्तिको विवरण,

(ञ) स्थानीय तहलाई वित्तीय हस्तान्तरणको विवरण,

(ट) अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीति।

१४. **प्रदेश विनियोजन विधेयक तयार गर्ने:** (१) दफा १० बमोजिम बजेट तथा कार्यक्रम वा आयोजनालाई प्राथमिकीकरण गरी बजेट मस्यौदालाई अन्तिम रुप दिई प्रदेश विनियोजन विधेयक तयार गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको हुनेछ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको प्रदेश विनियोजन विधेयकको साथमा प्रदेश आर्थिक विधेयक लगायत अन्य आवश्यक विधेयकहरू समेत तर्जुमा गर्नेछ।

१५. **राजस्व र व्ययको अनुमान पेस गर्ने:** (१) दफा १३ बमोजिम तयार गरिएका प्रदेश सरकारको आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान र विधेयक आर्थिक मामिला तथा योजना मन्त्रीले प्रत्येक वर्षको असार महिनाको एक गते प्रदेश सभामा पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको राजस्व र व्ययको अनुमान पेस गर्नु अगावै आर्थिक मामिला तथा योजना मन्त्रीले चालु वर्षको आर्थिक सर्वेक्षण प्रदेश सभामा पेस गर्नुपर्नेछ।

१६. **परामर्श गर्न सक्ने:** प्रदेश सरकारले आय र व्ययको अनुमान तयार गर्नु अघि सम्बन्धित सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्नेछ।

१७. **घाटा बजेट पेस गर्न सक्ने:** (१) दफा १५ बमोजिम पेस हुने राजस्व र व्ययको अनुमान आवश्यकता अनुसार घाटा बजेटको रुपमा पनि पेस गर्न सकिनेछ। यसरी घाटा बजेट पेस गर्दा घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्नेछ।

तर प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेस गर्न सकिने छैन।

(२) उपदफा (१) बमोजिम घाटा बजेट पेस गर्दा नेपाल सरकारले संविधान र प्रचलित कानून बमोजिम कुनै सुझाव वा निर्देशन दिएको भए सोको पालना गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम घाटा बजेटको पेस गर्नु अघि दफा ७ को उपदफा (२) बमोजिमको स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिको सिफारिस वा प्रतिवेदनलाई समेत आधार लिनुपर्नेछ।

(४) नेपाल सरकारको स्वीकृति वा सहमति भई प्राप्त हुने वैदेशिक अनुदान वा सहयोग, आन्तरिक ऋण, नेपाल सरकारको ऋण लगायत घाटा बजेट पूर्ति गर्ने

अन्य स्रोत समेत प्राप्ति हुने सुनिश्चितता वा सम्झौता भएको विवरण स्पष्ट रुपमा खुलाउनु पर्नेछ । यसरी घाटा बजेट पेस गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको आन्तरिक ऋण लिन सकिने सीमासम्म मात्र आन्तरिक ऋणको स्रोत कायम गर्न सकिनेछ।

१८. **समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपणः** प्रदेशस्तरीय समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण, राजस्वको परिचालन, आन्तरिक ऋण, नेपाल सरकारको ऋण, वैदेशिक अनुदान वा सहयोगको उपयोगको नीतिका आधारमा तोकिए बमोजिम गरिनेछ।

१९. **आयोजनाको वर्गीकरण र आयोजना बैङ्कः** (१) प्रदेश र स्थानीय तहमा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्नेछ।

(२) प्रदेश योजना आयोगमा प्रदेश स्तरको एक आयोजना बैङ्क रहनेछ।

(३) उपदफा (२) बमोजिमको आयोजना बैङ्कमा प्रदेश योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्टि गराउनु पर्नेछ।

(४) आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद- ४

बजेट निकासा, खर्च र नियन्त्रण

२०. **बजेट निकासाः** (१) प्रदेश विनियोजन ऐन वा पेश्की खर्च ऐन प्रारम्भ भएपछि कार्यालयले स्वीकृत बजेट विवरण र वार्षिक कार्यक्रमको आधारमा प्रदेश विनियोजन ऐनको अनुसूचीमा उल्लिखित रकम यस ऐन बमोजिम खर्च गर्न सक्नेछ।

(२) प्रदेश विनियोजन ऐनको अनुसूचीमा उल्लिखित विनियोजित रकम एकभन्दा बढी कार्यालयले खर्च गर्नुपर्ने अवस्थामा सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएको सात दिन भित्र सम्बन्धित विभाग वा निर्देशनालय वा कार्यालयलाई हासिल गर्नु पर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी खर्च गर्ने अख्तियारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बाँडफाँट र अख्तियारी दिएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयलाई पठाउनु पर्नेछ।

(४) एक मन्त्रालय वा निकाय अन्तर्गत विनियोजित रकम अर्को मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक

भएमा विनियोजन भएको निकायको प्रदेश सचिवले सम्बन्धित मन्त्रालय वा निकायको प्रदेश सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अख्तियारी दिने प्रदेश सचिव लेखा उत्तरदायी अधिकारीको रुपमा जवाफदेही हुने र खर्च गर्ने अख्तियारी प्राप्त गर्ने प्रदेश सचिवले जिम्मेवार व्यक्ति एवं लेखा उत्तरदायी अधिकृत दुवैको कर्तव्य तथा जिम्मेवारी पालना गराउनु पर्नेछ।

(६) सम्बन्धित कार्यालयको नाममा विनियोजित वा बाँडफाँट भएको रकम सो कार्यालयको भुक्तानी आदेशका आधारमा प्रदेश सञ्चित कोषबाट प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको प्रक्रिया अनुसार एकल खाता कोष प्रणाली वा तोकिएको अन्य प्रणालीबाट भुक्तानी निकासा हुनेछ ।

(७) सम्बन्धित कार्यालयको नाममा प्रदेश विनियोजन वा बाँडफाँट भएको रकम प्रचलित कानून बमोजिम निकासा प्राप्त गरी खर्च गर्ने, लेखा राख्नु, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने र बेरुजु फछ्यौंट गर्ने गराउने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(८) बजेटमा समावेश नगरी वैदेशिक सहायता वा अनुदानको रकम खर्च गर्न पाइनेछैन।

(९) सरकारी रकम निकासा र भुक्तानी दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

२१. <u>स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन</u>: (१) आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) प्रदेश विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुनेछ।

(३) उपदफा (२) बमोजिमका पदाधिकारीहरूले आर्थिक मामिला तथा योजना मन्त्रालय वा तालुक निकायबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्ययोजनामा तोकिए बमोजिम वार्षिक खरिद योजना, मासिक नगद प्रवाह विवरण, उपलब्धि मापन सूचक र कार्यान्वयनको समय तालिका समेत समावेश गर्नु पर्नेछ।

(५) बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय मन्त्रीले मुख्यमन्त्रीसँग, राज्यमन्त्रीले मुख्यमन्त्री वा विभागीय मन्त्रीसँग, प्रदेश सचिवले

विभागीय मन्त्री वा राज्यमन्त्री वा अन्य निकायका प्रमुखसँग, विभाग वा निर्देशनालय प्रमुखले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिव वा विभाग वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको कार्यसम्पादनमा उत्कृट नतिजा हासिल गर्ने पदाधिकारी वा जिम्मेवार व्यक्तिलाई कार्यसम्पादन करारमा उल्लिखित शर्तका अधीनमा रही कार्यसम्पादन करार गर्ने पदाधिकारीले पुरस्कृत गर्नेछ।

(७) यस दफा बमोजिम गरिने कार्यसम्पादन करार तथा पुरस्कृत गर्ने मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **<u>रकमान्तर तथा स्रोतान्तर</u>**: (१) प्रदेश विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एक भन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(२) आफ्नो मन्त्रालय वा निकायको अनुदान सङ्केत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा चालू खर्चतर्फ रकम नपुग भएमा सो अनुदान सङ्केत अन्तर्गत रकम बचत भएको अन्य चालू बजेट उपशीर्षकहरूबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सिमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालू बजेटबाट चालू तर्फका खर्च शीर्षकहरूमा सम्बन्धित प्रदेश सचिवले तोकिए बमोजिम रकमान्तर गर्न सक्नेछ।

तर त्यसरी रकमान्तर गर्दा तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घरभाडा जस्ता अनिवार्य दायित्व तथा पूँजीगत खर्चको लागि विनियोजित रकम चालू खर्चमा रकमान्तर गर्न पाइने छैन।

(३) पूँजिगत र वित्तीय व्यवस्था तथा ऋण भुक्तानीको रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ।

(४) प्रदेश विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा स्रोतान्तर गर्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई हुनेछ।

(५) बजेट रकमान्तर तथा स्रोतान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **<u>बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्ने</u>**: (१) दफा २० मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा

रहेको रकम समेत विचार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ।

(२) प्रदेश विनियोजन ऐनमा विभिन्न निकाय तथा अन्तर्गतको कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको पहिलो चौमासिकसम्म विभाजन नगरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

(३) प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम समर्पण नभएको तर खर्चको फाँटवारीबाट विभाजन नभएको वा आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राखी समर्पण गर्न लगाउँनेछ।

(५) उपदफा (४) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समर्पणको लागि लेखी आएमा लेखा उत्तरदायी अधिकृतले सात दिनभित्र त्यस्तो रकम समर्पण गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम समर्पण भई आएको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले दफा २२ बमोजिम अन्य स्वीकृत योजना तथा कार्यक्रममा रकमान्तर गर्न वा बजेट रोक्का राख्न सक्नेछ।

(७) यस दफा बमोजिम रोक्का वा नियन्त्रण गरिएको मध्ये केही रकम खर्च गर्न आवश्यक भएमा प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकम समेत विचार गरी खर्च आवश्यकता र औचित्यता हेरी आर्थिक मामिला तथा योजना मन्त्रालयले रकम फुकुवा गरिदिन सक्नेछ।

(८) बजेट रोक्का वा नियन्त्रण, समर्पण र फुकुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **वित्तीय हस्तान्तरण**: (१) प्रचलित कानून बमोजिम विभाज्य कोषबाट राजस्व बाँडफाँट प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र प्रदेश सञ्चित कोषबाट अनुदान रकमको हस्तान्तरण आर्थिक मामिला तथा योजना मन्त्रालयबाट हुनेछ।

(२) प्रदेश सञ्चित कोष वा विभाज्य कोषबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. <u>बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन</u>: (१) सम्बन्धित प्रदेश मन्त्रालयका मन्त्री र प्रदेश सचिवले आफ्नो मातहतका आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन क्रमशः त्रैमासिक र मासिक रुपमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक र वित्तीय प्रगति भए वा नभएको सम्बन्धमा त्यस्तो नतिजा प्राप्त हुनुको कारण र आधार समेतको समीक्षा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रमगत, शीर्षकगत र स्रोतगत खर्च, शोधभर्नाका लागि प्रतिवेदन र वैदेशिक सहायता परिचालन तथा राजस्व सङ्कलनको अवस्था समेत समीक्षा गरी सो को त्रैमासिक रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रगति समीक्षा प्रतिवेदन समेतका आधारमा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा देहायका विवरण सहित एकीकृत मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछः-

(क) राजस्व, खर्च, वैदेशिक अनुदान तथा सहायताको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण,

(ख) प्रदेश सरकारको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति,

(ग) प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयनको अवस्था,

(घ) अन्य आवश्यक विवरण,

(५) उपदफा (४) बमोजिम अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन हरेक वर्षको माघ मसान्तभित्र र वार्षिक मूल्याङ्कन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सार्वजनिक गरिसक्नु पर्नेछ।

(६) सम्बन्धित मन्त्रालयले उपदफा (३) बमोजिम तयार गरेको आफ्नो मन्त्रालय र मातहतको कार्यलयहरूको बजेट तथा कार्यक्रम मूल्याङ्कन प्रतिवेदन अर्धवार्षिक तथा वार्षिक समीक्षा सार्वजनिक गर्ने मिति भन्दा कम्तीमा पन्ध्र दिन अगावै तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(७) यस दफा बमोजिम अर्धवार्षिक तथा वार्षिक बजेट तथा कार्यक्रम मूल्याङ्कन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **खर्च गर्ने कार्यविधि र मापदण्ड**: (१) अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनु पर्नेछ।

(२) सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ।

(३) कुनै कार्यको भुक्तानी गर्नुपर्दा विनियोजित बजेटको सीमाभित्र रही रीतपूर्वकको कागजात प्राप्त भएको मितिले पन्ध्र दिनभित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनु पर्नेछ।

(४) आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक खर्चमा एकरुपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्नेछ।

(५) उपदफा (४) बमोजिम मापदण्डको पालना गर्नु सबै सरकारी निकायका पदाधिकारीको कर्तव्य हुनेछ ।

(६) खर्च गर्ने, पेश्की दिने र फर्स्यौट गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

परिच्छेद -५

कारोबारको लेखा

२७. **लेखाको सिद्धान्त, आधार र लेखाको ढाँचा**: (१) विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम तोकिएको आधारमा राखिनेछ।

(२) कारोवारको लेखाङ्कनका अन्य आधारहरू तोकिए बमोजिम हुनेछ।

(३) लेखाङ्कन गर्ने तथा प्रतिवेदन गर्ने प्रक्रिया लेखाका मान्य सिद्धान्त, यस क्षेत्रमा विकसित भएका नविनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) र (३) बमोजिमको लेखा राख्नु प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले तर्जुमा गरी महालेखा परीक्षकबाट स्वीकृत भएको लेखाको ढाँचा र आर्थिक संकेत तथा वर्गीकरण लागू गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको आर्थिक संकेत तथा वर्गीकरण र लेखा ढाँचामा सुधार गर्न आवश्यक भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सुधार तथा परिमार्जन गर्नुपर्ने ढाँचा तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

२८. **कारोबारको लेखा**: (१) विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषका अतिरिक्त नेपाल सरकार वा प्रदेश सरकारसँग भएको सम्झौता बमोजिम प्राप्त भएको जुनसुकै सहायता वा स्रोतबाट भएका सबै कारोबारको लेखा राख्नु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।

(२) कुनै कारोबार बजेटमा समावेश नभएको भए सम्बन्धित कार्यालयले सोको तोकिएको ढाँचामा छुट्टै अभिलेख तयार गरी राख्नु पर्नेछ। साथै यस्तो अभिलेखबाट तयार गरिएको वित्तीय विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत पेस गर्नुपर्नेछ।

(३) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी र अन्य कोषसमेतको वित्तीय विवरण प्राप्त गरी एकीकृत वित्तीय विवरण र केन्द्रीय हिसाव तयार गरी तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(४) आफ्नो मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ती र दायित्वको एकीकृत विवरण तयार गर्नेछ।

(६) सरकारी कारोबार, सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **राजस्व दाखिला र राजस्वको लेखा**: (१) प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम सरकारी कारोबार गर्ने स्वीकृति प्राप्त बैङ्कमा जम्मा हुन आएको राजस्व सोही दिन सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(३) काबु बाहिरको परिस्थिति परी उपदफा (१) वा (२) बमोजिम राजस्व दाखिला हुन नसकेमा सोको भोलिपल्ट बैङ्क वा सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "काबु बाहिरको परिस्थिति" भन्नाले भूकम्प, बाढी, पहिरो जस्ता विपद्, महामारी, कुनै हिंसात्मक गतिविधि, हुलदुङ्गा, बन्द हड्ताल, कर्फ्यू वा त्यस्तै अन्य विशेष परिस्थिति सम्झनु पर्छ।

(४) उपदफा (३) मा उल्लेखित अवस्थामा बाहेक सरकारी कारोबार गर्न स्वीकृति प्राप्त कुनै बैङ्कले सञ्चित कोषमा राजस्व दाखिला गर्दा तीन दिनभन्दा बढी अवधि ढिलो गरेमा त्यस्तो बैङ्कलाई प्रदेश लेखा नियन्त्रक कार्यालयले महालेखा नियन्त्रक कार्यालयमा सिफारिस गरी जम्मा गर्न बाँकी रकमको दश प्रतिशतका दरले हुन आउने रकम जरिबाना गरी सो जरिबाना समेत राजस्व दाखिला गर्न लगाउन वा त्यस्तो बैङ्कको इजाजतपत्र रद्द गर्ने सम्मको कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(५) राजस्वको लगत तथा लेखा राख्नु, हिसाव भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुनेछ।

(६) राजस्वको दाखिला, राजस्वको लेखा राख्नु जिम्मेवार निकाय र राजस्व कारोबार गर्ने बैङ्क बीचको हिसाव मिलान सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. <u>नगद, जिन्सी दाखिला र लेखा</u>: (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ।

(२) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्ने बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्नेछ।

तर बैङ्क र कार्यालयबीचको दूरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोही म्याद बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिब कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम म्याद थपको लागि अनुरोध भै आएमा एक तह माथिको अधिकारीले मनासिब कारण देखेमा एकै पटक वा दुई पटक गरी बढीमा तीस दिनसम्मको म्याद थप गरिदिन सक्नेछ।

३१. <u>लेखा तथा वित्तीय विवरण पेस गर्ने</u>: (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्षको प्रदेश सञ्चित कोषको अतिरिक्त नेपाल सरकारको सहमतिमा प्राप्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरू सहितको प्रादेशिक लेखाको एकीकृत वित्तीय विवरण महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको केन्द्रीय वित्तीय विवरण तयारी गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

(३) जिम्मेवार व्यक्तिले आफ्नो कार्यालयको कारोबारको लेखा र सम्बन्धित कागजात लेखा उत्तरदायी अधिकृत वा निजले तोकिएको कार्यालयमा वा महालेखापरीक्षक समक्ष तोकिएको अवधिभित्र तोकिए बमोजिम पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम लेखा विवरण पेस गर्न नसकेको मनासिब कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा एक तह माथिको अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थपिदिन सक्नेछ।

तर यसरी म्याद थप गर्दा महालेखा परीक्षकको कार्यालयमा केन्द्रीय लेखा पेस गर्ने समय अवधि प्रभावित नहुने गरी गर्नुपर्नेछ।

(५) तोकिएको अवधि भित्र महालेखापरीक्षकको कार्यालयमा लेखा तथा वित्तीय विवरण पेस गराउन नसकी मनासिब माफिकको कारण देखाई लेखा उत्तरदायी अधिकृत वा जिम्मेवार व्यक्तिले म्याद थपको लागि अनुरोध गरेकोमा महालेखापरीक्षक वा निजले तोकेको अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थपिदिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम म्याद थप माग नगरेमा वा थपिएको म्यादभित्र पनि लेखा र वित्तीय विवरण पेस नगरेमा महालेखा परिक्षकले जिम्मेवार व्यक्ति भए लेखा उत्तरदायी अधिकृतलाई लेखा उत्तरदायी अधिकृत भए एक तहमाथिको अधिकारीलाई त्यस्तो लेखा र वित्तीय विवरण पेस गर्न निर्देशन दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम निर्देशन दिंदा पनि वित्तीय विवरण पेस नगर्ने पदाधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न महालेखापरीक्षकले सम्बन्धित मन्त्रालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउन सक्नेछ।

(८) राजस्व, नगदी, जिन्सी तथा धरौटी पेस गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रुपमा राख्नु सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

३२. **हानी नोक्सानी असुल उपर गरिने**: यस ऐन बमोजिम राख्नु पर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट सरकारलाई कुनै किसिमको हानी नोक्सानी तथा क्षती हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षति त्यस्तो हानी नोक्सानी गर्ने व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

परिच्छेद -६

आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

३३. **आन्तरिक नियन्त्रण प्रणाली**: (१) प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले आफै वा आफू मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्नु वा गराउनु पर्नेछ।

(३) आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र कार्यविधि तोकिए बमोजिम हुनेछ।

३४. **लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति**: (१) आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनका लागि प्रत्येक मन्त्रालय वा निकायमा देहाय बमोजिमको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति रहनेछ:-

(क) सम्बन्धित मन्त्रालय वा निकायको लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकृत

(ख) सम्बन्धित निकायको योजना तथा अनुगमन महाशाखा प्रमुख

(ग) सम्बन्धित निकायको प्रशासन महाशाखा प्रमुख

(घ) संयोजकले तोकेको सम्बन्धित निकायमा कार्यरत विषय क्षेत्रको ज्ञान तथा अनुभव भएको सम्बन्धित पदाधिकारी

(ङ) सम्बन्धित निकायको आर्थिक प्रशासन प्रमुख

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यालय वा निकाय र मातहतका कार्यालयबाट सम्पादन गरिने कार्यहरू दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मुख गराउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, वित्तीय विवरणलाई विश्वसनीय बनाउने तथा लेखापरीक्षणबाट कायम भएका बेरुजु फस्र्छौट

गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ एवं प्रभावकारी बनाउन आवश्यक काम गर्नेछ।

(३) लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

३५. <u>आन्तरिक लेखापरीक्षण</u>: (१) प्रदेश सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको प्रदेश लेखा इकाई कार्यालयबाट हुनेछ।

(२) आफ्नो कार्यालयको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) आन्तरिक लेखापरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आन्तरिक लेखापरीक्षकले सम्बन्धित निकायको उद्देश्य अनुरुपका कार्यसम्पादनसँग सम्बन्धित कारोबारको गणितीय शुद्धता र कानूनको परिपालना एवं नेपाल सरकारले स्वीकृत गरेको लेखा निर्देशिका अनुसार लेखा, प्रमाण कागजातहरूका साथै अङ्कको पूर्ण परीक्षण गर्ने,

(ख) सम्बन्धित कार्यालय वा निकायको कार्यसम्पादनका क्रममा परिचालन भएको स्रोतको नतिजामूलक उपयोग एवं प्रभावकारिता सम्बन्धमा जोखिम विश्लेषणमा आधारित भई लेखाजोखा गरी सुझाव गर्ने र अवलम्बन गरिएका आन्तरिक नियन्त्रण प्रणाली लगायतका नीतिगत एवं प्रक्रियागत पक्षहरूको व्यवस्थापकीय अभ्यासका सम्बन्धमा लेखाजोखा गरी सुझाव प्रस्तुत गर्ने,

(ग) खण्ड (क) बमोजिम परीक्षण गर्दा सार्वजनिक वित्तीय जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्दै सम्बन्धित निकायको आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताको सम्बन्धमा जाँचबुझ गरी सोको सुदृढीकरण तथा आर्थिक अनुशासनको परिपालन सम्बन्धमा सुझाव दिने ,

(घ) आन्तरिक लेखापरीक्षण प्रयोजनका लागि सम्बन्धित निकायको आर्थिक कारोवार र सोसँग सम्बन्धित कागजात, अभिलेख तथा निर्णयहरू निरीक्षण, परीक्षण तथा जाँच गर्ने।

(४) आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणको क्रममा औंल्याइएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र सम्बन्धित कार्यालय वा निकाय प्रमुख तथा अख्तियारी प्रदान गर्ने तालुक कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

(५) आन्तरिक लेखापरीक्षकले आफूलाई खटाउने र आन्तरिक लेखापरीक्षण गर्ने निकायप्रति जिम्मेवार रही आफ्नो काम, कर्तव्य र अधिकार प्रयोगको सिलसिलामा सदाचारिता, वस्तुनिष्ठता, गोपनीयता, सक्षमता सहित तोकिए बमोजिम अन्य आचरण पालना गर्नु पर्नेछ।

(६) आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा जानकारीमा आएको कुनै सूचना वा तथ्य लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रुपमा कसैलाई उपलब्ध गराउनु हुँदैन।

(७) आन्तरिक लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका क्रममा यस ऐन बमोजिमको अधिकार प्रयोग गरी आन्तरिक लेखापरीक्षण गरेको आधारमा मात्र निज उपर कुनै कारबाही चलाइने छैन।

तर आन्तरिक लेखापरीक्षकले अनुचित कार्य गरेमा वा बदनियतपूर्वक कार्यसम्पादन गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारबाही वा अभियोजन गर्न बाधा पुगेको मानिने छैन।

(८) लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्न पर्नेछ।

(९) अन्तिम लेखापरीक्षण हुँदाका बखत प्रस्तुत हुन आएका आन्तरिक लेखापरीक्षणका सुझावहरूको सम्बन्धमा कारण सहित हटाईएकोमा बाहेक अन्य सुझावहरूलाई लेखापरीक्षकले अन्तिम लेखापरीक्षण प्रतिवेदनमा आफ्नो सुझावको रुपमा प्रस्तुत गर्न सक्नेछ।

(१०) प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन लेखा समूहका कर्मचारीलाई आन्तरिक लेखापरीक्षणका लागि न्यूनतम अवधि तोकी खटाउने व्यवस्था गर्नु पर्नेछ।

तर एउटै कर्मचारीलाई लेखापालन गर्न र आन्तरिक लेखापरीक्षणको कार्यमा खटाउन पाइने छैन।

(११) प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिनाभित्र आर्थिक मामिला तथा योजना मन्त्री समक्ष पेस गर्नु पर्नेछ।

(१२) आन्तरिक लेखापरीक्षण सम्बन्धी र लेखा समूहका कर्मचारीलाई आन्तरिक लेखापरीक्षणका लागि खटाउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

३६. <u>अन्तिम लेखापरीक्षण</u>: (१) प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षकको प्रतिवेदनलाई समेत आधार लिनु पर्नेछ।

३७. <u>कारोवारको लेखा तथा विवरण दाखिला गर्नु पर्ने</u>: (१) कार्यालयको सरकारी नगदी, जिन्सी, आयव्ययको लेखाको आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षकबाट सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको म्याद भित्र पेस गर्न नसकिने मनासिब कारण सहित सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिले थप समय माग गरेमा लेखापरीक्षकले आफूले सोधेको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण पेस गर्न निजलाई मनासिब समय दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण पेस गर्न नसकेमा सो कारणबाट देखिएको बेरुजु वा कैफियत प्रति सम्बन्धित पदाधिकारी जिम्मेवार हुनेछ।

३८. <u>लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही</u>: (१) महालेखापरीक्षकबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको पैतीस दिन भित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट गरी सम्परीक्षणको लागि महालेखापरीक्षक समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फर्स्यौंट तथा सम्परीक्षण गराउन नसक्ने मनासिब माफिकको कारण भएमा जिम्मेवार व्यक्तिले कारण समेत उल्लेख गरी म्याद थपको लागि महालेखापरीक्षक समक्ष अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम म्याद थपको लागि अनुरोध भई आएमा महालेखापरीक्षकले एक महिनासम्मको म्याद थप गरिदिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम थप गरिदिएको म्यादभित्र पनि प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फर्स्यौंट वा सम्परीक्षण नगराएमा महालेखापरीक्षकले लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराउनेछ।

(५) उपदफा (४) बमोजिम महालेखापरीक्षकबाट जानकारी प्राप्त भएपछि सो बमोजिमको कार्य सम्पादन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(६) उपदफा (५) बमोजिम लेखा उत्तरदायी अधिकृतले आफ्नो जिम्मेवारी तोकिएको समयमा पूरा नगरेमा महालेखापरीक्षकले सो व्यहोराको जानकारी सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री वा निकायका प्रमुखलाई गराई त्यसरी फर्स्यौंट वा सम्परीक्षण हुन नसकेको रकमको विवरण आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ।

३९. **<u>बेरुजुको लगत राख्नेः</u>** (१) जिम्मेवार व्यक्तिले दफा ३८ बमोजिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका नियमित गर्नु पर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनु पर्ने भनी ठहऱ्याइएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नु पर्नेछ।

(२) प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहतका सबै कार्यालयको बेरुजुको केन्द्रीय लगत राख्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको लगत राख्दा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको लगत अलग अलग रुपमा राख्नु पर्नेछ।

(४) लेखा उत्तरदायी अधिकृतले दफा ३५ को उपदफा (८) बमोजिम फर्स्यौंट तथा सम्परीक्षण भएको आन्तरिक लेखापरीक्षणको बेरुजु तथा दफा ४० बमोजिम फर्स्यौंट तथा दफा ४१ बमोजिम फर्स्यौंट तथा फरफारख भएको अन्तिम लेखापरीक्षणको बेरुजुको लगतमा अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा सो समेत परीक्षण गर्नु गराउनु पर्नेछ।

(५) बेरुजुको लगत राख्नु कार्यविधि तोकिए बमोजिम हुनेछ।

४०. **<u>बेरुजु फर्स्यौंट गर्ने गराउनेः</u>** (१) लेखापरीक्षणबाट औल्याइएको बेरुजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुल उपर गरी फर्स्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुनेछ । त्यस्तो जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी बेरुजु फर्स्यौंट नहुँदै सरुवा वा बढुवा वा अन्य

कारणले कार्यालयमा नरहेमा त्यस्तो स्रेस्ता तथा अभिलेख पेस गर्ने तथा बेरुजु फर्स्यौंट गर्ने वा गराउने जिम्मेवारी हालको जिम्मेवार व्यक्तिको हुनेछ।

(२) उपदफा (१) बमोजिम बेरुजु फर्स्यौंट हुन नसकेमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले जाँचबुझ गराई सो बेरुजु कायम हुने गरी आर्थिक कारोबार गर्ने पदाधिकारी र कारोबारमा संलग्न व्यक्तिबाट असुल गर्नु पर्ने देखिएमा असुल उपर गर्न वा गराउन लगाई बेरुजु फर्स्यौंट गर्नु गराउनु पर्नेछ। जानाजान वा लापरवाही साथ कारोबार गरी हानी नोक्सानी भएको देखिएमा त्यस्तो बेरुजु रकम त्यस्तो हानी नोक्सानी गर्ने व्यक्तिबाट असुल गर्नु पर्नेछ।

(३) आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत राख्र छुटाएको देखिएमा वा सरकारलाई हानी नोक्सानी भएको भन्ने सूचना प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले तत्कालै त्यस्तो हानी नोक्सानी भएको रकम त्यस्तो हानी नोक्सानी गर्ने व्यक्तिबाट असुल गरी कसूरको मात्रा अनुसार निजलाई प्रचलित कानून वमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ।

(४) कारोबारमा संलग्न पदाधिकारीहरूलाई निज सरूवा, बढुवा वा अन्य तरिकाले सेवाबाट अलग हुँदा आन्तरिक लेखापरीक्षण गराएर मात्र रमाना दिनु पर्नेछ। आन्तरिक लेखापरीक्षणबाट कुनै कैफियत देखिएमा कारोबारसँग सम्बन्धित व्यक्तिबाट कार्यालय प्रमुखले सोको जवाफ वा प्रतिक्रिया लिएर फरफारख गराउनु पर्नेछ।

(५) यस दफा बमोजिम बेरूजु फर्स्यौंट गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी प्रचलित कानून बमोजिम फर्स्यौंट गर्न लगाउने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

४१. **<u>बेरूजु फर्स्यौंट तथा फरफारख</u>**: (१) लेखापरीक्षण प्रतिवेदनमा औल्याएको बेरूजु असुल गरी फर्स्यौंट तथा नियमित गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि असुल गर्नुपर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याएको बेरूजुको हकमा लेखा उत्तरदायी अधिकृतले कारोबारमा संलग्न पदाधिकारीसँग आवश्यक विवरण वा स्पष्टीकरण लिई त्यस्तो बेरूजु असुल गराई समयमै फर्स्यौंट गर्नु गराउनु पर्नेछ।

(३) असुल गर्नु पर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याएको बेरूजु बाहेक अन्य बेरूजुको हकमा प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको पुष्ट्याइँ गर्ने कारण सहितको

प्रमाण प्राप्त भएमा तोकिए बमोजिमको कार्यविधि अपनाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतले त्यस्तो बेरूजु नियमित गरी फर्स्यौंट गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम फर्स्यौंट भएको बेरूजुको लगत कट्टा गर्न सात दिनभित्र महालेखापरीक्षकको कार्यालयमा पठाउनु पर्नेछ र महालेखापरीक्षकको कार्यालयले सोको लगत कट्टा गरी सात दिनभित्र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई जानकारी दिनु पर्नेछ।

(५) बेरूजु फर्स्यौंट तथा फरफारख सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

४२. **<u>वार्षिक प्रतिवेदनमा छलफलः</u>** (१) महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औल्याइएका बेरूजुको सम्बन्धमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल हुँदा समितिको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, सो सम्बन्धमा आफ्नो राय प्रतिक्रिया वा लिखित धारणा पेस गर्ने तथा बेरूजु फर्स्यौंट सम्बन्धी काम कारबाही गर्ने वा गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रदेश सभामा पेस गरेको सुझाव सो सभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(३) प्रदेश सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदन बमोजिम बेरूजुको लगतबाट हटाउनु पर्ने विषय महालेखापरीक्षकले तीस दिनभित्र हटाई सोको जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।

(४) यस दफा बमोजिमको कार्यको अनुगमन प्रदेश सभाको सार्वजनिक लेखा समितिले गर्नेछ।

४३. **<u>बेरूजु फर्स्यौंट समितिः</u>** (१) सामान्य प्रक्रियाबाट फर्स्यौंट हुन नसकेका बेरूजु फर्स्यौंट गर्न प्रदेश सरकारले प्रदेश सभाको सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको राय लिई प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी देहाय बमोजिमको एक बेरूजु फर्स्यौंट समिति गठन गर्न सक्नेछः-

(क) प्रदेश सभाको सार्वजनिक लेखा समितिले तोकेको समितिको सदस्य - अध्यक्ष

(ख) महालेखापरीक्षकले तोकेको नायव महालेखापरीक्षक वा निर्देशक - सदस्य

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयको

प्रदेश सचिव वा निजले तोकेको
राजपत्राङ्कित अधिकृत - सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक - सदस्य

(ङ) प्रदेश तहसिल कार्यालयको प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित बेरूजु फर्स्यौंट समितिको कार्यक्षेत्र प्रदेश सरकारले तोकिदिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठित बेरूजु फर्स्यौंट समितिले बेरूजु फर्स्यौंट गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

४४. **बेरूजु फर्स्यौंट समितिको काम, कर्तव्य र अधिकार**ः दफा ४३ बमोजिम गठित बेरूजु फर्स्यौंट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लेखापरीक्षणबाट देखिएका मस्यौट, हिनामिना र असुल उपर गर्नुपर्ने ठहरिएको बेरूजु बाहेक नियमित प्रक्रियाबाट फर्स्यौंट तथा सम्परीक्षण हुन नसकेका कुनै मन्त्रालय, अन्य निकाय, विभाग वा निर्देशनालय र कार्यालय अन्तर्गतका बेरूजुका सम्बन्धमा सम्बन्धित निकायबाट सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको पुष्ट्याईं सहित फर्स्यौंटको निमित्त सिफारिस भई आएमा औचित्यको आधारमा त्यस्तो बेरूजु नियमित वा मिनाहा गरी बेरूजुको लगत कट्टा गर्ने,

(ख) खण्ड (क) बमोजिम फर्स्यौंटको निमित्त समितिमा सिफारिस भई आएका बेरूजु फर्स्यौंट गर्न नमिल्ने भएमा सम्बन्धित निकायलाई बेरुजु रकम नियमित वा असुलउपर गर्न लेखी पठाउने।

परिच्छेद-७

बरबुझारथ, लिलाम बिक्री तथा मिनाहा

४५. **बरबुझारथः** (१) कर्मचारीले आफु सरुवा, बढुवा हुँदा वा अवकास प्राप्त गर्दा वा लामो अवधि काज वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात म्याद तोकिएकोमा तोकिएको म्यादभित्र र म्याद नतोकिएकोमा एक्काइस दिनभित्र तोकिए बमोजिम बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ।

(२) कुनै मनासिब कारणले उपदफा (१) बमोजिमको म्यादभित्र बरबुझारथ गर्न नसकिएमा म्यादभित्र बरबुझारथ गर्न नसकिएको कारण खोली सम्बन्धित तालुक कार्यालयमा निवेदन दिई निकास भई आए बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम बरबुझारथ हुन नसकेकोमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले समय निर्धारण गरी त्यसरी निर्धारण गरिएको समयभित्र आवश्यक जाँचबुझ गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको समयभित्र पनि बरबुझारथ नगर्ने व्यक्ति बहालवाला कर्मचारी भए सम्बन्धित कार्यालय प्रमुखले प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी र बहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवं निवृत्तभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए प्रहरीद्वारा पक्राउ गर्न लगाई बरबुझारथ गर्न लगाउनु पर्नेछ।

(५) समयमा बरबुझारथ नगरेको कारणबाट नगदी, जिन्सी वा धनमालमा कुनै नोक्सानी भएमा नोक्सानी भएको रकम र सोही बराबरको बिगो रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ।

(६) बरबुझारथ गर्ने सम्बन्धी अन्य प्रकृया तोकिए बमोजिम हुनेछ।

४६. **लिलाम बिक्री:** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, प्राविधिकबाट निरीक्षण गर्दा कुनै जिन्सी मालसामान मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपूर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चीस प्रतिशत भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरू कार्यालय प्रमुखले जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याएमा प्रचलित कानून बमोजिमको कार्यविधि अपनाई लिलाम गर्न सकिनेछ।

४७. **मिनाहा:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन अन्तर्गत उठ्न नसकेको सरकारी बाँकी रकम प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा तथा सुख्खाजर्ती भई वा खिइएर, सडेर गई वा अन्य कारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा कानून बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएको मालसामान र प्रविधि पुरानो भई प्रयोगमा ल्याउन नसकिने, सुरक्षाको कारणले प्रयोग गर्न उपयुक्त नहुने सामान तथा सफ्टवेयर प्राविधिक प्रतिवेदनको आधारमा तोकिए बमोजिम मिनाहा दिन सकिनेछ।

परिच्छेद-८

सरकारी बाँकी असुल उपर

४८. **प्रदेश तहसिल कार्यालयको स्थापनाः** (१) यो ऐन र अन्य प्रचलित कानून बमोजिम सरकारी बाँकीको लगत कायम गरी असुल उपर गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय मातहत रहने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश तहसिल कार्यालय स्थापना गर्न सक्नेछ।

(२) प्रदेश तहसिल कार्यालयको संगठन संरचना एवम् दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) प्रदेश तहसिल कार्यालय स्थापना नभएसम्म यस कार्यालयले गर्ने भनी तोकिएको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

४९. **नियमित प्रक्रियाबाट फर्स्यौंट नभएको बेरूजु सरकारी बाँकीको रूपमा रहनेः** (१) लेखापरीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ४० र ४१ बमोजिम फर्स्यौंट तथा फरफारख हुन नसकेमा त्यस्तो बेरूजु रकम सरकारी बाँकी मानी त्यस्तो मस्यौट तथा हिनामिना गर्ने व्यक्तिबाट असुल उपर गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने देखिएको रकम तीन वर्षसम्म प्रयास गर्दा पनि नियमित, असुल, फर्स्यौंट तथा फरफारख हुन नसकेमा सरकारी बाँकीको रुपमा लगत कायम गरी सोको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी बाँकीको रूपमा लगत कायम गरिएको असुल उपर गर्नु पर्ने रकमको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृतले असुल उपरको लागि तोकिए बमोजिम प्रदेश तहसिल कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको रकम असुल उपरका लागि प्रदेश तहसिल कार्यालयलाई आवश्यक सहयोग गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृतको कर्तव्य हुनेछ।

५०. **बेरूजु रकम जायजेथाबाट असुल उपर हुनेः** दफा ४९ को उपदफा (३) बमोजिम असुल उपरका लागि प्राप्त भएको बेरूजु रकम प्रदेश तहसिल कार्यालयले सम्बन्धित व्यक्तिको जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

५१. **प्रदेश तहसिल कार्यालयको काम, कर्तव्य र अधिकारः** (१) यो ऐन र अन्य प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नुपर्ने रकम तथा प्रदेश सरकारसँग गरेको शर्तनामा अनुसार बुझाउनु पर्ने रकम नबुझाएको वा सरकारी नगदी तथा जिन्सी सम्पत्ति हिनामिना गर्ने व्यक्तिबाट त्यस्तो रकम असुल उपरको

लागि सम्बन्धित निकायबाट लेखी आएमा प्रदेश तहसिल कार्यालयले जिम्मेवार व्यक्तिबाट त्यस्तो रकम असुल उपर गर्न लगत कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगत कायम भएको रकम असुल उपर गर्ने दायित्व प्रदेश तहसिल कार्यालयको हुनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत लगत कायम भएको असुल उपर गर्नुपर्ने रकम वा प्रदेश तहसिल कार्यालय स्थापना नभएसम्म प्रदेश लेखा नियन्त्रक कार्यालयमा लगत कायम भएको असुल उपर गर्ने दायित्व समेत प्रदेश तहसिल कार्यालयको हुनेछ।

(४) उपदफा (१) र (३) मा लेखिए देखि बाहेक प्रचलित कानून बमोजिम प्रदत्त अधिकार प्रयोग गरी अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसला बमोजिमको दण्ड जरिबानातिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले त्यस्तो दण्ड जरिबाना नतिरे नबुझाएमा सम्बन्धित अर्धन्यायिक निकाय वा अधिकारी वा त्यस्तो अर्धन्यायिक निकायको प्रमुखले त्यस्तो दण्ड जरिबाना असुल उपर गर्नको लागि प्रदेश तहसिल कार्यालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै विवरण प्राप्त हुन आएमा प्रदेश तहसिल कार्यालयले सो विवरण बमोजिम लगत कसी सम्बन्धित व्यक्तिबाट त्यस्तो फैसला वा आदेश बमोजिमको दण्ड जरिबाना सरकारी बाँकी सरह असुल उपर गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम असुल उपर गर्नुपर्ने दण्ड जरिबानाअसुल उपर भएपछि प्रदेश तहसिल कार्यालयले त्यसको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा सम्बन्धित अर्धन्यायिक निकायको प्रमुख समेतलाई दिनु पर्नेछ।

(७) प्रदेश तहसिल कार्यालयले असुल उपर गर्नु पर्ने रकम असुल उपर गर्दा सम्बन्धित व्यक्ति, संस्था वा पदाधिकारीसँग आवश्यक प्रमाण बुझ्ने, बयान गराउने, साक्षी झिकाउने लगायत प्रचलित कानूनको अधीनमा रही थुनामा राखी कारबाही गर्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ।

(८) असुल उपर गर्नु पर्ने ठहरी लगत कसिएको बेरूजु वा दण्ड जरिबाना असुल उपर गर्दा प्रदेश तहसिल कार्यालय आफैले वा अन्य कार्यालयद्वारा असुल उपर गराउन सक्नेछ।

(९) यस दफा बमोजिम बेरूजु रकम असुल उपर गर्ने कार्यमा सहयोग गरिदिन प्रदेश तहसिल कार्यालयबाट लेखी आएमा आवश्यक सहयोग उपलव्ध गराई दिनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।

(१०) प्रदेश तहसिल कार्यालयको अन्य काम, कर्तव्य र अधिकार तथा बेरूजु असुल उपर तथा फर्स्यौंट सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

परिच्छेद -९

वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता

५२. वित्तीय उत्तरदायित्वः (१) यस ऐन बमोजिमको आयोजना छनौट गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, बजेट प्रस्ताव गर्ने, सरकारी सम्पत्तिको संरक्षण, व्यवस्थापन गर्ने गराउने, बजेट समर्पण गर्ने गराउने तथा योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य अन्य निकायको हकमा सम्बन्धित निकायको प्रमुख, मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्रीको हुनेछ।

(२) यस ऐन बमोजिमको लेखा राख्नु, खर्च गर्ने तथा बेरूजु फर्स्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(३) उपदफा (१) बमोजिमका विभागीय मन्त्री वा राज्यमन्त्रीबाट वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मुख्यमन्त्रीबाट र उपदफा (२) बमोजिमको पदाधिकारीबाट वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा अन्य निकायको हकमा त्यस्तो निकायको प्रमुख र मन्त्रालयको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीबाट निगरानी हुनेछ।

(४) यस दफा बमोजिम वित्तीय उत्तरदायित्व बहन गर्ने गराउने सम्बन्धमा सम्बन्धित पदाधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

५३. लेखा तयार गर्ने जिम्मेवारीः (१) जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नु पर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुऱ्याई लेखा तयार गरी अद्यावधिक राख्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले आफ्नो कार्यालय वा मातहतको कार्यालयको नियमित जाँचबुझ वा निरीक्षण गर्दा वा लेखापरीक्षणबाट प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत देखिएमा त्यस्तो कारोबार वा कैफियतको सम्बन्धमा सम्बन्धित जिम्मेवार व्यक्ति जवाफदेही हुनेछ।

५४. आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारीः (१) आर्थिक प्रशासन सञ्चालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे, नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र मातहत कार्यालयको हिसाब केन्द्रीय

हिसाबमा समावेश गराई जाँचबुझ गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) आफ्नो कार्यालयको लागि विनियोजित बजेट लक्षित उद्देश्य अनुरूप खर्च हुन नसकेमा सोको जिम्मेवारी अन्य निकायको हकमा सम्बन्धित निकायको प्रमुख, मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्री तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले लिनु पर्नेछ।

(३) कुनै मनासिब कारणले आर्थिक कारोबार सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाई नियमित गराउनको लागि पेस गरेमा अधिकार प्राप्त अधिकारीले तोकिएको म्यादभित्र सो सम्बन्धमा आवश्यक निर्णय गरिदिनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा अनुगमन गरी गराई आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी अन्य निकायको हकमा सम्बन्धित निकायको प्रमुख, मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्री, विभाग वा निर्देशनालयको हकमा सम्बन्धित मन्त्रालयको प्रदेश सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको प्रमुखको हुनेछ।

५५. <u>जवाफदेही हुनु पर्ने:</u> (१) सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोबार वा निज आफैले गरेका कारोबारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित व्यक्ति जिम्मेवार हुनेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली एवं प्रचलित कानून बमोजिम कारोबारसँग सम्बन्धित कागजात तयार गर्ने जाँच गर्ने, पेस गर्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी बहन गर्नु पर्नेछ र त्यस्तो कामको सम्बन्धमा निज आफै जवाफदेही हुनेछ।

५६. <u>सरकारी नगदी, जिन्सी दुरूपयोग वा मस्यौट भएमा कारबाही गरिने:</u> (१) कार्यालयको सरकारी नगदी तथा जिन्सी भण्डार, आन्तरिक लेखारीक्षण गर्दा वा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले निरीक्षण वा जाँचबुझ हुँदा मस्यौट वा दुरुपयोग भएको देखिन आएमा सम्बन्धित कार्यालय प्रमुख वा तालुक कार्यालय वा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट वा दुरुपयोग गर्ने उपर आवश्यक कारबाही गर्नु पर्नेछ।

(२) अन्तिम लेखापरीक्षण गर्दा सरकारी तहबिल तथा जिन्सी भण्डारको कुनै रकम वा जिन्सी मस्यौट भएको देखिएमा महालेखापरीक्षकको कार्यालयले आफ्नो राय साथ प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट गर्ने व्यक्ति उपर कारबाही चलाउन सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुख समक्ष लेखी पठाउनेछ।

(३) महालेखापरीक्षकलाई कुनै कार्यालयको लेखा सम्बन्धी काम यथासमयमा भएको छैन भन्ने लागेमा निजले सो सम्बन्धी कागजात झिकाई जाँच गर्न लगाउन सक्नेछ र त्यसरी जाँच गर्दा केही त्रुटी वा कैफियत देखिन आएमा आवश्यक कारबाहीको लागि सम्बन्धित तालुक कार्यालय समक्ष पठाउनेछ। त्यसरी लेखी आएकोमा सम्बन्धित कार्यालयले पनि तुरून्तै आवश्यक कारबाही गर्नु पर्नेछ।

५७. <u>सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्नेः</u> (१) कार्यालयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रबन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ।

(२) कार्यालयमा प्राप्त हुन आएको नगदी वा जिन्सी तोकिएको काममा बाहेक अन्य काममा प्रयोग वा खर्च गर्नु हुँदैन। कुनै कर्मचारीले अधिकार प्राप्त अधिकारीको स्वीकृति बिना सरकारी सम्पत्ति प्रयोग गरेको देखिएमा जिम्मेवार व्यक्तिले यस्तो जिन्सी फिर्ता लिई वा खर्च गरेको रकम असुल उपर गरी विभागीय कारबाहीको लागी विभागीय प्रमुख समक्ष लेखी पठाउनु पर्नेछ।

(३) कसैले सरकारी जिन्सी व्यक्तिगत प्रयोगमा ल्याएको वा प्रयोग गर्न दिइएको कारणबाट त्यस्तो सरकारी जिन्सी वा सम्पत्तिमा हुन गएको सबै प्रकारको क्षती र नोक्सानी प्रयोग गर्न दिने र प्रयोग गर्ने दुवैबाट दामासाहीले असुल उपर गरिनेछ।

परिच्छेद -१०

<u>विविध</u>

५८. <u>सार्वजनिक गर्नुपर्नेः</u> यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा अन्य प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

५९. <u>सजायः</u> (१) देहायको काम गर्ने कर्मचारीलाई देहाय बमोजिम अधिकारीले देहाय बमोजिमको सजाय गर्नेछः-

(क) दफा २६ को उपदफा (३) बमोजिम भुक्तानी नदिने जिम्मेवार व्यक्तिलाई एक तहमाथिको अधिकारीले पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) दफा ३० को उपदफा (४) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने, दफा ३१ को उपदफा (४) बमोजिम थप गरिएको म्यादभित्र पनि लेखा पेस नगर्ने, दफा ३७ बमोजिमको लेखा तथा विवरण पेस नगर्ने तथा दफा ४५ को उपदफा (३) बमोजिम जाँचबुझ गर्दा लापरवाही गरी तथा बरबुझारथ गर्न बाँकी राख्नु जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले पाँच सय रुपैयाँ जरिबाना,

(ग) दफा ४० को उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि कारबाही नगर्ने अधिकारीलाई अन्य निकायको हकमा सम्बन्धित निकायको प्रमुख, मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री वा राज्यमन्त्री, निर्देशनालय वा विभागको हकमा सम्बन्धित मन्त्रालयको प्रदेश सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको प्रमुखले प्रत्येक पटक एक हजार रुपैयाँ जरिबाना,

(घ) दफा ५३ को उपदफा (२) बमोजिम जाँचबुझ वा निरीक्षण गर्दा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा त्यस्तो जाँच गर्ने वा गराउने तालुक कार्यालय वा विभागीय प्रमुखले सम्बन्धित जिम्मेवार व्यक्तिलाई प्रत्येक पटक पाँचसय रुपैयाँ जरिबाना,

(ङ) दफा ५४ को उपदफा (३) विपरीत हुने गरी लेखा सम्बन्धी काममा अनियमितता गर्ने तथा निर्णय दिनुपर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा सम्बन्धित जिम्मेवार व्यक्तिलाई अधिकार प्राप्त अधिकारीले दुई हजार रुपैयाँ जरिबाना,

(च) दफा ५६ को उपदफा (१) बमोजिम निरीक्षण वा जाँचबुझ गर्दा वा उपदफा (२) बमोजिम कारबाहीको लागि लेखी आएको अवस्थामा सम्बन्धित अधिकारीले कारबाही नगरेमा

त्यस्तो पदाधिकारीलाई एक तह माथिको अधिकारीले पाँचसय रुपैयाँसम्म जरिबाना,

(छ) यस ऐन बमोजिम सजाय तथा जरिबानागर्नु परेमा कुनै अधिकारीले सजाय तथा जरिबानानगरेमा त्यस्तो अधिकारीलाई एक तह माथिको अधिकारीले तीन हजार रुपैयाँसम्म जरिबाना,

(ज) यस उपदफामा अन्यत्र उल्लेख गरिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लङ्घन गर्नेलाई एक तह माथिको अधिकारीले पाँचहजार रुपैयाँसम्म जरिबाना।

(२) उपदफा (१) बमोजिम जरिबाना हुने कर्मचारीलाई निजले प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने आचरण उल्लङ्घन गरेको मानी प्रचलित कानून बमोजिमको विभागीय कारबाही समेत हुनेछ।

(३) यस ऐनमा निर्धारित प्रक्रिया भन्दा विपरित आयोजना तथा कार्यक्रम स्वीकृत गर्ने, बजेट प्रस्ताव गर्ने तथा तोकिएको समयमा बजेट समर्पण नगर्ने सम्बन्धित कर्मचारीलाई विभागीय कारबाही गरिनेछ।

(४) दफा २१ को उपदफा (५) बमोजिमको कार्यसम्पादन प्रतिफल प्राप्त गर्न नसक्ने वा कार्यक्रम र पूँजीगत खर्चको हकमा मनासिब कारण बेगर विनियोजित रकमको तोकिएको प्रतिशतभन्दा कम भौतिक प्रगति तथा खर्च गर्ने कर्मचारीलाई विभागीय कारबाही गरिनेछ।

(५) प्रदेश विनियोजन ऐन वा पेश्की खर्च ऐनबाट विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई आयोजना वा कार्यक्रम स्वीकृत गरेको वा ठेक्का लगाईएको वा खरिद प्रक्रिया प्रारम्भ गरेको रकम बराबरको रकम जरिबाना लेखा उत्तरदायी अधिकृतले गर्नेछ र लेखा उत्तरदायी अधिकृतले त्यस्तो काम कारबाही गरेमा अन्य निकायको हकमा सम्बन्धित निकायको प्रमुख, मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री वा राज्यमन्त्रीले त्यस्तो जरिबानागर्नेछ।

तर आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिई गरेको काम कारबाहीको हकमा यो व्यवस्था लागू हुने छैन।

(६) यस ऐन बमोजिम गरिएको सजायको विवरण सम्बन्धित निकायमा अभिलेख गरी त्यसको विवरण पन्ध्र दिनभित्र सार्वजनिक गर्नु पर्नेछ।

६०. **जरिबाना मिनाहा वा कम गर्न सकिने:** यस ऐनमा उल्लेखित व्यवस्था अनुसार कुनै सजायको आदेश भएकोमा त्यस्तो सजाय गर्न नपर्ने भनी मनासिब माफिकको कारण खोली त्यस्तो सजायको आदेश दिएको मितिले पन्ध्र दिनभित्र सजाय दिने अधिकारी समक्ष लिखित निवेदन दिएमा सजायको आदेश दिने अधिकारीलाई त्यस्तो कारण मनासिब लागेमा पहिले गरेको जरिबानामिनाहा वा कम गर्न सक्नेछ।

६१. **पुनरावेदन:** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै जरिबाना वा सजाय र बेरूजु व्यहोर्नु पर्ने गरी भएको निर्णय चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्ति वा कर्मचारीले त्यस्तो निर्णयको जानकारी पाएको पन्ध्र दिनभित्र त्यस्तो निर्णय गर्ने अधिकारी भन्दा एक तह माथिको अधिकारीसमक्ष पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने पुनरावेदनपत्रमा निर्णय बदर हुनुपर्ने कारण तथा आधारहरू स्पष्ट रुपमा उल्लेख हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परेको पुनरावेदनको सम्बन्धमा पुनरावेदनपत्र प्राप्त भएको मितिले पैतीस दिनभित्र सम्बन्धित अधिकारीले निर्णय दिनु पर्नेछ र निजले दिएको निर्णय अन्तिम हुनेछ।

६२. **आर्थिक प्रशासनको सञ्चालन:** यस ऐन बमोजिम आर्थिक प्रशासन सञ्चालन गर्न लेखासँग सम्बन्धित जनशक्तिको परिचालन र व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

६३. **आर्थिक कार्यविधि सम्बन्धी मार्गदर्शन:** स्थानीय तहले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा यस ऐनको प्रतिकूल नहुने गरी बनाउनु पर्नेछ।

६४. **सूचना प्रविधिको प्रयोग गर्ने:** (१) यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न क्रमशः सूचना प्रविधिको प्रयोग गरिनेछ।

(२) यस दफा बमोजिम विकास गरिएको प्रणालीबाट प्राप्त हुने सूचनाहरू प्रमाणीकरणका लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सकिनेछ।

(३) यस ऐन बमोजिम हुने कारोबार तथा व्यवस्थापनसँग अन्तरसम्बन्धित अन्य प्रणालीको विकास र अन्तर आबद्धता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६५. **अधिकार प्रत्यायोजन:** यस ऐन बमोजिम कुनै निकाय वा अधिकारीलाई प्राप्त अधिकार मध्ये मिनाहा दिने र आयोजना स्वीकृत गर्ने बाहेकका तोकिए बमोजिमका अन्य अधिकार अन्य कुनै निकाय वा अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सकिनेछ।

६६. **नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकार:** (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही प्रदेश लेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले बनाएको प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

(४) स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन मार्गदर्शन आवश्यक पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछ।

६७. **प्रचलित कानून बमोजिम हुनेः** यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका कुराहरूमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

६८. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसुर ठहरिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा अन्य प्रचलित कानून बमोजिम कसुर ठहरिने कुनै काम समेत गरेको रहेछ भने अन्य प्रचलित कानून बमोजिम छुट्टै मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

६९. **बाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा प्रदेश सरकारले यस ऐन तथा प्रचलित कानूनको विपरित नहुनेगरी प्रदेश राजपत्रमा आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

७०. **खारेजी र बचाउः** (१) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ खारेज गरिएको छ।

(२) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अन्तर्गत भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको ऐन, २०७९

प्रमाणिकरण मितिः- २०८०।०२।३१

<u>प्रस्तावनाः</u> प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम प्रदेश नं. १ उल्लेख भएकोमा प्रदेशको नामाकरण भई सकेको हुँदा सो अनुसार संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको ऐन, २०७९"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>रुपान्तरः</u>** प्रचलित प्रदेश कानूनको ठाउँ ठाउँमा रहेका **"प्रदेश नं. १"** को सट्टा **"कोशी प्रदेश"** शब्दहरू राखी रुपान्तर गरिएको छ।

कोशी प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८०

प्रमाणीकरण मितिः- २०८०।०९।२२

प्रस्तावनाः प्रदेशमा राजस्व संकलन गर्न अधिकार प्रदान गर्ने कानून निष्प्रभावी भएको अवस्थामा कानून बमोजिम नियमित राजस्व संकलन गर्न वाञ्छनीय भएकाले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कोशी प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अघिल्लो दिन" भन्नाले सालबसाली आर्थिक ऐनको म्याद समाप्त हुने मितिभन्दा एक दिन अगाडि वा आर्थिक अध्यादेश निष्कृय वा खारेज भएको मितिभन्दा एक दिन अगाडि मध्ये जुन पछि आउँछ सोही दिनलाई सम्झनु पर्छ।

(ख) "राजस्व" भन्नाले प्रदेशको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश बमोजिम लगाइने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर तथा दण्ड जरिबानासम्झनु पर्छ र सो शब्दले प्रदेशको क्षेत्रभित्र रहेका कर लाग्ने अन्य विषय समेतलाई जनाउँछ।

(ग) "विशेष परिस्थिति" भन्नाले प्रदेशभित्र राजस्व संकलन गर्ने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशको अवधि समाप्त भई अर्को नयाँ सालबसाली आर्थिक ऐन प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भई नसकेको वा आर्थिक अध्यादेश जारी हुन नसकेको समयावधिलाई सम्झनु पर्छ।

३. **यस ऐन बमोजिम राजस्व संकलन गर्ने अधिकारः** (१) प्रदेशमा विशेष परिस्थितिको समयमा राजस्व संकलन गर्न विशेष परिस्थिति सिर्जना हुनु भन्दा अघिल्लो दिन जुन दर कायम रहेको थियो सोही बमोजिम राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राजस्व संकलन गर्न प्रदेश सरकारले कुनै आदेश जारी गर्न वा राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छैन।

(३) विशेष परिस्थितिमा राजस्व संकलन गरिएको दर भन्दा त्यसपछि जारी हुने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा बढी दर कायम भएमा त्यस्तो ऐन वा अध्यादेश लागु भएको मितिदेखि मात्र बढी दरमा संकलन गर्नुपर्नेछ।

(४) प्रदेश सरकारको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा तोकिएको दर बमोजिम नै स्थानीय तहले संकलन गर्ने राजस्वको हकमा समेत उपदफा (१) बमोजिम गर्नु पर्नेछ।

४. **राजस्व संकलन गर्न सकिने:** विषेश परिस्थिति समाप्त भई सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश लागु भएमा सोही ऐन वा अध्यादेश बमोजिम राजस्व संकलन गर्नु पर्नेछ।

५. **सूचित आदेश जारी गर्न सकिने:** (१) प्रदेश सरकारले जनहितका लागि कुनै कर तुरुन्त लगाउन वा बढाउन आवश्यक देखेमा आफ्नो क्षेत्राधिकारभित्र पर्ने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, प्राकृतिक स्रोत शुल्क, सेवा शुल्क, दस्तुर तथा दण्ड जरिबानाका सम्बन्धमा सूचित आदेशद्वारा कर लगाउन वा बढाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचित आदेशद्वारा लगाइएको कर प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

(३) सूचित आदेश जारी गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **सूचित आदेशको असर र अवधि:** सूचित आदेशमा भएको व्यवस्था ऐन बनी लागु नभएमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी खारेज नगरेमा सूचित आदेश जारी भएको छ महिना पछि स्वतः निष्कृय हुनेछ।

७. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

८. **बाधा अड्काउ फुकाउने:** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ देखा परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

९. **यस ऐन बमोजिम हुने:** राजस्व संकलन, नियमन र बाँडफाड गर्ने सम्बन्धमा यस ऐनमा लेखिएको विषयमा यस ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. **बचाउ:** यो ऐन जारी हुनु अघि विशेष परिस्थिति सिर्जना भई सो समयमा राजस्व संकलन सम्बन्धी भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने ऐन, २०८१

प्रमाणीकरण मिति २०८१।०५।१६

संवत् २०८१ सालको ऐन नं. ३

केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने ऐन, २०८१

प्रस्तावना: केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८० बाट संशोधन वा खारेज गरिएको केही प्रदेश ऐनको व्यवस्थालाई जगाई साविकको व्यवस्था कायम गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **संशोधन वा खारेज भएका ऐनको व्यवस्था जागेको मानिनेः नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम सम्वत् २०८० साल माघ ६ मा जारी भई** यो ऐन प्रारम्भ हुनुअघि खारेज भएको "केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८०" बाट देहायका ऐनमा भएको संशोधन वा खारेज भएको व्यवस्थाको सम्बन्धमा सो अध्यादेश खारेज भएको मितिबाट त्यसरी संशोधन वा खारेज हुनुभन्दा अघि कायम रहेको साविकको व्यवस्था स्वतः जागेको मानिनेछः-

(क) प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५,

(ख) कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६,

(ग) प्रदेश सहकारी ऐन, २०७६,

(घ) प्रदेश भवन ऐन, २०७६,

(ङ) सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६,

(च) कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७,

(छ) कोशी प्रदेश प्रदेश वन ऐन, २०७७,

(ज) प्रदेश निजामती सेवा ऐन, २०७९

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

Ph.No. : 021-472044, 472653
Email : info.moial@koshi.gov.np
Website : moial.koshi.gov.np